# लोकेन्द्रबहादुर चन्दका कथामा सन्दर्भ

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय,

नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य तह

तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को

प्रयोजनका लागि प्रस्तुत

## शोधप्रबन्ध


प्रस्तुतकर्ता

धनाकुमारी जोशी

दर्शनाचार्य तह नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर, काठमाडौं


२०७९

## सिफारिसपत्र

नेपाली दर्शनाचार्य तह (शैक्षिक सत्र २०७६/७७) का विद्यार्थी धनाकुमारी जोशीले "लोकेन्द्रबहादुर चन्दका कथामा सन्दर्भ" शीर्षकको शोधकार्य मेरा निर्देशनमा तयार गर्नुभएको हो। उहाँको यो शोधकार्य सन्तोषजनक भएकाले म यसको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु।

....................................


प्रा.डा. महादेव अवस्थी

(शोधनिर्देशक)

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौँ


मिति : २०७९/०२/१२

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य कार्यक्रम तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को प्रयोजनका लागि शोधार्थी श्री धनाकुमारी जोशीले प्रस्तुत गर्नु भएको **लोकेन्द्रबहादुर चन्दका कथामा सन्दर्भ** शीर्षकको शोधप्रबन्ध स्वीकृत गरिएको छ ।

### शोधप्रबन्ध मूल्याङ्कन समिति

(१) प्रा.डा. कृष्णप्रसाद घिमिरे ......................

(विभागीय प्रमुख)

(२) प्रा.डा. महादेव अवस्थी .......................

(शोधनिर्देशक)

(३) प्रा.डा. ताराकान्त पाण्डेय ..........................

(आन्तरिक परीक्षक)

(४) प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल ..........................

(बाह्य परीक्षक)

मिति : २०७९/०२/२०

## कृतज्ञताज्ञापन

**लोकेन्द्रबहादुर चन्दका कथामा सन्दर्भ** शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य तह तेस्रो पत्रको प्रयोजनका लागि आदरणीय गुरु प्रा.डा. महादेव अवस्थीज्यूको प्राज्ञिक निर्देशनमा तयार पारेकी हुँ । प्रस्तुत शोधप्रबन्ध तयार पार्ने क्रममा कुशल मार्गदर्शन, सल्लाह र सुझाव प्रदान गर्नुभएकोमा म सर्वप्रथम आदरणीय गुरुप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। यस शोधका क्रममा समयसमयमा आवश्यक सुझाव दिनुहुने गुरुवर प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल र प्रा.डा. ताराकान्त पाण्डेयप्रति म श्रद्धाभाव व्यक्त गर्दछु ।

प्रस्तुत शोधका क्रममा आवश्यक सल्लाह, सुझाव र सहयोग प्रदान गर्नुहुने नेपाली केन्द्रीय विभागका प्रमुख आदरणीय गुरु प्रा.डा. कृष्णप्रसाद घिमिरेप्रति म कृतज्ञ छु साथै प्रा.डा. लक्ष्मणप्रसाद गौतम, प्रा.डा. भरतकुमार भट्टराईलगायत सम्पूर्ण गुरुवरप्रति म आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधप्रबन्ध लेखनका क्रममा आवश्यक सामग्री उपलब्ध गराइदिने विभागीय तथा केन्द्रीय पुस्तकालयका साथै अन्य रूपमा सहयोग गर्नुहुने यस विभागका कर्मचारीहरूप्रति म आभारी छु। शोधकार्यलाई अगाडि बढाउन सधैं झक्झकारहने मेरा जीवनसाथी ओमप्रकाश उपाध्यायका साथै घरपरिवार र सहृदयी मित्रहरूलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यो शोधप्रबन्ध शुद्धसँग टङ्कन गरी सहयोग गर्ने 'निरगम' कम्प्युटर सेन्टर, कीर्तिपुरका हरि राई दाइलाई पनि धन्यवाद दिन्छु ।

अन्त्यमा त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग दर्शनाचार्य कार्यक्रमको तेस्रो सत्रका लागि तयार पारिएको प्रस्तुत शोधप्रबन्ध मूल्याङ्कनका लागि पेस गर्दछु ।


| | |
|---|---|
| शैक्षिक सत्र २०७५/२०७६ | ...................... |
| क्रमाङ्क : १५ | धनाकुमारी जोशी |
| त्रि.वि. दर्ता नं.७-३-९९९-४३०-२०१६ | दर्शनाचार्य तह तेस्रो सत्र |
| मिति : २०७९/०२/१२ | त्रि. वि. कीर्तिपुर |

## विषयसूची

### पहिलो परिच्छेद

# शोधपरिचय


| | | |
|---|---|---|
| १.१ | विषयपरिचय | १ |
| १.२ | समस्याकथन | २ |
| १.३ | शोधकार्यको उद्देश्य | ३ |
| १.४ | पूर्वकार्यको समीक्षा | ३ |
| १.५ | शोधको औचित्य तथा महत्त्व | ७ |
| १.६ | शोधको सीमाङ्कन | ७ |
| १.७ | शोधविधि | ८ |
| १.७.१ | सामग्री सङ्कलनविधि | ८ |
| १.७.२ | सैद्धान्तिक प्रारूप र सामग्री विश्लेषण ढाँचा | ९ |
| १.८ | शोधप्रबन्धको रूपरेखा | १० |


### दोस्रो परिच्छेद

# लोकेन्द्रबहादुर चन्दका कथामा परिस्थितिगत सन्दर्भ


| | | |
|---|---|---|
| २.१ | विषयप्रवेश | ११ |
| २.२ | सङ्कथन विश्लेषण र सन्दर्भको परिचय | ११ |
| २.३ | परिस्थितिगत सन्दर्भको परिचय | १५ |
| २.३.१ | स्थानगत सन्दर्भ | १६ |
| २.३.२ | समयगत सन्दर्भ | १६ |
| २.३.३ | सहभागीगत सन्दर्भ | १६ |
| २.४ | *हिउँको तन्ना* कथासङ्ग्रहका कथामा परिस्थितिगत सन्दर्भ | १७ |
| २.४.१ | 'धनपुतली' कथामा परिस्थितिगत सन्दर्भ | १९ |
| २.४.२ | 'हिउँको तन्ना' कथामा परिस्थितिगत सन्दर्भ | २३ |

२.५ *विसर्जन* कथासङ्ग्रहका कथामा परिस्थितिगत सन्दर्भ २५
२.५.१ 'कर्सापको गल्ती' कथामा परिस्थितिगत सन्दर्भ २८
२.५.२ 'विसर्जन' कथामा परिस्थितिगत सन्दर्भ ३२
२.६ रात्रिभोज कथासङ्ग्रहका कथामा परिस्थितिगत सन्दर्भ ३६
२.६.१ 'संस्कार' कथामा परिस्थितिगत सन्दर्भ ४१
२.६.२ 'मानिसको महत्त्व' कथामा परिस्थितिगत सन्दर्भ ४५
२.७ *पाहुना घर* कथासङ्ग्रहका कथामा परिस्थितिगत सन्दर्भ ४९
२.७.१ 'पाहुना घर' कथामा परिस्थितिगत सन्दर्भ ५३
२.७.२ 'बेताल-कथा' कथामा परिस्थितिगत सन्दर्भ ५६
२.८ निष्कर्ष ५९

**तेस्रो परिच्छेद**

## लोकेन्द्रबहादुर चन्दका कथामा संज्ञानात्मक सन्दर्भ

३.१ विषयप्रवेश ६२
३.२ संज्ञानात्मक सन्दर्भको परिचय ६२
३.२.१ 'मध्याह्न साँझ' कथामा संज्ञानात्मक सन्दर्भ ६६
३.२.२ 'कर्सापको गल्ती' कथामा संज्ञानात्मक सन्दर्भ ७०
३.२.३ 'विसर्जन' कथामा संज्ञानात्मक सन्दर्भ ७३
३.२.४ 'संस्कार' कथामा संज्ञानात्मक सन्दर्भ ७८
३.२.५ 'मानिसको महत्त्व' कथामा संज्ञानात्मक सन्दर्भ ८१
३.२.६ 'ऊ पर्खिरही' कथामा संज्ञानात्मक सन्दर्भ ८५
३.२.७ 'पाहुना घर' कथामा संज्ञानात्मक सन्दर्भ ८९
३.२.८ 'आँसु' कथामा संज्ञानात्मक सन्दर्भ ९४
३.३ निष्कर्ष ९९

चौथो परिच्छेद

## सारांश तथा निष्कर्ष


४.१ सारांश १०१

४.२ निष्कर्ष १०१

**सन्दर्भ सामग्रीसूची** १०६

## पहिलो परिच्छेद

# शोधपरिचय

### १.१ विषयपरिचय

नेपाली साहित्यका विविध विधामा कलम चलाउने लोकेन्द्रबहादुर चन्द (१९९६) विशेषतः कथा विधामा सक्रिय साहित्यकार हुन् । यिनका कथामा सामाजिक, राजनैतिक, आर्थिक परिवेश र तिनकै पृष्ठभूमिबाट विषयवस्तु लिएर विचार र भाषिक कलाका माध्यमबाट मानवीय जीवनका साथै नेपाली समाजको यथार्थताको प्रस्तुति पाइन्छ । वि.सं. २०१८ सालमा ‘अँध्यारो उज्यालो’ कथा लिएर नेपाली साहित्यमा प्रवेश गरेका चन्दका हालसम्म *हिउँको तन्ना* (२०४२), *विसर्जन* (२०५४), *रात्रिभोज* (२०६०) *पाहुना घर* (२०६८) गरी जम्मा चारवटा कथासङ्ग्रहहरू प्रकाशित छन् । यिनको *विसर्जन* कथासङ्ग्रह २०५४ सालको मदन पुरस्कार प्राप्त गर्न सफल उत्कृष्ट कथासङ्ग्रहसमेत हो ।

लोकेन्द्रबहादुर चन्दले रचना गरेका कथाहरूमा अशिक्षा, गरिबी, चेतनाको कमीले गर्दा ग्रामीण समाजमा बस्ने शोषक वर्गले शोषित वर्गमाथि विभिन्न बहानामा गरिएका अन्याय, अत्याचार, शोषण दमनबाट उत्पन्न भएका समस्याको यथार्थ चित्रण पाइन्छ। मुख्यतया ग्रामीण परिवेशलाई कार्यपीठिका बनाएर रचिएका चन्दका कथामा सहरबजार, स्वदेशीसँगै वैदेशिक भूमिको समेत प्रयोग गरिएको पाइन्छ । परिवेश अनुकूल पात्रको प्रयाग गरिएका चन्दका कथाहरूमा देशमा बेलाबेलामा हुने राज्यको परिवर्तन व्यवस्थाका कारण राज्यका हरेक प्रशासनिक निकायमा बढ्दै गएको विकृति र विसङ्गति, उच्च पदस्थ कर्मचारीको गैरजिम्मेवार कार्यशैलीले देशमा मौलाउँदै गएको घुसखोरी, भ्रष्टचारी र कालोबजारी, सर्वसाधारण जनताले खेप्नु परेको सास्ती र तिनीहरूमा पलाएको निराशाको प्रस्तुति पाइन्छ । त्यस्तै राज्य पक्ष र माओवादी पक्षको द्वन्द्वका कारण निर्दोष सोझासाझा जनताले बिताउनु परेको सन्त्रासपूर्ण जीवनशैली, परिवर्तनका नाममा गरिएको क्रान्तिका कारण निर्दोष व्यक्तिले मृत्युको सुलीमा चढ्नु परेको, घरवार विहीन हुनु परेको, राजनीतिको नकारात्मक प्रभावको प्रस्तुति यिनका कथामा पाइन्छ । चन्दका कथामा रूढिवादी परम्परा, कुसंस्कार, पश्चिमी भाषासंस्कृति, महिलामाथिको दुर्व्यवहार, समाज, संस्कृति, राजनीतिलगायतका विषयको यथार्थ चित्रण गरी सन्दर्भका सम्पूर्ण पक्षहरूलाई समेटिएको छ तर यिनका कथालाई कुनै पनि अनुसन्धाताले पूर्णतया सन्दर्भका सिद्धान्तमा केन्द्रित भएर सूक्ष्म अध्ययन विश्लेषण गरेको देखिँदैन । तसर्थ यस

शोधकार्यमा चन्दका कथालाई सङ्कथन विश्लेषणअन्तर्गत पर्ने सन्दर्भका आधारमा विश्लेषण गरिएको छ ।

कथामा कथाकारले कुनै विषयको छनोट गरी पात्र तथा चरित्रहरूका माध्यमबाट कुनै घटना निश्चित परिवेशमा घटाई समाज, पाठक र सम्बन्धित पक्षलाई सन्देश दिन्छ । कथामा सन्दर्भ भन्नाले कथाकारले कथाभित्र समेटेका वा कथामा आएका सन्दर्भहरू भन्ने बुझिन्छ । कुनै पनि पाठमा समेटिएका व्यक्ति, वस्तु, समय, स्थान, अवस्था, दृश्य, घटना अर्थात् सिङ्गो पाठ नै सन्दर्भ हो । पाठमा प्रयुक्त वाक्यहरू बिचको सम्बन्ध र वाक्यको सम्प्रेषणात्मक प्रकार्य गरी सन्दर्भको मूलतः दुई अर्थ हुन्छ । कुनै पनि कथा तत्कालीन समाजको सामाजिक, सांस्कृतिक,राजनैतिक, धार्मिक, लैङ्गिक, वर्गीय, जातीयलगायतका सन्दर्भहरूसँग अन्तःसम्बन्धित हुन्छ । कुनै पनि भाषिक पाठले खासखास सन्दर्भमा उनिएर पाठमा भएको अर्थ प्रकट गर्दछ । ती सन्दर्भगत अर्थलाई सङ्केतकहरूका आधारमा खोतल्नु वा केलाउनुलाई सङ्कथन विश्लेषण भनिन्छ । यसरी पाठको विश्लेषण गर्दा त्यसमा भएका सन्दर्भहरू प्रस्टिने गर्दछन् । नेपाली समाजको सत्ता, शक्ति, सामाजिक अवस्था र स्थिति भोगेका, देखेका चन्दका  कथाको अध्ययन गर्दा उनका कथा सन्दर्भका दृष्टिले महत्त्वपूर्ण र अध्ययनीय देखिन्छन् । तसर्थ प्रस्तुत शोधप्रबन्ध लोकेन्द्रबहादुर चन्दका कथामा समेटिएका सन्दर्भको खोजी तथा विश्लेषणमा आधारित भएर तयार पारिएको छ ।

## १.२ समस्याकथन

लोकेन्द्रबहादुर चन्दका चारवटा कथासङ्ग्रहहरू प्रकाशित भएका छन् । ती चारवटा कथा सङ्ग्रहहरूमध्ये *रात्रिभोज, हिउँको तन्ना, विसर्जन* कथासङ्ग्रहको कृतिपरक अध्ययन र उनको जीवनी, व्यक्तित्व, कृतित्व तथा कथाकारिताको बेग्लाबेग्लै अध्ययन गरिएको भए तापनि सन्दर्भका कोणबाट उनका कथाको अध्ययन भएको छैन । त्यसैले चन्दका कथाहरूमा सन्दर्भको खोजीलाई नै यस शोधको मूल समस्या बनाइएको छ । यस शोधसमस्याको प्रामाणिक र प्राज्ञिक समाधानका लागि शोधकार्यमा निम्नानुसारका प्रश्नहरू निर्धारण गरिएको छ :

(१) लोकेन्द्रबहादुर चन्दका कथामा के कस्ता परिस्थितिगत सन्दर्भ प्रस्तुत गरिएका छन् ?

(२) लोकेन्द्रबहादुर चन्दका कथामा के कस्ता संज्ञानात्मक सन्दर्भ अभिव्यक्त गरिएका छन् ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत अध्ययनको प्रमुख उद्देश्य समस्याकथनमा उठाइएका प्रश्नहरूको समाधान गर्नु रहको छ, जसलाई निम्नानुसारका बुँदाहरूद्वारा देखाइएको छ :

(१) लोकेन्द्रबहादुर चन्दका कथामा परिस्थितिगत सन्दर्भको विश्लेषण गर्नु,

(२) लोकेन्द्रबहादुर चन्दका कथामा संज्ञानात्मक सन्दर्भको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

कुनै पनि कार्यलाई अगाडि बढाउनु पर्दा त्यस कार्यका बारेमा त्यसभन्दा अगाडि के-कस्ता पूर्वकार्य तथा अध्ययनहरू भएका थिए सोका बारेमा जानकारी लिनु आवश्यक हुन्छ किनभने विगतमा भएका कार्यले वर्तमानमा गर्नु पर्ने कार्यलाई अगाडि बढाउन तथा दिशानिर्देश गर्न प्रशस्त सहयोग पुयाउँछ। चारवटा कथासङ्ग्रह प्रकाशित गराइसकेका लोकेन्द्रबहादुर चन्दले थुप्रै कविता सङ्ग्रहका साथै निबन्धसङ्ग्रह, प्रहसन सङ्ग्रहलगायतका कृतिहरू प्रकाशन गरेका छन् । कथाकार चन्दका कथाकृतिहरूका बारेमा विभिन्न विद्वान्हरूद्वारा पत्रपत्रिका र केही पुस्तकहरूमा समीक्षा तथा टिप्पणी गरेको पाइन्छ । यसका साथै स्नातकोत्तर शोधकार्य, अनुसन्धाता एवम् समालोचनकबाट जे-जस्ता अध्ययनहरू भएका छन तिनीहरूको विवरणात्मक समीक्षा निम्नानुसार रहको छ :

पूर्णप्रसाद ब्राह्मण (२०४२) ले हिउँको तन्ना कथासङ्ग्रहको कथा-समीक्षा लेखनका सन्दर्भमा लोकेन्द्रबहादुर चन्दका कथामा स्थानीय पात्र, भाषा र स्थानीय नागरिकको जीवनशैलीको चित्रण पाइनुका साथै भारतीय भूमि र आञ्चलिकतालाई बोकेको कुरा उल्लेख गरेका छन्, जसका आधारमा लोकेन्द्रबहादुर चन्दका कथामा सामाजिक, सांस्कृतिक, परिवेशगत सन्दर्भको प्रयोग भएको कुरा पुष्टि हुन्छ। यस पूर्वकार्यको अध्ययनले चन्दका कथामा सामाजिक, सांस्कृतिक तथा परिवेशगत सन्दर्भ रहेको कुरा प्रस्टिन्छ र यिनका कथामा पाइने सन्दर्भअन्तर्गतका पक्षहरूको सैद्धान्तिक ढाँचा तयार पार्न र कथाको विश्लेषण गर्न सहयोग पुग्दछ ।

रामदयाल राकेश(२०४२) ले हिउँको तन्नाको सिंहावलोकनका सन्दर्भमा *हिउँको तन्ना* कथासङ्ग्रह साझा प्रकाशनबाट २०४२ सालमा प्रकाशित एउटा उल्लेखनीय कृति हो र यसमा तत्कालीन परिवेशको राजनैतिक, सामाजिक, आर्थिक विषयवस्तुको चिनारी पाइन्छ, भनेका छन् । उपर्युक्त पूर्वकार्यको अध्ययनले चन्दका कथामा तत्कालीन परिवेश सन्दर्भका रूपमा रहेको र

त्यसबाट राजनैतिक संज्ञान प्राप्त हुने कुरा प्रस्टिन्छ । तसर्थ यिनका कथालाई देशकाल तथा परिवेशगत सन्दर्भका आधारमा विश्लेषण गर्न सहयोग पुग्ने भएकोले उक्त कार्यको अध्ययन गरिएको छ ।

अनिल लम्साल (२०५४) ले *साहित्यकार लोकेन्द्रबहादुर चन्दको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन* नामक स्नातकोत्तर शोधपत्रमा चन्दका *हिउँको तन्ना* कथासङ्ग्रह, 'विसर्जन', 'एक शीशी फन्टा', 'तिमीले बाँचे मैले मर्नु सार्थक हुन्छ' कथाहरूको कृतिपरक अध्ययन गरेका छन् । चन्दका कथाको कृतिपरक अध्ययन गर्ने क्रममा कथाभित्रको विषयवस्तु, चरित्रचित्रण, परिवेशको विश्लेषण गर्दा सन्दर्भअन्तर्गतका सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, परिवेशगत लक्षणहरूको विश्लेषण गरिएको देखिन्छ । यस पूर्वकार्यको अध्ययनले चन्दका कथामा सामाजिक, सांस्कृतिक तथा परिवेशगत सन्दर्भ रहेको कुरा प्रस्टिन्छ र यिनका कथामा पाइने सन्दर्भअन्तर्गतका पक्षहरूको सैद्धान्तिक ढाँचा तयार पार्न र कथाको विश्लेषण गर्न सहयोग पुगेकोले उक्त कार्यको अध्ययन गरिएको छ ।

लोकेन्द्रबहादुर चन्द (२०५४) को विसर्जन कथासङ्ग्रहको प्रकाशकीयका सन्दर्भमा चन्दका कथामा सामाजिक, ऐतिहासिक, राजनीतिक, मनोवैज्ञानिक र आर्थिक सन्दर्भलाई आवश्यकताअनुसार ग्रहण गरी कथाको निर्माण भएको, वर्गीय शोषण दमनमा परेका पात्रको व्यथा तथा बाध्यताको चित्रण गरिएको र जागिरे जीवन, लाहुरे बन्ने नेपाली समाजको यथार्थवादी विवशताबारे उल्लेख भएको देखिन्छ। उपर्युक्त आधारमा चन्दका कथामा सामाजिक, आर्थिक, सांस्कृतिक, परिवेशगत, सहभागीगत सन्दर्भको प्रयोग भएको कुरा पुष्टि हुन्छ तर यिनका कथामा पाइने सन्दर्भको सिद्धान्तमा आधारित भएर विस्तृत विश्लेषण गरिएको देखिँदैन । उल्लिखित पूर्वकार्यको अध्ययनले चन्दका कथामा सामाजिक, सांस्कृतिक तथा परिवेशगत सन्दर्भ रहेको कुरा प्रस्टिन्छ र यिनको अध्ययनले कथाको विश्लेषण गर्न सहयोग पुग्ने देखिन्छ ।

नकुल सिलवाल (२०६०) ले रात्रिभोज कथासङ्ग्रहको प्रकाशन मन्तव्य लेखनको सन्दर्भमा चन्दका कथा कथानक प्रस्तुति, कलात्मकता, कल्पनाशीलता र आफ्नै विशिष्ट क्षेत्रीय एवम् राष्ट्रिय मौलिकताले ढकमक्क भएको कुरा उल्लेख गरेका छन् । यस पूर्वकार्यको अध्ययनले चन्दका कथामा क्षेत्रीय एवम् राष्ट्रिय मौलिकताअन्तर्गत पर्ने परिवेशगत, समयगतसँगै सामाजिक-सांस्कृतिक सन्दर्भ रहेको स्पस्ट देखिन्छ र यस अध्ययनले उनका कथामा सन्दर्भको खोजी गर्नमा सहयोग पुर्‍याएको छ ।

दयाराम श्रेष्ठ (२०६०) ले रात्रिभोज कथासङ्ग्रहको भूमिका लेखनका सन्दर्भमा कथाहरूको सङ्गठन पक्ष रैखिक भएको सामाजिक, राजनैतिक विषयवस्तु, पात्र तथा चरित्रले गरिबी तथा दुरनियतिको सिकार बन्नु परेको विषय उल्लेख गरेका छन् । उपर्युक्त सामाजिक, सांस्कृतिक, पात्रगत, गरिबीलगायतका विषयले सन्दर्भअन्तर्गतका सामाजिक, आर्थिक, परिवेशगत लक्षणहरूको सङ्केत गरेको देखिन्छ । यस कार्यमा समग्र कथाहरूलाई सन्दर्भ सिद्धान्तको आधारमा राखेर अध्ययन नगरेको भए तापनि यस शोधप्रवन्धको विश्लेषण खण्डलाई अगाडि बढाउन सहयोग पुगेको छ ।

दिपक अधिकारी (२०६१) ले *लोकेन्द्रवहादुर चन्दको कथाकारिता* नामक स्नातकोत्तर शोधपत्रमा कथाहरूको विश्लेषण गर्दै पात्रहरूले भोगेका समाज, दमन, अन्याय, अत्याचार, द्वन्द्वका साथै युवायुवती वीचको आदर्शप्रेम र सामाजिक मर्यादाले पात्रमा पारेको असरको कुरा उल्लेख गरेको देखिन्छ, जसले सन्दर्भअन्तर्गतका सगभागीगत, समयगत तथा स्थानगत र परिवेशगत पक्षका विशेषताबारे प्रस्ट्याएको छ । उपर्युक्त पूर्वकार्यको अध्ययनले  चन्दका कथामा प्रस्तुत गरिएको विषयले समाजमा व्याप्त मानवमाथिको दमन, अन्याय, अत्याचार सहेर बस्नु हुँदैन, बिरोध गर्नुपर्छ भन्ने संज्ञान पाइएकोले उनका समग्र कथाहरूमा पाइने संज्ञानगत सन्दर्भको अध्ययन विश्लेषणमा यस पूर्वकार्यको अध्ययनले उल्लेख्य भूमिका खेलेको छ ।

राजेन्द्रबहादुर अधिकार (२०६८) ले कुर्सी लेखसङ्ग्रहको प्रकाशकीयमा भाषा, शैली र शब्द सहज भएको, वास्तविकता अत्यन्तै गहन, मार्मिक र समय सान्दर्भिक हुनुका साथै पाठकलाई नैतिकवान र कर्मशील व्यक्ति बन्ने प्रेरणा प्रदान गर्ने कथाहरू *कुर्सी* कथासङ्ग्रहमा समावेश भएको कुरा उल्लेख गरेका छन्  तर सन्दर्भताको विषयमा  छुट्टै विश्लेषण गरेको देखिँदैन । उक्त अध्ययनबाट मानवले नैतिक चेतना गुमाउनु हुँदैन र जीवन सार्थक बनाउन पौरख गर्नुपर्छ भन्ने संज्ञान व्यक्त भएको छ, जसले यो अध्ययनलाई संज्ञानगत सन्दर्भको आधारमा अगाडि बढाउन सहयोग गरेको छ ।

सानुकाजी श्रेष्ठ (२०६८) ले पाहुना घर कथासङ्ग्रहको प्रकाशकीय लेखनका सन्दर्भमा लोकेन्द्रबहादुर चन्दका कथा सबैको मर्म स्थललाई छुने, प्रभावित पार्ने किसिमका छन् । हतियार बोकेको द्वन्द्वले समाजलाई धेरै दुःख दिन्छ, शान्तिको बाटोले नै असहमतिहरूलाई सहमतिमा परिणत गर्नुपर्छ भन्ने सन्देश दिने कथा भएको कुरा उल्लेख गरे पनि सन्दर्भताको विषयमा सङ्केत गरेको छैनन् । उक्त अध्ययनबाट परिवर्तन बुद्धिको प्रयोग गरेर गर्नुपर्छ, भन्ने संज्ञान व्यक्त भएको छ, जसले यो अध्ययनलाई संज्ञानगत सन्दर्भको आधारमा अगाडि बढाउन सहयोग

गरेको छ ।

केशव भुसाल (२०७५) ले *माध्यमिक तहका नेपाली आख्यानात्मक विधाको सङ्कथन* शीर्षकको विद्यावारिधि तहको शोधप्रबन्धमा सङ्कथन विश्लेषणको सैद्धान्तिक प्रतिमान निर्माण गर्नु, माध्यमिक तहका नेपाली आख्यानात्मक विधाहरूको संसक्तिपरक अध्ययन गर्नु, उक्त तहका आखयानात्मक विधाहरूको संसक्तिपरक अध्ययन गर्नु र आख्यानात्मक विधाका पाठहरूको शैक्षणिक विश्लेषण गर्नु आदि जस्ता विशिष्ट उद्देश्यहरू राखी वस्तुतः गुणात्मक अनुसन्धान विधिमा आधारित भएर गरिएको अनुसन्धानबाट सन्दर्भपरक संसक्ति विन्यासका दृष्टिले हेर्दा माध्यमिक तहका आख्यानात्मक विधामा कथात्मक क्षेत्र वा विषय आनुभाविक र तार्किक माध्यमबाट पात्र वा सहभागी, तिनको भूमिका वा चरित्रका माध्यमबाट र भाषिक माध्यम वा पद्धति र सहभागीका माध्यमबाट प्रकाशित भएको पाइयो, साथै कथागत क्षेत्र, सहभागी र माध्यमका बीच उपयुक्त तालमेल कायम भई कथाहरू संशक्तियुक्त बन्न पुगेको देखियो भन्ने निष्कर्ष निकालेका छन् । उक्त पूर्वाध्ययनबाट प्रस्तुत शोधशीर्षकलाई अगाडि बढाउन सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न सहयोग पुऱ्याएको हुनाले उक्त अध्ययन गरिएको छ ।

शकुन्तला भण्डारी (२०७७) ले *प्रदीप नेपालका कथामा सन्दर्भ* शीर्षकको दर्शनाचार्य तहको शोधप्रबन्धमा सन्दर्भका सिद्धान्तलाई आधार बनाएर अध्ययन गरेकोले प्रस्तुत शोध कार्यलाई अगाडि बढाउन सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्ने र शोध ढाँचा तयार गर्न सहयोग पुगेको हुनाले उक्त शोधप्रबन्धको अध्ययन गरिएको छ ।

माथि उल्लिखित पूर्वकार्यहरूको समीक्षा हेर्दा केही पूर्वकार्यहरू लोकेन्द्रबहादुर चन्दका कथात्मक प्रवृति वा विशेषता र उनका कथाको अध्ययन विश्लेषणसँग सम्बन्धित छन् भने केही पूर्वकार्यहरू सङ्कथन विश्लेषणसँग सम्बन्धित रहेका छन् । प्रस्तुत अध्ययनको शोधशीर्षक लोकेन्द्रबहादुर चन्दका कथामा सन्दर्भ रहेकोले यी दुबै खालका पूर्वकार्यका सामग्रीहरूबाट प्रस्तुत शोधकार्यलाई सैद्धान्तिक पृष्ठभूमि निर्माण गर्नको लागि आंशिक रूपमा सहयोग पुगेको छ । उपरोक्त पूर्वकार्यको अध्ययन गर्दा चन्दका कथामा सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, समयगत, परिवेशगत, पात्रगत सन्दर्भका विशेषताको सङ्केत गरिएकोले चन्दका कथा सन्दर्भका दृष्लि अध्ययनीय रहेको कुरा पुष्टि हुन्छ । उनका कथासङ्ग्रह र कृतिहरूको अध्ययन तथा भूमिका लेख्ने क्रममा विभिन्न अध्येताहरूले प्रत्यक्ष अप्रत्यक्ष तथा फुटकर रूपमा सन्दर्भको सङ्केत गरेको देखिन्छ । त्यसैले उपर्युक्त पूर्वकार्यहरू महत्त्वपूर्ण एवम् सान्दर्भिक रहेका छन् । उल्लिखित पूर्वकार्यको समीक्षालाई हेर्दा सङ्कथन विश्लेषणभित्रका विविध आधारहरूमध्ये

सन्दर्भ अध्ययनका दृष्टिबाट लोकेन्द्रबहादुर चन्दका कथाको अध्ययन नभएको हुनाले प्रस्तुत शोधकार्यमा लोकेन्द्रबहादुर चन्दका कथामा सन्दर्भसम्बन्धी शोधपरक अध्ययन गरिएको छ ।

## १.५ शोधको औचित्य तथा महत्त्व

कथाकार लोकेन्द्रबहादुर चन्द नेपाली साहित्यका एक विशिष्ट प्रतिभा हुन् । यिनले नेपाली साहित्यका विविध विधामा कलम चलाए तापनि कथा विधा नै सबैभन्दा उर्वर विधाका रूपमा देखा पर्दछ । लोकेन्द्रबहादुर चन्दको कथाकारिता, जीवनी, व्यक्तित्व र कवित्वका साथै हिउँको तन्ना, रात्रिभोज कथासङ्ग्रहको कृतिपरक अध्ययन भएको देखिए पनि समग्र कथासङ्ग्रह समेटेर सन्दर्भको अध्ययन विश्लेषण भने भएको देखिँदैन । लोकेन्द्रबहादुर चन्दका कथामा सन्दर्भ सम्बन्धी अध्ययनले उनका समग्र कथाहरूमा पाइने सन्दर्भबारे जान्न चाहने जिज्ञासुको जिज्ञासा मेटाउन सहयोग पुग्नेछ । उनका कथाहरूको अध्ययन मनन गर्ने परवर्ती अध्येताहरूका निम्ति एउटा महत्त्वपूर्ण सामग्री बन्नेछ । विशिष्ट प्रतिभाशाली साहित्यकारको सम्मान हुनेछ । यस शोधकार्यले लुकेका सुदूरपश्चिमका साहित्यिक धरोहरलाई अगाडि ल्याउन अर्थात् चिनाउन सहयोग गर्नेछ । नेपाली कथा तथा आख्यानका जगतमा सन्दर्भको अध्ययन न्यून रूपमा भएकोले यो शोधले यस्तो शीर्षकमा शोध गर्न चाहने शोधार्थीहरूका लागि मार्गदर्शकको भूमिकासमेत निर्वाह गर्न प्रभावकारी बन्नेछ । यसका अतिरिक्त लोकेन्द्रबहादुर चन्दका कथामा परिस्थितिगत र संज्ञानगत सन्दर्भ के कसरी प्रस्तुत भएको छ भनी त्यसको विश्लेषण एवम् मूल्याङ्कन गरी निष्कर्ष निकाल्ने कार्य आफैँमा प्राज्ञिक दृष्टिले आवश्यक र महत्त्वपूर्ण रहेको छ । यिनै विविध कारणले यो शोधकार्य औचित्यपूर्ण एवम् उपयोगी देखिएको छ ।

## १.६ शोधको सीमाङ्कन

प्रस्तुत शोधप्रबन्ध लोकेन्द्रबहादुर चन्दका प्रकाशित *हिउँको तन्ना, विसर्जन, रात्रिभोज र पाहुनाघर* कथासङ्ग्रहमा सङगृहीत कथाहरूको सन्दर्भको अध्ययनमा केन्द्रित रहेको छ । उल्लिखित कथासङ्ग्रहभित्र जम्मा ४७ वटा कथाहरू रहेका छन् । *हिउँको तन्ना र विसर्जन* कथासङ्ग्रहभित्र जम्मा ११/११ वटा कथाहरू, *रात्रिभोज* कथासङ्ग्रहभित्र जम्मा १८ वटा कथाहरू र *पाहुना घर* कथासङ्ग्रहभित्र जम्मा ७ वटा कथाहरू समावेश गरिएका छन् । चन्दका हरेक कथाहरू देश, काल, परिस्थिति, समाज, संस्कृति, शासन व्यवस्था, पात्रलगायतका पक्षसँग सम्बन्धित भएकोले सन्दर्भगत अध्ययनका आधारमा विशिष्ट रहेका छन् । उल्लिखित कथासङ्ग्रहमा रहेका कथाहरू विषयगत सन्दर्भका आधारमा भिन्न भिन्न भएकाले कथामा

समेटिएका विषयगत पृथक्तालाई दृष्टिगत गर्दै चारवटा कथा सङ्ग्रहभित्रका निश्चित कथाहरूको सोद्देश्य नमुना छनोट गरी 'धनपुतली', 'हिउँको तन्ना', 'कर्सापको गल्ती', 'विसर्जन', 'संस्कार', 'मानिसको महत्त्व', 'पाहुना घर' र 'बेताल-कथा' कथाको परिस्थितिगत र 'मध्याह्न साँझ', 'कर्सापको गल्ती', 'विसर्जन', 'संस्कार', 'मानिसको महत्त्व', 'ऊ पर्खिरही', 'पाहुना घर' र 'आँसु' कथाहरूको संज्ञानपरक अध्ययन गरिएको छ । उपर्युक्त कथाहरूले चन्दका समग्र कथाहरूको सन्दर्भलाई प्रतिनिधित्व गर्ने भएकोले ती एघारवटा कथाहरूको छनोट गरिएको छ । चन्दका कथालाई सङ्कथन विश्लेषणका शब्दशृङ्खला, पाठविश्लेषण, संवाद संरचना, अनुच्छेद संरचना, मनोवाद आदि जस्ता विविध आधारहरूमा विश्लेषण गर्न सकिने भए तापनि यस अध्ययनमा चन्दका कथालाई सङ्कथनअन्तर्गत पर्ने सन्दर्भ, सन्दर्भमा पनि परिस्थितिगत (स्थानगत, परिवेशगत र सहभागीगत) र संज्ञानगत (सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, वैचारिक) सन्दर्भका आधारमा मात्र विश्लेषण गरिएको छ ।

## १.७ शोधविधि

कुनै पनि शोधकार्यलाई निश्चित ढाँचामा अगाडि बढाउन विभिन्न अनुसन्धान विधि एवम् प्रक्रियाको अवलम्बन गरिन्छ । प्रस्तुत शोधकार्यलाई अगाडि बढाउन विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरिएको छ भने सङ्कलित सामग्रीहरूलाई सन्दर्भ सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ, जसलाई तल देखाइएको छ :

### १.७.१ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधकार्य पूर्णतः साहित्यिक र गुणात्मक भएकाले यसका लागि आवश्यक पर्ने आधारभूत तथा सहायक सामग्रीको सङ्कलन पुस्तकालयीय अध्ययन कार्यका आधारमा गरिएको छ । यस शोधप्रबन्धमा अनुसन्धेय सामग्रीको रूपमा छनोट गरिएका कथाहरूलाई प्राथमिक सामग्री र सङ्कथन विश्लेषण र सन्दर्भ विश्लेषणसम्बन्धी सिद्धान्तको चर्चा भएका ग्रन्थहरू, लेखहरू, समालोचनात्मक कृतिहरू, समीक्षाहरू, शोधपत्र र शोधग्रन्थहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । लोकेन्द्रबहादुर चन्दका चारवटा कथासङ्ग्रहभित्रका निश्चित एघारवटा कथाहरू सन्दर्भका आधारमा विशिष्ट रहेका छन् । त्यसैले यी कथाहरूको सोद्देश्य नमुना छनोट विधिको अवलम्बन गरी सन्दर्भका आधारमा विश्लेषण गरिएको छ ।

### १.७.२ सैद्धान्तिक प्रारूप र सामग्री विश्लेषण ढाँचा

प्रस्तुत अध्ययनमा सङ्कलन गरिएका सामग्रीहरूको उचित विश्लेषण र मूल्याङ्कनका लागि मुख्य रूपमा पाठ विश्लेषणको पद्धतिको उपयोग गरिएको छ। त्यस क्रममा सङ्कलित सामग्रीलाई विश्लेषण गर्ने सैद्धान्तिक आधारका रूपमा सङ्कथन विश्लेषणका परिस्थितिगत र संज्ञानात्मक सन्दर्भ सिद्धान्तको उपयोग गरिएको छ। कुनै पनि पाठ आफैँमा सन्दर्भ हो। पाठमा समेटिएको स्थान, समय, अवस्था, दृश्य वा स्थितिको समष्टि रूप सन्दर्भ हो। सन्दर्भका तीन आयाम छन्, जसलाई परिस्थितिगत सन्दर्भ वा सन्दर्भपरक विन्यास व्यवस्था भनिन्छ। ह्यालिडे र हसन (सन् १९९१, पृ.७) का अनुसार सन्दर्भपरक विन्यास व्यवस्था यस प्रकार छन् : क्षेत्र, सहभागी र पद्धति। क्षेत्रअन्तर्गत विषय, घटना, सामाजिक प्रकार्य, सहभागीको कार्य/कर्म, विचारात्मक प्रकार्य पर्दछन् भने सहभागीअन्तर्गत वक्ता र श्रोताको सम्बन्ध, सामाजिक हैसियत, प्रकृति, स्तर, भूमिका, सामाजिक दूरी, सहभागीको क्रियाव्यापार, आशय आदि पर्दछन्। त्यस्तै पद्धतिअन्तर्गत भाषाको साङ्केतिक सङ्गठन, आलङ्कारिक प्रयोग, भाषिक भूमिका सरणि (च्यानल) अनि माध्यम वा सञ्जाल (मिडियम) पर्दछन्। यिनै कुरालाई आधार मानी यस शोधकार्यमा सन्दर्भको अध्ययन गर्दा सन्दर्भको सैद्धान्तिक पर्याधारका आधारमा लोकेन्द्रबहादुर चन्दका कथाहरूमा परिस्थितिगत र संज्ञानगत सन्दर्भको विश्लेषण गरिएको छ। आफ्नो वरिपरिको वस्तुबारे प्रयोक्तालाई के थाहा छ भन्ने विषयमा केन्द्रित सन्दर्भ नै परिस्थितिगत सन्दर्भ हो। परिस्थितिगत सन्दर्भअन्तर्गत पर्ने समयगत, स्थानगत, र सहभागीगत सन्दर्भको आधारमा लोकेन्द्रबहादुर चन्दका कथामा प्रयुक्त आशयको खोजी गरिएको छ। कुनै पनि सङ्कथन पढेर वा सुनेर पाठक वा श्रोताले त्यसबाट प्राप्त गरेको ज्ञानलाई संज्ञानात्मक सन्दर्भ भनिन्छ। चन्दका कथामा भएको संज्ञानलाई बुझ्न पाठमा प्रयुक्त समाज, समय, स्थान, सहभागीका साथै सामाजिक, आर्थिक, राजनैतिक, तथा सांस्कृतिक आधारलाई पहिल्याइएको छ। यस शोधप्रबन्धमा शोध समस्या (१) र (२) को प्राज्ञिक तथा प्रामाणिक समाधानका लागि कथा कस्तो परिस्थितिमा संरचित छ र घटना कुन समयमा घटित भएको हो र कस्ता पात्रको सहभागिता रहेको छ र के संज्ञान प्राप्त हुन्छ भन्ने सन्दर्भको निरूपणका लागि ह्यालिडे र हसनको परिस्थितिगत र संज्ञानगत सन्दर्भसम्बन्धी मान्यतालाई आधार मानी विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धलाई व्यवस्थित एवम् सङ्गठित रूप दिनका लागि परिच्छेदभित्र मूल शीर्षकहरूमा विभाजन गरी आवश्यकताअनुसार उपशीर्षक राखेर अध्ययन तयार पारिएको छ। यस शोधप्रबन्धको रूपरेखा निम्नानुसार रहेको छ :

पहिलो परिच्छेद - शोधको परिचय

दोस्रो परिच्छेद - लोकेन्द्रबहादुर चन्दका कथामा परिस्थितिगत सन्दर्भ

तेस्रो परिच्छेद - लोकेन्द्रबहादुर चन्दका कथामा संज्ञानात्मक सन्दर्भ

चौथो परिच्छेद - सारांश तथा निष्कर्ष

सन्दर्भ सामग्रीसूची

## दोस्रो परिच्छेद

# लोकेन्द्रबहादुर चन्दका कथामा परिस्थितिगत सन्दर्भ

### २.१ विषयप्रवेश

कथाकार लोकेन्द्रबहादुर चन्द स्थापित साहित्यकार हुन् । विषयगत भिन्नता पाइने उनका कथामा सामाजिक, राजनैतिक, आर्थिक परिवेश र तिनकै पृष्ठभूमिबाट विषयवस्तु लिएर विचार र भाषिक कलाका माध्यमबाट मानवीय जीवनका साथै नेपाली समाजको यथार्थताको प्रस्तुति देखिन्छ। कुनै पनि पाठमा समेटिएका व्यक्ति, वस्तु, समय, स्थान, अवस्था, दृश्य, घटना अर्थात् सिङ्गो पाठ नै सन्दर्भ हो । कुनै पनि कथा तत्कालीन समाजको सामाजिक, सांस्कृतिक, राजनैतिक, धार्मिक, लैङ्गिक, वर्गीय, जातीयलगायतका सन्दर्भहरूसँग अन्तःसम्बन्धित हुन्छ । चन्दका हरेक कथाहरू देश, काल, परिस्थिति, समाज, संस्कृति, शासन व्यवस्था, पात्रलगायतका पक्षसँग सम्बन्धित भएकोले सन्दर्भगत अध्ययनका आधारमा विशिष्ट रहेका छन् । चन्दका कथासङ्ग्रहमा रहेका कथाहरू विषयगत सन्दर्भका आधारमा भिन्न भिन्न भएकोले कथामा समेटिएको विषयगत पृथक्तालाई दृष्टिगत गर्दै चारवटा कथा सङ्ग्रहभित्रका निश्चित कथाहरूको सोद्देश्य नमुना छनोट गर्ने क्रममा 'धनपुतली', 'हिउँको तन्ना', 'कर्सापको गल्ती', 'विसर्जन', 'संस्कार', 'मानिसको महत्त्व', 'पाहुना घर' र 'बेताल - कथा' कथाको चयन गरी परिस्थितिगत सन्दर्भको अध्ययन गरिएको छ ।

### २.२ सङ्कथन विश्लेषण र सन्दर्भको परिचय

सङ्कथन विश्लेषण मूलतः प्रयोक्ताको आशयको खोजी हो । भाषामा टेकेर प्रयोक्ताले सम्प्रेषण गरेको भाषिक अर्थको खोजी सङ्कथन विश्लेषणअन्तर्गत गरिन्छ। यस भनाइबाट भाषा र सन्दर्भ गरी सङ्कथनमा दुई पक्ष अन्तर्निहित रहेका हुन्छन् भन्ने प्रमाणित हुन्छ । भाषामा आधारित भएर त्यसभित्र अन्तर्निहित विभिन्न अर्थ सन्दर्भहरूको खोजी गर्ने प्रयत्न सङ्कथन विश्लेषणमा गरिन्छ । पाठको विश्लेषण गर्ने क्रममा त्यसभित्र अन्तर्निहित भएका विभिन्न सन्दर्भहरूको खोजी गर्नु जरुरी हुन्छ । पाठमा टेकेर प्राप्त हुने यस्ता भाषिक अर्थ सन्दर्भले प्रयोक्ताको आशय वा अभिव्यक्तिगत उद्देश्यलाई सङ्केत गरेको हुन्छ। वास्तवमा पाठले निर्देश गरेको अर्थ सन्दर्भको मात्रै खोजी गर्नु पर्ने हुन्छ। पाठभन्दा बाहिर गएर वा पाठले सङ्केत नै नगरेका कुराहरू मनगढन्ते ढङ्गले ल्याउने प्रयत्नलाई पाठमा टेकेर सन्दर्भ खोज्ने र त्यसको विश्लेषण गर्ने मान्यताले समेट्दैन। (गौतम, २०७४, पृ.१) । गौतमका अनुसार पाठको विश्लेषण गरिरहँदा बुझ्न

पर्ने कुरा के छ भने कुनै पनि पाठ दुईवटा संरचक घटकबाट तयार भएको हुन्छ। ती हुन् : भाषा र अर्थ । पाठको अर्थ त्यही पाठको भाषाभित्रै निहित हुन्छ । भाषाभन्दा पृथक् रहेर अर्थ सन्दर्भहरूको खोजी सङ्कथन विश्लेषणको मान्यताभन्दा बाहिर मानिन्छ । कुनै पनि पाठमा सम्बोधकले सम्बोधितलाई सम्बोधन गरिरहँदा विभिन्न अर्थसङ्केतहरू प्रदान गरिरहेको हुन्छ । यसका साथै सम्बोधक र सम्बोधितका बीचमा विशिष्ट किसिमको सामाजिक, आर्थिक, राजनैतिक, वैचारिकलगायतका अन्य सम्बन्ध पनि रहेका हुन्छन् । यस्ता सन्दर्भहरू नै पाठमा प्रयुक्त आशयको खोजी गर्ने मुख्य अवधारणाहरू हुन् । यस्ता अर्थ सन्दर्भहरू पाठमा कुनै न कुनै रूपमा अभिव्यक्त भएकै हुन्छन् । तिनै अर्थ सन्दर्भको खोजी सङ्कथन विश्लेषणमा गरिन्छ ।

सङ्कथन सन्दर्भपरक भाषिक अभिव्यक्ति हो । सङ्कथनमा सन्दर्भले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। हामीले बोल्दा वा लेख्दा कहिले पनि व्यक्त गर्न चाहेको आशयलाई सविस्तार खुलाएर व्यक्त गर्दैनौं। भाषिक सञ्चार वा सङ्कथनमा नभनिएका, नलेखिएका त्यस्ता आशयलाई श्रोता वा पाठकले सन्दर्भमार्फत् अर्थ्याउने वा बोध गर्ने गर्दछन्। गी (सन् २०११) का अनुसार सन्दर्भ प्रयोगमा रहेको भाषा र सङ्कथन विश्लेषणको प्रकृति बोधका लागि विशिष्ट देखापर्छ (पृ. १००)। कथ्य सङ्कथनमा शारीरिक अवस्था, कुराकानी गरिएको स्थान र अन्य चिज (जस्तै : शरीर, आँखा, अविचल हेराइ, मुद्रा र चाल आदि सन्निहित हुन्छन् भने लेख्य सङ्कथनमा पूर्वपश्च सन्दर्भका अतिरिक्त विषयगत, स्थानगत, कालिक आदि) सन्निहित हुन्छन् भने लेख्य सङ्कथनमा पूर्वपश्च सन्दर्भका अतिरिक्त विषयगत, स्थानगत, कालिक आदि सन्दर्भले महत्त्वपूर्ण स्थान लिएका हुन्छन् । त्यस्तै साङ्केतिक सङ्कथनमा पनि सन्दर्भगत प्रयोगमा विविधता देखापर्दछ । वस्तुतः सन्दर्भ वक्ता वा लेखकले भन्न चाहेको कुरा आउने गरी सम्बन्धित हुनुपर्छ। वक्ता वा लेखकले के कसरी व्यक्त गर्छ भन्ने कुराले सम्बन्धित कुरा हो वा होइन भन्ने दर्सिन्छ। सङ्कथनमा प्रयुक्त प्रसङ्गको व्याख्या गर्दा कुराकानी विश्लेषणको मुख्य सामाजिक सम्बन्धभन्दा बाहिर जानुपर्ने हुन्छ भने पाठमा प्रस्तुत संरचना वा रूपबाहिर पुग्नु पर्ने हुन्छ र मनोवैज्ञानिक धारणा जस्तै : पूर्वज्ञान, विश्वास अनि अपेक्षामा ज्यादै सतर्क हुनुपर्ने हुन्छ । यस क्रममा वक्ता वा लेखकको मस्तिष्कमा के छ भन्ने बारेमा पनि ध्यान दिनुपर्ने हुन्छ (भण्डारी, २०७७, पृ. १३) ।

सङ्कथन विश्लेषणले सन्दर्भको अध्ययन गर्दछ। सङ्कथनमा सन्दर्भको विशेष महत्व हुन्छ, किनभने भाषाका शब्दहरूको अर्थ कुनै खास सन्दर्भमा आएर प्रकट भएको हुन्छ। सन्दर्भ भनेको सङ्कथन वा पाठभित्र रहने कुनै भौतिक र सामाजिक स्थिति हो। यस्ता सन्दर्भमा नै कुनै भाषिक अभिव्यक्तिमा रहेमा वक्ता र श्रोताले आफ्ना ज्ञानका अनुमानहरू/मान्यताहरू

साटासाट गरेका हुन्छन् । पाठ वा पाठहरूका एकाइहरूमा अर्थलाई सघन बनाएर अभिव्यक्त गर्न सर्वनाम पद र सर्वनामबाट बनेका क्रियाविशेषण आदि पदहरू रहेका हुन्छन् । त्यस्ता पदहरूको प्रयोग गरी पाठका सन्दर्भ बनेर आएका व्यक्ति, स्थान र काललाई जनाउने गरिन्छ । यिनीहरू सन्दर्भक वा निर्देशक कोटिका रूपमा पाठभित्रका सन्दर्भ वा पाठबाहिरका सन्दर्भ जनाउन आउँछन् । पाठभित्रकै सन्दर्भ जनाउन आउँदा यिनीहरू अन्तःसन्दर्भसूचक हुन्छन् भने पाठबाहिरका सन्दर्भ जनाउन आउँदा यिनीहरू बाह्यसन्दर्भसूचक हुन्छन् (भट्राई, २०७१, पृ. ५०) ।

सङ्कथनमा सन्दर्भलाई व्यक्त विषयवस्तुको व्याख्यार्थ अपरिहार्य तत्वका रूपमा लिइन्छ । यसले सङ्कथनको उदय, विकास र विस्तारमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसबाट सङ्कथनले संवृद्धि र पूर्णता प्राप्त गर्दछ । मिल्स (सन् २००४) का विचारमा सङ्कथनको विकास र प्रसारमा सामाजिक सन्दर्भले निर्धारणको कार्य गर्दछ । सङ्कथनको बुझाइमा सन्दर्भपरक ज्ञानको आवश्यकता पर्दछ (पृ. १०) । अर्थात् सङ्कथनमा प्रस्तुत शब्द वा वाक्य क्रमको सिलसिलालाई सन्दर्भसापेक्ष तुल्याएर व्यक्त विषयको आशय बोध गर्नुपर्ने हुन्छ । मिश्र (सन् २००५) का अनुसार सङ्कथन विश्लेषणमा सन्दर्भ महत्त्वपूर्ण विचार वा धारणा हो । यसले सङ्कथनलाई उठाउने वा सङ्कथनको प्रारम्भ गर्ने परिवेशलाई दर्शाउँदछ । सन्दर्भले शब्द वा अभिव्यक्तिको अभिप्राययुक्त अर्थबोधमा सर्वदा सहयोग पुऱ्याउँछ (पृ. ५९) । सन्दर्भ भाषिक घटना जस्तै सामाजिक, आर्थिक, भौगोलिक, राजनीतिक, धार्मिक, ऐतिहासिक, कानुनी, साहित्यिक व्यापारिक र अनगिन्ती अन्यमा रहन सक्छ । सङ्कथनमा भाषिक वाक्यहरूको व्याख्याका निम्ति सन्दर्भको महत्त्व अप्रश्नेय हुन्छ । एउटा सन्दर्भमा व्यक्त वाक्यको अर्थ र प्रभाव अर्को सन्दर्भमा पूर्णतः भिन्न हुन सक्छ । जब वक्ता-श्रोता अभिव्यक्तिगत स्थान र समय भिन्न हुन्छन् । सङ्कथन विश्लेषण भाषिक-अभाषिक अभिव्यक्तिलाई प्रकरणार्थी कोणबाट अध्ययन विश्लेषण गर्ने शास्त्र भएकाले पनि यसमा सन्दर्भको विशेष स्थान रहेको देखिन्छ जसको बोधका लागि पूर्वज्ञान धारणा र अनुभवको आवश्यकता पर्दछ (भण्डारी, २०७७, पृ. १३) ।

मिश्र (सन् २००५) का अनुसार सन्दर्भ भाषिक, परिवेशगत र अनुभवगत गरी तीन प्रकारका हुन्छन् । ती यसप्रकार रहेका छन् :

**भाषिक सन्दर्भ** : भाषिक सन्दर्भले त्यस्तो भाषालाई जनाउँछ जुन सङ्कथनको टुक्रा भाग वा सङ्कथनमा साथै रहन्छ । नुननका अनुसार भाषिक सन्दर्भले सङ्कथनमा रहने वा सङ्कथन वरिपरि वा आसपास रहेका शब्द वा अभिव्यक्तिलाई जनाउँदछ । ब्राउन एन्ड युलका अनुसार भाषिक

सन्दर्भले पहिले के प्रस्तुत भएको थियो त्यसलाई जनाउँदछ । यो निर्दिष्ट सङ्कथनको पूर्ववर्ती र पश्चवर्ती पाठ हो । जसले पाठको व्याख्याका लागि सूचना उपलब्ध गराउँछ ।

**परिवेशगत सन्दर्भ** : परिवेशगत सन्दर्भले कुनै खास परिवेशसम्बद्ध सन्दर्भलाई जनाउँछ । यो फर्थेली भाषिक सिद्धान्तमा प्रयुक्त विशिष्ट शब्द हो जहाँ अर्थलाई बहुवस्तुका रूपमा हेरिन्छ । यसका विभिन्न तथ्यहरू बाह्य संसारको विशेषतासँग सम्बन्धित गर्न मिल्ने खालका हुन्छन् । अर्थात् यसले बाह्य सांसारिक विशेषताको पूर्ण समुच्चयलाई जनाउँदछ । यसले भाषिक एकाइसँग सम्बन्धित तुल्याएर अभाषिक संसारका विशेषता व्याख्या गर्न समर्थ तुल्याउँछ । साथै पूर्वप्रस्तुत विषयका बारेमा वक्ता र श्रोताको सचेतता समावेश गर्छ ।

**अनुभवगत सन्दर्भ** : अनुभवगत सन्दर्भले हाम्रो मस्तिष्कमा रहेका समस्त अनुभवहरूलाई दर्शाउँदछ । यस्ता अनुभवहरू हाम्रा ज्ञानेन्द्रियका माध्यमबाट सुनेर, देखेर, स्पर्श गरेर, स्वाद लिएर र सुँघेर मस्तिष्कमा अनुभूत हुन्छन् । मानव मस्तिष्कका यी अनुभवहरू अशाब्दिक र अकथित हुन्छन् । यी विना सङ्कथनको व्याख्या असम्भव हुन्छ । हामीले देखेको, हेरेको, सुँघेको, स्वाद लिएको र छोएको कुरा हाम्रो मस्तिष्कमा तुरुन्त सञ्चरित हुन्छ । अनुभवका यी पक्षहरू परिहास कथा, प्रवचन, शुभकामना, घटना आदिका अतिरिक्त वातावरण, परिवेशको भौतिक पक्ष, सहभागीहरू तिनको आपसी सम्बन्ध पृष्ठभूमिगत ज्ञानलगायतमा पनि संलग्न हुन्छ (पृ. ६१) ।

सङ्कथन विश्लेषणमा भाषिक, परिवेशगत र अनुभवगत सन्दर्भमा आधारित कथ्य वा लेख्य पाठमा निहित सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, शैक्षिक, ऐतिहासिक, लौकिक, मनोवैज्ञानिक आदि सन्दर्भको पनि समीक्षा गरिन्छ ।

शर्मा (२०५५) का अनुसार कुनै पनि विशेष अवस्थामा शब्दले प्रदान गर्ने अर्थको ज्ञान हुने अवधारणात्मक परिस्थितिजन्य सहभागीहरूको सामाजिक सम्बन्ध र उनीहरूको शैक्षिक एवम् सांस्कृतिक पृष्ठभूमि नै वास्तवमा सन्दर्भ हो । निश्चित सन्दर्भलाई भाषागत अर्थ दिई अर्थसम्बन्धको एउटा विशिष्ट रूप प्रदान गर्ने अर्थ नै सन्दर्भार्थ हो (पृ. २२१) ।

पाठ वा सङ्कथन विश्लेषणअन्तर्गत आउने सन्दर्भ विश्लेषणमा के-कस्ता सन्दर्भहरू विश्लेष्य हुन्छन् त भन्ने मुख्य जिज्ञासा रहन सक्छ । सङ्कथन विश्लेषणअन्तर्गत पाठमा प्रयुक्त भएका विभिन्न सन्दर्भहरूको खोजी गरिन्छ । प्रस्तुत अध्ययनमा लोकेन्द्रबहादुर चन्दका कथाहरूको परिस्थितिगत र संज्ञानगत सन्दर्भको खोजी गर्ने काम गरिएको छ । परिस्थितिगत सन्दर्भसँग स्थान, काल (समय), सहभागी र सहभागीको हाउभाउलाई समावेश गरिएको छ ।

त्यस्तै संज्ञानगत सन्दर्भअन्तर्गत पाठमा प्रयुक्त सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, वैचारिक आदि जस्ता सन्दर्भहरू समावेश भएर आएका हुन्छन् । यिनै विविध सन्दर्भहरूको विश्लेषण पाठ विश्लेषणका क्रममा सङ्कथन विश्लेषणअन्तर्गत गर्नुपर्छ ।

## २.३ परिस्थितिगत सन्दर्भको परिचय

आफ्नो वरिपरिको वस्तुबारे प्रयोक्तालाई के थाहा छ भन्ने विषयमा केन्द्रित सन्दर्भ नै परिस्थितिगत सन्दर्भ हो । वस्तुतः पाठ सिद्धान्तको विकास हुनुपूर्व सन्दर्भ सिद्धान्त (परिस्थितिगत सन्दर्भ सिद्धान्त) को विकास भएको पाइन्छ । ह्यालिडे र हसन (१९९१, पृ. ५) का अनुसार परिस्थितिगत सन्दर्भ सिद्धान्तका व्याख्याता मानवशास्त्री ब्रोनिस्ल मेलिनोस्की (१९२३, १९३५) हुन् जसले आइल्यान्डका मानिसहरूको भाषिक अध्ययन गरेका थिए । पछि फर्थले मेलिनोस्कीको परिस्थितिगत सन्दर्भको धारणा ग्रहण गरी भाषिक सिद्धान्त निर्माण गरेको र सबै भाषिक अध्ययनलाई अर्थको अध्ययनका रूपमा र अर्थलाई सामाजिक सन्दर्भबाट निर्धारित हुने रूपमा व्याख्या गरेको देखिन्छ । फर्थले परिस्थितिगत सन्दर्भअन्तर्गत परिवेशका सहभागी, सहभागीको कार्य, परिवेशका अन्य सम्बन्धित विशेषता र शाब्दिक क्रियाको प्रभाव उल्लेख गरेको पाइन्छ । यस आधारमा उनका शिष्य ह्यालिडेले परिस्थितिगत सन्दर्भ र सांस्कृतिक सन्दर्भको व्याख्या गर्दै परिस्थितिगत सन्दर्भलाई पाठको पारिस्थितिक परिवेशका रूपमा र सांस्कृतिक सन्दर्भलाई व्यापक रूपमा (यसअन्तर्गत परिस्थितिगत सन्दर्भ पनि अन्तर्भूत हुन सक्ने) परिभाषित गरेका छन् । उनले परिस्थितिगत सन्दर्भको चर्चाको क्रममा यसका तीन विशेषता : क्षेत्र, सहभागी र माध्यम वा पद्धति उल्लेख गरेका छन् । उनका अनुसार परिस्थितिगत सन्दर्भको व्याख्या यिनै तीन शीर्षकीय धारणात्मक रूपरेखामा गर्न सकिन्छ जसले पाठको सामाजिक सन्दर्भ व्याख्यामा सहयोग गर्दछ । साथै पाठको वास्तविक विशेषता अध्ययनमा पनि सघाउ पुयाउँदछ । यसबाट सामाजिक, सांस्कृतिक वा पारिस्थितिक सन्दर्भमार्फत वक्ता श्रोता वा लेखक पाठकका बीच साझा ज्ञान वा धारणाको विकास भई व्यक्त आशयको बोध हुने बुझिन्छ । पौडेल र पोखेल (२०७१, पृ. ४१) ले परिस्थितिगत सन्दर्भलाई भौतिक सन्दर्भका रूपमा चर्चा गरेका छन् । भौतिक सन्दर्भअन्तर्गत स्थानगत, कालगत (समयगत) र सहभागी सन्दर्भ पर्दछन् । तिनीहरूको चर्चा क्रमशः तल गरिएको छ :

### २.३.१ स्थानगत सन्दर्भ

पाठ कस्तो परिवेशमा संरचित छ भन्ने बुझ्नका लागि स्थानगत परिवेशले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । पाठमा विभिन्न स्थानसँग सम्बन्धित सन्दर्भहरू आएका हुन्छन् । यस्ता सन्दर्भहरूले पाठलाई बुझ्नका लागि मद्दत गरेका हुन्छन् । पाठमा निहित रहेको संज्ञानात्मक अर्थ वा प्रयोक्ताको आशयगत अर्थलाई पुष्टि गर्न स्थानगत सन्दर्भहरूले विभिन्न सूत्र वा सुराक सङ्केतहरू प्रदान गरेका हुन्छन् । तिनै सङ्केतहरू पहिल्याएर नै त्यस पाठका बारेमा विस्तृत अर्थ पत्ता लगाउन सकिन्छ । भौगोलिक स्थानहरूले पनि केही हदसम्म पाठको वास्तविक अर्थ निरूपण गर्न सहयोग पुयाएका हुन्छन् । यसरी स्थानिक सन्दर्भले सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक आदिजस्ता विभिन्न सङ्केतहरूलाई बुझ्न सहयोग पुर्‍याएको हुन्छ । पाठमा स्थान जहिले पनि कहाँको रूपमा आएको हुन्छ । यसरी कहाँले स्थानलाई बुझाएको हुन्छ । उक्त पाठ कुन ठाउँमा घटित भयो भनी जब स्थानगत परिवेश खुल्छ त्यसपछि मात्र त्यस स्थानसँग जोडिएर आउने विभिन्न सन्दर्भहरू पनि खुल्दै जान्छन् । यसरी पाठ वा सङ्कथन विश्लेषणका सन्दर्भमा पाठमा के कस्ता स्थानगत सन्दर्भहरू कुन प्रसङ्गमा कसरी आएका छन् भनी तिनको खोजी गर्नु जरुरी हुन्छ ।

### २.३.२ समयगत सन्दर्भ

समयगत सन्दर्भ पनि पाठ विश्लेषण सन्दर्भको अर्को विश्लेषणीय पक्ष हो । पाठ कुन समय वा कालिक परिवेशमा घटित भएको हो, त्यसको निरूपण पनि पाठ विश्लेषणका क्रममा गरिनु आवश्यक हुन्छ । स्थानगत सन्दर्भले झैं समयगत सन्दर्भले पनि पाठमा निहित रहेको प्रयोक्ताको आशयको खोजीलाई बुझ्न सहयोग पुयाएको हुन्छ । पाठले कस्तो अभिव्यक्तिगत सन्दर्भतर्फ लक्षित गरेको छ । त्यसलाई ठम्याउन कालगत सन्दर्भ सुराक बनेर आएको हुन्छ । पाठमा आएको कालिक सन्दर्भले त्यस पाठको समसामयिकता वा ऐतिहासिकतालाई सङ्केत गरेको हुन्छ ।

### २.३.३ सहभागीगत सन्दर्भ

पाठको सन्दर्भार्थ विश्लेषणअन्तर्गत सहभागीको पनि विश्लेषण गर्नुपर्दछ । पाठमा सहभागिता जनाउन विभिन्न पात्रहरूको प्रयोग भएको हुन्छ । ती पात्रहरूको आ-आफ्नो निश्चित भूमिका हुन्छ । पाठमा प्रयुक्त सहभागीहरूले तोकिएको भूमिका निर्वाह गरेका हुन्छन् । तिनै पात्रगत सहभागीहरूका आधारमा पनि प्रयोक्ताको आशयको खोजी गर्न सकिन्छ । के कस्ता

सहभागीहरू के कस्तो परिवेशमा आएर निश्चित सहभागीतात्मक भूमिकाको निर्वाह गर्छन् भन्ने कुरा सहभागीगत सन्दर्भअन्तर्गत विश्लेषण गर्न सकिन्छ (पौडेल र पोखरेल, २०७१, पृ.४१-४३)।

## २.४ *हिउँको तन्ना* कथासङ्ग्रहका कथामा परिस्थितिगत सन्दर्भ

*हिउँको तन्ना* कथासङ्ग्रहभित्र ११ वटा कथाहरू सङ्गृहीत छन् । *यस* कथासङ्ग्रहको शीर्ष कथा 'अजेय' हो । यो कथा ग्रामीण परिवेशको पृष्ठभूमिमा लेखिएको छ । यस कथाकी नायिका मिथिला अतितका घटनालाई सम्झेर अगाडि बढेकी छ । यस कथाले प्रेमले स्वस्थ वातावरणमा निस्वार्थ तरिकाले हुर्किन पाउनु पर्छ भन्ने सन्देश बोकेको छ। यस कथामा ग्रामीण देखि सहरियासम्मको परिवेशगत सन्दर्भको उल्लेख गरिएको पाइन्छ । ग्रामीण प्राकृतिक सौन्दर्यता, सहरिया वातावरणमा हराउने मानिसको प्रवृत्तिको चित्रण यस कथामा उल्लेख गरिएको छ । सामाजिक, प्राकृतिक, परिवेशगत, समयगत र मानवीय मनोवैज्ञानिक परिस्थितिगत सन्दर्भलाईसमेत यस कथामा प्रस्तुत गरिएको छ। यस कथासङ्ग्रहमा रहेको दोस्रो कथा 'कुल्ली साप' हो। यस कथामा नेपाली युवाहरूको ज्याला मजदुरीले न्यून आर्थिक परिस्थिति र स्थानिय धनाढ्य व्यक्तिहरूको जीवनशैलीलाई चित्रण गरिएको छ । यो कथा आर्थिक सन्दर्भहरू र मनोवैज्ञानिक दृष्टिले उत्कृष्ट देखिन्छ। समग्रमा सामाजिक, आर्थिक, राजनैतिक सन्दर्भको सङ्केत यस कथामा प्रस्तुत गरिएको छ।

प्रस्तुत कथासङ्ग्रहमा रहेको तेस्रो कथा 'धनपुतली' हो । 'धनपुतली' कथा नेपालको पश्चिमी क्षेत्रमा लाहुरे भई सम्पति कमाउन जाने निम्नस्तरीय व्यक्तिहरूको कथा हो । यस कथामा युवावस्थामा नै विदेश जानुपर्ने बाध्यता, घरायसी मालसामान किन्नको लागि टाढा टाढा जानुपर्ने अथवा गाउँघरमा विकास नभएको स्थिति, ठालु गुन्डाहरूले सोझा र निमुखा जनतालाई गर्ने व्यवहार, मानिसको हैकमवादी प्रवृत्ति, अन्यायलाई न्याय सावित, घुसखोरी प्रवृत्ति आदि लगायतका सामाजिक, आर्थिक, राजनैतिक, विकृतिविसङ्गति, अन्याय, अत्याचारलगायतका सन्दर्भहरू र नेपाल देखि भारतसम्मका स्थानगत सन्दर्भको वर्णन यस कथामा गरिएको पाइन्छ। यस कथासङ्ग्रहमा रहेको चौथो कथा 'महर्षि मिठ्ठूलाल' हो। यो व्यङग्यात्मक शैलीमा लेखिएको कथा हो। यसको प्रमुख पात्र 'महर्षि मिठ्ठूलाल' हो। काठमाडौं, सिंहदरवार र यसै वरिपरिको स्थानगत परिवेश यस कथामा देखिएको छ भने गरिबी, देहव्यापार, बाध्यता, मानसिक विक्षिप्त परिस्थितिगत सन्दर्भहरू यस कथामा देखिएका छन्।

यस कथासङ्ग्रहको अर्को प्रतिनिधि कथा 'हिउँको तन्ना' हो। यसै कथाका शीर्षकबाट

कथासङ्ग्रहको नामकरण गरिएको छ। यो कथा घर वरिवारको बाटो सडक, घरको छाना माथि हिउँ परेको दृश्यबाट आरम्भ भएको देखिन्छ। प्रेम एकतर्फी नभएर दुईतर्फी हुनुपर्दछ र एकतर्फी प्रेम घाममा राखेको हिउँ जस्तै बिलाएर जान्छ भन्नु नै यस कथाको सार हो। प्राकृतिक सौन्दर्य, सहरिया परिवेश, श्रीपुर, रामपुर, नतर्की कोठी, नेपालको ग्रामिण परिवेश यस कथाका स्थानगत तथा परिवेशगत सन्दर्भहरू हुन्। समयगत सन्दर्भका आधारमा कथा लेखन समय विक्रम संवत् २०१८ साल रहेको छ । यो कथा राजनैतिक सन्दर्भका दृष्टिले उत्कृष्ट देखिन्छ । यस कथासङ्ग्रहको छैठौँ कथा 'चन्दा दान' हो। यस कथामा नेत्रहीन दम्पति, युवायुवती, मानवेतर पात्र मुसाहरू आदि रहेका छन्। हाम्रो समाजमा हुने चेलीबेटी बेचबिखन, अनमेल विवाह, लैङ्गिक विभेदलगायतका सामाजिक विकृति तथा कुसंस्कारको माध्यमबाट परम्परागत रूढिवादी समाजलाई त्यागी नयाँ सभ्य समाजको निर्माण गर्नुपर्ने सन्देश यस कथामा पाइन्छ। सामाजिक, आर्थिक, धार्मिक सन्दर्भको सङ्केत यस कथामा प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथासङ्ग्रहमा रहेको सातौँ कथा 'जुर्रे कर्णेल' हो । राजनीतिमा हुने गरेको भ्रष्टाचार, अनाचार तथा समाजमा हुने गरेको विकृति विसंगतिको पर्दाफास गर्नु नै यस कथाको कथासार हो। नेताहरू भोट माग्नको लागि घरदैलोमा पुग्ने, राम्रो भाषण गर्ने तर जितिसकेपछि जनताका पिरमर्कासमेत नसुन्ने विषयलाई यहाँ प्रस्तुत गरिएको छ । लामो समयगत सन्दर्भ समेटिएको यस कथामा चुनावी माहोल, कर्णेल शब्दको प्रयोगको आधारमा सामन्तवादी स्थिति, ग्रामीण अविकसित परिवेश, भारतको मुम्बईलगायतका विकसित सहरको सङ्केत, सत्य र असत्य सहभागीगत सङ्लग्नता, सामाजिक, राजनैतिक, आर्थिक, धार्मिक सन्दर्भको सङ्केत यस कथामा प्रस्तुत गरिएको छ। यस कथासङ्ग्रहमा रहेको आठौँ कथा 'अन्तिम विजय' हो। समाजमा नराम्रा सोचविचारका ठगी दलाली प्रवृत्तिका मानिसहरू हुने, अनुशासनको लक्ष्मण रेखा नागेपछि मानिसले दुःख पाउने, कसैले पनि आफूले आफूलाई ढाट्न नसक्ने यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ। सामाजिक समस्या, यौनशोषण ठगीलगायतका सन्दर्भहरू यस कथामा देखाइएका मुख्य घटना हुन् । यो कथा मूलतः सामाजिक, आर्थिक सन्दर्भका दृष्टिले उपयुक्त छ । यस कथासङ्ग्रहमा रहेको नवौँ कथा '*पछुतो*' हो। हरेक मान्छेले हरेक मान्छेको मनोविज्ञान बुझेर मात्र कुनै काम गर्नुपर्छ। अर्काको मनोविज्ञान नबुझी निर्णय गर्दा वा काम गर्दा पछुताउनु पर्छ भन्ने सन्देश कथामा दर्शाएको छ। युवायुवती, प्रेम र प्रेमको परिणाम यस कथाका घटना सन्दर्भ हुन्। सामाजिक, आर्थिक, मनोवैज्ञानिक र प्रेम सन्दर्भको सङ्केत यस कथामा प्रस्तुत गरिएको छ । यस कथासङ्ग्रहमा सङ्गृहीत दशौँ कथा 'मध्याह्नको साँझ' हो । अन्तर्जातिय विवाह,

बहुविवाह र मनपरि निर्णयले व्यहोर्नु पर्ने समस्या यस कथामा देखाइएका छन् । ग्रामीण परिवेश, धर्मसंस्कृति, जातभात, प्रेमवासना आदि यस कथामा समेटिएका सामाजिक तथा परिस्थितिगत सन्दर्भ हुन् । सामाजिक, आर्थिक, धार्मिक सन्दर्भको सङ्केत यस कथामा प्रस्तुत गरिएको छ । यस कथासङ्ग्रहमा रहेको एघारौं कथाको शीर्षक 'अँध्यारो उज्यालो' हो । सहरिया परिवेशको चित्रण गरिएको यस कथामा मायाले नै संसार अडेको छ र मायाप्रेम गरेर नै मानिसलाई वशमा पार्न सकिन्छ भन्ने कुराको सङ्केत गरिएको छ । आर्थिक परिस्थिति, चाडपर्वको रमझम, माया, प्रेमलगायतका प्रसङ्गले कथा सुन्दर देखिनुका साथै सामाजिक, आर्थिक सन्दर्भको सङ्केत यस कथामा प्रस्तुत गरिएको छ ।

माथि उल्लिखित सम्पूर्ण कथाहरूमा नेपाली समाजको गरिबी, शोषणदमन, रूढिवादी परम्परा, देशकाल परिस्थिति, विभिन्न परिवेश र फरक मनस्थिति भएका सहभागीहरू, सामाजिक, सांस्कृतिक, प्राकृतिक पहिचान, स्वदेशी तथा विदेशी स्थानको सङ्गतिपूर्ण चित्रण गरिएको हुँदा प्रत्येक कथा पस्थितिगत अध्ययनका लागि उपयोगी देखिन्छन् । यस कथासङ्ग्रहमा रहेका कथामा विषयगत पृथक्तालाई दृष्टिगत गर्दै पस्थितिगत सन्दर्भका आधारमा सर्वोत्कृष्ट 'धनपुतली' र 'हिउँको तन्ना' कथाको छनोट गरी तिनको विश्लेषण गरिएको छ ।

### २.४.१ 'धनपुतली' कथामा परिस्थितिगत सन्दर्भ

'धनपुतली' कथा सामाजिक, आर्थिक परिवेशलाई आधार बनाएर रचिएको कथा हो । प्रस्तुत कथामा कथाका सहभागीहरूको कथाका सहभागिताको समय, स्थान, परिवेश तथा उनीहरूको हाउभाउ, भौगोलिक अवस्था आदिका आधारमा कथाको परिस्थितिगत सन्दर्भलाई विश्लेषण गरिएको छ ।

प्रस्तुत 'धनपुतली' कथा नेपालको पश्चिमी क्षेत्रमा लाहुरे भई सम्पति कमाउन जाने, निम्नस्तरीय नेपाली व्यक्तिहरूको कथा हो । प्रकृतिको वर्णन गर्दै देशको सामाजिक र आर्थिक पक्षहरूलाई विश्लेषण गर्दै यो कथा अगाडि बढेको छ । यस कथामा धनको महत्त्व र शक्तिलाई देखाइएको छ । मानिसका कमीकमजोरी प्रस्तुत गरिएको यस कथामा 'छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेढी' भन्ने मानवीय लोभी स्वभावलाई चित्रण गरिएको छ साथै यस कथामा नेपाली समाजको गरिबी, निम्नआर्थिक अवस्था र अभाव पूर्ति गर्न परदेश गएर सेनामा भर्ती भई ज्यानलाई तरवारको धारमा राख्ने नेपाली युवाहरूको व्यथालाई चित्रण गरिएको छ ।

मकरबहादुर यस कथाको प्रमुख पुरुष पात्र र उनकी श्रीमती रम्भादेवी प्रमुख नारी

पात्रको रूपमा देखिएकी छन् । मकरबहादुर १६ वर्षको उमेरमा घरको घिउ बोकेर किनमेल गर्न बजार जानु, दलबहादुरले उस्काएर खोपी खेल्दा जम्मै पैसा हार्नु, डराएर परदेश गएर दुःख कष्ट गरी पल्टनमा भर्ती हुनु, रम्भासँग विवाह हुनु, इमान्दारीता देखाइ जिम्मेवारी पूरा गर्दा विभिन्न तक्मा पाउनु, हवल्दार बन्नु, पेन्सन हुनु, पहिले गाउँका साथीभाइ रमाइलो गर्न, भेटघाट गर्न मकरबहादुरको घरमा आउनु, जागिर छुटेपछि नआउनु, पेन्सन पाएको दिनमात्र विभिन्न बहाना गर्दै आउनु, गाउँलेहरू धनवीरको शोषणमा पर्नु, उसँग डराउनु, मकरबहादुर दम्पतिका सन्तान नहुनु तर उनीहरू दोस्रो विवाह नगरी खुसी नै हुनु, समाजसेवामा लाग्नु, चन्दा दान दिनु, मकरबहादुरले समयले मान्छेलाई वृद्ध बनाउने कुरा सम्झिदैँ आफ्नो जवानी देखि वृद्धावस्थासम्मका घटना मनन गर्नु, अन्तिममा फौजी पोशाक लगाएर श्रीमती स्कुलमा चन्दा दिएर फर्किंदासम्म मरिसकेको हुनु यस कथाका घटना हुन् ।

यस कथामा नेपालीहरूले आफ्नो देशमा रोजगारीका अवसरमा नपाउनु, हातमुख जोड्नका लागि परदेशमा पल्टनमा भर्ती भई खटेर काम गर्नु, बहादुरी देखाउनु, राज्यले कुनै बैकल्पिक व्यवस्था नगर्नु लगायतका सन्दर्भहरूको सङकेत पाइन्छ । यस कथामा अशिक्षित, गरिब जनताहरूका सत्य र न्यायको पक्षमा निडर भएर लाग्न नसक्नु, कानूनी न्यायिक कर्मचारी उल्टै अन्याय गरी हिड्नु, झुटा सबुत देखाएर मुद्दा जित्नुलगायतका स्वार्थी, गैरजिम्मेवार मानवीय कुकर्महरूको प्रस्तुति पाइन्छ। मानवले समयलाई उछिन्न सक्दैनन् र आफू एउटै उमेर र समयमा समेत रहन सक्दैन । समयले मानिसलाई मृत्युतिर धकेल्दै लान्छ भन्ने जीवनको र प्रकृतिको यथार्थ नियमलाई यस कथामा यथार्थपरक रूपमा चित्रण गरेको पाइन्छ। यस कथामा समयसँगै मौसम तथा ऋतु फेरिएझैं मान्छेको पनि जिन्दगीका पानाहरू पल्टिरहेका हुन्छन् भन्ने विषयवस्तुको चित्रण गरिएको छ । यस कथामा मान्छेले मान्छेलाई मायाप्रेम गर्दै मानवीयता नबिर्सेर सहयोगी, समाजसेवी, इमान्दार, निस्वार्थी, निडर भएर बाँच्नु पर्ने कुराको सङ्केत गरिएको पाइन्छ । मान्छे धनको पछाडि लागेर बेइमान, लोभलालची र अवसरवादी हुनुहुँदैन । शिक्षाको विकासका लागि सबैले आ-आफ्नो तर्फबाट गर्न सकिने जिम्मेवारी पूरा गर्नुपर्छ। न्याय र सत्यको धरातलमा टेकेर जिउनुपर्छ । श्रीमान् श्रीमतीबीचको प्रेम निश्छल हुनपर्छ भन्ने सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक सन्दर्भको कलात्मक प्रस्तुति यस कथामा गरिएको छ ।

'धनपुतली' कथामा स्थानगत सन्दर्भलाई दृष्टिगत गर्दा सुदूरपश्चिमको पहाडी ग्रामीण परिवेशका साथै शहर, बजार, परदेश हवल्दारको घर, गाउँ वरिपरिको बाटो, विद्यालय,

उकालोओरालो बाटो , खेतबारी, प्राकृतिकरूपमा रमणीय वातावरण आदि समेटिएका छन् । ग्रामीण परिवेशको वातावरणीय रमणीयता, ऋतुअनुसारको प्राकृतिक सुन्दरता, हराभरा न्याउली, कोइली, पानी पधँरो, काफललगायतका रमणीय पक्षहरूले पाइने गाउँको सुन्दर र आकर्षण वातावरणलाई सङ्केत गरेको छ । विद्यालय, शिक्षक, चन्दा दानलगायतका सन्दर्भले ग्रामीण विद्यालयको विकास तथा विस्तारका लागि स्थानीय जनसमुदायहरूले सहयोग गर्ने सन्दर्भलाई सङ्केत गरेको छ भने गहुँ कटाइ, खेत खनाइलगायतका स्थानगत कार्यले ग्रामीण कृषि प्रणालीलाई चित्रण गरेको छ । ग्रामीण भेगमा किनमेलका लागि टाढा बजार समूहमा जानुपर्ने, वस्तुसँग सामान साट्ने परम्परित आर्थिक कारोबारलाई मकरबहादुरले सामान किन्न घिउ लगेको सन्दर्भबाट प्रस्टिएको छ । यस कथामा प्रदेशमा फोजीहरूले ज्यानको बाजी थापेर काम गर्नुपर्ने, गोली खानु पर्ने, बिदामा घर आउन पाइने सन्दर्भलाई संकेत गरेको छ । यस कथामा प्रस्तुत गरिएका मुद्दा तथा अदालतलगायतका न्यायिक स्थानहरूको प्रसङ्गले अन्यायको जित र न्याय सत्य र धर्मको हार हुने प्रशासनिक कमजोरीलाई प्रस्तुत गरेको छ । समाजमा सत्य र न्यायको भन्दा पनि असत्य र अन्यायले जरा गाडेको अवस्था, अड्डा अदालत र धनवीरको विचारी पेशाले प्रस्ट्याइएको छ । समग्रमा सुदूरपश्चिमका पहाडी भूभाग, ग्रामीण प्राकृतिक रमणीयता, सहरिया अन्याय, प्रदेशी फौजी ब्यारेक, गाउँघर बाटोघाटो यस कथामा समेटिएका स्थानगत परिवेश हुन् । माथि उपरोक्त स्थानले ग्रामीण सोझोपना, शोषणदमन, अशिक्षित, डरपोख समुदाय, अन्यायी, मानवका लालची अवसरवादी प्रवृत्तिलाई प्रस्ट्याइएको छ ।

प्रस्तुत कथालाई समयगत आधारमा हेर्दा लेखन परिवेश २०२४ साल र त्यो वरिपरिकाने समय रहेको छ । प्रजातन्त्रको उदय भइसकेको भए पनि जनताले न्याय स्वतन्त्रता नपाएको, असत्य अधर्मले बढवा पाएको स्थिति यस कथामा देखिन्छ । धनवीर जस्ता सामन्ती, अन्याय, अधर्मी व्यक्तिले गाउँघरमा सत्ताशक्ति आफ्नै हातमा पार्ने, पेशाको कदर नगर्ने, झुटा सबुतको प्रयोग गर्ने, अशिक्षित जनता डराएर खुलेर बिरोध नगर्ने समयगत परिवेशको प्रस्तुति यस कथामा पाइन्छ । यस कथामा देशमा रोजगारीको अवसर, ग्रामीण क्षेत्रको विकास, बाटोघाटो, यातायात, स्वास्थ्य सञ्चारको विस्तार नभएको, राज्य देश विकास र न्यायको पक्षमा गैरजिम्मेवार भएको सन्दर्भको प्रस्तुति पाइन्छ । मौसमी समय सन्दर्भलाई हेर्दा कथाको प्रमुख पात्रले आफ्नो १६ वर्षको उमेर देखि ५६ वर्षसम्मको स्मरण गरेकोले समग्र मौसम, ऋतु, अवस्थाको चित्रण यहाँ पाइन्छ । गर्मी समय, वसन्त ऋतु, काफल पाकेको, पालुवा पलाएको सुन्दर प्रकृतिको चित्रण यस कथामा समेटिएको छ । राजनैतिक समयका रूपमा पञ्चायतकालीन

प्राकृतिक समय विशेषत : वसन्त, शिशिर ऋतुको सन्दर्भ समेटिएको छ । नेपाली निम्नवर्गीय आर्थिक अवस्था, अशिक्षा, शोषणदमन, सामन्ती व्यवहार, अन्याय अत्याचार र नीतिनियम आचारसंहिताको पालना नभएको समयगत परिवेशको प्रस्तुति यस कथामा पाइन्छ ।

प्रस्तुत 'धनपुतली' कथामा असंलग्न समाख्याताको प्रयोग गरिएको पाइन्छ। यस कथाको प्रमुख पात्रको रूपमा हवल्दार मकरबहादुर र उनकी श्रीमती रम्भादेवी रहेका छन् । हल्दारबाट रिटायर भएको मकरबहादुरले उमेरको उत्तरार्धमा आएर आफ्नो विगतलाई स्मरण गरेका छन्। उनी निम्नवर्गीय परिवारमा जन्मेको, विदेशी भूमिमा सेनामा भर्ती भई जिम्मेवारी निभाएको, तक्मा प्राप्त गरेको, समाजसेवी, सत्य र न्याय, पक्षपाती, सामन्ती प्रवृतिको सहयोगी, असल श्रीमान, श्रीमतीलाई माया र सम्मान गर्ने अनुकूल र आफूजस्तै पात्रहरूको प्रतिनिधित्व गर्ने पात्रका रूपमा चित्रित छन् । समाज विकास, शिक्षा चेतनाको चाहना राख्ने, प्रगतिवादी विचारका यी दम्पति मेहनती, जिम्मेवारी, असल विचारका गाउँ, समाज विकासको चाहना भएका पात्र हुन् । धनवीर सामन्ती दुष्ट हैकमवादी शासकहरूको सन्दर्भलाई संकेत गरेका छन् । गाउँलेहरू र शिक्षकहरूले असल खराब थाहा पाए पनि धनवीर जस्ता असत्ती शक्तिहरूको डरले केही नगर्न विवश, शोषितपीडित नागरिकहरूको विवसतालाई सङकेत गरेका छन् । लाहुरेहरूले बाध्यता र विवशताका कारण पराइ भूमिमा विवशताका कारण फौजी काम गर्नुपर्ने, ज्यान जोखिममा राख्नु पर्ने, छुट्टीमा थोरै समयमा घर आइ छिट्टै घरपरिवार र देश छोडेर फर्कनु पर्ने नेपाली लाहुरेहरूको पीडादायी संघर्षशील जीवनको कथालाई चित्रण गरेका छन् । समग्रमा यस कथामा मकरबहादुर, रम्भादेवी, धनवीर, दलबहादुर, शिक्षक, विद्यार्थी, गाउँले, सिपाहीहरू, पल्टनमा वीरगति रम्भाका मगन्तेर, भरिया, आमाबुबालगायतका सहभागीहरूले आ-आफ्नो भूमिका निर्वाह गरेका छन् । सिपाही, भरिया, गाउँलेहरूले निम्नवर्गीय मेहनती शोषितपीडित व्यक्तिहरूको प्रतिनिधित्व र धनवीर  दलबहादुरले असत्, सामन्ती, ठग पात्रको चित्रण गरेका छन् ।

'धनपुतली' कथामा निहित परिस्थितिगत सन्दर्भलाई दृष्टिगत गर्दा निम्नवर्गीय नेपालीले भोग्नु परेका बाध्यताले पीडा तथा बाध्यताले परदेशिनु पर्ने, फौजी पेसामा पराईको देशका लागि दिनुपर्ने बलिदानी,  धनवीर जस्ता सामन्ती शोषक, अहङ्कारी, स्वार्थी व्यक्तिका कारण सर्वसाधारण अशिक्षित जनताहरूले खेप्नुपरेको सास्ती, झेल्नुपरेको पीडा यस कथाका परिस्थितिगत सन्दर्भ बनेर आएका छन् । ग्रामीण समाज, खेतीपाती, वनजङ्गल, कोइली न्याउली, काफल, पानी पधँरो सामाजिक सन्दर्भ र न्यून आर्थिक अवस्था, वस्तु विनिमय, विकटता, अशिक्षा, जनचेतनाको अभावलगायतका संकेतले क्रमशः आर्थिक र राजनैतिक

सन्दर्भलाई प्रस्तुत गरेको छ । पश्चिम नेपालको पहाडी गाउँपरिवेश रहेको यस कथामा युवावस्थामा नै विदेश जानुपर्ने बाध्यता, मालसामान किन्नको लागि टाढा जानुपर्ने अवस्था, गाउँमा विकास नभएको स्थिति, ठालु गुण्डाहरूले सोझा र निमुखा जनतालाई गर्ने व्यवहार, धनवीर जस्ता मानिसको हैकमवादी प्रवृत्तिले समाजमा परेको नराम्रो प्रभाव जस्ता सन्दर्भहरू कथामा दर्शाएका छन् । धनमुखी बन्ने मानवीय कमजोरी, सत्ताशक्ति, गलत व्यक्तिको हातमा जाँदा केही गर्न नसकिने सामाजिक व्यवस्था यस कथाका परिस्थितिगत सन्दर्भ हुन् । न्याय र असत्यलाई चुपचाप सहनु पर्ने बाध्यताका साथै समयको खेल मानवले मृत्यु जित्न नसक्ने, जवानी राख्न नसक्ने, मानव समयसँग हार्नु पर्ने यथार्थ पक्षको सन्दर्भ यहाँ कलात्मक रूपमा प्रस्तुत गरिएको छ । सबै मिलेर सामाजिक विकृति, सामाजिक कुव्यवस्था, मानवको लोभीलालची, सामन्ती, शोषणकारी, दमनकारी प्रवृत्तिको विरोध गरी समाज विकास गर्नुका साथै शिक्षा र चेतनाको विकास गर्नुपर्ने धारणा यस कथामा प्रस्तुत गरिएको छ साथै जैविक सत्यलाई स्वीकार गरी अगाडि बढ्नु पर्ने, शिक्षा र चेतनाको विकास गर्नुपर्ने विचार यस कथामा रहेको समय, स्थान र सहभागीहरूको भूमिकाको आधारमा प्रष्ट पारिएको छ ।

### २.४.२ 'हिउँको तन्ना' कथामा परिस्थितिगत सन्दर्भ

'हिउँको तन्ना' कथामा वियोगान्त प्रेम कथालाई प्रस्तुत गरिएको छ । यस कथालाई कथाका सहभागीहरूको सहभागिताको समय, स्थान, परिवेश तथा उनीहरूको हाउभाउ, भौगोलिक अवस्था आदिका आधारमा कथाको परिस्थितिगत सन्दर्भलाई विश्लेषण गरिएको छ ।

प्रस्तुत 'हिउँको तन्ना' कथा नेपालबाट भारत पढ्न जाने युवाको प्रेमप्रसङ्गमा आधारित छ । यस कथामा कथाको प्रमुख पात्रले आफ्नो प्रेमको स्मरण गरेर कथालाई अगाडि बढाएको छ । प्रस्तुत कथामा भारतको नैनीताल, श्रीपुर, त्यस वरपरको परिवेश, हिउँदे सेताम्मे धरतीको सुन्दर चित्रण गरिएको छ । यस कथामा चोखो र आत्मिक प्रेम गर्ने मान्छेले प्राप्तिलाई मात्र नभई आफ्नो प्रेमको अभावमा पनि प्रेमको आभास लिन्छ र जिन्दगी बिताउँछ तर जब उसको प्रेमप्रतिको विश्वास टुट्छ तब उसमा घृणा पलाउँछ भन्ने विषयलाई प्रस्तुत गरिएको छ । अमर हिउँको तन्ना कथाको प्रमुख पुरुष पात्र हो र रिता प्रमुख नारी पात्रका रुपमा देखिएकी छिन् । अमर पढ्नको लागि भारतको नैनीतालको श्रीपुरमा जानु, रितासँग भेट हुनु, दुबैबिच प्रेम हुनु, घरबाट अमरको बुवा बिरामी भएको खबर आउँदा अमर घर फर्कनु, फर्केर श्रीपुर जाँदासम्म रिता स-परिवारसहित दुर्घटनामा परेर मरेको खबर पसलेबाट सुन्नु, आफ्नो चोखो र आत्मिक प्रेममा रमाएर अमरले विवाह नगरेर एक्लो जीवन बिताउनु, एकदिन अचानक अमर साथीले

नमान्दा नैनीतालको नर्तकीको कोठीमा जानु, त्यहाँ रिता नर्तकी भएर नाँच्दै गरेको देख्नु, रिताले आफूले बाध्य भएर बाँच्नको लागि नाँच्नु परेको र आफूलाई अङ्गाल्न आग्रह गर्नु तर अमरको मनमा रिताका लागि भएको प्रेम र प्रेमप्रतिको विश्वास, सम्मान घृणामा परिणत हुनु यस कथाका घटना हुन् ।

प्रस्तुत 'हिउँको तन्ना' कथामा हाम्रो देशमा शिक्षाको क्षेत्रमा भएको नहुनु, शैक्षिक संस्थाको अभावमा नेपाली भारतका विभिन्न ठाउँमा पढ्ने सिलसिलामा जानु, अमरको घरबाट उसको बुवा बिरामी भएको खबर आएको प्रसङ्गबाट सञ्चारको माध्यम चिठीपत्र भएको र नेपालमा विकासका पुर्वाधारको विकास नभएको यथार्थ पक्षको चित्रण गरिएको छ । दुर्घटनामा आफन्त गुमाएकी रिताले कसैको साथ र टेक्ने अन्य कुनै आधार नपाउँदा कोठीमा नर्तकी भएको प्रसङ्गले नेपाली चेलीले बाँच्नको लागि समाजले इज्जतसँग जोडेको पेसा अङ्गाल्न बाध्य हुने सन्दर्भलाई देखाएको छ । यस कथामा पढेलेखेका नेपाली युवावर्गमा समेत रूढिवादी सोच र सङ्कुचित भएको र नर्तकी पेसालाई सम्मान नगर्ने इज्जतसँग जोडेर हेर्ने गरेको प्रसङ्गले नेपाली समाजमा चेतनाको अभाव र सङ्कुचित सोच भएको यथार्थ पक्षलाई चित्रण गरिएको छ ।

उल्लिखित कथामा सुदूरपश्चिमको समग्र पहाडी भूभाग, प्राकृतिक सुन्दरता, हिउँ परेको सेताम्मे धरती, भारतीय भूमि, त्यहाँका नर्तकी कोठी, सहरबजार, श्रीपुर आदि स्थानगत परिवेशका रुपमा समेटिएका छन् । यस कथामा समेटिएका माथि उल्लिखित स्थनाहरूले नेपाली ग्रामीण जनजीवन, अशिक्षा, प्राकृतिक सुन्दरताका साथसाथै छोरीचेली बाध्यताको शिकार भई पुरुष वर्गको मनोरञ्जनको साधन बन्ने संस्कृति माथिको विकृतिलाई देखाएको छ ।

प्रस्तुत कथालाई कथामा प्रयुक्त समयगत आधारमा हेर्दा लेखन परिवेश २०१८ साल र त्यो वरिपरिको समय रहेको छ । यस कथामा प्रजातन्त्रको उदय भइसकेको भए पनि जनताले न्याय स्वतंत्रता नपाएको, असत्य अधर्म बढावा पाएको स्थिती देखिन्छ । देशमा ग्रामीण क्षेत्रको विकास, बाटोघाटो, यातायात, स्वास्थ्य संचारको विस्तार नभएको, राज्य देश विकास र न्यायको पक्षमा गैरजिम्मेवार भएको सन्दर्भको प्रस्तुति यस कथामा पाइन्छ । मौसमी समय सन्दर्भलाई हेर्दा कथाको प्रमुख पात्रले आफ्नो पढ्ने लेख्ने उमेर देखि विवाह गर्ने उमेर बितिसकेको र आफ्नो विगतको प्रेम स्मरण गरेकोले समग्र मौसम, ऋतु, अवस्थाको चित्रण यहाँ पाइन्छ । राजनैतिक समयका रूपमा पञ्चायतकालीन समय सन्दर्भ समेटिएको छ । नेपाली निम्नवर्गीय आर्थिक अवस्था, अशिक्षा, शोषणदमन समयगत परिवेशको प्रस्तुति यस कथामा पाइन्छ ।

'हिउँको तन्ना' कथामा संलग्न समाख्याताको प्रयोग गरिएको पाइन्छ । यस कथाको प्रमुख पात्रको रूपमा अमर र उनकी प्रेमीका रिता रहेका छन् । अमरले रितासँगको भएको आत्मिक प्रेम सम्बन्धलाई र प्रेमप्रतिको घृणालाई स्मरण गरेका छन् । उनी निम्नवर्गीय परिवारमा जन्मेको, भारतको श्रीपुरमा पढ्न गएको, रितासँग प्रेम भएको, उनी रिता मरेको झुटो खबरमा विश्वास गरी उनकै सम्झ्नामा बसेको, रितालाई नर्तकी भएको आफ्नै आँखाले देख्दा रिताको जीवनमा घटेको वास्तविकतालाई नबुझी उनलाई, उनको पेसालाई र उनको प्रेमलाई घृणा गरेको घटनाले आफू बाँचेको यथार्थ असत्य साबित हुँदा व्यक्ति छागाबाट खसेझैं हुने र यथार्थताको गहिराईमा जान सक्दैन भन्ने विचार चित्रित गरिएको छ । रीताले बाहिरी रूपमा अमरसँगको प्रेमको ढ्वाङ् देखाए पनि भित्रिरूपमा नतर्की बनेर देहव्यापारमा संलग्न रहन्छे । अमरले रीताको असली चरित्र थाहा पाएपछि उनीहरूको प्रेम बिछोडको संहारमा पुग्छ । समस्या परेको बेला रिताले अमरको शरण लिनुको सट्टा नर्तकी भएको, अमरले प्रेमीका मरेको ठानी उनकै सम्झनामा जीवन बिताउने निर्णय गरेको प्रसङ्गबाट प्रेम एकतर्फी नभएर दुईतर्फी हुनुपर्दछ । एकतर्फी प्रेम घाममा राखेको हिउँ जस्तै बिलाएर जान्छ भन्ने यथार्थ यस कथामा देखाइएको छ ।

## २.५ विसर्जन कथासङ्ग्रहका कथामा परिस्थितिगत सन्दर्भ

*विसर्जन* कथासङ्ग्रहमा रहेको पहिलो कथा 'आख्यान' हो । यस कथामा हिन्दी, अंग्रेजी, सुदूरपश्चिमेली भाषिक शब्दावलीको प्रयोग गरिएको छ । यस कथामा कमजोर आर्थिक अवस्थाका कारण प्रदेशिनु पर्ने नेपालीको बाध्यता, उच्च वर्गीय सामन्ती शोषक व्यक्तिको हेपाइको शिकार हुनुपर्ने गरिबहरूको लाचारपना, धनी कै पक्षमा सुनुवाइ हुने अन्यायी फैसलालगायत मुख्य विषयसन्दर्भ प्रस्तुत गरिएका छन् । भारतीय आसाम, लखनऊको बाटो, नेपालको ग्रामीण भूभाग र प्राकृतिक सुन्दरता स्थानगत सन्दर्भका रूपमा आएका छन् । प्रस्तुत कथामा सामाजिक, राजनैतिक, आर्थिक, सन्दर्भको सङ्केत गरिएको छ । यस कथासङ्ग्रहको अर्को कथा 'कर्सापको गल्ती' हो । शहरिया परिवेशमा रचित यस कथामा शक्ति सन्दर्भ, राजनैतिक सन्दर्भ, सामाजिक तथा सांस्कृतिक सन्दर्भको कलात्मक प्रस्तुति पाइन्छ भने यहाँ प्रस्तुत विषयवस्तुका आधारमा राणाकालीन परिवेशमा घटनाहरू घटेको देखिन्छ । विशेषतः प्रस्तुत कथामा सामाजिक, राजनैतिक, आर्थिक, परिवेशगत सन्दर्भ प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथासङ्ग्रहमा सङ्गृहीत तेस्रो कथाका रूपमा 'एक शीशी फन्टा' रहेको छ । सहरिया परिवेशमा रचिएको यस कथाको रचनाकाल २०४० भन्दा अगाडि भए तापनि वर्तमान्

नेपाली समाजमा हुने गरेको घुसखोरी, भ्रष्टचार, पेसाप्रति गैरजिम्मेवार व्यक्तिहरूको समाजमा मानसम्मान, धनदौलत देखिने र मिहिनेत तथा कर्मको चोखो कमाइ खाने व्यक्तित्वको सच्चाई र इमान्दारिताको मूल्याङ्कन हुनुको सट्टा विभिन्न आरोप लगाई मिलोमतोमा पदच्यूत गराउने षड्यन्त्रकारी विषयको प्रस्तुति यस कथामा व्यक्त गरिएको देखिन्छ। यस कथाले वर्तमानकालीन प्रशासनिक कमीकमजोरी, अधर्म, अन्याय, कुकर्मको विषयलाई प्रस्तुत गरी इमान्दारिता, नैतिकता बेचिएका व्यक्तिहरूको शक्तिसम्बन्ध उच्च रहने तथा त्यस्ता व्यक्तिको भलो हुँदै आएको कुरा देखाइएको छ । प्रस्तुत कथामा मुख्यतया सामाजिक, राजनैतिक, आर्थिक, परिवेशगत सन्दर्भको सङ्केत प्रस्तुत गरिएको छ । यस कथासङ्ग्रहमा रहेको चौथो कथा 'विसर्जन' हो । यस कथाको शीर्षकको नामबाट यस कथासङ्ग्रहको नाम राखिएको छ । यस कथामा प्राकृतिक प्रकोपले दीनदुखी, गरिब बस्तीहरूको विचल्ली पारेको, प्रशासनिक ढिलासुस्ती, र अहमताका कारण मुद्दा लम्बिएको, जमिन्दारले बाली उठाउँदा गरिबले सास्ती खेप्नु परेको, भिरपाखा तथा विकट बस्तीका व्यक्तिले अकालमै ज्यान गुमाउनु परेको विषयवस्तु समेटिएको छ । प्रस्तुत कथा सामाजिक, राजनैतिक, आर्थिक, परिवेशगत, स्थथानगत सन्दर्भका दृष्टिले उपयुक्त छ ।

प्रस्तुत *विसर्जन* कथासङ्ग्रहकामा रहेको पाँचौं कथा 'परायो धन' हो। यस कथामा समय र परिस्थितिले सत्ता खोसिएका, इमान्दार राजनीतिज्ञको इमान्दारिता र अभावपूर्ण जीवन, लोभलालच शोषणदमनरहित जीवनकथा गरिएको छ। वि. सं.२०४४ सालमा लेखिएको यस कथामा पञ्चायतकालीन समयको उत्तरार्द्धतिरको परिवेश देखिन्छ। सत्तामा हुँदा शक्तिशाली सत्ता सम्पन्न व्यक्ति सत्ता खोसिएपछि शक्तिहीन भएको राजनैतिक सन्दर्भ यस कथामा देखिन्छ। प्रस्तुत कथासङ्ग्रहमा सङ्गृहीत छैटौं कथा 'सहयात्री' हो । यस कथामा भूमिहीन गरिब थारु समुदायको भूमिसुधार अड्डासम्मको दौडधुप, भूमिसुधार आयोगको चरम लाप्रवाही, मन्त्रीहरूको झुटो आश्वासन, कार्यकर्ताको मन्त्रीप्रतिको चाकडी, गरिबी, राजनैतिक विकृति विसङ्गतिको विषय प्रस्तुत गरिएको छ। यो कथा ग्रामीण सुदूरपश्चिमेली गाउँ देखि धनगढी नगर, राजधानी काठमाडौं, मन्त्रालयलगायतको स्थानगत परिवेशमा आधारित छ । समयगत आधारमा पञ्चायतकालीन राज्य व्यवस्था, चाकडी प्रथा, मन्त्रीका झुटा आश्वासनको यहाँ संकेत देखिन्छ। विशेषतः प्रस्तुत कथामा सामाजिक, राजनैतिक, आर्थिक, परिवेशगत सन्दर्भको सङ्केत प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथासङ्ग्रहमा सङ्गृहीत सातौं कथा 'प्रतिस्थापन' हो । सामाजिकसँगै

मनोवैज्ञानिक विषयवस्तु प्रस्तुत गरिएको यस कथामा काठमाडौँ स्थानगत परिवेशका रूपमा आएको देखिन्छ। कुनै व्यक्तिप्रतिको अति प्रेम घातक हुन्छ र शङ्का, अविश्वासले जिन्दगीलाई नरकतिर डोर्याउँछ भन्ने सन्देश पाइने यस कथामा पात्रको स्वपीडक र परपीडक प्रवृत्ति देखाइएको छ।। प्रेम, शङ्का, मनोविज्ञान, स्वपीडक, परपीडक प्रवृत्तिका साथै महिला हिंसाको छनक पाइने यस कथामा काठमाडौंको डेराको बसाईं, साना अँध्यारा कोठा, पानीको समस्या, गरिबी, तोकिएका मापदण्ड पुग्दा पनि भनसुन नहुँदा बढुवा सरुवा नहुने कर्मचारीको पीडालगायतका विषयवस्तुको चित्रण गरिएको छ । विशेषत प्रस्तुत कथामा सामाजिक, राजनैतिक, आर्थिक, प्रशासनिक परिवेशगत सन्दर्भको सङ्केत प्रस्तुत गरिएको छ । यस कथासङ्ग्रहमा सङगृहीत आठौं कथा 'माटोलाई प्रणाम' हो। ऐतिहासिक तथ्यमा आधारित भएर लेखिएको यो कथा देशभक्ति भावनाले ओतप्रोत छ। २०२५ सालमा लेखिएको यस कथामा नेपाल एकीकरणपूर्वको विषयवस्तुलाई समेटिएको छ। भाषिक सरलता र रैखिक ढाँचामा लेखिएको यो कथाले विशेषतः राजनैतिक शक्ति सन्दर्भलाई समेटेको छ।

प्रस्तुत कथासङग्रहभित्र समेटिएको नवौं कथा 'अन्धो गुफा' हो। यस कथामा मान्छेको स्वार्थी, विश्वासघाती, अवसरवादी, लोभी प्रवृत्तिको प्रस्तुति पाइन्छ। वियोगान्त प्रेमको कथावस्तु प्रस्तुत गरिएको छ। मानवीय स्वार्थीपना, परपीडक स्वभाव, धनमुखी प्रेम आदिका आधारमा हेर्दा यो कथा सामाजिक सन्दर्भमा रचिएको देखिन्छ। प्रस्तुत कथासङ्ग्रहमा सङ्गृहीत दसौं कथाका रूपमा 'कछुवा' कथा रहेको छ। सामाजिक तथा समाज मनोवैज्ञानिक विषयवस्तुलाई आधार बनाएर रचना गरिएको यस कथामा गरिबी, गरिबीले निम्त्याएका समस्या, घरझगडा, दिक्दारी, ज्योतिषका झुटा आश्वासन, राजनीतिक कुशासन प्रवृत्ति, सच्चा, इमान्दार र बौद्धिक कर्मचारीको समस्यालगायतका विषयलाई कलात्मक शैलीमा प्रस्तुत गरिएको पाइन्छ। मुख्यतया असन्तोषी मानवीय प्रवृत्ति, राजनैतिक विकृति विसंगति, स्वार्थीपना, आडम्वरमा बाँचिरहेको समाजमा एउटा असल, इमान्दार कर्तव्यनिष्ठ व्यक्ति सम्मानितको सट्टा दुखी र अपमानित हुने सामाजिक यथार्थलाई यस कथामा देखाइएछ। ग्रामीण समाज हुँदै सहरिया परिवेशमा घटना घटेका यस कथामा राजनैतिक, प्रशासनिक, सामाजिक विकृति, विसङ्गति, शोषणदमन, घुसखोरी, असन्तोषी सामाजिक वातावरणको चित्रण पाइन्छ।

प्रस्तुत कथासङ्ग्रहमा सङगृहीत एघारौँ र अन्तिम कथाको शीर्षक 'बाँच्नुको सजाय' हो। संरचनागत लमाई भएको यो कथामा सामन्ती विषयलाई प्रस्तुत गरिएको छ। समाज परिवर्तन गर्ने क्रान्तिका कारण असल, सर्वसाधारण, सहयोगी, कर्मयोगी व्यक्तिहरूको हत्या गर्ने,

उनीहरूसँगको चलअचल सम्पत्ति हडप्ने, समूहमा रहेका धोकेबाज, कपटी, दमनकारी, षड्यन्त्रकारी, विश्वासघाती व्यक्तिसँगको सङ्गतको विषयको प्रस्तुति यस कथामा पाइन्छ । ग्रामीण देखि सहरिया परिवेशमा रचिएको यस कथामा देशभक्ति इमान्दारी, त्यागी, बलिदानी समाज परिवर्तनको लागि ज्यानको प्रवाह नगर्ने इमान्दार युवा शक्तिहरूलाई देशद्रोही, सामन्ती, स्वार्थी, अमानवीय व्यक्तिहरूले पर्दापछाडि लुकेर प्रयोग गरिएको छ। यथार्थ कुरा थाहा पाउँदा ती निर्दोष सकारात्मक, क्रान्तिकारी युवाहरूको हत्या भएको देखिएको छ । सामाजिक, विकृतिविसङ्गति, धनी व्यक्तिहरूको दमनकारी प्रवृत्ति, निर्दोषहरूमाथिको षड्यन्त्र, जमिनदारी प्रवृत्ति, क्रान्तिकारी परिवर्तनको नाममा निर्दोष व्यक्ति माथिको अत्याचार, हत्याहिंसाका विविध द्वन्दकालीन सामाजिक, मानवीय, विसङ्गति, अमानवीय कठोर स्वभावको चित्रण गरिएको यस कथाको लेखन समय वि.सं. २०२९ साल रहेको छ। यस कथालाई पत्रात्मक ढाँचालाई अगाडि बढाएको देखिन्छ भने भाषाशैली कलात्मक देखिन्छ । विशेषत प्रस्तुत कथामा राजनैतिक, आर्थिक, परिवेशगत सन्दर्भको सङ्केत गरिएको छ ।

माथि उल्लिखित सम्पूर्ण कथाहरूमा नेपाली समाजको गरिबी, शोषणदमन, रूढिवादी परम्परा, देशकाल परिस्थिति, राज्य परिवर्तनको नाममा गरिएको क्रान्ति, भ्रष्टचार, विभिन्न परिवेश र मनस्थिति भएका सहभागीहरू, सामाजिक, सांस्कृतिक, प्राकृतिक पहिचान, स्वदेशी तथा विदेशी स्थानको सङ्गतिपूर्ण चित्रण गरिएको हुँदा प्रत्येक कथा पस्थितिगत अध्ययनका लागि उपयोगी देखिन्छन् तर यस कथासङ्ग्रहमा रहेका कथामा विषयगत पृथक्तालाई दृष्टिगत गर्दै सन्दर्भका आधारमा विशेष उत्कृष्ट 'कर्सापको गल्ती' *र* 'विसर्जन' कथाको छनोट गरी परिस्थितिगत अध्ययन गरिएको छ ।

### २.५.१ 'कर्सापको गल्ती' कथामा परिस्थितिगत सन्दर्भ

प्रस्तुत 'कर्सापको गल्ती' कथामा कथाका सहभागी पात्रहरूले कथामा दर्शाएको सहभागिताको समय, स्थान परिवेश तथा उनीहरूको हाउभाउ, भौगोलिक अवस्था आदिका आधारमा कथाको परिस्थितिगत सन्दर्भलाई विश्लेषण गरिएको छ ।

प्रस्तुत कथामा राणाकालीन राजनैतिक परिवेशको दरबारिया विलासिता, महिला माथिको यौन हिंसा, अत्याचार, षड्यन्त्रकारी प्रवृत्ति, शासनसत्ताको विषयलाई प्रस्तुत गरिएको छ। राणाहरूको विलासी जीवनशैलीसँगै तीव्र यौनचाहानाका कारण सुन्दर महिलालाई दरबारमा भित्रिनी बनाई रमाइलो गर्ने गरेको विषय प्रस्तुत गरिएको छ । साथै त्यस्तो सम्बन्धबाट

जन्मिएका सन्तान पहिचानविहिन बनी न घर न घाटको भई समाजमा घृणित र अपमानित भई बाँच्नुपर्ने विवसतालाई यस कथाको विषयवस्तुले सङ्केत गरेको छ। जन्म र हैसियत कै कारण चोखो आत्मिक प्रेमलाई बिछोड्याउने र व्यक्तिगत जीवन विसङ्गततर्फ धकेल्ने नेपाली समाजको तितो यथार्थलाई पनि यस कथामा सङ्केत गरिएको छ।

कर्सापको दरबारमा शिवेकी आमाले काम गर्नु, कर्सापलाई शिवेकी आमा मन पर्नु, उसलाई रखैलका रूपमा प्रयोग गरेर शिवेको जन्म हुनु, शिवेकी आमाले नोकर्नी भएरै काम गर्नु, रानीसापले शिवे र उसकी आमालाई देखी नसक्नु जस्ता विषयले दरबारमा गरिने नारी माथिको हिंसा, शोषण, नारीले बिरोध गर्न नसक्ने बाध्यता विवसतालाई संकेत गरिएको छ। रानीको भाइ जुन षड्यन्त्रकारी राजनीतिका कारण जूनियर भएर पनि जर्साप भएपछि शिवेकी आमा र शिवेको झन् बिचल्ली हुने सम्झी कर्सापले शिवेकी आमालाई दरबारबाट निकाली बालाजुको गाईगोठमा राख्नु, समाजले शिवेकी आमालाई चरित्रहीन सम्झी राती आउने भनी बेज्जत गर्दा उनीहरू त्यहाँबाट जग्गा बेचेर बसाइँ सर्नुका घटनाहरूले दरबारिया व्यवहारले शिवेकी आमा र शिवे समाजमा अपमान र घृणाको पात्र बनेको, समाजमा स्थापित हुन गाह्रो भएको सन्दर्भलाई संकेत गर्छ। शिवे स्कुल जानु, स्कुलमा साथीहरूले हेला गर्नु, जर्सापकी छोरी जयासँग शिवेको प्रेम हुनु, शिवेलाई अस्वीकार गरेर जर्सापले मकवानपुरका धनी खानदानी तर बुढा व्यक्तिसँग जयाको बिहे गरिदिनु, शिवेकी आमाको मृत्यु हुनुलगायतका घटनाले गरिबीसँगै शिवेको सपना खरानी भएको देखाइएको छ। माया प्रेमलाई धनदौलतसँग तुलना गर्ने, छोरीचेलीको धन, इज्जतसँग जोडेर विवाह गरेर पठाउने नेपाली समाजको महिला अधिकारको हनन, प्रेमको अनादरका साथै वर्गीय विभेदलाई यस कथामा देखाइएको छ। पिडाले रन्थनिएको मस्तिष्कमा नकारात्मक असर पर्दा शिवेले मदिराको सहारा लिनु, दिलमायासँग विवाह गर्नु तर श्रीमतीको रूपमा मानसम्मान माया सुख नपाउँदा दिलमाया सिफलको सिपाहीसँग पोइल जानु, विरक्तिएर मकवानपुर जानु, क्षयरोगको शिकार भई मृत्युको मुखमा पुगेकी जयालाई देख्नुलगायतका घटनाले असफल प्रेमका कारण जया, दिलमाया, शिवको जीवन बर्बाद भएको यथार्थलाई प्रस्ट्याएको छ। लामो समयपछि काठमाडौं फर्किंदा दिलमायाले छोरो पाएको खबर पाई दिन गन्दा त्यो आफ्नै छोरो भएको थाहा पाएर उसलाई सुत्केरी खाना दिन जाँदा लडेर मृत्यु हुनु यस कथाका घटनाले प्रेमले भावविवहल बनाउँदा र महिलामाथि दुर्व्यवहार गर्दा मानिसको जीवनमा पर्ने नकारात्मक असरको सजीव चित्रण यी सन्दर्भहरूले संकेत गर्दछ।

*कर्सापको गल्ती* कथामा स्थानगत सन्दर्भलाई दृष्टिगत गर्दा सहरिया परिवेशको रूपमा

काठमाडौँ, काठमाडौँभित्रका सिफल, बालाजु कर्सापको दरबार, काठमाडौँको स्कुल, सडक, मकवानपुर, मकवानपुरको अस्पताल स्थानगत सन्दर्भका रूपमा समावेश गरिएका छन् । कर्सापको दरबारले दरबारिया षड्यन्त्र, दरबारभित्रको बाह्य नारीहरूको नरकीय जीवन, यौनहिंसा, शोषणदमनलाई सङकेत गरेको छ। यस कथामा राणाकालीन समयको संकेत पाइएको छ । असफल प्रेमप्रसङ्गले वर्गीय विभेद तथा हैसियतलाई प्रष्ट्याएको छ । स्कुल, सडकलगायतका स्थानले सहरमा शिक्षा, बाटोघाटो, यातायातमा  विकास भएको कुराको सङकेत गर्दछ। शिवेको वरिपरिको समाजले शिवलाई करुणाको दृष्टिले हेरेको छ र उसकी श्रीमती दिलमायाले शिवेलाई छोडेर गएको भन्दै गाली गरेको प्रसङ्गले समस्यामा परेको दुखी, व्यक्तिलाई समाजले करुणाको दृष्टिमा हेर्ने र महिलाले हिंसा नसहेर जाँदा नराम्रो मान्ने, प्रेम गरेकी प्रेमिकालाई गाली गरेको सन्दर्भले बाह्य रूपमा मानिसको सहि गलतको निर्णय गर्ने र भित्री यथार्थ नबुझ्ने नेपाली समाजको वैचारिक प्रस्तुति प्रस्ट्याइएको छ।

प्रस्तुत कथालाई समयगत आधारमा दृष्टिगत गर्दा राणाकालीन दरबारिया परिवेशको संकेत पाइन्छ।  जर्साप, भित्रिनीलगायतका शब्दले र कथा भित्रका विषयवस्तुले यस कथाको समयगत परिवेश राणा शासन, राणाकालीन दरबारिया विलासिता, महिला हिंसा पद प्राप्तिका लागि गरिने षडयन्त्रको प्रस्तुती यहाँ पाइन्छ। रानीसापका भाइ जूनियर भएपनि जर्साब भएका छन् । कर्सापको शक्ति क्षीण भएको छ । आफ्नो श्रीमान नभएको बेला रानीसापको कामदारप्रतिको रुखो अमानवीय व्यवहारले दरबारिया रानीहरूको परपीडक स्वभावलाई संकेत गरेको छ। यस कथामा राणाकालीन समयमा कैयौं नेपाली सुन्दर महिलाहरूले जर्साब, कर्साप, राणाहरूको मनोरञ्जनको साधन बन्नुपर्ने, सन्तान जन्मिएपछि ती हेलाका पात्र हुने, कुनै हकअधिकार नदिने, समाजले रखौटे र बेश्याका रूपमा लिने तीतो  यथार्थलाई प्रष्ट्याएको छ। दरबारिया परिवेशमा धनसम्पत्तिलाई सबथोक ठान्ने, छोरीचेलीको भावना, अनुभूति, मायाप्रेम र सुखी जिन्दगीको कदर नगरी मानप्रतिष्ठा, धनसम्पत्ति, हैसियत हेरी अनमेल विवाह गर्ने, अस्वभाविक सन्दर्भको संकेत यस कथामा पाइन्छ। समय र परिस्थितिले दिइएको घाउ पुर्न मानिसले मदिराको साहारा लिने चलन राणाकालदेखि नै चल्दै आएको देखिन्छ । लेखकले राणाकालीन मनपरी राज्य र त्यस बेलाको जीवनशैलीका सन्दर्भहरू यस कथामा उठाएको देखिन्छ।

'कर्सापको गल्ती' कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ। यस कथाको प्रमुख पात्र शिवे हो । ऊ कर्सापकी भित्रिनी श्रीमतीको सन्तान भएको कारण बाल्यकाल

पिँजडारूपी दरबारमा दुःखपूर्ण, पीडादायी, डर, रानीको क्रुर व्यवहार, यातना सहेर बित्यो । दरबारबाट निकालिएपछि बाह्य समाजमा आमाको चरित्रलाई लिएर साथीहरूले उसलाई हेपेको देखिन्छ । दरबारियाहरूले विलासीपूर्ण जीवन बिताउँदा जन्मेका सन्तानले आफ्नो पहिचान हकअधिकार नपाउने, समाजमा हेला र तिरस्कारको पात्र हुने शिवले आफूजस्तै कैयौं भित्रिनी आमाबाट जन्मिएका सन्तानहरूको प्रतिनिधित्व गरेको छ । गरिबीका कारण आर्थिक हैसियत नमिल्दा प्रेममा असफल हुने र मानसिक तनाव र परिस्थितिको सामना गर्ने क्षमता नहुँदा दुव्यसनीको बाटो रोज्ने युवाहरूको प्रतिनिधि पात्र शिवे हो । कर्सापले दरबारिया शासकहरू यौनचाहना पूरागर्न, मनोरञ्जन गर्न, दरबारिया कामदार सुन्दर महिलालाई प्रयोग गर्ने, सन्तान जन्माउने तर हकअधिकार नदिने, दरबारबाट निकाल्ने शोषण यौन पिपाशुहरूको प्रतिनिधित्व गर्ने पात्रका रूपमा देखिएका छन् । रानीसापले कर्सापको अगाडि केही गर्न नसक्ने तर पिठपछाडि बालबच्चासँग अमानवीय, निर्दयी व्यवहार गर्ने, महिला भएर महिलाको पीडाबोध गर्न नसक्ने असत् पात्रका रूपमा देखिएकी छन् । सहायक पात्रको रूपमा जया र शिवेकी आमा महिला हिंसाको शिकार बनेकी महिलाको रूपमा देखिएकी छन् । शिवेकी आमा कर्सापकी भित्रिने हुन बाध्य, चरित्रहीनको संज्ञा पाएकी निर्दोष पात्र हो भने जया प्रेमीसँगको प्रेम छुटाएर धनी रोगी बुढासँग बिहे गरेर पठाउँदा रोगी, शिथिल भई मृत्युको मुख कुरेर बसेकी लाचार पात्र हो । शिवे, शिवकी आमा, जया, कर्साप, रानीसाप, राँके, दिलमाया, छिमेकी शिवेका साथीहरू, जयाको बुढो श्रीमान, सिपाही, दुर्गादासलगायतका पात्रहरूको प्रत्यक्ष अप्रत्यक्ष सहभागिता यस कथामा रहेको छ । कर्साप, राँके, जर्साब, रानीसाप जस्ता प्रतिकूल पात्रका कारण समाजमा मानिसहरूले दुखपीडा, विसंगतपूर्ण जीवन जिउन बाध्य हुनुपरेको सन्दर्भ समावेश भएको छ भने शिवे, शिवेकी आमा, जया, दिलमायाजस्ता सत् पात्रले असत् मानवीय व्यवहार, छलकपटका कारण समाजमा लान्छना अपमान दुखपीडा सहेर बाँच्नु परेको यथार्थ सन्दर्भलाई संकेत गरिएको छ । शिवेको मदिरा सेवनले दुखपीडा, परिस्थितिको सामना गर्न नसक्दा कुबाटो रोज्ने युवावर्गको यथार्थपरक सन्दर्भलाई संकेत गरेको छ । समग्रमा यस कथामा प्रयोग भएका सहभागीहरूको भूमिकाले राणाकालीन शोषणकारी, दमनकारी शोषित पीडित सन्दर्भको पुष्टि गरेको छ ।

'कर्सापको गल्ती' कथामा निहित परिस्थितिगत सन्दर्भलाई दृष्टिगत गर्दा राणाकालमा दरबारिया पात्रहरूले भोल्नु परेको पीडा, यौनहिंसाको शिकार बन्नुपर्ने नारीको विवशता, समाजको तिरस्कार सहन बाध्य हुनुपर्ने शिवे र उसकी आमाजस्तै हजारौं व्यक्तिका पीडालाई यस कथामा सङ्केत गरिएको छ । राणाकालीन मनपरि व्यवहारका कारण शिवेकी आमा

कर्सापकी भित्रिनी बन्नु, शिवे जन्मिनु, रानीसापको शोषण, दमनदमन, यातना सहनु, अधिकार नपाउनु, दरवारबाट निकालिनु, समाजको अपमान सहनु, शिवेको वर्गीय हैसियत नमिल्दा जयाले अनमेल विवाह गर्न बाध्य हुनु, शिवे दुर्व्यसनीको शिकार बन्नु, दिलमाया बाध्य भएर सिपाहीसँग विवाह गरेर जानुलगायतका समय, व्यवहार, व्यवस्था र  स्थितिले खडा गरेका परिस्थितिहरूको प्रस्तुति यस कथामा प्रस्तुत गरिएका छन् । राजनैतिक षड्यन्त्र, सत्ता तथा पदको लागि गरिने कूटनीतिक शासन, पदच्युत पछिको शक्तिहीन जीवन, निरसता, वियोगान्त प्रेम सम्बन्ध, वर्गीय विभेद, सामाजिक माया करुणालगायतको परिस्थितिजन्य सन्दर्भको संकेत यस कथामा गरिएको पाइन्छ । लिखित संविधानको अभाव, आचारसंहिता, नीतिनियम, ठूलाबडा, राजा रजौटाले अनुसरण नगर्नु, शोषणदमन निरङ्कुश प्रवृत्तिका कारण कैयौँ नारीहरूले नरकीय जीवन बिताउन बाध्य हुनु परेको व्यथाका साथै धनदौलत तथा वर्गीय उचनिचको कारण चोखो आत्मिक प्रेमलाई बिछोड्याउने र व्यक्तिगत जीवन विसङगत तर्फ धकेल्ने समाजको नेपाली समाजको कुशासन र कुसंस्कारलाई यस कथाको विषय बनाई राजनैतिक, शक्ति, आर्थिक र सामाजिकलगायतका सन्दर्भहरूको सङ्केत यस कथामा उद्घघाटन गरिएको छ ।

### २.५.२ 'विसर्जन' कथामा परिस्थितिगत सन्दर्भ

प्रस्तुत 'विसर्जन' कथामा कथाका सहभागी पात्रहरू, पात्रहरूले दर्शाएको सहभागिताको समय, स्थान, परिवेश तथा उनीहरूका हाउभाउ, भौगोलिक अवस्था आदिका आधारमा परिस्थितिगत सन्दर्भलाई विश्लेषण गरिएको छ ।

'विसर्जन' कथा सामाजिक तथा प्राकृतिक समस्याको विषयवस्तुलाई समेटेर तयार पारिएको कथा हो । यस कथामा मुद्दामामिला, फैसालागत ढिलासुस्ती, बाढीपहिरोको समस्या, बिर्ता प्रथालगायतका विषयलाई प्रस्तुत गरिएको छ । यस कथामा डोटी घर भएका प्रमुख पात्र जोशी बाजे आफूले किनेको एक कित्ता जग्गामा दामु अधिकारीले झगडा उठाएकोले त्यही मुद्दाको सिलसिलामा काठमाडौं आएको १५ वर्ष भइसकेको र ६ पटकसम्म त्यो मुद्दा उल्टायार फेरि त्यसैको सकारात्मक फैसलाको सुनुवाईमा बसेका देखिन्छन् । मुद्दा हार्नु भनेको बेइज्त हुनु हो भन्ने मानिसको मानसिकतालाई जोशी बाजेले पुष्टि गरेका छन् । मुद्दा खेल्दा खेल्दा कैयौं व्यक्तिहरूले पुर्ख्यौली सम्पत्ति सक्ने तर पनि मुद्दाको न्यायपूर्ण फैसला नहुने नेपाली न्यायिक क्षेत्रको कमजोरीलाई यस कथामा देखाइएको छ । हैकमवादी प्रवृति,  बिर्तासम्बन्धी विषय, जनतालाई सास्ती दिएर डर धम्कीपूर्ण व्यवहारबाट बाली उठाउने प्रवृत्ति, न्यायका लागि गरिने चाकडी, घुसलगायतका राजनैतिक, प्रशासनिक, न्यायिक, सामाजिक, मानवीय कमीकमजोरी,

विकृति विसङ्गतिको विषयलाई यस कथामा सशक्त रूपमा प्रस्तुत गरिएको छ । बाध्यता विवशताका कारण निमुखा गरिबहरूको सकसपूर्ण काठमाडौँ बसाइँ, इमान्दार भइ सहयोग गरेबापत् गर्ने घरबेटीहरूको माया यस कथामा देखाइएको छ । ६ पटकसम्म मुद्दा उल्टाएर इज्जत जोगिएको, मुद्दा आफ्नो पक्षमा फैसला भएको खुशी बाँड्न घर गएका जोशी बाजे घर नपुग्दै पानी परेको, हेर्दाहेर्दै आफ्नो घरखेत पहिरोले पुरेको र आफूले पनि चिप्लिएर देह लिला समाप्त गरेको कारुणीक दृश्य यस कथामा प्रस्तुत गरिएको छ । पहाडी बस्तीको भिरालो र चिप्लो बाटो, गरिबी, पहिरोका कारण ज्यान गुमाउनु पर्ने कैयौं ग्रामीण जनताहरूको पीडा बोकेको यस कथामा संघर्षशील जीवन प्रस्तुत गरिएको छ ।

नेपाली समाजमा चम्पा र गङ्गा जस्ता हजारौँ बिधुवा नारीहरूले इज्जत जोगाउने, धर्म-संस्कृतिको विपरीत नजाने, दोस्रो विवाह नगर्ने र निरस एक्लो जीवन बिताउने गरेको सामाजिक रूढिवादी सन्दर्भलाई यस कथामा प्रस्तुत गरिएको छ। मानिसहरू व्यवहारिक हुनुपर्छ, व्यवहारिक मानिसले मनको पीडाहरूमा मलम लगाउन सक्छन् भन्ने कुरा जोशी बाजेको घरबेटीका नातिनातिनासँगको सम्बन्धबाट पुष्टि गरेको छ। त्यसैगरी समाजमा निर्धा मानिसलाई हेप्ने, सम्पत्तिमा दाबी गर्ने, दुख दिने, मानवीय अहङ्कारी, स्वार्थी प्रवृत्ति पनि यस कथामा सामाजिक सन्दर्भ बनेर आएका छन् । भाषिक विविधता र बोधगम्यताको समस्याका कारण आउने समस्याहरूलाई संकेत गरिएको यस कथामा नेपालको जातीय तथा भाषिक विविधताको सन्दर्भलाई संकेत गरिएको देखिन्छ ।

'विसर्जन' कथामा स्थानगत सन्दर्भलाई दृष्टिगत गर्दा डोटी जिल्लाको विकट ग्रामीण पहाडी समाज, भारतीय सीमाना झुलाघाट, काठमाडौँ, काठमाडौंमा नुवाकोटे घरबेटीको घर, विद्यालय, बाटोघाटो, व्यापारीका पसल, नुवाकोट आदि यस कथामा समेटिएका स्थानगत परिवेश हुन् । पहाडी ग्रामीण समाज, मेलापात, खेतबारी, चुलोचौको, तुलसाको मठ, पूजापाठ, धर्मकर्म, भू-बनोटका कारण वर्षामा पानी पर्दा पहिरो जाने, अकालमै मानिसले ज्यान गुमाउनुपर्ने जोखिम, जग्गाजमिन जायजेथा गुमाउनुपर्ने बाध्यतालगायतका सन्दर्भहरूलाई यस कथामा देखाइएको छ । अशिक्षित ग्रामीण समाजमा मुद्दा जित्दा गरिने फूलमाला, इज्जत गाइने गुनगानले मानवीय सङ्कीर्ण सोचलाई संकेत गरेको छ। नुवाकोटको ग्रामीण परिवेशले समेत मानमर्यादा, इज्जत, धर्मका नाममा मानिने संस्कृति र विकृति दुवै पक्षलाई आत्मसात् गरेको देखिन्छ। पहाडी ग्रामीण प्राकृतिक परिवेशका रूपमा खोलानाला वनजङ्गल, हरियाली प्राकृतिक तथा वातावरणीय सुन्दरताका सन्दर्भहरूको संकेत पाइन्छ ।

काठमाडौंको सहरिया सन्दर्भहरूले शहरी विकास, बाटोघाटो, विद्यालय, अस्पताल, सुखसुविधा, व्यापार व्यवसाय, धनमुखी सोच, लोभीलालची प्रवृत्तिलाई संकेत गरेको छ। जोशी बाजेको घरबेटी सर्वसम्पन्न भए पनि नुवाकोटको बिर्ता बाली उठाउन जोशी बाजेलाई पठाएका छन् । शहरिया परिवेशका युवायुवतीका मनोरञ्जनका साधन पश्चिमी गाना फिल्म, मायाप्रेम, अन्तर्जातीय विवाहलगायतका प्रसङ्गले सहरी क्षेत्रमा बढ्दै गरेको पश्चिमीकरणको सन्दर्भलाई संकेत गरेको छ। सहरिया नारीहरू आफ्ना आवश्यकता इच्छा, चाहना पुरा गर्न नहिच्किचाउने कुराको पुष्टि अदृश्य अधबैंसे तर आकर्षक महिलाले जोशी बाजेलाई भरे आउनु होला है भनेको कथनले पुष्टि गर्छ । सहर भौतिक विकासका साथै मानवीय सङ्कीर्ण सोचमा पनि विस्तार भएको, खुसी खोज्ने प्रवृति, सहरिया महङ्गी, गरिबले बाँच्न सकस हुने ठाउँ, बाध्यता विवशताले बस्दा हेला भइने प्रसङ्गले सहरिया सकारात्मक र नकारात्मक प्रवृत्तिलाई सङ्केत गरेको छ।

प्रस्तुत 'विसर्जन' कथामा असंलग्न समाख्याताको प्रयोग गरिएको छ । यस कथालाई समयगत सन्दर्भका आधारमा हेर्दा प्रजातान्त्रिक परिवेशको संकेत गरिएको देखिन्छ। नुवाकोटको बिर्ताको बाली उठाउने काठमाडौंको घरबेटीको तर्फबाट जोशी बाजे जाने, घरबेटीले समय परिस्थिति ठीक नभएको परिवर्तन आएकोले सहजरूपमा बाली उठाउन गाह्रो भएको संकेत गर्नु तर बिर्ता खारेज भएपनि भुमिसुधार ऐन २०२१ आउनुभन्दा अगाडिको समय सन्दर्भको सङ्केत यस कथामा पाइन्छ । कानुनी ढिलासुस्ती, मुद्दामामिलामा घुसखोरी प्रवृतिलगायतका विषयले प्रजातन्त्रको प्राप्ति पछि पनि न्यायिक तथा प्रशासनिक क्षेत्रमा सुधार नआएको सन्दर्भ सङ्केत गरेको छ । पढाइलेखाइ विद्यालय, व्यापार व्यवसायका आधारमा मानिसले स्वतन्त्रता पाएको स्थिति देखिन्छ । लामो समयगत परिवेशलाई समेटिएको यस कथामा वर्षात्को समयमा भू-धरातलीय विकटता र विविधता भएको हाम्रो देशका उच्च पहाडी भूभागमा पहिरोको डर हुनुका साथै अकालमै कैयौं व्यक्तिहरूले मृत्युवरण गर्नुपर्ने, प्राकृतिक सास्ती खेप्नुपर्ने सन्दर्भ समेटिएको छ। यस कथामा छवटै ऋतुको र तिनका विशेषताको समेत चर्चा गरिएको पाइन्छ। पूजापाठ, धर्मसंस्कृति, विधवा विवाहमा बन्देज, पश्चिमी संस्कृतिको प्रभाव, अन्तर्जातीय विवाहलगायतका सन्दर्भले संस्कृतिका नाममा हुने गरेका केही स्वतन्त्रता, इच्छा, चाहना परिपूर्ति पहलमा गरिएका स्वतन्त्रता र केही विकृतिको सन्दर्भ पनि यहाँ प्रस्तुत गरिएको देखिन्छ। साथै हैकमवादी शासनको अन्त्य भइसकेको भएपनि अशिक्षित गरिब जनतालाई धम्काइ, थर्काइ बाली उठाउने जस्ता शोषणकारी प्रवृतिको अन्त्यमा हुन नसकेको यथार्थ पक्षको सङ्केत यहाँ समयगत सन्दर्भका रूपमा देखिएका छन् ।

'विसर्जन' कथामा देखिएका सहभागीहरूलाई दृष्टिकोण गर्दा जोशी बाजे प्रमुख पात्रको रूपमा रहेका छन् । उनी इमान्दार, सहयोगी, मूल्यमान्यताको अनुसरण गर्ने, बृद्ध अवस्थाका पात्रका रूपमा देखिएका छन् । डोटी जिल्लाको ग्रामीण भेगमा बसोबास गर्ने जोशी बाजे विधुर, निम्न आर्थिक अवस्था भएका चतुर पात्र हुन् । दामु अधिकारीले जग्गामा दाबी गरेको मुद्दालाई लिएर काठमाडौँ गएका उनी प्रशासनिक ढिलासुस्तीका कारण काम नभएको, हारे इज्जत जाने भएकोले ६ पटकसम्म मुद्दा उठाएर चाकडी गरेर मुद्दा जित्न सफल भएका छन् । डोटेली मातृभाषी जोशी बाजेलाई सामान्य भाषिक समस्या देखिएको छ । जेनतेन गरेर १५ वर्ष काठमाडौँमा बिताएका उनी घरबेटीको बाली उठाउन नुवाकोट जाने, बालबच्चा रेखदेखलगायतका कामका कारण प्यारो भएको देखिन्छन् । मुद्दा जितेर गाउँ जाँदा मानसम्मान पाएका उनको खुशी भएर बुहारी नातिनातिनाको मुख हेर्ने खुशी बाँड्ने सपना पूरा गर्न नपाउँदै घरनजिकैको चिप्लो आलीबाट लडेर मुत्यु भएको छ । दामु अधिकारी यस कथामा खलपात्रको रूपमा देखिएका छन् । स्थिर स्वभावका जोशी बाजे अनुकूल पात्र हुन् । गरिब, सत्य, मुद्दा लड्दालड्दै पुर्ख्यौली सम्पत्ति सक्ने व्यक्तिहरूको प्रतिनिधित्व उनले गरेका छन् । जोशी बाजेमा भूमिका र सहभागिताका आधारमा मानवको हार्न नचाहने प्रवृतिको संकेत पाइन्छ । चोखो मनले सहयोग गरे माया पाइन्छ भन्ने यथार्थ पनि उनको भूमिकाको आधारमा स्पष्ट हुन्छ । मुद्दा जित्न मान्छे साम, दाम, दण्ड भेद सबै प्रयोग गर्छन् भन्ने मानवीय स्वभावको उनले पुष्टि गरेका छन् । समाजमा दामु अधिकारीजस्ता लोभी, लालची, अन्यायी व्यक्तिहरूको कारणमा समस्या उत्पन्न हुने यथार्थता प्रष्टिन्छ । चम्पा र गंगा सहायक, विधवा नारी पात्रका रूपमा देखिएकी छन् । जोशी बाजेसँग ठट्टा गर्ने उनीहरू बिधवा विवाह गर्न हुँदैन भन्ने सामाजिक कुसंस्कारको शिकार बनेकी छन् । एक्लो, निरसपूर्ण जीवन बिताउने महिलाहरूको बाध्यता, संस्कृतिको नामको विकृति उनीहरूको सहभागिताले संकेत गरेको छ । जोशी बाजेले बिर्ताको बाली डरधम्की देखाएर उठाउने क्रियाले सामन्तवादीसँगै शासकहरूको शोषण तथा दमनकारी प्रवृत्तिगत सन्दर्भलाई संकेत गरेको छ ।

'विसर्जन' कथामा निहित परिस्थितिजन्य सन्दर्भलाई दृष्टिगत गर्दा दमनकारी अहङ्कारी स्वार्थी प्रवृत्तिका कारण दामु अधिकारीले जग्गा हडपेको, जोशी बाजेले न्यायका लागि मुद्दाको समस्या भोल्नुपरेको, सामाजिक इज्जत र इमानको लागि हरप्रयास गरेर मुद्दा  जित्ने होडमा लागेको, गरिबीले गर्दा बाँच्नका लागि घरबेटीको काम गरी आवश्यकता पूरा गर्नुपरेको, पारदर्शी, न्यायको लागि न्यायिक कर्मचारीहरूको चाकडी गर्नुपरेको, घुस दिनुपरेको, आदेश पालना गरी

आफूलाई जिम्मा दिएको काम पूरा गर्न नुवाकोटे बासीलाई धम्काइ, थर्काइ बाली उठाइ रुखो, सामन्ती बन्नुपरेको, मुद्दा जितेर घर जाँदा बाटोमा काठमाडौंमा पाएका दुखलाई बिर्सदै फुर्ती लाउन बाध्य भएको, रोग, भोक, गरिबी र अभावमा पिल्सिएको जोशी बाजेको परिवार, जग्गाजमिन पहिरोमा पुरिएको र विकटता र प्राकृतिक झरीका कारण बाटोघाटोको अभाव हुँदा चिप्लिएर देह त्याग गरेको बाध्यता, विवशता तथा परिस्थितिहरू यस कथामा आएका छन् ।

प्राकृतिक प्रकोपले दीनदुखी, गरिब बस्तीहरूको बिचल्ली पारेको, प्रशासनिक ढिलासुस्ती र अहमताका कारण मुद्दा लम्बिएको, जमिन्दारले बाली उठाउँदा गरिबहरूले सास्ती खेप्नु परेको, भिरपाखा विकट बस्तीका व्यक्तिले अकालमै ज्यान गुमाउनु परेको, पहाडी बस्तीमा बाटोघाटो विस्तार नभएको, सामाजिक तथा आर्थिक सन्दर्भ यस कथामा समेटिएका छन् । डोटेली मातृभाषी शब्दहरूले भाषिक सन्दर्भलाई संकेत गरेको छ। जोशी बाजेको गरिब परिवार, दयनीय काठमाडौँको बसाईंले निम्नवर्गीय नेपालीको आर्थिक सन्दर्भलाई संकेत गर्छ भने पूजापाठ, बिहानको नुहाइधुवाइ, पशुपतिको दर्शनलगायतका सन्दर्भले साँस्कृतिक तथा धार्मिक परिस्थितिलाई सङ्केत गर्दछ। तसर्थ उपरोक्त कथा परिस्थितिगत सन्दर्भको आधारमा उत्कृष्ठ रहेको छ ।

## २.६ रात्रिभोज कथासङ्ग्रहका कथामा परिस्थितिगत सन्दर्भ

'रात्रिभोज' कथा यस कथासङ्ग्रहकै शीर्ष कथा हो । रातमा आयोजित भोजको रूपमा कथाको शीर्षक चयन गरिएको छ । प्रस्तुत कथा सामाजिक मनोवैज्ञानिक विषयवस्तुलाई केन्द्रविन्दु बनाई रचिएको छ। 'रात्रिभोज' कथामा उच्च वर्ग र निम्न वर्गको प्रतिनिधित्व क्रमशः जर्साप र तैमुरबाट भएको छ। यस कथामा राजनीतिक व्यङ्ग्य, शासक वर्गको स्वार्थ र शोषित वर्गको अहम्लाई चित्रण गरेको छ । कथाका घटनाक्रम काठमाडौँ उपत्यका देखि पश्चिम कर्णालीसम्म, उपत्यका पहाड र तराई आदिको प्राकृतिक तथा भौतिक पर्यावरणको पृष्ठभूमिमा आधारित छन्। यस कथाको केन्द्रीय परिवेश तत्कालीन राणाशासकीय काठमाडौँको शहरी क्षेत्र तथा सहायक रूपमा कर्णाली क्षेत्रको भौगोलिक वातावरण आएको छ । यो कथा राजनीतिक सन्दर्भमा आधारित रहेको छ । यस कथासङ्ग्रहको अर्को कथा 'दुविधा' हो । यस कथामा राणाशासनको अन्त्यको तत्कालिक सहरी परिवेशको चित्रण पाइन्छ। प्रजातन्त्रको उदय भएपछि देश र जनताका सेवाका निम्ति सञ्चालित न्यायलय, प्रशासन, वाणिज्य आदि क्षेत्रमा हुने गरेका घुसपेठको घृणित परिवेशलाई चित्रण गरिएको छ । विशेषत प्रस्तुत कथामा सामाजिक, राजनैतिक, आर्थिक, प्रशासनिक सन्दर्भको सङ्केत प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथासङ्ग्रहमा सङ्गृहीत तेस्रो कथाका रूपमा 'कुतुबुद्दिन' कथा रहेको छ । यो कथा चरित्र प्रधान कथा हो । यस कथामा स्थानगत परिवेशका रूपमा तराईको भूमि र त्यस आसपासको भौगोलिक स्थानहरू बरैया, पीपल सराइ, पीतबन्दी वीरगञ्जको सङ्केत पाइन्छ । यस कथामा निम्नवर्गीय जीवनशैली भएका व्यक्तिहरूले परिवार पाल्नको लागि गर्नुपर्ने संघर्ष, बाध्यात्मक तत्कालिक परिस्थिति आर्थिक सन्दर्भका रूपमा आएका छन् । स्थानगत परिवेशले तराईको सामन्ती मनोदशालाईसमेत स्पष्ट पार्छ । यस कथासङ्ग्रहमा सङ्गृहीत चौथो कथा 'दीर्घसूत्री' हो । यस कथामा कानुनी मर्यादा पालना गर्ने नैतिकतालाई अनुसरण गर्ने रामलाललाई प्रमुख पात्रका रूपमा देखाइएको छ । यस कथामा कतिपय व्यक्तिहरूको समाजमा राम्रो बन्न गाउँसमाजमा हुने नराम्रा र अमानवीय घटनाहरूको समेत विरोध नगर्ने, समाजका अन्याय अत्याचार आँखा बन्द गरेर सहने स्वभावलाई देखाइएको छ । यस कथामा परिवेशगत सन्दर्भका रूपमा नेपाली समाजको काठमाडौँ सहर आएको छ । सहरी परिवेशमा हुने शोषण, दमन अन्याय-अत्याचार, हत्याराको बिगबिगी, यौनशोषण, अमानवीयताका आदिले काठमाडौंको विकृतिमूलक सहरी परिवेशलाई निर्देश गरेको छ । विशेषतः प्रस्तुत कथामा सामाजिक तथा परिवेशगत सन्दर्भको सङ्केत प्रस्तुत गरिएको छ । यस कथासङ्ग्रहमा सङ्गृहीत पाँचौं कथाका रूपमा 'एकदिन' कथा रहेको छ । प्रस्तुत कथामा काठमाडौँ, जावलाखेल, नयाँ सडक, ठमेल, हनुमानढोका, क्षेत्रपाटी, थापाथली, बालाजु आदि स्थानगत सन्दर्भका रूपमा आएका छन् । २०४८ सालको आसपासको समयमा रचिएको यस कथामा नेपालीहरूको दुःख तथा समसामयिक परिस्थितिगत सन्दर्भ देखिन्छ र विशेषत प्रस्तुत कथामा सामाजिक तथा स्थानगत परिवेशगत सन्दर्भको सङ्केत प्रस्तुत गरिएको छ । यस कथासङ्ग्रहमा सङ्गृहीत सातौं कथा 'संस्कार' हो । यस कथाको देशकाल परिस्थिति राष्ट्रिय देखि अन्तर्राष्ट्रिय परिवेशसम्म विस्तारित छ । सुदूरपश्चिम क्षेत्रको नेपाली भूभाग कथाको कार्यपीठिका रहेपनि प्रमुख पात्र अकबरको जीवन भोगाइका विविध समय सन्दर्भको चित्रणका क्रममा नामाङ्कन नगरेको परदेशको परिवेश कथामा समेटिएको छ । नेपालका पहाडी ग्रामीण क्षेत्रमा बसोबास गर्ने नेपालीहरूको जीवनशैली, परम्परागत संस्कार, देवीदेवता र धामीझाँक्रीप्रतिको अन्धविश्वासमा आधारित अशिक्षित नेपाली समाजको सामाजिक पृष्ठभूमि नै यस कथाको देशकाल परिस्थिति बनेर आएको छ । यस कथाको समय संकेतको रूपमा २०४८ सालको लेखन अवधि र त्यसका पूर्वको समयलाई लिन सकिन्छ । शिक्षादीक्षाको चेतना, स्वास्थ्य, सञ्चार, यातायात आदिको कमी रहेको पहाडी दुर्गम क्षेत्रको परिवेश तथा सम्बद्ध वातावरण कथामा देश काल परिस्थितिका रूपमा

रहेको छ। प्रस्तुत कथा सामाजिक, धार्मिक, राजनैतिक, आर्थिक, स्थानगत, परिवेशगत सन्दर्भका दृष्टिले उत्कृष्ठ छ।

प्रस्तुत कथासङ्ग्रहमा सङ्गृहीत आठौँ कथा 'आँखा' हो। नेपालको तराई क्षेत्रको संकेत गरिएको यस कथामा भारतका मुजफ्फरनगर, दिल्ली, देहरादून आदि स्थानको चित्रण पाइन्छ। समय सन्दर्भका दृष्टिले नेपालको बहुदलीय व्यवस्था आगमनको पूर्वार्ध कालको छनक पाइन्छ। अपरिपक्वा यात्रा तथा राजनीति र व्यापारिक क्षेत्रमा देखिने छलकपट, धूर्तता, आत्मगौरावन्वित प्रतिष्ठामा बाँचेका स्वदेशी तथा विदेशी सांस्कृतिक कालखण्डलाई कथाले आफ्नो परिवेश बनाएको छ। विशेषत प्रस्तुत कथामा सामाजिक, राजनैतिक, आर्थिक, परिवेशगत सन्दर्भको सङ्केत प्रस्तुत गरिएको छ। यस कथासङ्ग्रहमा सङ्गृहीत नवौँ कथा 'मानिसको महत्त्व' हो। यस कथामा नेपालको पहाडी भूभागअन्तर्गत विपन्न वर्गीय सामाजिक पृष्ठभूमीबाट देश, काल, परिस्थितिको रूपमा देखिएका छन्। नेपालीमूलका पात्र चयन, न्यून आर्थिक पारिवारिक समाजमा घटेको घटना, हिउँदमा दाउरा काट्ने सन्दर्भ कथामा आएका छन्। वि.सं.२००४ साल पूर्वको नेपाली समाजमा घटेका घटनाको प्रतिछाया प्रतिबिम्बित यस कथामा पञ्चायती शासनकालको समयलाई देखिएको छ। देशकाल, परिस्थितिजन्य घटनाका आधारमा कथा जीवन्त र मर्मस्पर्शीसमेत बनेको छ। प्रस्तुत कथामा सामाजिक तथा राजनैतिक, आर्थिक, परिवेशगत सन्दर्भको सङ्केत प्रस्तुत गरिएको छ। यस कथासङग्रहभित्र समेटिएको दशौँ कथा 'आमाको मन' हो। यो कथा छोराप्रति आमाले देखाएको वात्सल्यमयी प्रेम र स्नेहले भरिएको गहन भावमा आधारित कथाका रूपमा रहेको छ। कथाको रचनागत पृष्ठभूमि नेपाली मातृभूमि नै रहेको छ। पहाडी भूभाग देखि तराईसम्मका पृष्ठभूमिमा सबै घटना घटेका हुनाले परिवेश अर्थात् देश काल परिस्थिति नेपालको भौगोलिक धरातल रहेको स्पष्ट हुन्छ। समय सन्दर्भ एकिन नभएको यस कथाको लेखकीय समयलाई संकेत गर्दा वि.सं.२०४८ साल पूर्वको अनुमान गर्न सकिन्छ। स्थानको दृष्टिकोणले हेर्दा जनकपुर, काठमाडौँ, मुग्लिन, सप्तरी आदिको परिवेश आएको छ। आमा माथिको छलकपट सन्तानको लागि विषसरह हुन्छ भन्ने सन्देश प्रदान यो कथा उत्कृष्ट रहेको यस कथामा सामाजिक तथा परिवेशगत सन्दर्भको सङ्केत प्रस्तुत गरिएको छ।

प्रस्तुत कथासङ्ग्रहमा समावेश गरिएको एघारौँ कथा 'दोस्रोपटक' रहेको छ। 'दोस्रोपटक' कथाको कथावस्तु मानवीय ज्ञान, चेतना र बोधको भाव प्रवाहित सन्देशबाट रचिएको छ। कथामा पूर्वी नेपालदेखि भारतसम्मको प्राकृतिक र भौगोलिक क्षेत्रलाई परिवेशका रूपमा चयन गरिएको छ। नेपालको पूर्वी तराई र त्यस आसपासका क्षेत्र वीरगञ्ज भन्सार क्षेत्र,

काठमाडौंलगायत मुग्लानको  सुहानगढ आदि स्थान यस कथामा आएका छन् । समय निर्धारणका दृष्टिले स्पष्ट नदेखिए पनि पञ्चायती र बहुदलीय शासन व्यवस्थाको समय सन्दर्भ सङ्केत यस कथामा गर्न सकिन्छ। अज्ञान र स्वार्थले मानिसको जीवनसमेत गुम्ने, जीवन दुखद हुने तथा कसैलाई शान्ति नदिने सन्देश प्रस्तुत कथामा रहेको छ। यस कथासङ्ग्रहमा रहेको बाह्रौँ कथा 'उन्माद' हो । नसाको आवेगबाट उत्पन्न मात वा उत्तेजनाको भावलाई समेटेर प्रस्तुत कथाको रचना भएको छ । परिस्थिति, घटना र सन्दर्भपरक पात्रहरू कथामा विन्यस्त छन् । कथाको घटना, स्थलगत पृष्ठभूमि नेपालभित्रकै देशकाल परिस्थितिमा आधारित छ। नेपालको पूर्वी पहाडी, उच्च हिमाली दुर्गम र विकट क्षेत्रलाई कथाले घटनाको वीजस्थल बनाएको छ। समय सन्दर्भका कोणले हेर्दा २०५१ सालपूर्वको नेपालको बहुदलीय र पञ्चायती शासन कालको अवधिलाई समयसीमाको रूपमा देखाइएको छ। हाम्रो देशका नेता, कर्मचारीतन्त्रको चरित्र र व्यवहारमा सम्बद्ध समय र परिस्थितिलाई यस कथाको देशकाल परिस्थितिको रूपमा सांकेतिक रूपमा उपयोग गरिएको छ । यस कथासङ्ग्रहमा सङ्गृहीत १३ औं कथा 'श्राद्ध' हो । मरेका बुबाआमाका नाममा १/१ वर्षमा छोराहरूबाट गरिने संस्कारजन्य परम्परागत कार्यलाई श्राद्ध भनिन्छ, जसले गर्दा मृतात्माहरूको मुक्ति र मोक्ष हुन्छ भन्ने धार्मिक विश्वाससमेत पाइने यिनै पक्षलाई समेटेर यस कथाको सिर्जना भएको छ । प्रस्तुत कथामा नेपालदेखि भारतसम्मको प्राकृतिक सेरोफेरो, वातावरणीय परिवेश अर्थात देशकाल परिस्थिति बनेर आएको छ। घटना विकासको केन्द्रीय स्थान काठमाडौँ र यसअन्तर्गत पर्ने पशुपति क्षेत्र, बत्तिसपुतली र अन्य नाम नखुलाएका स्थानहरू आदि स्वदेशी स्थानगत परिवेश रहेका छन् भने बिदेशी स्थानका रूपमा हरिद्वार, गुरुआश्रम, महाविद्यालय आदि पर्यावरण बनेर आएका छन्। समयसन्दर्भका कोणबाट हेर्दा कथा रचनाकाल २०४९ भनी गरेबाट निर्देश गरेबाट त्यस पूर्वको नेपाली बहुदलीय राजनैतिक परिवेश र पञ्चायती शासनकालको समयलाईसमेत सङ्केत गरिएको छ । यस कथासङ्ग्रहमा समावेश गरिएको चौधौँ कथा 'नैसर्गिक प्रतिशोध काव्यात्मक न्याय' हो। यस कथामा नेपालको विकट र दुर्गम ग्रामीण क्षेत्रलगायत काठमाडौँ शहरको परिवेशगत चित्रण पाइन्छ। प्रस्तुत कथालाई समय सन्दर्भको कोणबाट हेर्दा २०४९ सालमा लेखिएको र त्यस पूर्वको राजनीतिक इतिहासको वर्णन गरिएको छ साथै र स्थानगत सन्दर्भका आधारमा राजनीतिक क्षेत्रसँग सम्बद्ध नेपालभित्रका पश्चिम नेपालदेखि काठमाडौँसम्मको पर्यावरणीय स्थानहरू रहेका छन् ।

*रात्रिभोज* कथासङ्ग्रहमा सङ्गृहीत पन्ध्रौं कथाको शीर्षक 'राहत' रहेको छ। 'राहत' *दैवी*

प्रकोपबाट पीडित नेपालीहरूको कारुणीक र मर्मस्पर्शी भाव समेटिएको कथा हो । नेपालको दक्षिण तराई क्षेत्र र त्यसको आसपासको स्थान प्रस्तुत कथाको परिवेशगत सन्दर्भ रहेको छ। बर्षेनी आउने बाढी र त्यसले पुर्याउने धनजनको क्षतिले ग्रसित आन्तरिक तथा बाह्य परिवेश सन्दर्भ नै यस कथाको स्थानगत परिवेश हो। यस कथालाई समयको दृष्टिले हेर्दा २०५० साल अघिको घटना स्थितिलाई लिएको देखिन्छ। समष्टिमा नेपाली भौगोलिक सेरोफेरोमा केन्द्रित तराईका क्षेत्रहरूको परिवेशलाई प्रस्तुत कथाको देशकाल परिस्थिति मान्न सकिन्छ।

प्रस्तुत कथासङ्ग्रहमा सङ्गृहीत पन्ध्रौँ कथा 'ययाति' हो । यो कथा पिताम्बर पण्डितजीको देहावसान अघिको सपना तरङ्गमा आधारित छ। यस कथामा प्रकृतिको, हरियाली डाँडाकाँडा, वनजङ्गल, च्याँखुरा र अन्य चराचुरुङ्गीको चिरीबिरी संगीत तितरीको टाँठो स्वर, लेक र बेसीको संकेत गरेबाट यस कथाको देशकाल परिस्थिति नेपालभित्रकै पहाडी दृश्य रहेको देखिन्छ। समय सन्दर्भलाई हेर्दा २०५० सालतिर रचना गरिएको लेखकीय तथ्याङ्क अनुरूप त्यसपूर्वको घटना वृतान्तादि चित्रण गरिएको पूर्वार्ध समयलाई लिन सकिन्छ। ग्रीष्मकालीन ऋतु, ब्रह्मलोक आदि लौकिक तथा अलौकिक परिवेश यस कथामा समेटिएको देखिन्छ। *रात्रिभोज* कथासङ्ग्रहमा सङ्गृहीत सोह्रौं कथा 'ऊ पर्खीरही' हो। एउटी श्रीमतीले श्रीमानलाई घर फर्की आउने प्रतिक्षाको भावलाई समेटेर यस कथाको रचना गरिएको देखिन्छ। प्रस्तुत कथाको स्थलगत परिवेशलाई हेर्दा कुनै निश्चित स्थान वा क्षेत्र विशेषको स्पष्ट किटान भएको पाइँदैन। यद्यपि पात्रहरूको नामाकरण देशको राजनीतिक सन्दर्भ, न्याय तथा वकिलको प्रसङ्ग आदिका आधारमा नेपाली भूगोललाई कथाले देशकाल र परिस्थिति बनाएको कुरा संकेत गर्न सकिन्छ। नेपाली भूमिकै प्राकृतिक परिवेश, एयरपोर्ट क्षेत्रका दृश्यहरूलगायतका सहरी परिवेशकै सेरोफेरो प्रस्तुत कथाको देशकाल परिस्थिति बनेर आएको कुरा कथानक तथा घटनाको आधारमा स्पष्ट हुन्छ। विशेषतः प्रस्तुत कथामा सामाजिक, लैङ्गिक, राजनैतिक, आर्थिक, प्रशासनिक संज्ञानगत सन्दर्भको सङ्केत प्रस्तुत गरिएको छ। प्रस्तुत कथासङ्ग्रहमा सङ्गृहीत सत्रौं कथा 'छल' हो। मानिसको मस्तिष्कले सत्यतथ्य छुट्याउन नसकेको तर मनले भने त्यसलाई सत्य नै हो भन्ने भ्रमात्मक विश्वासको मनोभावलाई कथ्य विषय बनाई विविध पात्रको कलात्मक संयोजन गरी यस कथाको विषयवस्तु तयार पारिएको छ। हरिराम, परुली, जसुवा, झपुवा जस्ता पात्रहरू मूलतः मधेश क्षेत्रमा बस्ने नागरिकहरू भएको देखिन्छ। घरमा बाघ पसेको दृश्यबाट जङ्गल आसपासको बस्ती रहेको मान्न सकिन्छ। पात्रहरू पुजारी र देवी देवतालाई विशेषतः विश्वास गर्ने हुँदा उनीहरू अशिक्षित र पिछडिएको समुदायका परम्परागत हिन्दू संस्कृतिका अनुयायी

रहेको कुरा स्पष्ट हुन्छ। नेपाली भूमिलाई कथाले आफ्नो घटना दृश्यावलीको देशकाल परिस्थिति बनाएको देखिन्छ भने समयका दृष्टिले २०४९ सालमा कथा लेखिएको र त्यस पूर्वका समय सन्दर्भको आँकलन गर्न सकिन्छ । मानिसले जानेर वा नजानेर आफूबाट गरेका गल्तीको प्रायश्चित गर्दै यस्ता गल्ती तथा कमजोरी हटाउनुपर्छ भन्ने उद्देश्यका साथ यस कथाको रचना भएको देखिन्छ ।

प्रस्तुत *रात्रिभोज* कथासङ्ग्रहमा सङ्गृहीत अन्तिम अठारौँ कथा 'मध्यममार्गी' हो । यो कथा समाजवादी समन्वयवादी विचारमा आधारित छ । प्रस्तुत कथामा बहुपात्रको उपस्थिति रहेको छ। यो कथा नेपाली सामाजिक परिवेशमा घटित घटनाहरूमा आधारित छ। यस कथामा नेपालकै ग्रामीण पहाडी क्षेत्रलाई देशकाल मान्न सकिन्छ । नयाँ नेपालको निर्माणको निम्ति पुराना संरचनालाई ध्वस्त पार्ने विद्रोही पक्ष र त्यसको संरक्षणका निम्ति प्रतिकार गर्ने राज्य पक्षबीचको युद्धकालीन नेपाली परिवेशलाई यस कथाको निर्देशित समय मानिन्छ । नेपाली भूमिमा घटेको यो त्रासमय घटना र तिनले निम्त्याएका विविध दुखद् अवस्था अर्थात् नेपाली निर्दोष नागरिकहरूको वीभत्स हत्यासमेतको कारुणीक र मर्मस्पर्शी कथाव्यथाको मानसिक तथा भौतिक चित्रहरू प्रतिविम्व विद्रूप सामाजिक परिवेश नै प्रस्तुत कथाको देशकाल परिस्थिति हो । समष्टिमा दुखदायी परिवेश सन्दर्भले कथालाई जीवन्त तुल्याएको छ। विशेषतः प्रस्तुत कथामा सामाजिक, राजनैतिक, आर्थिक, समयगत, परिवेशगत सन्दर्भको सङ्केत प्रस्तुत गरिएको छ ।

माथि उल्लिखित सम्पूर्ण कथाहरूमा नेपाली समाजको गरिबी, शोषणदमन, रूढिवादी परम्परा, देशकाल परिस्थिति, राज्य परिवर्तनको नाममा गरिएको क्रान्ति, भ्रष्टचार, विभिन्न परिवेश र मनस्थिति भएका सहभागीहरू, सामाजिक, सांस्कृतिक, प्राकृतिक पहिचान, स्वदेशी तथा विदेशी स्थानको सङ्गतिपूर्ण चित्रण गरिएको हुँदा प्रत्येक कथा पस्थितिगत अध्ययनका लागि उपयोगी देखिए तापनि विषयगत पृथक्तालाई दृष्टिगत गर्दै सन्दर्भका आधारमा सर्वोत्कृष्ट 'संस्कार' र 'मानिसको महत्त्व' कथाको छनोट गरी परिस्थितिगत अध्ययन गरिएको छ ।

### २.६.१ 'संस्कार' कथामा परिस्थितिगत सन्दर्भ

प्रस्तुत 'संस्कार' कथामा कथाका सहभागी पात्रहरूले दर्शाएको सहभागिताको समय, स्थान, परिवेश तथा उनीहरूको हाउभाउ, भौगोलिक अवस्था आदिका आधारमा परिस्थितिगत सन्दर्भलाई विश्लेषण गरिएको छ ।

प्रस्तुत 'संस्कार' कथा सामाजिक अन्धविश्वासको विषयवस्तुलाई आधार बनाएर तयार

पारिएको कथा हो । यस कथामा ईश्वरप्रतिको आस्था, विश्वास, धामीझाँक्रीप्रतिको विश्वास पूजाप्रार्थना, देवस्तुतिको बारेमा चित्रण गरिएको छ । नास्तिक व्यक्तिप्रतिको सामाजिक धारणा, सामाजिक उपेक्षालाई समेत यस कथामा प्रस्तुत गरिएको छ । नवरात्रिको बेला गाउँमा देवपूजा सञ्चालनकालागि हरिभँडारे धूपपोखला उठाउन अकबरको घरजानु, पाँच वर्षपछि प्रदेशबाट आएको अकबरले केही नदिनु, गाउँमा हरिभँडारेले अकबरले देवताको उपेक्षा गरेको कहानी सुनाइ गाउँले रिसाउनुले रूढिवादीपरम्पराको विरोध गर्दा अन्धविश्वासमा लिप्त भएका अशिक्षित जनसमुदायले पचाउन नसक्ने, सत्यताको साथ नदिन, गाउँमा उपद्रो मच्चाउने भयले त्रसित हुन्छन् । अकबर गाउँका झाँक्री हुँदा उनलाई दुख दिने, त्यस्ता काम मन नपराउने, उनको झाँक्री कामलाई बिथोल्ने गर्छन् । पहिले गाउँका पण्डित पतिरामजी महिनाको दुईचोटि अकबरको घरमा जाने, हरेकपटक शनि, राहु, केतु, ग्रहदशा बिग्रेको भन्दै ग्रहशान्ति पार्ने भन्दै पैसा लिने गरेको र रिस उठेर अकबरले आफ्नो चिनामा भएका ग्रह र दशा काटेर टुक्राटुक्रा बनाएको प्रसङ्गले पण्डित, ब्राहमण ज्योतिषले सर्वसाधारण सोझासाझा अशिक्षित मानिसलाई दुःख दिइ ग्रहशान्ति नाममा मानसिक डर देखाई पैसा कमाउने गरेको सामाजिक विकृतिलाई प्रस्तुत गरिएको छ । समाज विकास गर्ने, गाउँमा बाटोघाटो, स्वास्थ्यसुरक्षा, यातायातलगायतका सपनाहरू बुन्ने र भविष्यको योजना बनाउने अकबरका हितैषी मित्र प्रतापको मृत्यु भएपछि अकवरलाई जीवनप्रति निराशा जाग्यो । उनी प्रदेश गए र त्यहा भोकै पेटीमा सुतेको देखेर एउटा युवतिले माया देखाई विवाह गरी सामान्य जीवन बिताइरहेको बेला प्रताप जस्तै अनुहार भएकी अकवरकी छोरी र श्रीमतीको महामारीका कारण मृत्यु भएपछि उनी झन बैरागी भए । पीडामाथि पीडा दिने दैवप्रति अकवरको मनमा वितृष्णा पलायो । कठिन परिस्थितिमा बाँच्ने इच्छा नहुँदानहुँदै मर्नु परे आफ्नो माटोमा मर्ने, आफ्नै साथी प्रताप पुरिएको माटोमा पुरिने राष्ट्रभक्ति भाव बोकी पाँच वर्षपछि घर आएका अकबरले गाउँका शिक्षक रतनसँग आस्तिक-नास्तिक, विश्वास-अविश्वास, रुढीबादीपरम्परा आदिको बारेमा खण्डन मण्डन गरी भगवान नभएको, कर्म नै सबथोक भएको कुरा गरेर हामीले रूढिवादी परम्पराको पछाडि लाग्नु हुँदैन्, कर्म गर्नुपर्छ, शिक्षित व्यक्ति भएर समाज परिवर्तनको लागि पाइला चाल्नुपर्छ, अन्धविश्वासको भुँमरीबाट बाहिर आउनुपर्छ भन्ने प्रगतिवादी विचार प्रस्तुत भएको देखिन्छ । गाउँमा मन्धिरेको घरमा अदृश्य शक्तिले ढुङ्गा हिर्काइ रहेको अचम्म घटनालाई सामान्य बनाउन अकबरले पैसा फाल्न आह्वान गरेको र निगालाको झाडीमा गएर ढुङ्गा फाल्ने अदृश्य शक्तिलाई थर्काएको घटनाले गाउँलेलाई सकुनको सास फेराएको देखिन्छ । एक्कासी बिरामी भएको अकवरलाई गाउँलेले

देवताको अपमान गरेकोले देवता रिसाएर बिरामी भएको अड्कल काटेपनि घुम्दै आएका डाक्टरले टाइफाइड भनेर औषधि दिँदा भने अकबरलाई सञ्चो हुँदै आएको र जीवनप्रति मोह नभएकोले अकबरले दिएको औषधी नखाई स्वास्थ्यको ख्याल नगरी संसार छोडेको दुखान्त विषय यस कथामा प्रस्तुत गरिएको छ ।

'संस्कार' कथामा स्थानगत सन्दर्भलाई दृष्टिगत गर्दा यस कथामा राष्ट्रिय देखि अन्तर्राष्ट्रिय परिवेशसम्म विस्तारित स्थानहरू आएका छन् । सुदूरपश्चिम क्षेत्रको ग्रामीण भूभाग यस कथाको कार्यपीठिका रहेको छ । यसले सुदूरपश्चिमको ग्रामीण, अशिक्षित, अपठित समाजलाई संकेत गरेको छ । बाटोघाटो, यातायात, स्वास्थ्य सुविधा नपुगेको र भविष्यमा विकासका पूर्वाधार खडा गर्ने कल्पना अकबर र प्रतापले गरेको सन्दर्भबाट यो कुराको पुष्टि भएको छ । पश्चिमेली समाजमा दैवीशक्तिप्रति अत्यन्त विश्वास राख्ने मानिसहरूको अन्धविश्वासी, रूढिवादी परम्परा, देवस्तुति, भँडारे, चन्दासंकलन, नवरात्रि सम्पन्नलगायतका कुराहरूको सन्दर्भ उठाइएको छ । साथै यस कथामा अन्न, पानी, वर्षा बिरामीलगायतका विषयमा देव पूजा गर्ने परम्परालाई संकेत गरेको छ । पहाडी ग्रामीण समाज, अकबरको घर, सिद्धेश्वर फाँट, प्रदेशको भूमि, मन्धिरेको घर, घरमाथिको निगालाको झाडी, गाउँ, बाटोघाटो, खेतबारी यस कथामा संकेत गरिएका स्थानगत परिवेश हुन् । पहाडी बस्ती वा घरको माथि झाडी हुने, घर वरिपरि ढुङ्गाका टुक्रा पाइने सन्दर्भलाई पनि यहाँ संकेत गरिएको छ । ग्रामीण अशिक्षित पश्चिम बासीहरूलाई औषधि उपचार नै झाँक्री भएको सन्दर्भ पनि धनसिंह र उसलाई गाउँलेले गर्ने सम्मानले संकेत गरेको छ । नाम नखुलाइएको परदेश भूमिमा अकबर भोकै सुतेको सन्दर्भले काम, दाम नपाउँदा परदेशमा कैयौँ नेपाली भोकै सडकको पेटीमा सुत्नु परेको बाध्यतात्मक सन्दर्भलाई स्पष्ट पारेको छ ।

प्रस्तुत कथालाई समयगत आधारमा दृष्टिगत गर्दा धर्म तथा संस्कारका नाममा गरिने कुरीति, रूढिवादी परम्परा अन्धविश्वास युक्त अशिक्षित नेपाली समाजको चित्रण गरिएको पाइन्छ । कथाको लेखन समय २०४८ साल र त्यस पूर्वको समयलाई लिन सकिन्छ । नेपालमा बहुदलीय व्यवस्था आइसकेपछि पनि शिक्षा, चेतनामा विकास भइ नसकेको नेपाली ग्रामीण समाजको चित्रण यहाँ गरिएको पाइन्छ । सहरी क्षेत्रमा शिक्षा, स्वास्थ्य, बाटोघाटो, यातायातको सुविधा विस्तार भएपनि पहाडी भूबनोटका आधारमा विकट बस्तीहरू विकासका पूर्वाधारबाट पछाडि परेको अवस्थाको यहाँ चित्रण गरिएको छ । १२-१३ बर्षको समयावधिको विषयवस्तुलाई समेटिएको यस कथामा रूढिवादी परम्परा विरोधी व्यक्तिहरूलाई साथ नदिने अशिक्षित नेपाली

समाजको चित्रण देखाइएको छ । रतन शिक्षक भएर पनि उनमासमेत रूढिवादीपरम्परा, ईश्वरप्रति आस्था, पुनर्जन्मलगायतका अन्धविश्वासले छोड्न सकेको देखिँदैन । गाउँघरमा अस्पताल नभएको समय यस कथामा उल्लेख गरिएको छ। तसर्थ यस कथामा संकेत गरिएको समयले नेपालका ग्रामीण समाजमा शिक्षा, जनचेतना, यातायात, बाटोघाटो, स्वास्थ्य सुविधा नपुगेको, ग्रामीण जनवासी देवीदेवता दैवीशक्ति, पूजाआजा, धर्मसंस्कार, भूतप्रेतप्रति विश्वास गर्ने, धामीझाँक्रीले डाक्टरको काम गर्ने, औषधिउपचार नहुँदा प्रताप जस्ता दूरदर्शी, प्रगतिवादी विचारक असल होनहार युवाले संसार छोड्नुपर्ने बाध्यता तथा कुसंस्कारलाई अंगाल्ने प्रवृत्ति प्रदेशिने परिस्थितिलाई प्रस्तुत कथामा संकेत गरेको छ ।

'संस्कार' कथामा देखिएका सहभागीहरूलाई दृष्टिगत गर्दा असंलग्न समाख्याताको प्रयोग गरिएको छ। पात्र संयोजनका दृष्टिले यो कथा बहुचरित्र प्रधान कथा हो । यस कथाको प्रमुख पात्र अकबर हो। ऊ सहयोगी, इमान्दार, प्रगतिवादी विचार, देशभक्तिको भावना भएको सामाजिक रूढिवादी परम्परा, पूजापाठ, ईश्वर, भुतप्रेतमा विश्वास नगर्ने पात्रका रूपमा देखिएको छ। अनुकूल, समाजसुधारको चाहना भएको, ठट्यौली स्वभावको अकबरले समाजमा भएका विकृति कुसंस्कार जरा गाडेर बसेका रूढिवादी परम्परा हटाउनुपर्छ भन्ने सन्दर्भ संकेत गरेको छ । प्रियजनहरूको बिछोडमा मान्छेको जिन्दगीमा पर्ने नकारात्मक असरहरू उसको भूमिकाले संकेत गरेको छ। कर्म गर्नुपर्छ, ईश्वरको पछाडि लाग्नु हुँदैन, भूतप्रेत छैन, बिरामीको उपचार डाक्टरबाट सम्भव हुन्छ भन्नुका साथै सोचविचार परिवर्तन गर्ने जनचेतना उनको भूमिकाबाट प्रष्टिएको छ। सहायक सहभागीका रूपमा पण्डित, प्रताप, धनसिंह, रतन र गौण पात्रका रूपमा असल केटी बुढीआमा, छोरी, विद्यार्थी, दर्शक, डाक्टर, गाउँलेहरू, नोकरी दिने मानिस,लेख डाक्टर आएका छन् । पण्डितले शोषक सामन्ती, जोखना हेर्ने, डर देखाउने, ग्रहशान्ति नाममा पैसा कमाउने स्वार्थी पण्डितको प्रवृत्तिलाई संकेत गरेको छ। धनसिंहले सोझा, अशिक्षित, अन्धविश्वासी समुदायलाई आफू झाक्री भएकोमा अटेरी गर्ने प्रतिष्ठित बन्न खोज्ने, पगरी बाध्ने डाक्टर बन्ने र अकालमै मानिसलाई मृत्युको मुखमा पुर्याउने गैरजिम्मेवार काम गरेको सन्दर्भलाई देखाएको छ । पढेलेखेको शिक्षकसमेत बनेको रतले पढेलेखेका पछि पनि असचेत, कुसंस्कारबाट उम्किन नसकेका नेपालीहरूको प्रतिनिधित्व गरेको छ । गाउँलेहरू भूतप्रेत ईश्वरमा विश्वास गर्ने, अन्न धन इश्वरकै वरदान ठान्ने, अचेत अशिक्षित ग्रामीण बासीहरूको प्रतिनिधित्व गर्ने पात्र हुन्। समग्रमा पात्रहरूको भूमिकाका आधारमा नयाँ र पुराना पुस्ताको विचार, परम्परागत प्रवृति र आधुनिक सोच, प्रगतिवादी र पुरातनवादी मान्यता,

आस्तिक र नास्तिक, शिक्षित र अशिक्षित, सभ्य र असभ्य नेपाली समाजको सन्दर्भको प्रस्तुति यस कथामा गरिएको छ ।

'संस्कार' कथामा निहित परिस्थितिगत सन्दर्भलाई दृष्टिगत गर्दा नेपालीहरूको जीवनशैली, परम्परागत संस्कार, देवीदेवता र धामीझाँक्रीप्रतिको अन्धविश्वासमा आधारित अशिक्षित नेपाली समाजको सामाजिक सन्दर्भलाई यस कथामा चित्रण गरिएको छ । ग्रामीण समाजमा जरा गाडेर रहेको रूढिवादी अन्धविश्वास, अन्धविश्वासले जन्माएका धामीझाँक्री, तिनकै भरमा परेर ज्यान गुमाउनु पर्ने बाध्यता, पिछडिएका सुदूर ग्रामीण समाज शिक्षा, स्वास्थ्य, चेतना, यातायात, बाटोघाटोमा पछाडि हुनु, शिक्षित व्यक्ति पनि माथि उठ्न नसक्नु, भूतप्रेतप्रतिको डर, पण्डितहरूले सर्वसाधारण असचेत अपठितहरूको ग्रहशान्तिको नाममा गर्ने शोषण, प्रिय मित्र, स्वजनहरूको बिछोडमा मानव हृर्दयमा पर्ने चोट र जीवनको अन्त्यलगायतका सामाजिक सन्दर्भहरूको चित्रण यस कथामा गरिएको छ। नेपाली अशिक्षित समाजमा अन्धभक्त भई ईश्वर मान्ने प्रवृत्तिका कारण निम्तिने समस्यालाई यहाँ चित्रण गरिएको छ । प्रदेश जाने नेपालीको बाध्यता, पण्डितको झुटो खेतीले निम्नआर्थिक अवस्थाका अवस्थाको सन्दर्भलाई सङ्केत गर्दछ भने नवरात्रि, देवपूजनलगायतका सन्दर्भहरूले सामाजिक धार्मिक तथा सांस्कृतिक सन्दर्भलाई प्रस्ट्याउँछ। एउटा विद्यालय, शिक्षक रतन, समाज परिवर्तनको अकबर र प्रतापको चाहनाले देशको विकासोन्मुख प्रगतिवादी राजनैतिक सन्दर्भलाई सङ्केत गरेको छ । सुदूरपश्चिमेली मातृभाषी शब्दहरू र उखानटुक्काले भाषिक विविधतागत मातृभाषी सन्दर्भलाई प्रस्तुत गरेको छ । समग्रमा ग्रामीण पहाडी बस्तीको दुःखपूर्ण जीवन, रूढिवादी परम्परा र रूढिवादी परम्पराका कारण भोग्नु परेका सामाजिक, मानसिक समस्या, अशिक्षा सचेतनाका कारण पुरातनवादी विचारको आत्मसात्, गरिबी, प्रियजनहरूको मृत्यु सहनको पीडा, गैरजिम्मेवार राजनैतिक अवस्थालगायतका परिस्थितिगत सन्दर्भहरू उपरोक्त कथामा प्रस्तुत गरिएका छन् ।

**२.६.२ 'मानिसको महत्त्व' कथामा परिस्थितिगत सन्दर्भ**

प्रस्तुत 'मानिसको महत्त्व' कथामा कथाका सहभागी पात्रहरूले कथामा दर्शाएको सहभागिताको समय, स्थान, परिवेश तथा उनीहरूका हाउभाउ भौगोलिक अवस्था आदिका आधारमा कथाको परिस्थितिगत सन्दर्भलाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथा सामाजिक विषयवस्तुमा आधारित रहेको छ। निम्नआर्थिक अवस्था भएको नेपालको ग्रामीण परिवेशमा बसोबास गर्ने कथाकी प्रमुख पात्र दुरा र उसको श्रीमान वीरपलको

रोग, भोक, शोक, आपत्तिविपत्ति नै यस कथाको विषयवस्तु हो । गरिब घरका दुरा र वीरपल श्रीमान श्रीमती हुन् । वीरवल ४५ वर्षिया इमान्दार, सत्य, असल, सुर्तीजन्य पदार्थ सेवन गर्ने, दमको बिरामी हुनु, दुरा श्रीमानको खोकी र दमका कारण झिजो मान्ने, श्रीमान्को चाहिँ रेखदेख गर्ने, माइत, वनपाखा जाँदा श्रीमानको याद आउने, खरो स्वभावकी, रूढिवादीसोच भएकी, रोगलाई पुनरजन्मको पाप ठान्ने, कामविशेषले बाहिर जाने पात्रका रूपमा देखिन्छ । दुरा बाहिर गएको बेला दुराको गाई फुकेर छिमेकी नरमानको बारीमा नोक्सान गर्नु, गाई ल्याउन आउँदा नरमानले गाली गरी वीरपललाई घचेटेर घाउँ पार्नु, दुराले गाउँका पञ्चभलादमी बोलाएर नरमानलाई माफी माग्न लगाउनु, जरिवाना तिराउँदा वीरपलले नलिनु, कुटाइ खाएको १५ वीरपलको मृत्यु हुनु, दुराले चामल मकै बेचेर पनि श्रीमानको काजक्रिया गरेर बैतरणी नदी पार लगाउने योजना बनाउनु, गाउँमा प्रहरीको डोर आउनु, नरमानलाई ज्यानमारा मुद्दामा पक्राउ गर्न आएको हुनु, दुरालाई दया लागेर आफ्ना श्रीमान् कालगति मरेको भन्दै वीरपललाई नपक्रिन डोरसँग भन्नु, सबैले दुरालाई नरमानसँग सम्बन्धमा रहेको आरोप लगाउनु र सबै मिलेर खसीबोका पैसा खुवाएर डोरलाई गाउँबाट फिर्ता पठाउनु यस कथाका मुख्यमुख्य घटना हुन् । छरछिमेकी, झैझगडा, रूढिवादीपरम्परा, गरिबी, पञ्चभलाद्मी, घुसलगायतका सामाजिक, आर्थिक राजनैतिक पक्षहरूको प्रस्तुति यस कथामा पाइन्छ ।

'मानिसको महत्त्व' कथामा स्थानगत सन्दर्भलाई दृष्टिगत गर्दा नेपालको पहाडी भेगमा अवस्थित दुरा र वीरपलको घर मुख्य रूपमा कथामा घटित घटनाको स्थान बनेर आएको छ । यस कथामा ग्रामीण परिवेशको पहाडी स्थानमा रहेको दुराको घर, घाँसदाउरा, मेलापात खेतबारी, आगोअँगेनोको विषयको प्रस्तुति पाइन्छ । जसले ग्रामीण समाजको यथार्थतालाई पुष्टि गरेको छ । काठको बस्ने पिर्काको सिरान, परालको ओछ्यान, सानासाना कपडा खप्ट्याएर ओडेको सिरक, जाडोले आगो ताप्नुलगायतका प्रसंगले ग्रामीण गरिबहरूको जीवनयापनलाई प्रस्ट्याएको छ । त्यसैगरी नरमानको घरबारी, गाउँ, दुराको माइतीघर वनपाखालगायतका स्थानहरूको संकेत यस कथामा देखाइएको छ । छिमेकी नरमानको बारीमा दुराको गाईले नोक्सान गर्नु, नरमानले अमानवीय स्वभाव देखाउँदै वीरपललाईलाइ धकेल्नु लगायतका प्रसंगलेझ ग्रामीण भेगमा नजिक नजिकै घर हुने, पशुपालन गरिने, गाईगोरुले बाली नोक्सान गर्दा छरछिमेकमा झैझगडा हुने सामाजिक सन्दर्भलाई संकेत गरिएको छ । समग्रमा ग्रामीण स्थान, गरिबको घर, घरभित्रको दुःखपीडा, अभाव, अशिक्षा जनचेतनाको कमी, रूढिवादीपरम्परा, महिलामाथि समाजले लगाउने झुट्टा लाञ्छना, दाउरा कटानी, चिसो मौसममा आगो तापेर

चिसो भगाउने गरिबको बाध्यता, इमान्दारिता, सत्यता, सोझासाझा ग्रामीण मानव सुर्तीजन्य पदार्थ सेवन, बिरामी हुँदा जडिबुटी सेवनलगायतका सामाजिक ग्रामीण यथार्थको प्रस्तुति दुराको घरमा घटेका घटना, गाउँ वनजंगलले प्रस्ट्याइएको छ ।

प्रस्तुत कथालाई समयगत आधारमा दृष्टिगत गर्दा यसको लेखन समय २०४८ साल र त्यसभन्दा अगाडिको समय रहेको छ । बहुदलीय व्यवस्था आइसकेको भए पनि पञ्चायतकालीन पञ्च, मुखियालाई झगडा मिलाउन बोलाइएको, सहरबाट नरमानले वीरपलको हत्या गरेको ज्यानमारा केशको विरुद्ध नरमानलाई गिरफ्तार गर्न डोर आएको भए पनि झगडाको मिलोमतो खसीबोका, नगदी घुस लिएर समाप्त गरेको घटनाबाट पञ्चायतकालीन प्रवृति र प्रशासनिक, न्यायिक कमीकमजोरीको संकेत यहाँ पाइन्छ। रोगी वृद्ध भए पनि श्रीमतीले उसैलाई पति ठानी माया, सेवासत्कार, हेरचाह गर्नुपर्ने, मरेपछि काजक्रिया गर्नुपर्ने, नेपाली नारीको धर्मको रूपमा रहेको 'पतिदेवो भवो'को अनुसरण गर्नुपर्ने नेपाली हिन्दु धर्म परायण समाजको यथार्थलाई यस कथामा समयगत सन्दर्भका रूपमा प्रस्तुत गरिएको छ । फागुनको महिना दाउरा काट्ने मेलो, हिउँदको जाडो, ओड्ने ओछ्याउने कपडा नहुने गरिबहरूको पिडालगायतका सन्दर्भबाट कथामा हिउँदे परिवेशको चित्रण गरिएको प्रष्ट हुन्छ । नारीमाथि नेपाली समाजले लगाउने झुटा लाञ्छनाले पितृसत्तात्मक समाज र नारीलाई बात लगाउने, सम्मान नगर्ने, झुटा कुरा गरी चरित्रहत्या गर्ने कुविचारलाई यहाँ संकेत गरिएको छ। छिमेकमा गाईगोरुले बालीनाली नोक्सान गर्ने, झगडा हुने सन्दर्भले नेपाली समाजको विगत, वर्तमान र भविष्यका तीनवटै समयको यथार्थलाई प्रस्तुत गरेको देखिन्छ । वीरपल बिरामी हुँदा वैद्यबाट जडिबुटी खाएको सन्दर्भले चिकित्सा क्षेत्रको विकास विस्तार नभएको, गाउँघरमा स्वास्थ्यसम्बन्धी चेतनाको अभाव भएको नेपाली अविकसित समाजको अवस्थालाई सचित्र प्रस्ट्याउँछ । अतः यस कथामा नेपाली ग्रामीण समाज, गरिबी, २०४८ सालभन्दा अगाडिको समय, स्वास्थ्य शिक्षा, कानुन प्रशासनको समस्या भएको नेपाली समाजको चित्रण कथामा गरिएको छ ।

'मानिसको महत्त्व' कथामा देखिएका सहभागीहरूलाई दृष्टिगत गर्दा यस कथामा असंलग्न समाख्याताकको प्रयोग गरिएको पाइन्छ। यस कथाको प्रमुख पात्रको रूपमा दुरा रहेकी छ । उसले रोगी वृद्ध श्रीमानलाई दुःखमा रोगले थलिएको बखतमा हेरविचार रेखदेख गरेको पाइन्छ । दिनमा काम विशेषमा बाहिर जाने, माइत जाने, दुईचार दिनपछि फर्किने उसको चरित्रलाई हेर्दा उ स्वतन्त्र पात्रका रूपमा समेत देखिएकी छ। काम विशेषले बाहिर र माइत

गएको बेला श्रीमानलाई सम्भिmने कुराले नेपाली समाजकी श्रीमानलाई माया पनि गर्ने, आफ्नो घरव्यवहार धान्न समस्या टार्ने, गतिशील स्वभाव भएकी नारीहरूको प्रतिनिधित्व गर्ने प्रतिनिधि पात्र हो । श्रीमानको मृत्यु भइसकेपछि काजक्रिया गर्ने, वैतरणी नदी तराउने ईच्क्षा, श्रीमानको दमको कारण पूर्वजन्मको पाप सम्भिmने, जडिबुटी खुवाउने दुरा अन्धविश्वासी रूढिवादीपात्र हो भने नरमानलाई पक्रिन आएका प्रहरीलाई उसकी श्रीमती छोराछोरी छन्, विचल्ली हुन्छ भन्ने सोची मेरो श्रीमान कालगती मरेको हो भन्दै उदारता देखाउने पात्रका रूपमा चित्रित छ। नेपाली समाजमा कयौं गरिब घरकी रोगी बिरामी बुढालाई स्याहार गर्ने र आफ्नो खुशी हेर्ने नेपाली बहुचरित्रका नारीहरूको प्रवृत्तिलाई यिनले संकेत गरेकी छन् । सहायक पात्रका रूपमा देखिएका असत् प्रवृत्तिका नरमान, पञ्च भलाद्मी, न्याय कानूनको समेतको ज्ञान भएकी एउटी छिमेकी, प्रहरी टोली रहेका छन् । समाजमा अधैर्य, अमानवीय छुच्चा छिमेकी हुने सन्दर्भलाई नरमान र नेपाली समाजका पञ्चायती कालमा गाउँघरका न्यायनिशाफ, फैसला गर्ने गाउँका भद्रभलाद्मी खसीबोका र घुस खाएर कुरा मिलाउने न्यायलय र प्रहरीहरूको गैरजिम्मेबारी प्रवृत्तिलाई भलाद्मी र प्रहरीको टोलीले गरेको क्रियाकलापले प्रष्ट्याएको छ। गौण पात्रका रूपमा रहेको गाउँलेहरू र वैद्यले सामाजिक अन्धविश्वास, चेतनाको कमीलगायतका ग्रामीण सामाजिक सन्दर्भलाई संकेत गरेको देखिन्छ। समग्रमा यस कथाका सहभागी पात्रहरूको भूमिकालाई हेर्दा सामाजिक सतअसत अन्यायअत्याचार, चेतनाको कमी, गरिबी, घुसखोरी प्रवृत्तिलाई सङ्केत गरिएको देखिन्छ ।

'मानिसको महत्त्व' कथामा निहित परिस्थितिगत सन्दर्भलाई दृष्टिगत गर्दा निम्नवर्गीय नेपालीहरूको पीडादायी जीविकोपार्जन, रोगले थलिदा औषधिउपचार गर्न नसक्ने, जाडोयामको कष्टकर परिस्थितिले आर्थिक परिस्थितिलाई संकेत गरेको छ। श्रीमानको मृत्युपछि दुराले गरेको काजक्रिया, वैतरणी नदी पारको प्रसङ्ग, रोगलाई पापको रूपमा लिनुलगायतका घटनाले सामाजिक साँस्कृतिक, संस्कारगत सन्दर्भलाई प्रस्ट्याइएको पाइन्छ । दाउरा काट्ने, परालको बिस्तरा, आगो ताप्नु, दाउरा सुकाउनु, रुखको बोक्राको चियापत्ती बनाउने प्रसंगले पहाडी ग्रमीण भौगोलिक सन्दर्भलाई चित्रण गरेको छ। यस कथामा जिउँदो हुँदा गास, बास कपास, स्वास्थ्यको हकअधिकारको प्रत्याभूति गराउन नसक्ने नेपाल सरकारले मरिसकेपछि खोजीनीति गर्ने राजनीतिक प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । रोगी, अशक्त, बुढो जस्तो भएपनि श्रीमान हुनु नारीको नारी वर्गको सौभाग्य, खुशी र सन्तुष्टि हो जुन कुरा प्राप्तिमा सामान्य हुन्छ तर अभावमा अलौकिक हुन्छ भन्ने महत्त्वलाई यस कथामा प्रष्ट पारेको छ । कुनै पनि वस्तुको मूल्य र

आवश्यकताको महत्त्व त्यस वस्तुको अभावमा र आफूबाट निकै टाढा भइसकेको अवस्थामा हुन्छ भन्ने विचार यहाँ प्रस्तुत गरिएको छ । समाजमा निर्बल, निर्धन, निसन्तान गरिब दीनदुखी असाहयलाई सहयोग गर्नुपर्छ । हरेक महिलाहरूले श्रीमानप्रतिको जिम्मेवारी वहन गर्नुपर्छ । वृद्ध रोगी अशक्त भयो भन्दैमा हेला गर्नुहुँदैन । नारी जातिले लुकिछिपी गलत गर्नुहुँदैन र समाजले बिनाकसुर नारीको चरित्र माथि औंला उठाउनु हुँदैन । न्यायिक प्रशासनिक निकायको भ्रष्टाचारी, घुसखोरी, स्वार्थी, गैरजिम्मेवारी र पदप्रतिष्ठाको दुरूपयोगलगायतका असत् प्रवृतिको खुलेर सबैले विरोध गर्नुपर्छ भन्ने वैचारिक पक्ष यस कथामा प्रस्तुत गरिएको छ । सामाजिक कलह, झगडाको मिलेर समाधान गर्नुपर्छ । राज्यपक्षले ग्रामीण क्षेत्रमा शिक्षा स्वास्थ्यलगायतका पूर्वाधारको व्यवस्था गर्नु आवश्यक छ भन्ने विचारहरूको प्रस्तुति कथाकारले उपरोक्त कथामा व्यक्त गरेका छन् ।

### २.७ पाहुना घर कथासङ्ग्रहका कथामा परिस्थितिगत सन्दर्भ

कथाकार लोकेन्द्रबहादुर चन्दद्वारा लिखित *पाहुना घर* वि.सं. २०६८ सालमा प्रकाशित उत्कृष्ट कथासङग्रह हो । यस कथासङ्ग्रहभित्र द्वन्दकालीन कथाहरू समावेश गरिएका छन् । यस कथासङ्ग्रहमा जम्मा सातवटा कथाहरू रहेका छन् । यस कथासङ्ग्रह भित्रको *मध्यमार्गी* कथा *रात्रिभोज* कथासङ्ग्रहमा समेत प्रकाशित भएको देखिन्छ । द्वन्दकालीन समयको राजनैतिक अवस्था, द्वन्द्वको प्रभाव, गाउँघर, दुखी गरिबहरू विस्थापित हुनुलगायतका कारुणीक अवस्थाका साथै द्वन्द्वकालका घाउहरूको विषयलाई यस सङग्रहमा समेटिएको छ । यस कथा सङग्रहमा सङ्गृहीत गरिएका कथाहरू राजनैतिक सन्दर्भले उत्कृष्ट छन् ।

प्रस्तुत *पाहुना घर* कथासङ्ग्रहमा सङ्गृहीत पहिलो कथा 'पाहुना घर' हो । यस कथाको शीर्षकको आधारमा यस कथासङ्ग्रहको नाम राखिएको छ । यस कथामा द्वन्द्वकालमा कैयौँ सर्वसाधारण गरिब, ग्रामीण नेपाली जनताले क्रान्तिकारी, विप्लव र नेपाली सेनाको दोहोरो मारमा परेर काम गरेर खाना नपाएको, श्रीसम्पत्ति गुमाउनुपरेको, जन्मघर, चलअचल सम्पत्ति छोडी मुग्लान पस्नु परेको यथार्थ पीडालाई चित्रण गरिएको छ साथै दुख परेको मान्छेलाई आफ्नै छरछिमेकी, चिनेजानेको व्यक्तिहरूले पनि सहयोग नगरेको, अमानवीय तथा समवेदनाविहिन बनेको, सरकारले जग्गाजमिनको क्षतिपूर्ति नदिएको, सर्वसाधारणको बिचल्ली भएको सामाजिक, राजनैतिक यथार्थवादी विषयको जीवन्त चित्रण यस कथामा गरिएको छ । स्थानगत परिवेशका आधारमा सुदूरपश्चिमका पहाडी भेगका रूपमा बैतडी, दार्चुला जिल्ला, कञ्चनपुर, काठमाडौंका विभिन्न क्षेत्र, पशुपति, ललितपुर, भारतको पिथौरागढ, अमेरिकालगायतका बाह्य राष्ट्रको

सन्दर्भसमेत यस कथामा समेटिएको छ । प्राकृतिक सुन्दरता, जन्मभूमिप्रतिको मायाका साथै गौरापर्व  आदि सामाजिक तथा सांस्कृतिक सन्दर्भको प्रस्तुतिले कथामा थप मौलिकता झल्काएको छ । प्रस्तुत कथासङ्ग्रहमा सङ्गृहीत दोस्रो कथाको शीर्षक 'आँसु' रहेको छ । सामाजिक, राजनैतिक, बालमनोवैज्ञानिक द्वन्द्वकालीन विषयवस्तुलाई समेटिएको यस कथामा विप्लवले फैलाएको त्रास, जनमानसको भयपूर्ण जीवन, बाँच्नको लागि गाउँघर, प्रकृति, जन्मथलो छोडेर सहर पस्नु परेको बाध्यता, भिरालो बाटोमा रातको हिडाईका कारण अकालमै मृत्युको शिकार भएकी आमाका टुहुरा छोराछोरीको मनोविज्ञान, कहालीलाग्दो चित्रण, घरपालुवा जनावरप्रतिको अगाध माया, हैकमवादी प्रवृत्तिलगायतका विषयवस्तुको सुन्दर चित्रण पाइन्छ । उच्च पहाडी ग्रामीण बस्ती, प्रकृति, भीरपाखा, खोलानाला, भारतीय सिमाना झुलाघाट वरिपरिको क्षेत्र, काठमाडौँ, पोखरा, काठमाडौँका व्यस्त सडक, सहरिया प्रदुषण, कोलाहल, भिडभाड, साँघुरा ठाउँ परिवेशगत सन्दर्भका रूपमा समेटिएका छन् साथै यस कथामा सामाजिक, राजनीतिक, प्रशासनिक, मनोवैज्ञानिक सन्दर्भको प्रयोग गरिएको छ । यस कथा सङ्ग्रहमा रहेको तेस्रो कथा 'मध्यमार्गी' हो । यस कथामा द्वन्दकालमा असल, सत्य, न्याय, धर्म, अहिंसाका प्रतिपक्षहरूले क्रान्तिकारी समुह र नेपाली सेनाको अनावश्यक शङ्काको घेरामा परी ज्यान गुमाउनु परेको तीतो सत्य प्रस्तुत गरिएको छ साथै यस कथामा समाजमा कुभलो, स्वार्थी अहङ्कारी, कपटी व्यक्तिहरूको बिगबिगी रहेको र न्याय सत्य इमान्दारिताको मूल्याङ्कन नभएको सामाजिक पक्षको चित्रणसमेत प्रस्तुत गरिएको छ । द्वन्दकालीन समयमा परिवर्तनको नाममा धर्म, नियम, कानुन, आचारसंहिताको विपरित गएर राज्यपक्ष र क्रान्तिकारी पक्षबीच काटमार भएको, ईर्ष्या, बदला, शङ्का, अविश्वास कुबुद्धिका कारण कैयौँ सर्वसाधारण सज्जनले मृत्युवरण गर्नुपरेको यथार्थ पक्ष नै यस कथाको विषयवस्तु हो साथै यस कथामा मुख्यतया राजनीतिक सन्दर्भको प्रयोग गरिएको छ ।

प्रस्तुत *पाहुना घर* कथासङ्ग्रहको चौथो कथा 'सेतो परिवार' रहेको छ । यहाँ सेतो परिवारलाई सफलता, शुभमङ्गल, आशा, खुशी, समस्या समाधानको प्रतीकको रूपमा लिएको छ । द्वन्द्वकालीन परिवेशमा रचिएको यस कथामा विप्लवद्वारा बिनाकसुर पुर्ख्यौली सम्पत्ति कब्जा गरेपछि गाउँबाट सहर पसेका, बाँच्नको लागि संघर्ष गरिरहेका, समय र परिस्थितिको चोटले खुशी खोसिएका परिवारहरूको यथार्थ विषयवस्तुलाई चित्रण गरिएको छ । एक्कासी गाउँबाट निकालिएका परिवार शहरमा बस्नु पर्दाको पीडा, झेल्नु परेको दुख, असामान्य जनजीवन र मनोविज्ञानलाई यस कथामा प्रस्तुत गरिएको छ । पाश्चात्य संस्कृतिसँग घुलमिल हुन नसकेको

परम्परित संस्कृति, विप्लव र क्रान्तिमा हराएको आफूभित्रको इज्जत, अहम्, यथार्थता स्वीकार गर्न गाह्रो भएको र छटपटिएको मनोदशा यस कथामा प्रस्तुत गरिएको छ। पढेलेखेको युवा छिटो जागिर नपाई जीवनप्रति निराश भएर बसेको र पढेलेखेकी तरुनी छोरीको विवाह हुन नसकेको पीडाले अभिभावकको जीवन सकसपूर्ण र छोराछोरीको जीवनप्रतिको मायामोह हराउँदै जाने यथार्थ यस कथामा प्रस्तुत गरिएको छ । ग्रामीण पहाडी भूभाग, घरखेतसँगै सहरिया परिवेश काठमाडौँ, ललितपुर स्थानगत सन्दर्भका रूपमा आएका द्वन्दकालीन अवस्था, विप्लवको परिवर्तनको गलत बाटो रोजाइँका कारण कतिपय घरपरिवार विस्थापित भई जीवनका सपना र आशासमेत विस्थापित गर्न बाध्य भएको यथार्थ विषयवस्तु यस कथामा प्रस्तुत भएको देखिन्छ । यस कथामा मुख्यतया राजनैतिक, द्वन्द्वकालीन, आर्थिक, परिवेशगत र समयगत सन्दर्भको प्रयोग गरिएको छ । प्रस्तुत कथासङ्ग्रहमा समावेश गरिएको पाँचौं कथा 'मुक्ति' हो । दश वर्षे जनयुद्धले निम्त्याएको राष्ट्रको त्रासपूर्ण वातावरण र विप्लवी समूहहरूले गरेको अन्याय-अत्याचार, परिवर्तनको नाममा गरेको हत्याहिंसा यस कथाको मुख्य विषयवस्तु बनेको छ । ग्रामीण परिवेशमा रचिएको यस कथामा वर्गीय विभेदको विषयवस्तुलाई समेत प्रस्तुत गरिएको छ साथै यथार्थता नबुझ्री विप्लवी कार्यमा लागेका मनकारी विप्लवी युवाहरूले न्याय, सत्य, समाजसेवी निर्दोष र बेकसुर व्यक्तिहरूमाथि अन्याय भएको यथार्थ बुझिसकेपछि जिन्दगीभर पछुताएर आफ्नो कसुरको मुक्तिको लागि दुखद् जीवन बिताएको यथार्थ यस कथामा वर्णन गरिएको छ । यस कथामा मुख्यतया राजनैतिक, द्वन्द्वकालीन, आर्थिक, परिवेशगत र समयगत सन्दर्भको प्रयोग गरिएको छ ।

प्रस्तुत कथासङ्ग्रहमा सङ्गृहीत छैठौँ कथाको शीर्षक 'कथा संसारको' रहेको छ । यस कथामा पश्चिम नेपालको गाउँघर, खेतीपाती, कृषि पेशा, खोलानाला, छरछिमेकी, जन्मभूमि, सुन्दर प्राकृतिक भूमि छोडेर विप्लवीहरूले फैलाएको त्रास, दिएको दुःख, जोखिम छल्दै ज्यान जोगाउन राजधानी आएको रुक्मणी देवीको परिवारको दुखद् र कारुणीक विषयवस्तुको चित्रण गरिएको पाइन्छ । ज्यान जोगाउन गाउँघरबाट सहर पसेका व्यक्तिहरूको ओठको हाँसो, जिन्दगीका सपना, खुला मनमा बादल मडारिएको, जड वस्तु सरह अभाव, शून्यता, खिन्नतामा दिन बिताएको यथार्थ जीवनको प्रस्तुति यस कथामा प्रस्तुत गरिएको छ । यस कथामा द्वन्दकालमा ग्रामीण भेगका बस्तीहरू उजाडिएको, सुराकीको आरोप लगाई निर्दोष व्यक्तिको ज्यान लिने गरेको, सम्पत्ति हडपेको, यसको गहिरो असर गाउँलेहरूको मनमस्तिष्कमा परी दुर्व्यसनमा फसेको र दुखद् अन्त्य भएको विषयले तत्कालिक प्रत्येक गाउँको कथालाई र

गाउँलेहरूको मनस्थितिको प्रतिनिधित्व गरेको पाइन्छ । पश्चिम नेपालको सुन्दर प्रकृति, मानवीय उदारता, समवेदना, मानवता, अपनत्व खुसीसँगै शहरिया परिवेशको साँघुरोपना, निराशा, निस्सासिदो वातावरण, घुइँचो, दुर्घटनाको आदि सन्दर्भहरू यस कथामा प्रस्तुत गरिएका छन् ।

प्रस्तुत कथासङ्ग्रहभित्रको सातौँ कथाको शीर्षक 'बेताल-कथा' हो । यस कथामा द्वन्द्वकालीन परिवेश, रोगप्रतिको सामाजिक अन्धविश्वास, समाजका मानिसको सम्बन्धप्रतिको नकारात्मक टिप्पणी, देशमा भएको अशान्त त्रासपूर्ण वातावरण, विप्लवीको क्रान्तिकारी व्यवहारका कारण ग्रामीण भेगका मानिसहरू ज्यान जोगाउन सहर पसेको, सहरबाट पनि अवसर पाए जति युवावर्ग विदेश पलायन भई अभिभावकको बेवास्था गरिएको स्थिति, किशोरावस्थाका युवावर्ग लहलहैमा लागेर विप्लवी क्रियाकलापमा सहभागी भई गलत काम गर्नेलगायतका विषयवस्तुको प्रस्तुति यस कथामा पाइन्छ । देशकाल, परिस्थिति, समाज संस्कृतिका नकारात्मक पक्ष र मानिसमा परेको त्यसको प्रभावको विषयलाई प्रस्तुत गरिएको यस कथाको परिवेश ग्रामीण पहाडी स्थान र काठमाडौँ र अमेरिका रहेको छ । उपरोक्त कथामा मुख्यतया सामाजिक, राजनैतिक, द्वन्द्वकालीन, आर्थिक, परिवेशगत र समयगत सन्दर्भको प्रयोग गरिएको छ । समग्रमा यस कथासङ्ग्रहमा सातवटा कथाहरू रहेका छन् भने सबै कथाहरू नेपालको राजनीतिक परिवर्तन तथा सामाजिक व्यवस्थाका विरुद्धमा चलेको दशवर्षे जनयुद्धको द्वन्दकालीन परिवेशमा आधारित भएर तयार पारिएका छन् । द्वन्द्वकालीन समयमा परिवर्तनको हतियार बन्दुकलाई लिएर क्रान्तिकारी विप्लवी समूह देखापरेको र सेना प्रतिरोधमा अगाडि बढेको नेपालको यथार्थ विषयवस्तुको त्रासपूर्ण चित्र यो कथासङ्ग्रहभित्र रहेका सम्पूर्ण कथाहरूमा पाइन्छ । दुबै पक्षको बन्दुकको बीचमा नेपाली जनता र विशेषगरी ग्रामीण भेगका जनता परेको यथार्थलाई यहाँ प्रस्तुत गरिएको छ । विप्लवीहरूको डर, धम्की, त्रास, सम्पत्ती हडप्ने प्रवृत्ति, सुराकीको आरोपका कारण बाध्य भएर ज्यान जोगाउन आफ्नो गाउँठाउँ, जन्मभूमि पुर्ख्यौली थलो छोडेर विस्थापित भएका पीडित नेपाली जनता र सहरमा खेप्नुपरेको दुखपीडा, संघर्ष, तिनीहरूको त्रासपूर्ण विसङगत, निराशापूर्ण मनोविज्ञानलाई यी कथाहरूमा उत्कृष्ट शैलीमा प्रस्तुत गरिएको छ । द्वन्दकालमा कैयौं निर्दोष व्यक्तिहरूले ज्यान गुमाउनुपरेको कैयौं नारी एकल हुनु त कैयौं नाबालक टुहुरा हुनुका साथै बस्ने बास र खाने गाँस खोसिएको, मानवीय समवेदना हराएको तीतो यथार्थ यस कथासंग्रह भित्रका कथामा प्रस्तुत गरिएको छ । प्रायशः सुदूरपश्चिमका विभिन्न पहाडी ग्रामीण प्राकृतिक रूपमा सुन्दर भूभाग, भारतीय सीमानाका

साथै काठमाडौँ ललितपुर, पोखरा, तराईलगायतका स्थानगत परिवेश र पश्चिमेली मातृभाषाको झलक यी कथाहरूमा पाइन्छ ।

माथि उल्लिखित सम्पूर्ण कथाहरूमा देशकाल परिस्थिति, राज्य परिवर्तनको नाममा गरिएको क्रान्ति, परिवर्तनको लागि गलत बाटो रोजेकोले विशेषतः राजनैतिक सन्दर्भको सङ्केत गरेको हुँदा प्रत्येक कथा पस्थितिगत अध्ययनका लागि उपयोगी देखिन्छन् । यस कथासङ्ग्रहमा रहेका कथामा विषयगत पृथक्तालाई दृष्टिगत गर्दै सन्दर्भका आधारमा 'पाहुना घर' र 'बेताल कथा' कथाको छनोट गरी परिस्थितिगत अध्ययन गरिएको छ ।

### २.७.१ 'पाहुना घर' कथामा परिस्थितिगत सन्दर्भ

साहित्यकार लोकेन्द्रबहादुर चन्द्रद्वारा लिखित *पाहुना घर* कथा द्वन्द्वकालीन परिवेशलाई आधार बनाएर रचिएको कथा हो । यो कथा *पाहुना घर* कथासङ्ग्रह (२०६८) मा सङ्गृहीत गरिएको छ । प्रस्तुत कथामा सहभागी प्रमुख पात्र ध्रुव र अन्य पात्रहरूले कथामा खेलेको भूमिका, दर्साएको समय स्थान परिवेश तथा भौगोलिक आर्थिक सामाजिक आधारमा कथाको परिस्थितिगत सन्दर्भलाई विश्लेषण गरिएको छ ।

प्रस्तुत कथामा द्वन्द्वकालीन समयमा क्रान्तिकारी विप्लवी र नेपाली सेना दुबैको दोहोरो चपेटामा परी नेपालीहरूले झेल्नुपरेको पीडा, विस्थापित भई पुर्ख्यौली थलो छोड्नुपरेको बाध्यता, गाउँघरतिर सडक यातायात पुगेपछि परिवर्तन भएको मान्छेको व्यापारी स्वभाव, द्वन्द्वकालको पीडाले कठोर बनेका मानव हृदयको प्रस्तुति पाइन्छ । 'पाहुना घर' कथा लाखौँ नेपालीको कथा हो । यस कथाको प्रमुख पात्र ध्रुवलाई बुवाले दुख गरी सहरको राम्रो विद्यालयमा पढाएको, जागिर नपाएको र फर्केर आफ्नै गाउँमा व्यापारव्यवसाय तिर लागेको, गाउँघरसम्म गाडी तथा सडक पुगेपछि गाउँमा व्यापारका ढोकाहरू खुल्दा पाहुनाको लागि बस्न पाहुना घरको व्यवस्था गरेको, सहरिया कर्मचारी, चिरपरिचित सबैले उनको पाहुन घरमा बस्ने गरेको, उनले लोभलालच नगरी व्यापारसँगै सेवा तथा धर्म पनि गरेको र जीवनमा सन्तोष रहेको देखिन्छ तर पनि विप्लवीहरूले उसको धनमाल, कागजात लुटी लत्ताकपडा पोलेर पक्रेर लगेपछि बाटोमा सुरक्षाकर्मीको फौजको डरले भागाभाग गर्दा ऊ छुटेर ज्यान जोगाउन भारतीय बजारमा गई गाउँबाट आफ्नो साथी रतनद्वारा परिवार झिकाई कञ्चनपुर मामाको घरमा राखेर आफ्नो सम्पत्तिको क्षतिपूर्ति माग गर्छु भनरे काठमाडौँ आएको र काठमाडौंमा आफ्नै गाउँलेहरूले समेत साथ नदिइ क्षतिपूर्ति पनि नपाई बिचल्लीमा परेको कारुणीक दृश्य कथामा रहेको छ । द्वन्द्वकालमा

अधिकांश ग्रामीण भेगमा बिनाकसुर निर्दोष नागरिकहरूले सजाय भोग्नुपरेको, विप्लवीहरूले उनीहरूको सम्पत्ति लुटेको, ज्यान मार्ने धम्की दिएको कारण ज्यान जोगाउन नागरिक मधेस र सहरतिर पसेको तीतो यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ। आफ्नो पुर्ख्यौली थलो छोड्न नमान्ने कैयौं आमाबाहरू ज्यान जोगाउन विस्थापित भएका सन्तानहरूको बाटो हेरी फर्किने आशामा जीवन गुमाउनु परेको यथार्थ यस कथामा देखाइएको छ।

राज्य पक्षले नागरिकको गुमेको सम्पत्ति क्षतिपूर्ति दिन नमानेको, ढिलासुस्ती गरेको, पैसा र पहुँच हुनेले मात्र क्षतिपूर्ति पाएको, प्रशासनको चरम लापरवाहीलाई पनि यस कथामा देखाईएको छ। द्वन्दकालीन त्रासदी अवस्थामा मानवीयता, भावना, संवेदनामा लेप लागेका कैयौं मानिसहरू भित्र मध्ये पनि श्यामराज बाजे जागिरे जीवनबाट अवकाश प्राप्त गरी व्यापार व्यवसायबाट प्रशस्त सम्पत्ति जोडी भावनात्मक, सहयोगी, उदारताको भावना भएका केही मान्छे अझैं जीवित छन् भन्ने प्रतिनिधित्व गर्ने पात्र हुन्। उनले ध्रुवको उद्दार गरी उसको जीवनलाई सहज बनाइदिएको प्रस्तुति यस कथामा देखिन्छ।

'पाहुना घर' कथामा स्थानगत सन्दर्भलाई दृष्टिगत गर्दा दार्चुला जिल्लाको ग्रामीण समुदायको शिक्षा र आर्थिक रूपले खान लाउन पुगेको, जागिर नपाई आफ्नै पुर्ख्यौली जमिनमा व्यापार व्यवसाय गर्न फर्केको ध्रुवको कथामा आधारित विषयवस्तुको प्रस्तुति रहेको छ। ऊ पढ्नको लागि आएको विकसित सहर, विप्लवीहरूबाट भाग्दा प्रयोग गरेको पहाडको ओडारसहितको भिरालो बाटो, भारतको पिथौरागढको क्षेत्र, तराईको उर्बर भूमि भएको कन्चनपुर, काठमाडौँ, ललितपुर, पशुपति क्षेत्र, देशको अस्थिर राजनीति, बेरोजगारीका कारण दक्ष जनशक्ति पलायन हुने अमेरिकालगायतका स्थानको वर्णन यस कथामा पाइन्छ। ग्रामीण पहाडी भेगमा मान्छेबीच हुने सहयोग, आदरसत्कार, भावना, समवेदना, उदारता र काठमाडौँ सहरको अस्वभाविक व्यवहार, संवेदनाहीनता, मान्छे बिचको बेवास्थालाई स्थानगत सन्दर्भले पुष्टि गरेको छ। ग्रामीण जनसमुदायको गाउँप्रतिको माया, सम्मान, पशुपालन, खेतीपाती, धर्म संस्कृति र नगरीयर पश्चिमी संस्कृतिलाई पनि स्थानगत सन्दर्भले प्रस्ट्याइएको छ। सडक विस्तार, यातायातलगायतको विकासले मानिसमा आएको व्यवसायमुखी परिवर्तित स्वभाव, ग्रामीण क्षेत्रमा धनी सामन्तीहरूको ब्याजमा पैसा लगानी गर्ने प्रवृत्ति आदिलाई स्थानगत सन्दर्भले प्रष्ट्याएको छ भने सहरिया चलाखीपन, महंगी, जमिन लिजमा लिने प्रवृत्तिलाई पनि प्रष्टाएको छ।

प्रस्तुत कथालाई समयको आधारमा दृष्टिगत गर्दा राजनैतिक परिवर्तनमाका नाममा

गरिएको दशवर्षे क्रान्तिको समयलाई सङ्केत गरिएको छ । द्वन्द्वकालीन परिवेशमा आधारित भएर तयार पारिएको यस कथामा द्वन्दकालले सर्वसाधारण नागरिकको जीवन पद्धतिमा परेको नकारात्मक प्रभाव, फैलिएको त्रास, डर, विप्लवीले सर्वसाधारण व्यक्तिहरूलाई आफ्नो इलम गरिखान नदिएको यथार्थ, बिनाकसुर पक्राउ, सम्पत्ति हडप्नेलगायतका सन्दर्भलाई समेटेको छ । द्वन्द्वकालीन समयमा प्रगति तथा क्रान्तिकारी परिवर्तनका नाममा विप्लवीहरूले सिद्धान्तको विपरित गएर आचारसंहिताको ख्याल नगरी सर्वसाधारण ग्रामीण, अशिक्षित सोझासाझा नागरिकको जीवनमाथि खेलेको, सम्पत्ति हडपेको, कागजात खोसेको, मार्ने धम्की दिएको, ज्यान जोगाउन ग्रामीण पीडित नागरिकहरूले पुर्ख्यौली थलो छोडी रातारात चोर बाटोको सहायताले सहर पसेको कारुणीक दृश्य समयगत सन्दर्भबाट यहाँ प्रस्टिएको देखिन्छ । द्वन्दकालमा सरकारी पक्ष, प्रशासन, सुरक्षाकर्मीले जनसाधारणको हकहित, शान्ति सुरक्षाको लागि केही नगरेको, गैरजिम्मेवार भएर बसेको यथार्थलाई यस कथामा प्रस्तुत गरेको छ । द्वन्दकालीन समयले बन्दोबस्त गरेर जसोतसो जीविकोपार्जन गरिरहेका कैयौँ नेपालीहरूको गाँस, बास, कपासको अधिकार खोसेको कुरा यस कथाबाट प्रष्ट हुन्छ ।

*पाहुना घर* कथासङ्ग्रहमा कथामा देखिएका सहभागीहरूलाई दृष्टिगत गर्दा ध्रुव प्रमुख पात्रको रूपमा र श्यामराज बाजे सहायक पात्रको रूपमा अनि रतन, ध्रुवकी आमा, श्रीमती, छोराछोरी, साथीहरू, मामा, विप्लवी समूह, पाहुनाहरू आदि गौण पात्रका रूपमा सहभागी रहेका देखिन्छन् । ध्रुव ग्रामीण परिवेशमा बसोबास गर्ने, खान लाउन समस्या नभएको, सहरको राम्रो कलेजमा पढेर पनि रोजगार नपाई गाउँमै फर्किएर खेतीपाती व्यापार व्यवसायतिर लागेको, सत्य, परिश्रमी, समाजसेवी, इमान्दार, निस्वार्थी मानवीयता भएको मञ्चिय पात्र हो । जिम्मेवार आशावादी पात्रका रूपमा रहेको ध्रुव देखिएको छ । गतिशील र अनुकुल स्वभावको पात्र ध्रुवले द्वन्दकालमा बिनाकसुर सम्पति गुमाउने, गन्तव्यविहिन पाइला चाल्दै विस्थापित हुने आफूजस्तै नेपाली ग्रामीण युवाहरूको प्रतिनिधित्व गरेको छ । श्यामराज काठमाडौँमा राम्रो बसोबास भएका, जागिरबाट पेन्सन पाएका व्यापार व्यवसाय गरेर धन कमाएका, छोरा अमेरिका अस्ट्रेलिया र आफू बुढाबुढी एक्लै घरमा भएका, विप्लवीले हडपेको सम्पत्ति दिनरात धाएरै भएपनि क्षतिपूर्ति पाएका, दुःखमा परेको ध्रुवलाई ललितपुरमा भएको सात रोपनी जमिनमा मेहेनत गरेर खानु, अलिकति भाडा मलाई दिनु भनेर सहयोग गरेका सहयोगी, मानवीय, अनुकूल पात्रका रूपमा देखिएका छन् । छोराछोरी बाहिर भएको कारण बेलामौकामा भेट्न जाने, आफू र आफ्नो सम्पतिको हेरचाह गर्ने मान्छे नभएका व्यक्तिका रूपमा देखिएका छन् । यस कथामा

यिनको भूमिका र कुरा र अवस्थाबाट छोराछोरी बाहिर जाने, बुढाबुढी एक्लै गाउँघरमा घर कुरेर बस्ने, एक्लो अनुभूति हुनुका साथै वैदेशिक रोजगारप्रतिको आकर्षण, योग्य जनशक्तिको पलायनको सन्दर्भ प्रष्ट पारेको छ। साथै नेपालमा रोजगारीका अवसरहरू नभएको, पढेलेखेका व्यक्तिहरू क्षमता र अवसरले भ्याएसम्म विदेश पलायन हुने र लगानी नहुने अवसर नपाउनेहरू गाउँघर कै कुटोकोदालो, सानोतिनो व्यापारव्यवसायमा लाग्ने गरेको परिस्थितिगत सन्दर्भ यहाँ प्रस्तुत गरिएको छ।

समग्रमा देश, काल, परिस्थितिका कारण राज्य ढाँचा परिवर्तनको विषयलाई उठाएर देशमा द्वन्द्वकालको सुरुवात भएको, द्वन्द्वकालमा लडाकुहरूले सिद्धान्तको विपरित गएर काम गर्ने, ग्रामीण, सहरिया, शिक्षित अशिक्षित, हुने नहुने व्यक्तिहरूलाई दुःख दिएको, नागरिकहरूको चलअचल सम्पत्ति हडपेर झन् अन्याय गरेको, कैयौँ निर्दोश व्यक्तिहरू घरबार छोडेर बाँच्नको लागि तराई तथा शहर पसेको, आफन्तसँग शरण लिएको, देशको अव्यवस्थित राजनैतिक तथा प्रशासनिक गैरजिम्मेवारीका कारण बेरोजगार बढ्नुका साथै पढेलेखेका युवाले क्षमता योग्यताअनुसारको काम नपाई कोही विदेश त कोही गाउँ नै फर्केको, युवायुवतीहरू विदेश पलायन भई घरमा बुढापाका मात्र रहेको, न्यायका लागि पटकपटक प्रशासनको ढोका ढकढक्याउँदा पनि क्षतिपूर्ति नपाएको, सहरिया अमानवीय प्रवृत्तिले बाँच्नका लागि गर्नुपरेको संघर्षलगायतका परिस्थितिको सन्दर्भ यस कथामा देखिएका छन् साथै बाँच्नका लागि संघर्ष गर्नुपर्छ। हिम्मत हार्नु हुँदैन्, अन्याय अत्याचारको विरुद्धमा आवाज उठाउनुपर्छ। समस्यासँग भागेर होइन जुधेर समाधान गर्नुपर्छ भन्ने सन्दर्भलाई प्रयुक्त परिस्थितिजन्य सन्दर्भले सङ्केत गरेको छ।

### २.७.२ 'बेताल-कथा' कथामा परिस्थितिगत सन्दर्भ

कथाकार लोकेन्द्रबहादुर चन्दद्वारा लिखित पाहुनाघर कथासङ्ग्रहमा सङ्गृहीत अन्तिम कथाका रूपमा बेताल कथा रहेको छ। यो कथा द्वन्द्वकालीन परिवेश, तत्कालीन समाज, मानिसको मनोविज्ञानलाई विषयवस्तु बनाएर रचिएको कथा हो। प्रस्तुत कथामा प्रमुख पात्र बेताल बाजे र अन्य पात्रहरूले कथामा खेलेको भूमिका, दर्साएको समय, स्थान, परिवेश तथा भौगोलिक आर्थिक सामाजिक आधारमा कथाको परिस्थितिगत सन्दर्भलाई विश्लेषण गरिएको छ।

प्रस्तुत कथामा द्वन्द्वकालीन समयमा क्रान्तिकारी विप्लवीहरुको चपेटामा परी नेपालीहरू बाँच्नु परेको, विस्थापित भई पुर्ख्यौली थलो छोड्नु परेको, सहर पस्नु परेको बाध्यतालाई चित्रण

गरिएको छ । यस कथामा तत्कालीन नेपाली समाज अशिक्षित, रूढिवादी भएका कारण रोग, चोटपटकलाई पुनर्जन्मको पाप ठान्ने, धर्मसंस्कृति तथा रुढिवादि परम्पराप्रति एकोहोरा हुँदा मनिसले दुःख पाउने गरेको सामाजिक यथार्थ पक्षको चित्रण गरिएको छ । नेपाली समाजका सामन्तीहरुले अबला निरिह महिला माथि कुदृष्टि राख्ने, शोषण दमन गर्ने स्वार्थी प्रवृतिको प्रस्तुतिसमेत यस कथामा पाइन्छ । मानिसको गलत बुझाई र मनोविज्ञानका कारण गरिने गल्तिकमिकमजोरीलाई प्रस्तुत गरिएको यस कथामा देशमा रोजगारीका अवसरहरु नहुँदा युवावर्ग विदेश पलायन हुने, बुढापाका अभिभावक घरमा साहाराविहिन हुने यथार्थ नेपाली समाजको चित्रणसमेत गरिएको छ । *बेताल-कथा* कथामा द्वन्द्वकालीन परिवेश, रोगप्रतिको सामाजिक अन्धविश्वास, समाजका मानिसको सम्बन्धप्रतिको नकारात्मक टिप्पणी, देशमा भएको अशान्ति, त्रासपूर्ण वातावरण, विप्लवीको क्रान्तिकारी व्यवहारका कारण ग्रामीण भेगका मानिसहरू ज्यान जोगाउन सहर पसेको, सहरबाट पनि अवसर पाए जति युवावर्ग विदेश पलायन भई अभिभावकको बेवास्था गरिएको स्थिति, किशोरावस्थाका युवावर्ग लहलहैमा लागेर विप्लवी क्रियाकलापमा सहभागी भई गलत काम गर्नेलगायतका विषयवस्तुको प्रस्तुति यस कथामा पाइन्छ । देशकाल, परिस्थिति, समाज संस्कृतिका नकारात्मक पक्ष र मानिसमा परेको त्यसको प्रभावको विषयलाई यस कथामा प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथाको स्थानगत सन्दर्भलाई दृष्टिगत गर्दा नेपालको ग्रामीण पहाडी समाजको चित्रण गरिएको छ। बेताल बाजे र प्रद्युम्नको गाउँको घर, बेलमतिको श्रीमान्‌को घर, सामन्ती रामबहादुरको घर, बेलमति प्रद्युम्नको घर पुग्न लागेको दुईदिनको पहाडी बाटो, काठमाडौँ सहर, स्वदेशमा रोजगारीका अवसर नपाउँदा नेपाली युवा पलायन भएको अमेरिकालगायतको विदेशी भूमि, विप्लवीले रोजेको वनजङ्गल आदि स्थानको वर्णन यस कथामा रहेको छ। *बेताल बाजे* कथाका प्रमुख पात्र प्रद्युम्न, महिला पात्र बेलमति, महिलालाई सम्मान नगर्ने रूढिवादी सोचको बेलमतिको श्रीमान, बेलमतिको छोरा धवल, प्रधुम्नका छोराहरू, श्रीमती, गाउँले, यौनपिपाशु शोषक सामन्ती रामबहादुरलगायतका पात्रहरूको सहभागिता रहेको यस कथामा उखान टुक्काको प्रयोग हुनुका साथै भाषिक सरलता पाइन्छ। उपरोक्त कथामा मुख्यतया सामाजिक, राजनैतिक, द्वन्द्वकालीन, आर्थिक, परिवेशगत र समयगत सन्दर्भको प्रयोग गरिएको छ। पहाडी ग्रामीण भेगमा तल्ला जाति र माथिल्ला जाति बीच मित लगाउने, मितको सम्बन्धलाई रगतको भन्दा ठुलो ठान्ने, एकअर्काका दुखसुखमा साथ दिने, मानवीय धर्म र सेवालाई जीवन मान्ने सन्दर्भले ग्रामीण भेगमा जातिय विभाजन रहे पनि एकअर्को जातजाति बीच सम्मान र मानवता

भएको विषयबस्तुको चित्रण गरिएको छ । सहरमा मानिसको यथार्थ सम्बन्धलाई नबुझी एकअर्काका कुरा काट्ने, निर्दोष महिलापुरुषलाई एकअर्काको बात लगाउने, यथार्थ नबुझी मान्छे आवेशमा आउने, हतियार उठाउने र साँचो कुरा थाहा पाएर पछुताउनेलगायतका पक्षले मनिसका संवेदनाहीनता, क्रोधी मनोरोगी स्थितिलाई देखाएको छ। बेताल बाजेले कथा सुनाउने गरेको प्रसङ्गले सहरमा बृद्धबृद्धालाई समय बिताउन गाह्रो हुने, गाँउको जस्तो भलाकुसारी, चियाचौतारी सहरबजारमा नहुने सन्दर्भलाई व्यक्त गरिएको छ ।

प्रस्तुत कथालाई समयगत आधारमा दृष्टिगत गर्दा राजनैतिक परिवर्तनका नाममा गरिएको दशवर्षे क्रान्तिको समयलाई देखाइएको छ। द्वन्द्वकालीन परिवेशलाई आधार बनाएर तयार गरिएको यस कथामा द्वन्द्वले सर्वसाधारण नागरिकको जीवनमा परेको नकारात्मक प्रभाव, उनीहरुको मनमा उत्पन्न डर, त्रासलाई प्रस्ट्याएको छ । यस कथामा क्रान्तिका कारण सर्वसाधारण पीडित नागरिकले ज्यान जोगाउन पुर्ख्यौली थलो छोडी सहर पस्नु परेको कारुणिक दृश्य समयगत सन्दर्भबाट प्रस्तुत गरिएको छ । यस कथामा तत्कालीन समाजमा अशिक्षा, चेतनाको कमी, स्वास्थ्य ज्ञानको अभावको कारण कुष्ठ रोगलाई पुनर्जन्मको पाप ठानिने, कुष्ठ रोगीहरुलाई हेला गर्ने, स्याहारसुसार नगर्ने, अलगै राख्ने, काजक्रिया, छाक बस्नुको सट्टा खसी काटेर खाने र यसो गरेमा बाँकी सन्तानमा कुष्ठ रोग सर्दैन भन्ने रुढिवादी सोचको चित्रण समेत गरिएको छ । तत्कालीन समयमा किशोरावस्थाका युवावर्ग लहलहैमा लागेर विप्लवी क्रियाकलापमा सहभागी भई गलत काम गर्ने, यथार्थ कुरा नबुझी विप्लवीको साथमा जङ्गल पस्ने, हतियार चलाउने गरेको प्रसङ्गबाट तत्कालीन समयले केटाकेटीहरु हतियार र मृत्युसँग नडराउने, हतियार चलाउँदा आफूलाई बहादुर ठान्ने गरेको मनोविज्ञानलाई देखाएको छ ।

'बेताल-कथा' कथामा देखिएका सहभागीहरूलाई दृष्टिगत गर्दा प्रद्युम्न प्रमुख पुरुष पात्र र बेलमति नारी पात्रको रूपमा रहेका छन् । यस कथाका अन्य गौण पात्रको रूपमा धवल, बेलमतिको श्रीमान्, रामबहादुर, विप्लवी आदि गौण पात्रका रूपमा सहभागी रहेका देखिन्छन् । बेताल बाजे र प्रद्युम्न ग्रामीण परिवेशमा बसोबास गर्ने, खान लाउन समस्या नभएको, सत्य, परिश्रमी, समाजसेवी, इमान्दार, निस्वार्थी मानवीयता भएको मञ्चिय पात्र हुन् । गतिशील र अनुकुल स्वभावको पात्र बेताल बाजे र प्रद्युम्नले द्वन्दकालमा बिनाकसुर पुर्ख्यौली थलो छोड्नु परेका, गन्तव्यविहिन पाइला चाल्दै विस्थापित हुने आफूजस्तै नेपाली ग्रामीण युवाहरूको प्रतिनिधित्व गरेको छ। बेताल बाजे र प्रद्युम्न गाउँ छोडेर सहर आइसकेपछि काठमाडौंमा राम्रो बसोबास भएका, छोरा अमेरिका अस्ट्रेलिया र आफू एक्लै घरमा भएका सहयोगी, मानवीय,

अनुकूल पात्रका रूपमा देखिएका छन् । यस कथामा यिनको भूमिका, कुरा र अवस्थाबाट छोराछोरी बाहिर जाने, बुढाबुढी एक्लै घर कुरेर बस्ने, एक्लो अनुभूति हुने साथै वैदेशिक रोजगारप्रतिको आकर्षण, योग्य जनशक्तिको पलायनको सन्दर्भ प्रष्ट पारेको छ साथै नेपालमा रोजगारीका अवसरहरू नभएको, पढेलेखेका व्यक्तिहरू क्षमता र अवसरले भ्याएसम्म विदेश पलायन हुने परिस्थितिगत सन्दर्भ यहाँ प्रस्तुत गरिएको छ । यस कथाकी नारी पात्र बेलमतिले श्रीमानबाट पाएको तिरस्कार, उनीमाथि परेको रामबहादुरको कुदृष्टि, समाजका मानिसहरुले उनको र प्रद्युम्नको नराम्रो सम्बन्धको हल्ला चलाउनुलगायतका सन्दर्भले नेपाली समाजमा हुने लैङ्गिक हिंसा,  महिलामाथिको अन्यायअत्याचार, पुरुषप्रधान समाजले निम्त्याएका समस्याको चित्रण गरिएको छ । समग्रमा प्रस्तुत बेताल-कथा कथामा द्वन्द्वकालीन परिवेश, रोगप्रतिको सामाजिक अन्धविश्वास, समाजका मानिसको सम्बन्धप्रतिको नकारात्मक टिप्पणी, देशमा भएको अशान्ति त्रासपूर्ण वातावरण, विप्लवीको क्रान्तिकारी व्यवहारका कारण ग्रामीण भेगका मानिसहरू ज्यान जोगाउन सहर पसेको, सहरबाट पनि अवसर पाए जति युवावर्ग विदेश पलायन भई अभिभावकको बेवास्था गरिएको स्थिति, किशोरावस्थाका युवावर्ग लहलहैमा लागेर विप्लवी क्रियाकलापमा सहभागी भई गलत काम गर्ने, महिलालाई सम्मान नगर्ने रूढिवादी सोचलगायतका परिस्थितिगत सन्दर्भको प्रस्तुति यस कथामा पाइन्छ ।

## २.८ निष्कर्ष

प्रस्तुत दोस्रो परिच्छेदमा लोकेन्द्रबहादुर चन्दका ‘धनपुतली’, ‘हिउँको तन्ना’, ‘कर्सापको गल्ती’, ‘विसर्जन’, ‘संस्कार’, ‘मानिसको महत्त्व’, र ‘पाहुना घर’, ‘बेताल कथा’ जस्ता कथाहरूको परिस्थितिगत सन्दर्भको अध्ययन गरिएको छ । लोकेन्द्रबहादुर चन्दका कथामा प्रस्तुत भएको परिस्थितिगत सन्दर्भलाई दृष्टिगत गर्दा उनका कथामा नेपाली समाजको ग्रामीण र विशेषगरी सुदुरपश्चिमेली समाजको चित्रण गरिएको छ । ग्रामीण परिवेशलाई जीवन्त बनाउन कथामा घाँसदाउरा काटेको, खेतीपाती गरेको, वनजङ्गलको चित्रण, गाईवस्तु पालेको, घिउ बेचेको, गाडीमोटर तथा बाटोघाटोको सुविधा नपुगेको, खोलानाला, उकालीओरालीको चित्रण गरिएको, पानीपधँरो, काफल टिपेको, बाढीपहिरोले घरखेत बगाएको, भिरालो चिप्लो साँघुरो बाटोको प्रयोग गरेको, धामीझाँक्री वैद्यलाई उपचार पद्धतिमा प्रयोग गरेको, पाहुनाको सेवासत्कार गरेको, सुदूरपश्चिमेली मातृभाषाका अत्यधिक शब्दको प्रयोग गरिएको, छरछिमेकमा गाईगोरुले बालीनाली नोक्सान गर्दा झगडा भएको, द्वन्द्वकालीन समयमा विप्लवीहरू गाउँ पसेको, गाउँघरमा त्रास फैलिएको जस्ता परिवेशगत सन्दर्भको प्रयोग गरिएको देखिन्छ ।

उपर्युक्त कथाहरूमा सहरी परिवेशलाई सङ्केत गर्नका लागि काठमाडौँका अग्ला घरहरू, पक्की बाटो, सडकमा गाडी कुधेर हिन्न डर लागेको प्रसङ्ग, घरघरमा सामान बेच्न आउने सन्दर्भ, दरवार, दरवारिया चहलपहल, पशुपति क्षेत्रमा पूजापाठ गरेको, भजन कृतन गरेको, सिफल, बालाजु, ललितपुर, काठमाडौंका विद्यालय आदिजस्ता स्थान र सन्दर्भको प्रयोग गरिएको छ। यसका साथै उनका कथामा राणाकालीन प्रवृत्तिको छापका साथै पञ्चायतकालीन समयदेखि द्वन्द्वकालीन समय हुँदै अहिलेको सङ्क्रमणकालीन समयसम्मका शासक वर्गले शासित वर्गमाथि अथवा उच्च वर्गले निम्न वर्गमाथि गरेको अन्याय, अत्याचार, शोषणदमन, हत्या आदि कार्यबाट सर्वसाधारण जनताले भोग्नुपरेको यातना र सास्तीको चित्रण गरिएको छ। बेरोजगारी, गरिबी, भारतीय मुलुकमा गएर नेपालीले गर्ने ज्याला, मजदुरी, रोग, शोक आदि कारुणीक परिवेशमा कथा सिर्जना भएको देखिन्छ।

नेपाली ग्रामीण समाजमा राज्य तथा सरकार पक्षले विकासका पूर्वाधारको व्यवस्था पुऱ्याउन नसकेको कारण पहाडी ग्रामीण समाज र त्यहाँका मान्छेहरू विकास, शिक्षा, स्वास्थ्य, चेतना, स्वतन्त्रतामा पछाडि परी रूढिवादीअन्धविश्वास, धार्मिक परम्परा, भूतप्रेत, ईश्वर, पापपुण्यमा जकडिएका देखिन्छ भने सामान्तीहरूले अपठित सर्वसाधारणलाई शारीरिक, मानसिक पीडा दिइएको, शोषणदमन गरेको सन्दर्भको प्रयोग यिनका कथामा गरिएको छ। नयाँ राजनीतिक परिचय, सत्ता परिवर्तनका नाममा गरिएका जनयुद्ध र त्यसले नेपाली समाजमा निम्त्याएको डर, त्रास, राजनैतिक षड्यन्त्र, सत्ताप्रतिको लालची प्रवृति, राजनैतिक हस्तक्षेप, जनतालाई नेताले दिएको झुटो आश्वासन जस्ता सन्दर्भको प्रयोग गरिएको हुनाले उनका कथामा विकृत राजनैतिक परिवेशको चित्रण देखिन्छ। यसैगरी राज्यका प्रशासनिक निकायका उच्च पदस्थ कर्मचारीहरूले गरेको ढिलासुस्ती, फजुल खर्च, घुस, अन्यायिक निकाय, गैरजिम्मेवार कार्यशैली, पदको दुरूपयोग, हेपाहा प्रवृत्ति जस्ता सन्दर्भको प्रयोग पनि उनका कथामा भएको देखिन्छ। कथामा प्रयुक्त यस्ता सन्दर्भले चन्दका कथामा प्रशासनिक क्षेत्रमा हुने गरेका विकृति र विङ्गत परिवेशको चित्रण पुष्टि भएको देखिन्छ। भौगोलिक क्षेत्रका दृष्टिले हेर्दा कथाका विभिन्न सन्दर्भलाई जोड्ने नेपालबाहेक अमेरिका, अष्टेलिया, भारतआदि जस्ता स्थानको उल्लेख गरिएको भएपनि उनका कथामा बढिजसो पश्चिमी नेपालका डोटी, दार्चुला, बैतडी, कञ्चनपुरलगायतका विभिन्न स्थान र काठमाडौँको सहरी परिवेशको चित्रण भएको देखिन्छ। यसरी लोकेन्द्रबहादुर चन्दका विभिन्न कथामा प्रयोग भएका स्थान, समय र सन्दर्भले जीवन्त परिवेश निर्माण हुनुका साथै कथाकारले व्यक्त गर्न खोजेको विषय र भाव प्रकट गर्न कथाको

परिवेश उपयुक्त रहेको देखिन्छ ।

कार्यका आधारमा लोकेन्द्रबहादुर चन्दका कथामा सहभागी भएका पात्रहरूलाई हेर्दा प्रमुख, सहायक र गौण तीनै प्रकारका पात्रहरूको सहभागिता भएको पाइन्छ । प्रमुख पात्रहरू कथाको मूल कथानकसँग आएका छन् भने सहायक पात्रहरू प्रमुख पात्रको सहयोगी भएर देखापरेका छन् । प्रमुख र सहायक पात्रका कार्यव्यापारका सन्दर्भमा कतिपय कथाहरूमा गौण पात्रहरू पनि देखापरेका छन् । प्रवृत्तिका आधारमा लोकेन्द्रबहादुर चन्दका कथामा सहभागी पात्रहरूलाई हेर्दा अनुकूल प्रतिकूल दुवै प्रकारका  पात्रहरूको सहभागिता भएको पाइन्छ । संख्यात्मक रूपमा हेर्दा कथामा प्रतिकुल पात्रको संख्या बढी र अनुकूल पात्रको सङ्ख्या तुलनात्मक रूपमा केही कम देखिन्छ । जीवन चेतनाका आधारमा चन्दका कथामा सहभागी पात्रलाई हेर्दा वर्गगत र व्यक्तिगत दुबै प्रकारका पात्रहरूको प्रयोग गरेको पाइन्छ। कथामा प्रयोग भएका प्राय सत पात्रहरू वर्गगत रूपमा आएका छन भने व्यक्तिगत पात्रका रूपमा असत् पात्रहरू देखापरेका छन् । आसन्नताका आधारमा चन्दका कथामा मञ्चीय र नेपथ्य पात्रको कम प्रयोग भएको देखिन्छ । आबद्धताका आधारमा चन्दका कथालाई हेर्दा बद्ध र मुक्त दुबै प्रकारका पात्रहरूको प्रयोग भएको पाइन्छ। कथामा प्रयोग भएका मुक्त पात्रको तुलनामा बद्ध पात्रको बढी सक्रिय भूमिका रहेको छ । समग्रमा चन्दका कथामा सहभागी पात्रहरूले नेपाली ग्रामीण समाजका गरिबहरूको जनजीवन, संघर्ष, सामन्तीहरूको अमानवीय थिचोमिचो, धार्मिक आस्था, रूढिवादी परम्परा, सचेतताको अभाव, प्रगतिवादी पात्रमाथिको दुर्व्यवहार, मौलिक भाषाशैली, पहिचान, जीवनप्रतिको अधुरा अपुरा सपनालाई यथार्थपरक रूपमा सचित्र प्रस्ट्याएका छन् ।

तेस्रो परिच्छेद

# लोकेन्द्रबहादुर चन्दका कथामा संज्ञानात्मक सन्दर्भ

## ३.१ विषयप्रवेश

कथाकार लोकेन्द्रबहादुर चन्दका कथामा विषयगत भिन्नता पाइन्छ । उनका कथामा सामाजिक, राजनैतिक, आर्थिक परिवेश र तिनकै पृष्ठभूमिबाट विषयवस्तु लिएर विचार र भाषिक कलाका माध्यमबाट मानवीय जीवनका साथै नेपाली समाजको यथार्थताको प्रस्तुति पाइन्छ । कुनै पनि पाठमा समेटिएका व्यक्ति, वस्तु, समय, स्थान, अवस्था, दृश्य, घटना अर्थात् सिङ्गो पाठ नै सन्दर्भ हो । कुनै पनि कथा तत्कालीन समाजको सामाजिक, सांस्कृतिक, राजनैतिक, धार्मिक, लैङ्गिक, वर्गीय, जातीयलगायतका सन्दर्भहरूसँग अर्न्तः सम्बन्धित हुन्छ । संज्ञान भनेको कुनै पनि सङ्कथनात्मक पाठ सुनेर वा पढेर प्राप्त भएको समग्र अर्थ हो । पाठकले सङ्कथनलाई पढेर जे कुरा बुझ्छ र निष्कर्ष निकाल्छ अनि श्रोताले सङ्कथनलाई सुनेर जे कुरा अवगत गर्छ र निष्कर्ष निकाल्छ, त्यो नै सङ्कथनको संज्ञानात्मक अर्थ हो । तसर्थ कुनै पनि सङ्कथनभित्र निहित रहेको ज्ञानात्मक सन्दर्भ नै संज्ञानात्मक सन्दर्भ हो । चन्दका हरेक कथाहरू देश, काल, परिस्थिति, समाज, संस्कृति, शासन व्यवस्था, पात्रलगायतका पक्षसँग सम्बन्धित भएकोले संज्ञानात्मक सन्दर्भगत अध्ययनका आधारमा विशिष्ट रहेका छन् । चन्दका कथासङ्ग्रहमा रहेका कथाहरू विषयगत सन्दर्भका आधारमा भिन्न भिन्न भएकाले कथामा समेटिएको विषयगत पृथक्तालाई दृष्टिगत गर्दै चारवटा कथा सङ्ग्रहभित्रका निश्चित कथाहरूको सोद्देश्य नमुना छनोट गरी ‘मध्याह्न साँझ’, ‘धनपुतली’, ‘कर्सापको गल्ती’, ‘विसर्जन’, ‘संस्कार’, ‘मानिसको महत्त्व’, ‘ऊ पर्खिरही’, ‘पाहुना घर’, ‘आँसु’ कथाको संज्ञानगत अध्ययन गरिएको छ ।

## ३.२ संज्ञानात्मक सन्दर्भको परिचय

संज्ञान भनेको कुनै पनि सङ्कथनात्मक पाठ सुनेर वा पढेर प्राप्त भएको समग्र अर्थ हो । पाठकले सङ्कथनलाई पढेर जे ञकुरा बुझ्छ र निष्कर्ष निकाल्छ अनि श्रोताले सङ्कथनलाई सुनेर जे कुरा अवगत गर्छ र निष्कर्ष निकाल्छ, त्यो नै सङ्कथनको संज्ञानात्मक अर्थ हो । कुनै पनि सङ्कथनभित्र निहित रहेको ज्ञानात्मक सन्दर्भ नै संज्ञानात्मक सन्दर्भ हो ।

गौतम (२०७४) का अनुसार संज्ञानात्मक सन्दर्भ भनेको जीवन अनुभव हो । जुन

सांस्कृतिक सन्दर्भबाट व्यक्तिले आर्जन गरेको हुन्छ वा अन्तर्वैयक्तिक रूपमा निजी अनुभव वा ज्ञानका रूपमा व्यक्तिनिष्ठ संज्ञानका रूपमा रहेको हुन्छ (पृ. ४) ।

मिश्र (सन् २००५) का अनुसार सङ्कथनभित्रका वैयक्तिक वा सहभागी सन्दर्भका रहनसहन, संस्कार, जीवन पद्धति, विचारधारा आदिका माध्यमबाट सङ्कथनले भन्न खोजेको मूल आशय ठम्याउनु संज्ञानात्मक अवधारणा हो (पृ. ६१) । वास्तवमा सङ्कथन विश्लेषणको मूल चासो पनि यही हो । यो सङ्कथन विश्लेषणको उच्च तह हो । यो अर्थको केन्द्रीय तह पनि हो । संज्ञानात्मक सन्दर्भअन्तर्गत सङ्कथनमा प्रयुक्त भएका भाषिक सङ्केतहरूको कोशिय र व्याकरणात्मक स्थानभन्दा माथि उठेर ती सङ्केतहरूले के कस्ता परिवेशगत सन्दर्भमा के कस्ता अर्थ वा अभिव्यक्तिगत विमर्शलाई द्योतन गरिरहेका छन् भनी विश्लेषण गरिन्छ । संज्ञान सङ्कथनको अर्थ सन्दर्भसँग सम्बन्धित हुन्छ । संज्ञानात्मक अर्थलाई बुझ्न सहभागी लेखक त्यहाँ प्रयुक्त समय, स्थान र सहभागीहरूका संस्कार वा संस्कृति एवम् विचार धारालाई पहिल्याउनुपर्ने हुन्छ । संज्ञान सन्दर्भलाई छुट्याउनका लागि पौडेल र पोखेल (२०७१) ले केही विशेष आधारहरू निर्धारण गरेका छन् । जसलाई निम्नानुसारका शीर्षकमा उल्लेख गरिएको छ ।

### सामाजिक सन्दर्भ

सङ्कथनमा प्रयुक्त सामाजिक सन्दर्भका माध्यमबाट संज्ञान सन्दर्भ पत्ता लगाउन सकिन्छ । सङ्कथनमा सामाजिक सन्दर्भसँग सम्बन्धित के कस्ता सङ्केतहरू प्रयोग भएका छन् । तिनलाई ठम्याएर पाठको अभिव्यञ्जनात्मक अर्थ बुझ्न सकिन्छ । समाजसँग सम्बन्धित भएर पाठमा सहभागीहरू आएका हुन्छन् । ती सहभागीहरूले कुनै न कुनै सामाजिक पक्षलाई द्योतन गरेका हुन्छन् । सहभागीका क्रियाकलापका माध्यमबाट सङ्कथनमा प्रयुक्त भएको सामाजिक सन्दर्भका सङ्केतहरूलाई बुझ्न सकिन्छ । वास्तवमा सङ्कथनमा प्रयुक्त समाज पनि एउटा विशिष्ट परिवेश नै हो समाजसंग सम्बन्धित भएर आउने अनेक सन्दर्भहरूले सङ्कथनमा एउटा विशिष्ट अर्थ सङ्गति कायम गरेको हुन्छ । सङ्कथनमा प्रयुक्त भएका सहभागीहरूको सामाजिक पृष्ठभूमि के हो, तिनीहरूले कुन समाजको कुन विशिष्ट अवस्थाको प्रतिनिधित्व गरेका छन्, त्यो विशिष्ट अवस्थाले के कुरा प्रतिध्वनित गरिरहेको छ आदि कुराहरू सामाजिक सन्दर्भअन्तर्गत आउँछन् । कुनै पनि समाजका चालचलन, त्यहाँको जीवन पद्धति, वेशभूषा रीतिरिवाज, संस्कार, लिङ्ग, वर्ग, जात, धर्म आदि सबै सामाजिक सन्दर्भअन्तर्गत आउँछन् । यी सामाजिक पृष्ठभूमि र सन्दर्भले पाठमा अर्थको सम्प्रेषण गरी अर्थगत विशिष्टता कायम राखेका हुन्छन् । त्यसैले सङ्कथन विश्लेषणका क्रममा सहभागीहरूको सामाजिक पृष्ठभूमिले एकातिर सङ्कथनको अर्थ निर्धारणमा

सहयोग पुयाएको हुन्छ भने अर्कातिर अर्थगत विशिष्टता कायम राख्न सहयोग गरेको हुन्छ।

समय र स्थानले पनि सामाजिक सन्दर्भलाई सङ्केत गरेका हुन्छन् । समय र समाज तथा स्थान र समाजका बीचमा प्रत्यक्ष सम्बन्ध हुन्छ । कुन समयमा घटित भएको कुन घटनाले के कस्तो सामाजिक परिवेशगत संज्ञानलाई बुझाएको छ भनी अध्ययन गर्न सजिलो हुन्छ। समयका आधारमा समाज ऐतिहासिक, वर्तमानकालिक भविष्यकालीन कुनै पनि हुन सक्छ । जे भए पनि कुनै समय विशेषमा निश्चित समाजका सम्पूर्ण सामाजिक प्रचलनहरू यदि सङ्कथनमा समाविष्ट भएका रहेछन् भने तिनले सङ्कथनको संज्ञानात्मक अर्थ निर्धारणमा सहयोग पुयाउँछन् । त्यस्तै स्थानिक सन्दर्भले पनि सङ्कथनको सामाजिकतालाई सङ्केत गरेको हुन्छ । सङ्कथन कुन स्थलमा घटित भएको छ, त्यसका आधारमा पनि सङ्कथनको संज्ञानात्मक अर्थ निर्धारण गर्न सकिन्छ । त्यस स्थानसँग सम्बन्धित विभिन्न सामाजिक पक्षहरू सङ्कथनमा सन्दर्भित भएक हुन्छन् । तिनै सामाजिक पक्षहरूबाट सङकथनको समग्र अर्थ सौन्दर्यको बोध गर्न सकिन्छ। अतः सङ्कथनको संज्ञानात्मक सन्दर्भ विश्लेषण गर्ने क्रममा सहभागी, स्थान र समयसँग सम्बन्धित भएर के कस्ता सामाजिक परिवेशका सुराक वा सङ्केतहरू प्रदान गरिएका छन् भनी सङ्कथनमा खोजी गर्नुपर्ने हुन्छ । त्यस्ता सङ्केतहरू पत्ता लगाएपछि मात्र सङ्कथनको मूल कथ्य सन्दर्भभन्दा बाहिर नगई त्यसलाई विश्लेषण गरेर के कस्ता सामाजिक अभिव्यञ्जना उक्त सङ्कथनले प्रस्तुत गरेको छ भनी छुट्याउन सकिन्छ । त्यसैले सङ्कथनको अध्ययन गर्दा सामाजिक सन्दर्भ महत्त्वपूर्ण मानिन्छ (पौडेल र पोखेल, २०७१, पृ. ४६) ।

**आर्थिक सन्दर्भ**

सङ्कथनमा निहित संज्ञानात्मक सन्दर्भलाई पत्ता लगाउने आधार आर्थिक सन्दर्भ पनि हो । सङ्कथनमा सामाजिक पक्षसँगै जोडिएर आउने समाजका आर्थिक क्रियाकलापको पनि खोजी गर्नुपर्ने हुन्छ । सङ्कथनमा यस्ता आर्थिक सन्दर्भहरू कहीं सूच्यात्मक वा साङ्केतिक रूपमा र कहीं प्राथमिकताका साथ आएका हुन्छन् । यस्ता आर्थिक सन्दर्भले सङ्कथनको परिवेशगत आशय बुझ्नका लागि सहयोग गर्छन् । कुन विशिष्ट आर्थिक क्रियाकलाप भएको समाजमा उक्त सङ्कथनको कथन सन्दर्भघटित भएको हो, त्यसका आधारमा सङ्कथनको विश्लेषण गर्नु पर्ने हुन्छ । सङ्कथनको विश्लेषणका क्रममा संज्ञानात्मक सन्दर्भको निरूपणका लागि सङ्कथनमा आएका आर्थिक सचनाहरूले कस्तो परिवेशगत अर्थ प्रतिध्वनित गरेका छन् भन्ने कुरा उद्घाटनमा सहयोग पुऱ्याउँछन् (पौडेल र पोखेल, २०७१, पृ. ४७) ।

### राजनीतिक सन्दर्भ

सङ्कथनमा निहित संज्ञानात्मक पक्षको उद्‌घाटनका लागि सङ्कथनमा प्रयक्त भएका राजनीतिक सन्दर्भहरू पनि उपयोगी हुन्छन् । प्रस्तोता वा कुनै पनि सङ्कथन समसामयिक युगबोधबाट पृथक् रहन सक्तैन । त्यसैले प्रस्तोताले सङ्कथन प्रस्तुत गर्ने क्रममा यस्ता सूचनाहरू प्रदान गरेको हुन्छ । विभिन्न राजनीतिक सन्दर्भहरूले पाठमा अन्तरनिहित वैचारिक अनुक्रम तथा सङ्कथनको मूल आशयलाई बुझ्न सहयोग पुयाउँछन् । सङ्कथनमा प्रयुक्त विभिन्न राजनीतिक पक्षसँग सम्बद्ध सूचनाहरूको विश्लेषणद्वारा कुनै पनि सङकथनमा प्रयुक्त परिवेशको उद्घाटन गर्न सकिन्छ । त्यस्ता परिवेशले कुन कालिक सन्दर्भमा कुन स्थानमा कस्तो समाजमा कस्तो आर्थिक क्रियाकलापमा त्यस राजनीतिले के असर गरेको छ, सङ्कथनमा राजनीतिक पक्षलाई कस्तो विचार प्रस्तुतिका लागि अघि सारिएको छ, राजनीतिक सन्दर्भद्वारा सङ्कथनले अभिव्यक्त गर्न खोजेको कुरा के हो आदि कुरा पत्ता लगाउन सकिन्छ (पौडेल र पोखेल, २०७१, पृ.४७) ।

### धार्मिक र सांस्कृतिक सन्दर्भ

सङ्कथनमा अन्तरनिहित संज्ञानात्मक पक्षको पहिचानका लागि सङ्कथनमा प्रयुक्त विभिन्न धार्मिक र सांस्कृतिक सन्दर्भहरूले पनि सहयोग पुयाउँछन् । मानवीय जीवन पद्धतिसँग सम्बन्धित विभिन्न धार्मिक क्रियाकलापको अङ्कन सङ्कथनमा भएको हुन्छ । त्यस्तै मानिसका जीवन पद्धति, चालचलन, सोचाइ, आचरण, व्यवहार, खानपान, लुगा, कपडालगायतका विभिन्न संस्कारहरू धार्मिक र सांस्कृतिक सन्दर्भअन्तर्गत आउँछन् । सङ्कथनमा प्रयुक्त त्यस्ता धार्मिक र सांस्कृतिक सन्दर्भहरूबाट त्यहाँ अन्तरनिहित संज्ञानात्मक पक्षको उद्घाटनमा सहयोग पुग्छ (पौडेल र पोखेल, २०७१, पृ. ४८) ।

### वैचारिक सन्दर्भ

सङ्कथनमा प्रस्तुत हुने विभिन्न संज्ञानात्मक सन्दर्भहरूमध्ये वैचारिक सन्दर्भ मुख्य हुन्छ । वास्तवमा सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक र सांस्कृतिक आदि पक्षले कुनै न कुनै वैचारिक निष्कर्षलाई प्रस्तुत गरेकै हुन्छन् । ती सबै पक्षहरूको समग्र अध्ययनबाट एउटा महत्त्वपूर्ण अवधारणा निस्कन्छ । वास्तवमा त्यही अवधारणा नै वैचारिक पक्ष हो । पाठमा प्रयुक्त सहभागी, स्थान, समय आदिका माध्यमबाट कुनै न कुनै सन्देश प्रवाहित भएकै हुन्छ । सङ्कथनमा कुनै न कुनै विचारलाई प्रस्तोताले अघि सारेकै हुन्छ । सङ्कथनमा विचार वा दर्शन सशक्त भएर अन्ततोगत्वा त्यही विचारलाई सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक,

सांस्कृतिक आदि जस्ता विभिन्न कसीमा घोटेर निष्कर्ष निकाल्ने प्रयत्न गरिएको हुन्छ । यस्तो विचार सङ्कथनको सार वाक्यका रूपमा आएको हुन्छ । यही सार वाक्यलाई पहिल्याएर सङ्कथनमा प्रस्तुत भएको वैचारिक सन्दर्भका माध्यमबाट संज्ञानात्मक पक्षको निरूपण गर्न सकिन्छ (पौडेल र पोखेल, २०७१, पृ. ४९) ।

यहाँ संज्ञानात्मक सन्दर्भलाई छुट्याउनको लागि निर्धारण गरिएका सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक तथा सांस्कृतिक र वैचारिक सन्दर्भको छुट्टाछुट्टै उल्लेख गरिएको भए पनि प्रस्तुत अध्ययनमा संज्ञानात्मक सन्दर्भको विश्लेषण गर्नका लागि कथामा प्रस्तुत गरिएका सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक तथा सांस्कृतिक सन्दर्भलाई समग्र रूपमा हेरी परवर्ती उपशीर्षकहरूमा क्रमशः विश्लेषण गरिएको छ ।

### ३.२.१ 'मध्याह्नको साँझ' कथामा संज्ञानात्मक सन्दर्भ

'मध्याह्नको साँझ' कथा *हिउँको तन्ना* कथासङ्ग्रह (२०४२) मा सङ्गृहीत छ । सामाजिक विषयवस्तुलाई प्रस्तुत गरिएको यस कथामा बालविवाह, बहुविवाह, प्रेमविवाहलगायतका विवाह सन्दर्भ र तिनले मानिसहरूको जीवनमा परेको प्रभावलाई प्रस्तुत गरेको छ । यस कथाको प्रमुख पात्रको रूपमा नन्दन पाँडे रहेको छ । ब्राह्मण परिवारमा जन्मेको नन्दनका बुवा जातीय, संस्कारगत तथा धार्मिक मामिलामा कट्टर देखिन्छन् । ७ वर्षको बालक अवस्थामा विधिविधान अनुरूप नन्दनको विवाह हुनु, अरू केही गर्न नसक्ने भन्दै नन्दनका बाले उनका निम्ति पसल थापी दिनु, ३२ वर्षको उमेरमा चार सन्तान हुनु, श्रीमती, घरपरिवार रूढिवादी हुनु, नन्दनलाई आफ्नो जीवन बन्धन जस्तो लाग्नु, ऊ जीवनप्रति खुसी र सन्तुष्ट नहुनु, एकदिन मध्यान्ह व्याँसी छोरीसहित नन्दनको पसलमा सामान किन्न आउनु, उसकी श्रीमतीको चौथो सन्तान जन्माउन नसक्दा मृत्यु भएको दुखद खबर नन्दनलाई सुनाउनु, विरक्तिएर, ऋण लागेर कामको खोजीमा पहाडतिर झरेको व्याँसी नन्दनको गाउँमा नै बस्नु, व्याँसीकी छोरीहरू स्वतन्त्र देखिनु, राति नाचगान गर्नु, कहिलेकाही मदिरा सेवनसँगै रमाइलो गर्नु, व्याँसीकी माइली र कान्छी छोरीलाई त्यसै गाउँका विवाहित आर्यहरूले विवाह गर्नु, नन्दनको बुवाले नन्दन व्याँसी परिवारसँग नजिकिएको देखेर कि घर छोडेर जा कि त्यो व्याँसीलाई गाउँबाट निकाल्छु भनेर घर झगडा गर्नु, नन्दन कि श्रीमतीले ससुराको पक्षमा बोल्नु, नन्दन विरामी हुनु, व्याँसीकी जेठी छोरी रमौलीले नन्दनको स्याहार गर्नु, दुवैबीच प्रेम हुनु र भागी विवाह गर्नु, नन्दनको पढेलेखेको भाइले दाइले गरेको विवाहप्रति असहमति जनाई गाउँ छोडेर जाने निर्णय गर्दा नन्दनले आफू गाउँ छोडेर जानु र घरभन्दा तीनचार दिन टाढाको

ठाउँमा जग्गा किनेर रमौलीलाई राखेर दुबैजना खुशी भएर बस्नु, रमौलीकी माइली र कान्छी बहिनीलाई घरबाट निकालिएको खबर बुवाले चिठ्ठी मार्फत रमौली सुनाउनु, केही समयपछि रमौलीको मृत्यु हुनु, नन्दन रमौलीको लासको खरानी मुट्ठीमा च्यापेर आफ्नो गाउँ नजिकको पिपलको चौतारोमा एकदिन मध्याह्नमा बसेको देखिनु, एक्लै आएको भए, रमौलीलाई छोडेको भए समाजमा स्वीकार गर्ने उद्देश्यका साथ गएको नन्दनको परिवार र समाजका मान्छेहरूले नन्दन मरेको पाउनु यस कथाका घटनाक्रम हुन् ।

प्रस्तुत कथामा समाजमा जातको नाममा गरिने भेदभाव, जातिको नाममा बनाइएका अस्वाभाविक नियम र ती नियमहरूको अन्धभक्त भई अनुसरण गर्दा जीवनमा घट्ने घटनाहरूको यथार्थ चित्रण गरिएको छ । नेपाली समाजमा आर्य र व्याँसी समाजमा भएका भिन्नाभिन्नै संस्कृति, नियमहरूको यथार्थ चित्रण गरिएको छ । साथै नेपाली समाजमा गरिने बालविवाह, सानै उमेरमा बच्चा जन्माउँदा कयौँ नेपाली नारी मृत्युको सिकार हुने यथार्थ पक्षलाई व्याँसीकी श्रीमती चौथो सन्तान जन्माउँन नसक्दा मरेको सन्दर्भबाट स्पष्ट हुन्छ । ब्राह्मण तथा आर्य समाजमा भन्दा मङ्गोलियन समाजमा महिलालाई जीवन जिउने स्वतन्त्रता भएको यथार्थको प्रस्तुति यस कथामा देखाइएको छ । व्याँसी तथा भोटेहरू गलैंचा बुन्ने, हिमाली जडिबुटीको व्यापार गर्ने, व्यापारको सिलसिलामा ठाउँठाउँमा पुग्ने जातिगत, स्थानगत, पेशागत स्वभावलाई पनि यस कथामा देखाइएको छ । नन्दनकी माइली र कान्छी छोरीलाई आर्यहरूले मन पराएर विवाह गरेर लगे पनि घरपरिवारले घरबाट निकालिदिएको सन्दर्भले समाजले अन्तरजातीय विवाह स्वीकार नगर्ने जातीय विभेदलाई संकेत गरेको छ । प्रस्तुत *मध्याह्नको साँझ* कथामा जातीय विभेद, वालविवाहको विरुद्धमा आवाज उठाउनुपर्छ र मानिसले उसको जीवन स्वतन्त्र रूपमा जिउन दिनुपर्छ भन्ने संज्ञान प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथामा नेपाली समाजका निम्नवर्गीय जीवनको दयनीय अवस्थाको चित्रण गरिएको छ । यसको पुष्टि प्रस्तुत कथाभित्रको निम्नलिखित उद्‌गारले गर्दछ :

> नन्दनले सात वर्षकै अवस्थामा दुलाहा हुनुपरेको थियो । दुलाहा भई जन्त जाँदा बाटाभरि बुज्रुकहरूबाट बिहाको आचारसंहिता बारे उसले खुबै उपदेश पाएको थियो तर पनि जब उसको भोकले कराउन लागेको पेटतिर ध्यानै नदिएर घण्टौँ यज्ञशालामा बसाइयो र कर्मकाण्ड द्रौपदीको चीर जस्तै बढ्न थाल्यो तब उसले केही सीप नलागी क्रोधित भएर मन्त्र उच्चारण गर्न नै छाडिदिएको थियो । आज त जम्मा ३२ वर्षको उमेरमा चार छोरा जन्मिसकेका छन् (पृ. ९७) ।

माथिको उद्गारमा नेपाली समाजको बालविवाहलाई संकेत गरेको छ । विवाहलाई खेलको रूपमा खेल्ने बेलाका केटाकेटीलाई विवाहबन्धनमा बाधेर विवाहका आचारसंहितामा केन्द्रित गराउने नेपाली समाजको संस्कार, धर्मका नाममा चलिआएको बालविवाह अन्त्य हुनुपर्छ, पढ्ने, लेख्ने उमेरमा विवाह गर्नु गलत हो । सानो उमेरमा विवाह गर्दा र सन्तान जन्माउँदा शारीरिक स्वास्थ्यमा समेत समस्या आउँछ । हरेक व्यक्तिले विवाहलाई बुझेर इच्छा भएको समयमा र इच्छा भएको व्यक्तिसँग गर्न पाउनुपर्छ र बालविवाह अन्त्य गर्नुपर्छ भन्ने संज्ञान यहाँ प्रस्तुत गरिएको छ। हाल मानवमा बालविवाह सम्बन्धी चेतना आइसकेको छ र त्यसलाई अझ हरेक रस्तीबस्तीमा फैलाउनु पर्छ भन्ने संज्ञान यस कथामा स्पष्ट देखिन्छ। हरेक जाति मानव हुन् र हरेक मानवले समाजमा स्वतन्त्र रूपमा बाँच्न पाउने अधिकार छ। कसैलाई पनि जातीय विभेदको कारण भेदभाव गर्नु असंवैधानिक भएको संज्ञान यस कथामा व्यक्त गरिएको छ ।

मानिसको जीवनको सबैभन्दा ठूलो चाहना भनेको आनन्द वा खुसी हो । खुसी हुनको लागि मानिसलाई जात, धर्म, लिङ्गले नछेक्ने कुराको प्रस्तुति यस कथामा गरिएको छ । यसको पुष्टि प्रस्तुत कथाभित्रको निम्नलिखित उद्गारले गर्दछ :

> मनुष्यको सबैभन्दा ठूलो ध्येय हुन्छ आनन्द प्राप्ति । मनुष्यको प्रकृति वा प्रवृत्ति पनि यही नै हो। व्यक्ति विवेकले काम लिई सानातिना आमोद- प्रमोदहरूबाट टाढा रहन्छ भने केवल यसकारण मात्र कि जीवनमा संघर्ष गर्दा गर्दा ऊ शंकालु भइसकेको हुन्छ अर्थात जिन्दगीलाई देखेर अलिअलि डराउन थालेको हुन्छ। नन्दन पाँडेले जिन्दगीको जुन रूप देखेको होस् तर जसबेला बुझ्न नसकिने भाषाकै भएपनि टी छिनरकी छोरीहरू रातको पूर्वार्द्धमा गीत गाउँथे, मादल बजाउँथे र यदाकदा हाँस्थे, नन्दनको उनीहरूका बीचमा गई बस्ने मन हुन्थ्यो (पृ.९८) ।

मानिसले बनाएका जात धर्म सँस्कृति भनेका सभ्य समाजको निर्माणका लागि बनाइएका आचारसंहिता हुन् र गलत काम नगरी हरेक जातिले खुसी हुन पाउनुपर्छ भन्ने संज्ञान यहाँ प्रस्तुत गरिएको छ। स्वतन्त्रता मानिसको खुसीको आधार हो। खानपिन, नाचगान, रमाइलो आदिका लागि जाति वर्णलाई बाधक बनाउनु हुँदैन भन्ने संज्ञान माथिको उद्गारमा देखाइएको छ। नेपाली समाजमा रहेको जातीय विभेदको सङ्केत यस कथामा गरिएको छ। यसको पुष्टि प्रस्तुत कथाभित्रको निम्नलिखित उद्गारले गर्दछ :

> पहिलो दिन डराउँदै गएको भए तापनि नन्दनलाई बुझ्न बेर लागेन कि ब्याँसी समाजमा नारीस्वातन्त्रय छ । प्रकृतिका यी मौजी शिशु प्रकृतिसँगै तारतम्य राखेर जीवन पवित्र जिउँछन् । आफूलाई सभ्य घोषित गर्ने व्यक्तिहरूको जस्तो उकुसमुकुस अल्झेको जीवन होइन । नन्दनले महफिलमा सरिक हुन थालेको एक महिनामात्र के बितेको थियो, एकदिन उसका पिताजीले धम्काउँदै भने कि उसले ती केटीहरूसित हेलमेल गर्न नछोडेमा या त नन्दन कै पसल बन्द गरिएला अथवा ब्याँसीलाई गाउँबाट निकालिएला (पृ.१००) ।

उपर्युक्त साक्ष्यमा जातीय विभेदको अन्त्य गरिनुपर्छ । हरेक व्यक्तिले एकअर्काको संस्कृति, संस्कारलाई सम्मान गर्नुपर्छ । बाहिरबाट हेर्दा सभ्यता देखाउने भन्दा भित्रिरूपमा मानिस सभ्य र सुसँस्कृत हुनु आवश्यक छ । मानिसले दुईदिनको जिन्दगीमा हाँसेर बाँच्न पाउनुपर्छ । शङ्का, अविश्वास र नियन्त्रणले दुर्घटना निम्त्याउँछ भन्ने संज्ञान यस पाठमा प्रस्तुत गरिएको छ । के आर्यन के मङ्गोलियन सबैका लागि यो धर्ती समान छ । यो देशका नागरिक पहिले मानव भएकोले भेदभावको अन्त्य गर्दै एकअर्काको सँस्कृतिलाई हातेमालो गर्दै अगाडि बढ्नुपर्छ भन्ने संज्ञान यहाँ प्रस्तुत गरिएको छ । प्रस्तुत कथामा नेपाली समाजमा पढेलेखेका मान्छेमा पनि जातीय विभेद सम्बन्धी धारणमा परिवर्तन नआएको र ज्ञानलाई व्यवहारिक जीवनमा अनुशरण नगरेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यसको पुष्टि प्रस्तुत कथाभित्रको निम्नलिखित उद्‌गारले गर्दछ :

> नन्दनको बिहा एक सानोतिनो विस्फोट नै साबित भो किनकी उ ब्राह्मण पनि थियो, नन्दनका पिताजीले खुसामदसम्म पनि गरे । गाउँलेहरूले सम्झाए, तर जतिजति मानिसहरू विरोध गर्न थाले त्यतित्यति रमौलीप्रति उसको आशक्ति बढ्दै जान्थ्यो । नातागोताबाट उसको भातभान्सा, हुक्कानली काटियो, अतः अब ऊ पसलमा नै बस्दथ्यो । एकदिन उसले सुन्यो कि उसको भाइ माधव, जो कि ऋषिकेशमा अध्ययन गर्दथ्यो घर आइपुगेको छ । यो पनि सुन्यो कि आफ्ना दाजुकाचे दुष्कर्मले दुखित भएर यहाँ कहिले पनि नफर्किने प्रतिज्ञा गरी जाँदैछ (पृ.१०३) ।

माथिको उद्‌गारले मानिसलाई रिस, डाह, नियन्त्रण र धम्कीले नभएर मायाले रिझाउनु पर्छ । शङ्काले झगडाको रूप लिन्छ र मनिसको खुसी हरण हुन्छ । मानिस जातले होइन कर्मले ठूलो हुन्छ । पढेलेखेका व्यक्तिहरूमा रूढिवादी कुसंस्कारप्रति सचेतना आएन भने त्यो पढाइ सार्थक हुँदैन । इज्जत, धर्म, संस्कार जातका नाममा सङ्गालिएका सामाजिक कुसंस्कारको अन्त्य

हुनु आवश्यक छ। हिमाल, पहाड, तराईबासी हामी एकजुट भएर एक-अर्काको पिरमर्का साट्दै अगाडि बढ्नुपर्छ । एकअर्काको संस्कृतिलाई सम्मान गर्नुपर्छ । नारीलाई यौनवासना र मनोरञ्जनको साधन नठानी जीवनसंगिनीको रूपमा लिएर साथ दिनुपर्छ। बालविवाह, बहुविवाह रोक्नुपर्छ । अन्तर्जातीय विवाहलाई प्रोत्साहन दिनेका साथै जातीय विभेदको अन्त्य गर्नुपर्छ । प्रेमविवाहलाई सम्मान गर्नुपर्छ । कसैले पनि कसैको खुसी, स्वतन्त्रतालाई इज्जत जाति प्रतिष्ठासँग जोडेर खुसी खोस्नु हुँदैन भन्ने संज्ञान यस पाठमा संकेत गरिएको छ ।

तसर्थ समग्रमा 'मध्याह्नको साँझ' कथालाई संज्ञानात्मक सन्दर्भको आधारमा नियाल्दा समाजमा स्थापित र स्थायित्व पाइरहेका जातिगत, वर्गगत भेदभावको विरोध गर्नुपर्छ । बहुसांस्कृतिक नेपालमा एकले अर्को जातिको पेसा, संस्कारलाई सम्मान गर्नुपर्छ साथै कसैले कसैको स्वतन्त्रता माथि हस्तक्षेप गर्नु हुँदैन । धर्म संस्कृतिका नाममा मानिदैं आएका, मानवजातिको हितभन्दा अहित हुने संस्कृतिका नाममा देखिएका विकृति हटाउनु पर्छ र नारीलाई सम्मान गर्नुपर्छ भन्ने संज्ञानलाई प्रस्तुत कथामा प्रयुक्त पात्र तथा घटनाका माध्यमद्वारा प्रस्तुत गरिएको छ ।

### ३.२.२ 'कर्सापको गल्ती' कथामा संज्ञानात्मक सन्दर्भ

'कर्सापको गल्ती' कथा *विसर्जन* कथासङ्ग्रहमा सङ्गृहीत राणाकालीन राजनैतिक दरबारिया प्रवृत्ति र महिलाप्रतिको राणाहरूको यौनहिंसाको विषयवस्तुलाई लिएर तयार पारेको कथा हो । यस कथामा यस कथाका अधिकांश घटनाहरू काठमाडौंको कर्सापको दरबार, घर वरिपरिको ठाउँ, दरबार वरिपरिको ठाउँ, काठमाडौंका सिफल, बालाजु मकवानपुर, मकवानपुरको अस्पताललगायतका स्थानहरूमा सम्पन्न गरिएको छ। तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरेर असंलग्न समाख्याताले शिवे र उसकी आमाको कथा भनेको छ । कथाको प्रमुख सहभागी शिवे र उसले आमा तत्कालीन कर्सापको गल्तिको कारण मानसिक, सामाजिक सजाय भोग्न बाध्य भएका छन् । राणाकालीन समाजमा राणाहरूले महिलालाई इज्जत नगर्ने, मनपर्ने महिलालाई मनोरञ्जनको साधन ठानी मनोरञ्जन गर्ने र त्यसबाट जन्मेका सन्तानलाई नाम पहिचान नदिने, दरबारबाट निकालिने, मानप्रतिष्ठा कसैले नगर्ने, ती महिला समाजमा चरित्रहीन महिलाको संज्ञा पाउने, सन्तानलाई सबैले हेप्ने, सामाजिक यथार्थ पक्षको चित्रण शिवे र उसकी आमाको विवस्थाबाट प्रष्टिएको छ। दुखपीडाका कारण व्यक्ति लागुपदार्थको दुर्व्यसनको शिकार हुने गरेको पक्षलाई यहाँ देखाइएको छ । वर्गीय विभेदका कारण प्रेमसम्बन्ध विफल, श्रीमानले दुःख दिएपछि महिलाले अर्को विवाह गरेर जाने स्थिति, सुत्केरी हुँदा सुत्केरी खाना दिने प्रचलन,

धनदौलतसँग सम्बन्ध गाँस्ने मानवीय स्वार्थीपना, दुखी, गरिबमाथि समाजले देखाउने दयामाया तथा सहानुभूतिले यस कथामा सामाजिक सन्दर्भलाई संकेत गरेको छ । यस कथामा नेपाली समाजको गरिबी र प्रेममा असफल भएका व्यक्तिहरूको मस्तिष्कमा परेको चोटका कारण परिवर्तन भएको जीवनको गलत बाटोलाई सङ्केत गरेको छ। यसको पुष्टि प्रस्तुत कथाभित्रको निम्नलिखित उद्‌गारले गर्दछ :

> जेहोस् गाउँमा शिवेप्रति सबैको कारुण्य भाव छ र त्यस टोलमा बस्न आएका नयाँ मानिसलाई कसै न कसैले भनिहाल्छ, 'उ : गइरा'छ नि फाटेको लुगा, जुत्ता छैन, गजल कपाल गज्याङ्‌गुजुङ परेकोछ - त्यही हो शिवे, प्रेममा ठगिएको विचरो ।' ( पृ. ११ )

जीवनमा आइपर्ने आरोहअवरोह, मिलनबिछोडलाई स्वीकार गर्दै र नयाँ पाठ सिक्दै मानिसले अगाडि बढ्नुपर्छ। जविनमा हार खाएर विरक्तिएका मानिसलाई सबै माया, हौसला दिनेपर्छ भन्ने संज्ञान माथिको साक्ष्यले प्रस्तुत गरेको छ ।

प्रस्तुत 'कर्सापको गल्ती' कथामा हुनेखाने, उच्च वर्गीय राणाशासकको जीवनशैली, विलासी प्रवृत्तिलाई देखाएको छ भने निम्नआर्थिक अवस्था भएका खानलाउन समस्या भएका र डरधम्की सहेर दरबारमा काम गर्ने गरिब वर्गको कारुणीक चित्र पनि यस कथामा देखाइएको छ । कर्सापले रानीसापले नदेख्ने गरी शिवेलाई चकलेट दिँदा शिवे खुशी हुनु, जेनतेन गरेर आमाले शिवेलाई पढाउनु, वर्गीय हैसियत नमिलेको कारण जर्सापकी छोरी जया र शिवेको प्रेमलाई नस्वीकार्नु, जयाको मकवानपुरे धनाड्य रोगी वृद्धसँग विवाह हुनुलगायतका घटनाले यस कथामा भएका पात्रहरूको उच्चता र निम्नवर्गीय हैसियतका सन्दर्भलाई संकेत गरेको छ । शिवेकी श्रीमती दिलमाया लाउन, खान नपुग्दा, पतिको माया नपाउँदा, शिवले माया नगर्दा यातना दिँदा सिफल तिरको सिपाहीसँग पोइला जान बाध्य हुनु, दुर्गादास जस्ता पात्रहरू पद खोसिदा धनहीन शक्तिहीन बन्नुलगायतका विषयले आर्थिक सन्दर्भको सङ्केत यस कथामा देखाइएको छ । राणाकालीन समयमा राणाहरूको निरङकुशता, राजनैतिक सन्दर्भ र षड्यन्त्र, विलासी जीवनशैली र जनताको गरिबी अभावको यथार्थ चित्रण यस कथामा प्रस्तुत गरिएको छ। यस कथामा वर्गीय विभेदलाई इज्जतसँग तुलना गरिएको छ। उक्त कुरालाई तलको साक्ष्यले पुष्टि गर्दछ :

> भावुकताको यस्तै चरमोत्कर्षको शिवले जयासँगै जर्साप कहाँ जाने हिम्मत गर्यो । आशङ्का गरिए झैं त्यहाँ पायो घोर अपमान र तिरस्कार । त्यै दिनदेखि जयाको स्कुल

> जान बन्द भो र केही दिनभित्रै एकजना खानदानी तर रोगीसँग विवाह गरी जयालाई बिदा गरी मकवानपुर पठाइयो (पृष्ठ १६ देखि १७) ।

उल्लिखित उद्गारलाई हेर्दा वर्गीय विभेद, धनदौलतका आधारमा विवाह सम्बन्ध स्थापित, गरिबलाई हेला, प्रेमसम्बन्धको अपमान गर्ने सामन्ती राणाहरूको प्रवृत्ति असत् रहेको प्रष्ट देखिएको छ ।

'कर्सापको गल्ती' कथा दरबारिया राणाहरूको विलासी जीवनशैली, दरबारिया कामदारहरू मन परेपछि भित्रिनी बनाइ यौनहिंसा गर्ने र सन्तान जन्मिएपछि नाम पहिचान नदिने अत्याचारको संकेत छ । राणाशासनमा सर्वसाधारण नेपाली छोरीचेलीको इज्जत सुरक्षित नभएको र राजा रजौटाकी रखौल भएर समाजमा अपमानित र तिरस्कृत भएर बाँच्नु परेको छ । दरबारिया षड्यन्त्र र कुटनीतिका कारण जुनियर काजीहरू जर्साप बनेको र सिनियर शक्तिहीन हुनु परेको यथार्थलाई यस कथामा देखाइएको छ । राणाहरूले महिलामाथि गरेको यौनशोषणको बिरुद्धमा आवाज उठाउन नपाइने, दरबारिया शोषण दमन अन्याय-अत्याचार यातना सहेर बस्नुपर्ने, महिलाको पक्षमा हकअधिकार, न्याय, कानुन नबनेको तत्कालीन यथार्थलाई स्पष्ट देखाइएको छ । यसको पुष्टि प्रस्तुत कथाभित्रको निम्नलिखित उद्गारले गर्दछ :

> शिवेकी आमालाई दरबारबाट निकालियो । ऊ बस्नेत काजीकी भित्रिनी थिई, न सिन्दुर हालेकी र न विहेमण्डलमा रिङ्गेकी आइमाई (पृ. १३) ।

> रानीसापको मनपरेको कर्नेल भाइ, हाम्रा बस्नेत कर्सापभन्दा जुनियर हुँदाहुँदै पनि कसरी कसरी कर्नेन हुन पुग्नु भो । अब त कर्साप माथि रानीसापको हैकम चल्ने नै भो (पृ. १३) ।

माथिका उद्गारबाट क्रमशः दरबारियाहरूले महिलालाई यौनशोषण गर्ने र समस्या खडा भएपछि दरबारबाट निकालिनुका साथै थापा बस्नेत खलकहरू सत्तापदको लागि विभिन्न षड्यन्त्र रचेर सत्तामा पुग्ने गरेको प्रवृत्ति स्पष्ट हुन्छ । प्रस्तुत कथामा धार्मिक साँस्कृतिक सन्दर्भको पनि संकेत पाइन्छ । देवीदेवताको दर्शन तथा पूजापाठलगायतका सन्दर्भ यस कथामा प्रस्तुत गरिएका छन् । शिवले मनको पिडा भुलाउन गरिएका ध्यान, तपजप, मसानघाटमा सन्यासीको धुनीनिर बस्नु, भगवान गौतम बुद्धको प्रसङ्ग उठाउनु र दिलमाया दशैंको भोलिपल्ट शिवेको घर छोडी सिफलको सिपाहीसँग विवाह गरी जानु, जीवनमा घटेका घटनालाई भाग्यको खेल हो भन्नुलगायतका सन्दर्भले धार्मिक तथा साँस्कृतिक प्रसङ्गलाई स्पष्ट पार्दछ । जयाले धनी

मकवानपुरे रोगीसँग विवाह गर्नु, शिवेकी आमालाई सिन्दुर नहालेकी मण्डपमा सातफेरा नलगाएकी भनी श्रीमतीको ओहदा हकअधिकार नदिनुलगायतका कथामा आएका सन्दर्भले विवाह संस्कारलाई संकेत गरेको छ। यस कथामा अन्धविश्वासी संस्कृतिको नाममा चलिआएका परम्पराको संकेत पाइएको छ ।

प्रस्तुत कथामा राजनैतिक शोषण, दमनकारी प्रवृत्ति अन्त्य हुनुपर्छ । महिलालाई मनोरञ्जनको साधन नठानी मानसम्मान गरी उसको हकअधिकार दिलाउनुपर्छ । दरवारभित्र भित्रिनी र बेइता गरी छुट्याइने श्रीमती, तिनका सन्तान बीचको श्रेणीकरण अन्याय हो। यस्ता प्रवृत्ति अहिले हटिसकेको पाइन्छ । चोखो आत्मिक प्रेमको सम्मान गर्नुपर्छ । विवाह जिन्दगी बिताउने, सुखदुःख र मन साट्ने आधार हो तसर्थ यसलाई धनदौलतसँग जोड्नु हुँदैन। समाजमा भएका वर्गीय विभेदको अन्त्य गर्नुपर्छ। सत्ता र शक्तिका लागि गरिने दरबारिया षड्यन्त्रको अन्त्य गर्नुपर्छ। असहाय, गरिबमाथि अन्याय-अत्याचार गर्नु अपराध हो। देश विकासका लागि शासक र मानव बीच माया र सम्मान आवश्यक हुन्छ । वर्तमान समयमा महिला हक तथा अधिकारसम्बन्धी नियम बनेको हुँदा महिला हिंसाविरुद्ध आवाज उठाउने परिपाटीको विकास भइसकेको छ। बिनाकसुर कसैलाई दुख दिनु हुँदैन । समाजले मानिसका पीडा तथा घाउमा मलम पट्टि लगाउनुपर्छ, विषम परिस्थितिमा साथ दिनुपर्छ। राज्यसत्ता जनताका हकअधिकार, शान्ति सुरक्षा र खुशीसँग जोडिएको हुनुपर्छ । राज्य, राज्यका शासक पक्षले गर्ने अन्याय अत्याचारको खुलेर हामीले विरोध गर्नुपर्छ । वर्तमान परिप्रेक्ष्यमा देशमा लोकतन्त्रको स्थापना भइसकेको, सामन्ती, अन्याय अत्याचार, महिला हकअधिकार सम्बन्धी ऐननियमहरू बनिसकेको कारण हामीले यस्ता सामाजिक राजनैतिक विभेद, अन्याय, अत्याचारहरूको खुलेर विरोध गर्न डराउनु हुँदैन भन्नेलगायतका संज्ञानात्मक सन्दर्भको प्रस्तुति यस कथामा देखिएको छ ।

### ३.२.३ 'विसर्जन' कथामा संज्ञानात्मक सन्दर्भ

'विसर्जन' कथा विसर्जन कथासङ्ग्रह (२०५४) मा सङ्गृहीत छ । सामाजिक तथा प्राकृतिक समस्याको विषयलाई समेटेर तयार पारिएको यस कथामा मुख्यतया सुदूरपश्चिमको डोटी, काठमाडौं, नुवाकोटको स्थानगत परिवेश समेटिएको छ । प्रजातन्त्रको प्राप्तिपछि राजनैतिक परिवेशको संकेत यस कथामा देखिएको छ। नेपालको ग्रामीण पहाडी समाज, न्यून आर्थिक अवस्था, दाजुभाइ बीचको अंशबण्डा, गाउँघरको अन्यायी व्यक्तिले अरूको जग्गा हडप्ने प्रवृत्ति, न्याय प्राप्तिको लागि चलाइने मुद्दामामिला, मुद्दा जितलाई मानप्रतिष्ठासँग जोड्ने, मानवीय सोच, विधुवा इज्जतमा बस्ने, अर्को विवाह नगर्ने, बिहान गरिने पूजापाठ, सामाजिक

सहयोग, मानवीयतालगायतका सन्दर्भहरू कथामा समेटिएका सन्दर्भहरूले नेपाली समाजलाई चित्रण गरेको छ । नेपाली समाजका निम्नवर्गीय नेपाली सहर बस्दा हुने सकसलाई यहाँ देखाइएको छ। तसर्थ कथामा प्रस्तुत गाउँघर, खेतीपाती, विवाह मृत्यु, बाढीपहिरो, मानवबीचको सहयोग, इमान्दारिता, अन्यायी स्वभाव सामाजिक सन्दर्भका द्योतक हुन् । पहाडी ग्रामीण समाजमा प्राकृतिक प्रकोप, वर्षा र बाढिपहिरोका कारण कैयौँ व्यक्तिले अकालमै ज्यान गुमाउनुपर्ने, प्रशासनिक ढिलासुस्तीका कारण सर्वसाधारणले बर्षौ अड्डाअदालत धाउनुपर्ने, चाकडी गर्नुपर्ने, न्याय र सत्यको पक्षमा फैसला नहुनेलगायतका सामाजिक यथार्थ पक्षको प्रस्तुति यस कथामा देखिएको छ। विर्ता अधिकारको कारण सामन्तीले दिएका दुःख भोग्न जनता बाध्य भएको कुरा प्रस्तुत कथामा स्पष्ट देखिन्छ । यस कथामा जातीय विभेद र सामाजिक संस्कृतिप्रतिको सङ्कुचित धारणाको चित्रण गरिएका छ । यसको पुष्टि प्रस्तुत कथाभित्रको निम्नलिखित उद्गारले गर्दछ :

> साँच्चिकै छोरीको बिदाबारी भएको दिन उसको पनि मन सँगै गरुङ्गो र हलुङ्गो भएको थियो। सिनेमा धेरै हेर्ने, अशुद्ध हिन्दीमा फिल्मी गीतहरू गाई कराउँदै भर्‍याङबाट फट फट गर्दै उक्लिने र ओर्लिने अल्लारे हुँदै गएकी छोरीलाई देखेर उनको मन पनि चिन्तित नभई राखेको होइन। छोराले त झण्डै जातै नमिल्ने केटीसँग विवाह गर्छु भनी ठूलो उत्पात मच्चाइदिइसकेको थियो हो, बल्लतल्ल जात मिलेकै ठाउँमा बिहे गर्न सकियो (पृ. ३३) ।

माथिको उद्गारलाई हेर्दा आधुनिकताका नाममा हामीले छाडा हुनुहुँदैन । पश्चिमी संस्कृतिमा भुलेर आफ्नो संस्कृति, संगीत बिर्सिनु हुँदैन । जातीय विभेदको अन्त्य हुनुपर्छ भन्ने संज्ञान प्रस्तुत गरिएको छ। प्रस्तुत कथामा मानिसले मुद्दालाई न्याय अन्यायको रूपमा भन्दा पनि इज्जतसँग जोडेर हेर्ने र मुद्दा जित्नको लागि कुनै कसर बाँकी नराख्ने सन्दर्भलाई प्रस्तुत गरिएको छ। यस सन्दर्भको पुष्टि प्रस्तुत कथाभित्रको निम्नलिखित उद्गारले गर्दछ :

> जोशी बाजेको मुद्दाको टुङ्गिने र फेरि दोहोरिने क्रम चलेकै छ। यसपटक उनले मुद्दा हालेपछि दोहोर्‍याउने क्रम प्रारम्भ गर्नु परेको छ। मुद्दा दोहोर्याउनु भनेको दाल, भात खाए जस्तो होइन, कस्सिनु पो पर्दछ। जोशी बाजे हाकिमहरू कहाँ दिनहुँ धाउँछन्, कुर्छन्, चाकरी बजाउँछन् र आश्वासन पाउँछन्। आकलझुकल मुद्दा नै दोहोरिएछ भने पनि जितिन्छ भन्ने ग्यारेन्टी त हुँदैन तर आखिर मानिस बाँच्ने आशामा न हो। जोशी बाजेको मुद्दा अहिलेसम्म पाँचचोटि दोहोरिएको अर्थात् फेरि छलफल भइसकेको छ।

> दुईचोटि त उत्तेजित भएर हाकिमलाई इजलासमा नै गाली गरेबापत् क्रमशः छ महिना र दुई महिना झ्यालखाना पनि जानु परिसकेको छ (पृ. ३६) ।

माथिको साक्ष्यलाई दृष्टिगत गर्दा मुद्दा तथा हारजितलाई इज्जसँग जोडेर हेर्नु हुँदैन । अन्यायमा परेको व्यक्तिलाई न्याय दिलाउने कानुनी आधारमा चाकडी, घुसपेस, झुटा आश्वासन हुनुहुँदैन । गैरजिम्मेवार न्यायिक निकायको विरोध गर्नुपर्छ । मुद्दाप्रतिको मानवीय गलत सोचविचार हटाउनु जरुरी छ । सबैले अदालतले नियमसंगत गरेको फैसला स्वीकार गर्नुपर्छ । कसैमाथि अन्याय अत्याचार गर्नु हुँदैन र त्यस्ता अन्यायअत्याचार गर्न व्यक्ति र प्रवृतिको अन्त्यको लागि एकजुट भएर आवाज उठाउनु पर्छ भन्ने संज्ञान उल्लिखित पाठमा उल्लेख गरिएको छ ।

प्रस्तुत 'विसर्जन' कथामा उच्च र निम्नवर्गीय पात्रहरूको प्रयोग गरिएको छ । जोशी बाजे प्रमुख पात्र रहेको यस कथामा उनी, उनको परिवार, सहरमा दाउरा सागसब्जी बेच्ने मानिसहरू निम्नवर्गीय पात्रका रूपमा देखिएका छन् भने नुवाकोटको घरबेटी, दामु अधिकारी सामन्ती हुनेखाने, गरिब गुर्दालाई दुःखपीडा दिने पात्रका रूपमा देखिएका छन् । पैसा नहुने जोशी बाजेले घरबेटीसँग अन्न माग्नु, सहरमा बस्दा उसले पसले, दाउरे, तरकारी बेच्ने व्यक्तिहरूलाई झुक्याएर काम चलाउनु, घरको भाडा तिर्न नपरोस् भन्दै घरबेटीको नुवाकोटको बिर्ता बाली उठाउने काममा सहयोग गर्नु, मुद्दा खेल्दा पुर्ख्यौली सम्पत्ति सकिनुलगायतका घटनाले आर्थिक विपन्नताको संकेत गर्छ भने नुवाकोटको विर्ता जमिन, काठमाडौंको ठूलो घरलगायतले सम्पन्नतालाई संकेत गर्छ । यस कथामा निमुखा गरिब व्यक्तिहरूलाई समाजका अन्यायीहरूले दुःख दिनुको साथै सुरक्षित ठाउँमा बसोबासको व्यवस्था गर्न नसकेका कारण प्राकृतिक प्रकोपको जोखिम व्यहोर्दै गरिबले मर्नु पर्ने बाध्यतालाई प्रस्तुत गरिएको छ । यसको पुष्टि प्रस्तुत कथाभित्रको निम्नलिखित उद्गारले गर्दछ :

> तल खोलामा अब न तब गरी धमिलो पानी बढिराखेको देखिन थाल्यो । उनी दगुरी डिलमा उभिए । साबिकभन्दा आधा कोसमाथि रहेको हाल जितिएको जग्गा पहिरोले चिरा चिरा पारी भत्काइरहेको थियो । साबिक जग्गा तर्फ पनि नदीको भेल बढ्दै आएको थियो । उनले दुई आकृतिका टिम्का देखे जो सायद उनका छोराबुहारीहरू थिए । उनीहरूले भित्रबाहिर गरेजस्तो लाग्यो । गोठमा पसे कि ? गाईवस्तुलाई फुकाई धपाउन होला । तर त्यस गज्याङगुजुङमा जोशी बाजेले प्रष्ट केही ठम्याउन सकेनन् । यतिकैमा अझै ठूलो भेल चढ्यो र धमाधम रुखहरूसमेत डुब्न थाले । कुनै पनि

कर्मकाण्डमा पूजापछि मूर्ति, बोहता र पूजाका अन्य सामानहरू कसैले तलाउमा डुब्लुक्क डुबाई विसर्जन गरेझैं उता बाढीले गाउँभरिकै घरजग्गा डुबाइसकेको थियो । यता जोशी बाजे डिलबाट डङ्ग्रङ्ग लडे र ठहरै परे (पृ. ४०) ।

उल्लिखित उद्गारलाई हेर्दा ग्रामीण पहाडी परिवेशमा बर्षेनी बर्खायाममा सयौँ परिवार विस्थापित हुने, पहिरोले ज्यान गुमाउने समस्या रहेको सन्दर्भलाई संकेत गरेको देखिन्छ। भिरालो भू- बनोट, चिप्लो बाटो, बाढीपहिरोले पहाडी भेगका बासिन्दाले जोखिम वहन गर्दै त्रासमा जीवन व्यतित गरिरहेका हुन्छन् । सरकारी निकायले त्यस्ता परिवारलाई सुरक्षित स्थानतर्फ व्यवस्थित गर्नुपर्छ । पहाडी भेगसम्म विकासका पूर्वाधारहरू पुर्याउनुपर्छ । पीडितलाई राहत तथा उनीहरूको नागरिक हुनुको हकअधिकार दिलाउनुपर्छ । सम्बन्धित निकायले नागरिकप्रतिको आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ र नागरिकहरूले पनि नदी किनार, भिरालो भएको ठाउँमा घरहरू बनाउनु हुँदैन भन्ने संज्ञान यस पाठमा प्रस्तुत गरिएको छ ।

यस कथामा प्रजातन्त्रको उदयपश्चात् पनि सामन्तवादी प्रवृत्तिका कारण सर्वसाधारण गरिबहरूले दुख नै पाइरहेको यथार्थको प्रस्तुति छ। बाली उठाउने काम, विर्ता खारेज भइसकेको भए पनि डरधम्की, सामन्ती प्रवृत्ति अपनाएर गरीब जनतालाई दुःख दिएको छ। भूमिसुधार ऐन आउनुभन्दा अगाडिको समाजमा सामन्ती, हैकमवादी जहाँनिया प्रवृत्ति जीवित रहेको तथ्य यस कथामा स्पष्ट देखिन्छ । पहुँच, शक्ति भएका अन्यायी व्यक्तिहरूले गरिब, शक्तिहीन गरिबको जग्गाजमिन हडप्ने, मुद्दामामिलाका काममा घुसखोरी प्रवृत्ति जीवितैलगायतका प्रसङगले राणाकालीन सन्दर्भलाई सङ्केत गरेको छ । सर्वसाधारण जनताको हकहितका लागि कानुन नबनेको र बनेको कानुनको सही कार्यान्वयन नभएको राजनैतिक तथा प्रशासनिक कमीकमजोरीको प्रस्तुति यस कथामा छ। राजनैतिक निरङ्कुशता र सामन्तवादी प्रवृत्तिले गर्दा नेपाली, गरिब, निमुखा जनताले सास्ती भोग्नुका साथै अकालमै ज्यान गुमाउनु परेको यथार्थ यस कथामा प्रष्ट पारिएको छ ।

प्रस्तुत 'विसर्जन' कथामा नेपाली समाजका धार्मिक, सांस्कृतिक पक्षहरूको चित्रण गरिएको छ। नेपाली समाजको धर्म, परम्परा तथा संस्कारअनुसार विधुवा विवाह गर्नु हुँदैन भन्ने धारणालाई नुवाकोटकी विधुवा चम्पा र गंगाले आत्मसात् गरेको छ । उनीहरू आफ्नो इज्जत, धर्म, संस्कार र सामाजिक मानवनिर्मित सँस्कृतिको विरुद्धमा गरेको देखिँदैन । अन्धविश्वासलाई आत्मसात् गरी पुरा जिन्दगी निरस र उदास जीवन बिताएकी छन् । काठमाडौँ सहरमा पश्चिमा संस्कृति भित्रिएको देखिन्छ। घरबेटीकी छोरीले फिल्मी अशुद्ध हिन्दी गीत सुन्ने, गाउने, छोराले

अन्तर्जातिय केटीसँग प्रेम गरेको र विवाह गर्न खोजेको प्रसङ्गले विवाह संस्कार परिवर्तन भएको मायाप्रेम गर्ने संस्कृतिको चित्रण भएको छ। मायाप्रेम गरे, मनमा नराम्रो सोचे, महिलाको बारेमा रमाइला कुरा सोचे नरक गइने विचार व्यक्त गरेका जोशीबाजेले दोस्रो विवाह गर्नु पाप भएको कुरा व्यक्त गरेका छन् र आफूले श्रीमती बितिसकेपछि पनि एक्लो जिन्दगी बिताएका छन् । असारको महिना, खेतमा गाइने भैन, चाँचरी, बैराले नेपाली ग्रामीण समाजमा खेतीपाती लगाउँदा बाली उठाउँदा गाइने लोकगीतको पुष्टि गर्दछ। काठमाडौँको पशुपतिनाथमा साँझपख टोलटोलमा हुने भजनकीर्तन, सामाजिक संस्कार, चन्दन, फूलअक्षतालगायतका सन्दर्भले नेपाली ग्रामीणसँगै सहरिया समाजमा धर्मकर्म, पूजापाठ, भजनकीर्तन सामाजिक संस्कार र परम्परा जीवित रहेको कुरा प्रष्टिएको छ ।

प्रस्तुत कथामा न्यायिक क्षेत्रमा अन्याय हुनु हुँदैन । अन्यायमा परेको मान्छेको हकमा न्यायिक हकमा नै फैसला हुनुपर्छ । समाजमा धनीमानीहरूले शक्ति र पैसाको आडमा गरिबहरूको सम्पत्ति माथि आँखा लगाएर हकदावी गर्नु हुँदैन। मुद्दा जित्दा उत्सव र हार्दा बेज्जत हुने सोचको परिवर्तन हुनु जरुरी छ। समयानुसार शासक र शासितले यथार्थतालाई आत्मसात गर्नुपर्छ । हैकमवादी प्रवृत्ति देखाई सोझासाझा जनताहरूलाई दुःख दिने कार्य अपराध हो । समाज र संस्कृतिको नाममा जरा गाडेर रहेका रूढिवादीपरम्परा, विधवा सम्बन्धी मान्यता परिवर्तन गरी नारीहरूलाई उनीहरूको जिन्दगी जिउने हक दिनुपर्छ। नारीहरूले स्वतन्त्र भएर जीवन जिउनुपर्छ भन्ने चेतना यस कथामा देखिएको छ। पहाडी विकट बस्तीहरूमा भूधरातलीय प्राकृतिक प्रकोपका कारण मानिसले जोखिम वहन गर्नुपर्ने समस्यासम्म सरोकारवालाहरूको ध्यान जान आवश्यक छ। प्रशासनिक तथा न्यायिक क्षेत्रमा रहेका जिम्मेवार व्यक्तिहरूले घुस तथा भ्रष्टाचार गर्दा कानूनी कठघरामा उभ्याउन हामी सबै जुट्नुपर्छ। मानवले जित्ने अहंतालाई आत्मसात गरेर जिन्दगी, सम्पत्ति, समय बर्बाद हुने हुँदा घटना, आवश्यकता र स्थितिलाई दृष्टिगत गर्दै अगाडि बढ्नुपर्छ । दुईदिनको मानव चोलामा इमान्दार, सज्जन, सहयोगी मिलनसार र व्यावहारिक हुन अति आवश्यक भएको संज्ञानात्मक सन्दर्भ यस कथामा व्यक्त गरिएको छ । पूजापाठ धर्मसंस्कृतिको नाममा रूढिवादी परम्परा, विकृति अङ्गाल्नु हुँदैन र पश्चिमी संस्कृति भित्र्याउने लहरमा आफ्नो मौलिक संस्कृतिलाई ओझेलमा पर्न दिनुहुँदैन भन्नेलगायतका संज्ञानात्मक सन्दर्भ यस पाठमा समावेश गरिएका छन्। साथै यस कथामा गलत कानुनी फैसलाको विरोध गर्नुपर्छ । सामाजिक सामन्तवादी मानव प्रवृत्ति विरुद्धमा आवाज उठाउनुपर्छ। प्रशासनिक ढिलासुस्तीको भण्डाफोर गर्नुपर्छ। महिलाले जिन्दगी जिउने स्वतन्त्र

हक पाउनुपर्छ, महिलासम्बन्धी कानुनको व्यवस्था भइसकेको छ । सामाजिक रूपमा खडा गरिएका संस्कृतिका नामका विकृतिहरू मान्नु आवश्यक छैन । यस्ता संस्कृतिले मानव समाज, मानव संस्कृतिलाई फाइदा गर्दैन, दुःख दिन्छ र यस्ता संस्कृतिहरू हटाउन आवश्यक छ भन्नेलगायतका सन्दर्भ यस कथाका संज्ञानात्मक सन्दर्भ हुन् ।

### ३.२.४ 'संस्कार' कथामा संज्ञानात्मक सन्दर्भ

'संस्कार' कथा *रात्रिभोज* कथासङ्ग्रह (२०६०) मा सङ्गृहीत सामाजिक अन्धविश्वासको विषयलाई आधार बनाएर तयार पारिएको कथा हो । अलौकिक शक्ति र त्यसप्रतिको मानिसको विश्वासलाई यस कथामा प्रस्तुत गरिएको छ। राष्ट्रिय देखि अन्तर्राष्ट्रिय परिवेशको संकेत पाइने यस कथाका अधिकांश घटना सुदूरपश्चिमको पहाडी ग्रामीण समाजमा घटेका छन् । यस कथाको प्रमुख पात्र अकबर प्रगतिवादी, राष्ट्रभक्ति, समाजसुधारको चाहना भएको पात्रको रूपमा रहेको छ। ऊ रूढिवादीपरम्परा, भूतप्रेत, ईश्वर, कुलदेवता पूजन, भाग्यलगायतका सामाजिक संस्कार, रूढिवादीपरम्परा र धार्मिक पक्षको विरुद्धमा देखिएको छ। यस कथामा सुदूरपश्चिमेली ग्रामीण समाज नवरात्रि, भँडारी, भगवानप्रतिको आस्था, ज्योतिषी, सफलताको कारक ईश्वरलाई मान्नेलगायतका सामाजिक सन्दर्भहरू आएका छन् । ग्रामीण समाजमा विकासका पूर्वाधार, बाटोघाटो, स्वास्थ्य सेवा, चेतना, शिक्षा नपुगेका कारण औषधी उपचारको माध्यम धामीझाँक्री हुनपुगेको यथार्थताको प्रस्तुति यस कथामा गरिएको छ । ग्रामीण समाजमा स्वास्थ्य सेवा र चेतना नभएका कारण कयौँ प्रताप जस्ता दूरदर्शी युवाहरूले ज्यान गुमाउनुपरेको नेपाली समाजको दुर्दशा यस कथाले बोकेको छ । नेपाली समाजमा अशिक्षित ग्रामीण जनबासीहरू अन्धभक्त भएर ईश्वरको स्तुति गुनगानमा लागेको र भुतले तर्साएको अतिरञ्जनात्मक विषय, समाजमा गरिने ग्रहदसा तथा शान्तिका पूजा, भाग्य माथिको विश्वास, पण्डितहरूको चतुऱ्याई यस कथाका सम्बन्धित पक्ष हुन् ।

प्रस्तुत 'संस्कार' कथामा निम्नवर्गीय नेपालीहरूको सामाजिक रुढिग्रस्त आस्तिक जीवनशैलीलाई व्यक्त गरिएको छ । ग्रहदशा बिग्रेको विषय उठाइ ज्योतिषीले पैसा कमाउन सर्वसाधारणको ग्रहशान्तिको पूजा लगाई पैसा कमाउने, परदेश गएर फर्केको अकबरले अलि पैसा दिन्छ होला भन्ने आशा भडाँरीले गर्नु, प्रताप बिरामी भएर औषधोपचार गर्न सहर लैजान नसक्दा मर्नु, अन्न, धन ईश्वरको बरदान मान्नुलगायतका विषयले ग्रामीण समाजको अभाव, नाजुक आर्थिक अवस्थालाई स्पष्ट पारेको छ । पुनर्जन्म, खेतबारी, पूजाआजा धामीझाँक्री, भुतप्रेत, ईश्वर भक्तिमा सीमित यस कथामा नेपालका कैयौं निम्नवर्गीय नेपालीहरूको व्यथालाई देखाएको छ ।

ग्रामीण अशिक्षित समुदायका कैयौं अन्धविश्वासी व्यक्तिहरूले ईश्वर, भगवान, भूतप्रेतकै पछाडि लागेर भाग्य र ईश्वरमा भर परेर कर्म नगर्दा आर्थिक रूपमा पछाडि परेको सन्दर्भ यहाँ प्रस्तुत देखिन्छ । कर्ममा भरपर्ने व्यक्तिको निन्दा गर्ने रुढिग्रस्त समाजमा आर्थिक उन्नति प्रगति नहुने यथार्थलाई कथामा प्रस्तुत गरिएको छ। कर्म गर्नुपर्छ, आर्थिक स्थिति मजबूत गर्नुपर्छ, धन भनेको हातको मैलो हो भन्ने मनस्थिति नभएका यस कथामा प्रयुक्त पात्रहरूमा  आर्थिक सङ्केत संकट देखिन्छ। चन्दा दानको विषयलाई उठाइएको यस कथाले सामुहिक आर्थिक सङ्कलनले काम गर्न सजिलो हुने धारणा बोकेको छ ।

'संस्कार' कथाको लेखन समय २०४८ साल र त्यसपूर्वको समय रहेको छ । नेपालको राजनीतिमा बहुदलीय व्यवस्था आएको तर पनि शिक्षा, स्वास्थ्य चेतना विकासका पूर्वाधारहरूको ग्रामीण र नगरीय क्षेत्रमा समानुपातिक उपलब्धता नरहेको राजनैतिक अवस्थाको चित्रण यस कथामा प्रस्त देखिन्छ । १२/१३ बर्षको समयावधिको विषयवस्तु समेटिएको यस कथामा राज्य तथा सरकारले जनताको रुढिग्रस्त धार्मिक, आस्तिक परम्परा र पुरातनवादी सोच परिवर्तन गराएर कर्मशील, पौरखी र कर्मयोगी बनाउन पहल नचालेको जसको स्वरूप देश विकास र समाज परिवर्तनमा बाधक राज्य र राज्य पद्धति भएको प्रशस्त देखिन्छ। राजनीतिक पक्ष चुकेकै कारण ग्रामीण विकास र ग्रामीण मानव मस्तिष्क सकारात्मक नभएको यथार्थ पक्ष कथामा देखिन्छ । राज्यले आफ्नो विकास र सत्ता शक्तिलाई मात्र माया नगरी समानुपातिक देश विकासको पक्षलाई अगाडि बढाउनु अपरिहार्य हुन्छ । यस कथामा पण्ठित पतिरामजीले अकबरलाई महिनामा दुईचोटि ग्रहशान्ति गर्नुपर्छ भन्दै पैसा असुल्ने र झाँक्री धनसिंहले आफूमात्र गाउँमा झाँक्री भएकोले सितिमिति बिरामी कहाँ बोलाउँदा पनि नजाने, गम्कने, घमण्ड गर्नेलगायतका पक्षले सामन्ती, शोषणकारी, दमनकारी राज्यसत्तालाई सङ्केत गर्छ । प्रस्तुत कथामा अशिक्षित नेपाली समाजमा ज्योतिष तथा पण्डितहरूले ग्रहदशा शान्त गर्ने नाममा ठगी गर्ने, सोझासाझा, अशिक्षित, अन्धविश्वासी व्यक्तिहरूलाई झुक्याउने गरेको यथार्थ पक्षको संकेत गरेको छ। यस कुराको पुष्टि पाठमा उल्लेखित तलको उद्गारले गर्दछ :

> एकताक पण्डित पतिरामजी घटीमा पनि महिनामा दूईचोटि अकबरको घरमा पुग्ने गर्थे । जन्मपत्री हेर्थे । सोबापत दक्षिणा लिइसकेपछि अकबरलाइ कहिले राहु त कहिले केतुको दशा अथवा अन्तदेशा  भनी बताउँथे। अर्को पल्ट हेर्दा पनि कतैबाट राहुले चियाएकै हुन्थ्यो । बिचरी आमाले फेरि ग्रहशान्तिका लागि केही न केही बुझाउनु परिहाल्छ  (पृष्ठ. ३६) ।

समाजमा ज्योतिष तथा पण्डितहरूले ठगी, सोझासाझा, अशिक्षित, अन्धविश्वासी व्यक्तिहरूलाई झुक्याउने भएकोले यस्ता कुसंस्कारको पछाडि लाग्नु हुँदैन, कर्ममा विश्वास गनुपर्दछ भन्ने संज्ञानको यस उद्गारमा व्यक्त गरिएको छ ।

संज्ञानात्मक सन्दर्भका आधारमा *संस्कार* कथालाई दृष्टिगत गर्दा धार्मिक तथा सांस्कारिक सन्दर्भहरूको यथेष्ट प्रस्तुति रहेको छ । यस कथाको प्रमुख पात्रले सुरुमा ज्योतिषशास्त्रप्रति विश्वास गरेको, जन्मचिना देखाई राहुकेतु शान्तिको लागि पैसा खर्च गरेको, प्यारो साथी प्रतापको मृत्युपछि जन्मिएकी आफ्नी छोरीका आँखा, नाक ठ्याक्कै प्रतापसँग मिलेको भन्दै प्रतापले छोरीको रूपमा पुनर्जन्म लिएको प्रसङ्गको उल्लेखबाट सामाजिक अन्धविश्वासलाई प्रस्ट्याइएको छ । गाउँलेहरूले देवस्तुति, पूजापाठ, भगवानप्रति देखाएको आस्था, भगवानकै भर पर्नु, ईश्वरको आलोचना नगर्नु, धनअन्न, गाईगोरु, रोगव्याधी, सञ्चोबिसञ्चो भगवानकै भक्तिमा भर पर्ने कुरा गर्नु, मन्दिरेको घरमा अदृश्य ढुङ्गा बर्सेको कुरा देखाई भुतप्रेतप्रतिको अन्धविश्वासलाई यस कथामा देखाएको छ । ग्रामीण समाज, अशिक्षा, चेतनाको कमीका कारण मानवहरू धामीझाँक्री विश्वास गर्ने, भूतप्रेत पूजाआजा ईश्वरप्रतिको आस्थाका कारण पछाडि परेको, त्यसले समग्र मानव, मानव स्वास्थ्य, मानव विकासका साथै समाज र देशविकासमा प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव पारेको छ । यस कथामा नेपाली समाजमा हुने भूतप्रेत, धामीझाँक्रीप्रतिको रूढिवादी परम्परा, आस्था र विश्वासलाई चित्रण गरिएको छ । यस कुराको पुष्टि यस पाठमा भएको निम्नलिखित उद्गारले गर्दछ :

> देवताहरू गाउँकै छेउमा वास गर्छन्, कोही खेतीपाती हेर्छन् र कोही रोग शोक र भोक टार्छन अनि इन्साफ दिन्छन् । रिसाएछन् भने अनेकअनेक संकटहरू खडा गरिदिने, धनमाल हरण गरिदिने मात्र होइन रोगव्याधी लगाइदिने र ज्यानसम्म पनि लिने गर्छन् (पृष्ठ. ३७) ।

> गाउँकै मन्धिरेको घरमा अदृश्य शक्तिले उत्पात मच्चाउन थाल्यो । उसको घरमा बेलाबेलामा कसैले ढुङ्गा हिर्काउने गर्थ्यो । पिठोमा माटो र चामलमा कङकड मिसाई दिने गर्थ्यो ।दूधघिउनुका भाँडाहरू घोप्ट्याइदिने गर्थ्यो । रातितिर चामलमा कङकट मिसाई दिने गर्थ्यो । हेर्दा केही पनि देखिन्नथ्यो । मन्धिरे आतङ्कित भएर ठाउँठाउँबाट झाँक्रीहरू, पण्डितहरू बोलाएर ल्याउँथ्यो । भाकल गर्थ्यो ( पृष्ठ. ४१ ) ।

उपर्युक्त साक्ष्यले क्रमशः गाउँलेहरूको ईश्वरप्रतिको अन्धविश्वास, आस्था र

अतिरञ्जनात्मक प्रस्तुतिले पहाडी भिरालो ठाउँमा घर हुने, माथिबाट पहिरोका कारण ढुङगा खस्ने, वेइमान व्यक्तिहरूका छलकपटी क्रियाले अन्धभक्त व्यक्तिहरूमा फैलिने त्रासदी अवस्थाको चित्रण गरेको छ। 'संस्कार' कथामा उल्लेखित विभिन्न सन्दर्भहरूलाई दृष्टिगत गरेर संज्ञानात्मक सन्दर्भका आधारमा परम्परागत रूपमा संस्कृतिका नाममा अङ्गालिने विकृति, रूढिवादीपरम्परा, अन्धविश्वास, अतिआस्तिकता लगायतका पक्षहरू समाज विकाससँगै मानव र देश विकासका बाधक भएकोले यस्ता परम्पराको अन्त्य हुनु जरुरी छ। समाजमा जरा गाडेर रहेका सामाजिक अन्धविश्वास, भगवानप्रतिको मानिसको आस्था र विश्वास झुकावलाई हटाउनको लागि सबैमा जनचेतना फैलाउनु आवश्यक छ। सामाजिक रूढिवादी आस्था र विचारको अन्त्य गर्नको लागि एकताको आवश्यकता छ । एउटामात्र व्यक्तिले लागेर समाज परिवर्तन हुँदैन । धन, अन्न र प्रगतिको माध्यम कर्म, मेहेनत लगनशीलता अपरिहार्य भएकोले ईश्वर वा कुलदेवताको भरमा परेर हात बाँधेर बस्नु गलत हो। मनले ईश्वरप्रति आस्था गरेपनि मानिसले कर्मशील बन्नु अति आवश्यक छ । जन्म तथा पुनर्जन्ममा अल्झिएर समय बर्वाद गर्नु हुँदैन । मानिसले रोगव्याधीलगायतका शाश्वत सत्य स्वीकार गरेर जीवनमा सकारात्मक सोच राखेर अगाडि बढ्नुपर्छ। राज्य देश र जनताको परम अभिभावक भएकोले देश विकासका स्वास्थ्य, शिक्षा, चेतना, अवसर, शान्ति सुरक्षा तथाा न्यायको सुव्यवस्था समानुपातिक रूपमा गर्नु अपरिहार्य छ। मानवजाति सहनशील, कर्मशील, मेहनती प्राणी भएकोले समझदार, सहनशील, समय परिस्थितिले समयले दिएका घाउचोटलाई पनि स्वीकार गररे मलमपट्टी लगाई आगामी पथ सफल बनाउनु पर्छ। सोझासाझा जनतालाई ठगेर धर्मको नाममा, ज्योतिषी ज्ञानको नाममा शोषण गर्नु हुँदैन । सामाजिक समस्याको मिलेर समाधान गर्नुपर्छ । अतः समाजमा रहेका रूढिवादी परम्परा, धर्म र संस्कृतिका नाममा हुने गरेका विकृति, भूतप्रेत, पुनर्जन्म, अदृश्य शक्तिप्रतिको विश्वास, कर्मप्रति विमुखतालगायतका मानव समाज र देश परिवर्तनका बाधकहरूलाई शिक्षा, चेतना र एकताका साथ अन्त्य गरी सभ्य, सत्य समाजको निर्माण गर्न सकिन्छ र धामीझाँक्रीको पछाडि लागेर ज्यान गुमाउनु हुँदैन भन्ने संज्ञानात्मक सन्दर्भ यसबाट देखिएको छ ।

### ३.२.५ 'मानिसको महत्त्व' कथामा संज्ञानात्मक सन्दर्भ

'मानिसको महत्त्व' कथा *रात्रिभोज* कथासङ्ग्रह (२०६०) मा सङ्गृहीत छ। सामाजिक, राजनैतिक तथा प्रशासनिक विषयवस्तुलाई प्रस्तुत गरिएको यस कथाको अधिकांश कार्यहरू पहाडी ग्रामीण समाजमा सम्पन्न भएका छन्। यस कथाकी प्रमुख पात्र दुराको वीरपलसँग विवाह

भएको, घरमा लाउन खान प्रशस्त अन्नपात लुगाफाटो नभएको, जाडो थाम्न दाउरा काट्ने, जाडो भगाउन आगो ताप्ने गरेको, पशुपालन, बाली खाएको निहुँमा नरमानले वीरपललाई गरेको अमानवीय व्यवहार, झगडा मिलाउने गाउँले भद्रभलादमी, पञ्च, मेलापात, महिलाले गर्ने घरमाइत, पतिको स्याहार, रोगी, अशक्त पतिलाई छोडेर कामविशेषले दुरा बाहिर जानु, उसलाई नरमानसँग नाजायज सम्बन्धमा रहेको समाजले भन्नु यस कथाका सामाजिक सन्दर्भ हुन् । नेपाली समाजमा महिलालाई पुरुषप्रधान समाजले विभिन्न घटनामा मुछ्ने, अरूको बात लगाउने र श्रीमान मरेपछि महिला झन् निरही हुने यथार्थलाई प्रष्ट्याइएको छ । नेपाली समाजको गरिबी, अभाव, न्याय दिने ठाउँमा न्यायिक निकायले घुस खाने, घटना लुकाउने प्रवृत्तिलाई कथामा प्रस्ट्याइएको छ । बिना गल्ती महिलाले डराउनुपर्ने, अशिक्षा सचेतनाका कारण रोगलाई पुनर्जन्मको पाप ठान्नु, जडिबुटी खान दिनु यस कथाका सामाजिक सन्दर्भ हुन्, जसले नेपाली समाज अशिक्षित भएको पुष्टि हुन्छ ।

प्रस्तुत 'मानिसको महत्त्व' कथामा खान लाउनसमेत नपुगेकी निम्नवर्गीय दुरा वीरपलको कथा समेटिएको छ । गरिब घरको वीरपल दमको बिरामी हुँदा औषधि उपचार नपाई वैद्यको जडीबुटीको भरमा रहेको र अनन्त मृत्यु भएको छ । यसले गरिब घरका मानिस बिरामी हुँदा आर्थिक संकटको कारण मृत्युवरण गर्न बाध्य हुने बाध्यात्मक परिस्थितिलाई संकेत गरेको छ । परालको ओछ्यान, आगो बाल्ने, चियापत्तीको ठाउँमा चिया पकाउँदा रुखका बोक्रा हालेर चियामा रङ निकाल्ने सन्दर्भले नेपालका निम्नवर्गीय गरिबहरूको जीवनको कारुणीक स्थितिलाई प्रस्ट्याइएको छ । वीरपलको मृत्यु हुँदा दुराले धान मकै बेचेर भएपनि श्रीमानको काजक्रिया गरी वैतरणी नदी पार लगाउने प्रसङ्गले पनि मृत्युसंस्कारमा समेत मानोमुठी बेच्नुपर्ने गरिबहरूको बाध्यतालाई प्रस्तुत गरेको छ । नेपाली समाजका निम्नवर्गीय मानिसको जीवनको दयनीय अवस्थाको चित्रण यस कथामा गरिएको छ । यसको पुष्टि प्रस्तुत कथाभित्रको निम्नलिखित उद्‌गारले गर्दछ :

> निन्द्रा खुल्यो र साह्रै चिसो लाग्न थाल्यो । दुराको ओछ्यान परालको छ । बस्ने काठको पिर्का सिरानमा राखी सुत्छे । जुनजुन थोकहरू खप्ट्याएर ओड्छे ती गजमजिएर केहीबेरपछि आफैँमा आधुनिक कलाकृति भैदिने गर्छन् । अलिपर सिरक ओढेर परालको फिनोमाथि उसको लोग्ने सुति राखेको थियो (पृष्ठ ५०) ।

माथिको उद्‌गारले निम्नवर्गीय नेपालीहरूको टिठ लाग्दो अवस्था र अभावमा रन्थनिएको जीवनलाई देखाएको छ । यसले नेपाली समाजमा कयौँ व्यक्तिहरूले गास, बास, कपास, तथा

स्वास्थ्यको समस्यालाई टार्न नसकी सकसपूर्ण जीवन बिताइरहेका छन् भन्ने यथार्थलाई प्रस्ट्याएको छ ।

'मानिसको महत्त्व' कथाको लेखन समय २०४८ रहेको भए पनि यसमा पञ्चायती शासनका सन्दर्भहरूको संकेत पाइन्छ । तत्कालीन समाजमा न्यायको प्रमुख आधार पञ्च रहने र पञ्चले न्याय अन्याय, अत्‌असत् भन्दा पनि खसीबोका र पैसा खाई झगडा मिलाउने गरेको सन्दर्भको संकेत यस कथामा पाइन्छ भने गाउँमा प्रशासनिक तथा न्यायिक कार्यालयहरू खडा नभएको कारण सहरबाट गाउँमा झगडा मिलाउन प्रहरी तथा वकिलसहितको डोर आउने स्थिति देखिएको छ । साथै यस कथामा रोग, व्यथा, निर्धन तथा अभाव, निसन्तान आदिको कारण भगवानलाई ठान्ने, पुर्वजन्म र पुनर्जन्ममा विश्वास गर्ने भगवानप्रतिको अन्धभक्त विचारको चित्रण गरिएको छ । यी सन्दर्भको पुष्टि प्रस्तुत कथाभित्रको निम्नलिखित उद्‌गारहरूले गर्दछ :

> विचारो के गरोस् ? उसले रोग किनेर ल्याएको त होइन । सब भाग्यको कुरो हो । भगवानको इच्छा थियो होला । पूर्वजन्मको कुनै पाप । भगवानको घरमा पनि इन्साफ हुँदो रहेनछ । सबैको भलो चाहने मानिसको घाँटीमा लामो रोग झुण्ड्याइ दियो । निसन्तान तथा निर्धन बनाइदियो (पृष्ठ. ५१) ।

> उसले निश्चय गरी कि कर्मकाण्डमा ऊ कुनै कसर राख्ने छैन । एक भकारी मकै छ । यसको सहाराले ऊ आफू सामाजिक मर्यादाको सागर पार गर्नेछ र उसको लोग्ने वैतरणी नदी पार हुनेछ । नपुगे हातकानमा थोरै भएपनि सुनचाँदी छँदैछ । उसले सन्तोषको सास फेरी (पृष्ठ ५२) ।

माथि उल्लिखित उद्‌गार २ र ३ लाई क्रमशः दृष्टिगत गर्दा सामाजिक अन्धविश्वास र भगवानप्रतिको आस्था, मृत्यु संस्कार, वैतरणी नदी पारलगायतका धार्मिक तथा सांस्कृतिक सन्दर्भको सङकेत यहाँ उद्‌घाटन गरिएको छ । नेपाली तत्कालीन र वर्तमान समाजमा समेत रोगव्याधिलाई पापको संज्ञा दिइने मृत्युसंस्कारलाई स्वर्ग जाने पक्षसँग जोड्ने हाम्रो समाजको कुसंस्कारलाई उद्‌घाटन गरेको छ । नेपाली समाजमा कयौँ व्यक्तिहरूले अरूको भित्री कुरा र सम्बन्ध नबुझी उसको चरित्र हत्या गर्ने यथार्थ पक्षको प्रस्तुति यस कथामा गरिएको छ । जसलाई कथाभित्रको निम्नलिखित उद्‌गारले गर्दछ :

> छिमेकीले भन्यो, "तिम्रो र नरमानको अनुचित सम्बन्ध भएकोले ज्यान मार्ने षड्यन्त्रमा तिमीले साथ दिएकी भनेर मुद्दा चल्न सक्छ रे ।" दुराको मन आक्रोशले

> भरियो । के सत्य भन्ने कुरो मरिसक्यो । उसले सोची र धर्ती तुरन्त फाटोस् र ऊ त्यसमा परेर बिलाओस् । यस्तो असत्य, पाखण्डी र पापी संसारमा एकछिन पनि बाँचिरहन ठीक छैन भन्ने उसलाई लाग्यो (पृ.५३) ।

माथिको कथांशले नेपाली समाजमा महिलाको चरित्र बिनाकसुर समाजले लिलाम गर्ने र महिला पछाडि पर्नु वा हार्नु पर्ने बाध्यतालाई पुष्टि गरेको छ । महिला माथिको अन्याय र आरोपको अन्त्य हुनु पर्ने संज्ञान यस उद्गारमा व्यक्त गरिएको छ । साथै यस कथामा न्यायिक निकाय गैरजिम्मेवार भई अन्याय, अत्याचार, ज्यानमारा जस्ता घटनालाई खानपिन र घुसपेसमा मिलाउने गरेको प्रशासीनिक यथार्थलाई प्रस्तुत गरिएको छ । यसको पुष्टि प्रस्तुत कथाभित्रको निम्नलिखित उद्गारले गर्दछ :

> उसको मन जेसुकै भनोस्, डोर पूरा चारदिन गाउँमा बस्यो । तीनवटा खसी काटिए र एक टिन घिउ सिद्धियो । यसको जोहो नरमान र उसले नै गर्नुपर्यो । अन्तमा अन्य सबै गाउँलेहरूबाट दश- दशको फाँटवारीले दुई हजार, दुराबाट दुईहजार र नरमानबाट पाँचहजार असुल गरी डोरलाई बुझाएपछि मात्र कुरो मिल्यो । अरू उपाय थिएन । उसले दुबै भकारी अन्न र रकम तिरी धन्न फुर्सद पाई ( पृष्ठ . ५३) ।

तत्कालीन राजनीतिले प्रशासनिक क्षेत्रलाई कसिलो बनाउन नसकेको, प्रशासनिक र न्यायिक क्षेत्रमा स्वार्थ, घुसपेसलगायतको वर्चस्व हुनुका साथै अन्यायीले नियमसङ्गत सजाय पाउनुको सट्टा खानपिनमा अन्याय मिलाउने कुराको उद्घाटन माथिको उद्गारमा गरिएको छ । प्रशासनिक कमीकमजोरीका कारण समाजमा अपराधिक क्रियाकलाप, अन्याय अत्याचारले बढवा पाएको प्रष्ट देखिन्छ । यस कथामा मानिस जीवित रहुन्जेल पहिचान र अधिकारसहितको नागरिक भएर बाँच्न पाउनुपर्छ । मरेपछिको खोजतलासी व्यर्थ भएको कुराको चित्रण गरिएको छ । यसको पुष्टि प्रस्तुत कथाभित्रको निम्नलिखित उद्गारले गर्दछ :

> उसको लोग्ने जसलाई जिउँदा हुँदा सबैले निरही र अपदार्थ ठानी हेला गर्थे । मरेपछि कति महत्त्वपूर्ण भइसकेको रहेछ भन्ने कुरा बल्ल अब दुराले बुझी । ऊ जिउँदो हुँदा वास्ता नगरे पनि मरेपछि त स्वयम् सरकारलाई नै साह्रै फिक्री परेछ । सरकारले उसको लोग्नेको छेमकुशलबारे कुरो बुझेर मात्र यति ठूलो डोर पठायो । त्यसलाई फिर्ता पठाउन सारा गाउँलेलाई नै हम्मेहम्मे पर्यो (पृष्ठ. ५३) ।

माथिको उद्गारलाई दृष्टिगत गर्दा सरकारको ढिलासुस्ती र कमजोरी पक्षको उद्घाटन

गरिएको छ । राज्यले आफ्ना नागरिकहरूको लागि आधारभूत आवश्यकता शिक्षा, स्वास्थ्यको व्यवस्था गर्न नसक्नुका साथै मरेपछि पनि न्याय दिन नसकेको यथार्थ पक्ष चित्रण गरिएको छ । गैरजिम्मेवार, कर्तव्यविमूख राज्य पक्ष जस्तै असत् कर्मचारीको घुसखोरी व्यवहारलाई हेर्दा राज्य र राज्यसँगै सम्बन्धित निकाय स्वार्थी र गैरजिम्मेवार रहेको कुरा यस उद्‌गारमा प्रस्तुत गरिएको छ । त्यसैगरि यस कथामा धार्मिक तथा सांस्कृतिक सन्दर्भको सामान्य प्रस्तुति रहेको छ । रोगव्याधिलाई कथाकी प्रमुख पात्र दुराले भाग्य र पुनर्जन्मको पापको रूपमा लिएकी छन् । रोग लाग्नु, निर्धन हुनु, सन्तान नहुनुलाई पनि भाग्यसँग जोडेको देखिन्छ ।

संज्ञानात्मक सन्दर्भका आधारमा 'मानिसको महत्त्व' कथालाई दृष्टिगत गर्दा यस कथाकी सहभागी पात्र दुराको माध्यमबाट समाजमा रहेको रुढिग्रस्त धार्मिक अन्धविश्वासलाई हटाउनुपर्छ । रोगव्याधी पुनर्जन्म, पाप होइन, निर्धनपना हटाउन मेहेनत तथा कर्म गर्नुपर्छ भन्ने संज्ञान पाइन्छ भने समाजले महिलाको चरित्रको ध्वजा उडाउनु हुँदैन । पीडा समस्यामा परेका महिलालाई सहयोग गर्नुपर्छ । नागरिकलाई न्याय तथा सुरक्षाको अनुभूति गराउने सरकारी पक्ष तथा न्यायिक निकायले गैरजिम्मेवार बन्नु हुँदैन । समाजका व्यक्तिहरूले यस्ता न्यायिक निकायको विरोध गर्नुपर्छ । वर्तमान परिप्रेक्ष्यमा यस्ता घुसखोरी, प्रशासनिक तथा न्यायिक निकायका कमजोरी फेला परेमा निडर भएर विरोध गर्ने र आफू माथिको अन्यायको बिरुद्धमा आवाज उठाउन अग्रसर हुनुपर्छ भन्ने संज्ञानात्मक सन्दर्भलाई यस कथामा प्रस्तुत गरिएको छ । राज्य तथा सरकारले ग्रामीण परिवेशसम्म विकासका पूर्वाधारहरूको समानुपातिक अवसर उपलब्ध गराउनुपर्छ । देशको समानुपातिक विकासका साथै सत्य, न्याय पारदर्शिता, जिम्मेवार, कर्तव्यनिष्ठ कर्मचारीको व्यवस्था गर्नुपर्छ । समाजमा पञ्च भलाद्मीको नाममा अन्याय गर्ने ठालुहरूको विरोध गर्नुपर्छ । रोगीलाई घृणा होइन माया आवश्यकता पर्छ । विवेकशील, सत्य, इमान्दार, असल सबैको भलो चाहने मान्छेको समाज परिवर्तनमा महत्त्वपूर्ण स्थान छ । असल मान्छेलाई सम्मान गर्दै उसको व्यवहारको मूल्याङ्कन गरिनु आवश्यक हुन्छ भन्ने संज्ञानात्मक सन्दर्भलाई यस कथामा प्रस्तुत गरिएको छ । साथै समाजमा हरेक मान्छेले स्वतन्त्र रूपमा बाँच्न पाउने अधिकार छ । कसैले कसैको चरित्रहत्या जस्ता गलत क्रियाकलाप गर्नु हुँदैन भन्ने संज्ञान यस कथामा उद्‌घाटन गरिएको छ ।

### ३.२.६ 'ऊ पर्खिरही' कथामा संज्ञानात्मक सन्दर्भ

'ऊ पर्खिरही' कथा *रात्रिभोज* कथासङ्ग्रह (२०६०) मा सङ्गृहीत फौजी कप्तानको परिवारप्रतिको गैरजिम्मेवारी र न्यायिक पक्ष घुसखोरी प्रवृत्तिसँग सम्बन्धित कथा हो । नेपाली

समाजमा एउटा पतिव्रता विवाहिता महिलामाथि बिनाकसुर उसको श्रीमानले दिने यातना, अन्याय अत्याचारलाई यस कथामा यथार्थपरक शैलीमा प्रस्तुत गरिएको छ । परकथात्मक समाख्याताको प्रयोग भएको यस कथामा रम्भा प्रमुख सहभागी सत् पात्र हुन् भने उनको श्रीमान सुद्युम्न असत् पात्र हा् । रसना असत् र उमा सत् सहायक पात्रका रूपमा देखिएका छन् । सानै उमेरमा आमाबुबा गुमाएकी रम्भा कान्छा बा र कान्छी आमाको पालनपोषणमा हुर्किएर लप्टन सुद्युम्नसँग विवाह गरी जिम्मेवारीपूर्वक घरव्यवहार चलाउने पात्रका रूपमा देखिनु, सुरुका दिनमा सुद्युम्नले रम्भालाई माया गर्नु, छोरी जन्मनु पछि सुद्युम्न एउटा अविवाहित रसनासँग सम्बन्धमा रहनु, अबेर रक्सी खाएर घर आउनु, रम्भालाई नराम्री भन्दै वचन लाउनु, तिमी स्वतन्त्र छौ, मन लागेको ठाउँ जानु नत्र पारपाचुके दिएर स्वतन्त्र हुन सक्छौ भन्दै वेप्रवाही हुनु, कुट्नु, सरकारी पैसा हिनामिना गरेको आरोपमा सुद्युम्न जेल जानु, सुद्युम्न नरम भएर रम्भासँग यो सबै कुरा झुटो हो, मैले गल्ती गरेको छैन, मलाई यहाँबाट घर लैजाउ नत्र मर्छु भन्नु र रम्भाले जति धाउँदा पनि कसैले उसको पुकार नसुन्नु, मन्त्रीले पैसा दिएर छुट्छ वकिलसँग सल्लाह गर भन्दै वकिलसँग भेटाइदिनु र दुई वर्ष जेल बसिसकेकोले दुईलाख दिए छुट्छ भनी वकिलले रम्भालाई सल्लाह दिनु, रम्भाले आफ्ना भएभरका गहना बेचेर र घरखेत बन्धक राखी सुद्युम्नलाई छुटाउनु, छुटी सकेपछि पनि सुद्युम्न रसनाको कोठामा जानु र स्वागतमा बसेकी रम्भा पर्खाइमा बसिरहनु यस कथाका मुख्य घटनाक्रम हुन् । रैखिक ढाँचामा अगाडि बढेको यस कथामा स्त्रीलम्पट पुरुषको स्वभावले हाँसी खुशी रमाइरहेको परिवारको बिचल्ली हुन्छ भन्ने आशयलाई प्रस्तुत गरेको छ । यो कथा नेपाली समाजमा रम्भाले जस्तै पुरुषको अपहेलना, बिनाकसुर यातना भोग्ने कैयौँ नेपाली नारीहरूको कथा हो । छोरीचेलीको झगडामा माइती पक्षले बोल्नु हुँदैन भन्ने सन्दर्भको चित्रणसमेत यस कथामा गरिएको छ । यस कुराको पुष्टि यस कथाभित्रको निम्नलिखित उद्गारले गर्दछ :

> "तिमीलाई पराई हातमा सुम्पिसकेका छौँ छोरी ! अब हामी के पो गर्न सक्छौं र ? जसका खुट्टा धोई शिर चढायौँ उससँग कचकच गर्न, झगडा गर्न अथवा मुद्दा खेल्न हामीहरूलाई सुहाउँदैन । हो, तिमीलाई खान लाउन दुःख हुन्छ भने निर्धक्क भएर भन्ने गर्नु, बर्षको एक-दुई छाल लुगा र चार-पाँच सय दामका लागि धन्दा नमान्नू !"कान्छी आमाले भनेकी थिइन् । नगिचै चिया पिइरहेका कान्छा बा पनि सबै कुरा कान थापेर सुनिरहेका थिए र भनेका पनि थिए -"यो तिम्रो व्यक्तिगत मामिला हो । हामीहरूले

> बाहिरबाट हस्तक्षेप गर्दा कुरो झन बिग्रेला। 'लोग्नेस्वास्नीको झगडा परालको आगो' भन्ने उखान नै छ। बिस्तारै परिस्थिति मिलाउँदै गर, सब ठीक भइहाल्ला।" (पृ. १००)

नेपाली समाजमा छोरीचेलीको विवाह सम्बन्ध तथा घरपरिवारमा समस्या परे माइती पक्षले बोल्नु हुँदैन, छोरी सुम्पिएर गोडा धोएको ज्वाइँलाई केही भन्नु ठीक होइन । 'लोग्नेस्वास्नीको झगडा परालको आगो' भन्ने उखानले नेपाली समाजको सामाजिक यथार्थ पक्षलाई प्रस्तुत गरेको छ । साथै छोरीचेली माथि घरपरिवार तथा ज्वाँइले बिनाकसुर अन्याय-अत्याचार, कुटपिट, शोषण दमन गर्छ भने त्यसको विरुद्धमा माइती पक्ष एकजुट भएर बोल्नुपर्छ । छोरीलाई अबला बनाउनु हुँदैन । यथार्थ बुझी ज्वाइँलाई सम्झाइबुझाई गर्नु र छोरीलाई दुखपीडाको भुँमरीबाट बाहिर निकाल्नु, छोरीको दुःखपीडामा साथ दिनु जन्मघरको अर्थात माइती पक्षको कर्तव्य हो भन्ने संज्ञान यहाँ प्रस्तुत गरिएको छ। छोरी माथिको अन्याय अत्याचारको सुरुवातीमा निकासा गर्न सके ठूलो दुर्घटना हुनबाट जोगिन्छ। आफूमाथि आएको समस्या समाधानको भिक मागेकी छोरीलाई साथ दिनु माइतिको कर्तव्य हो भन्ने संज्ञान यस उद्गारमा व्यक्त गरिएको छ । बाहिर अन्य स्त्रीसँग सल्किएका पुरुषहरू बिनाकसुर घरकी श्रीमतीसँग सम्बन्ध बिगार्ने, विवाह सम्बन्धलाई टुटाउन खोज्ने गरेको यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ। यसको पुष्टि कथाभित्रको निम्नलिखित कथाशंले गर्दछ :

> 'म पनि स्वतन्त्र तँ पनि स्वतन्त्र। कुनै मन परेको मानिससँग उठबस गर् न, म केहि भन्दिनँ। बुझिस्, म त्यति ठूलो दिल राख्छु।' अनि ठूलो विकल्प जुटाइदिएझैं भन्ने गर्थ्यो- नभए पारपाचुके लिऊँ न, झन्झट नै सिद्धिन्छ।' रम्भा चुप लागेर सोच्थी- 'हरे, स्वतन्त्रताको नाममा कसरी आफ्नो अपराधलाई लुकाएको !' अनि मनमनै आक्रोशित हुँदै सोच्थी- कस्तो बुझ पचाएको ! तिम्रा लागि त चारै दिशा खुला छन् तर बिहेपछि मेरो स्वतन्त्रता कुनैपनि सम्मानजनक उपाय त छँदै छैन।' (पृ. १०३)

माथिको साक्ष्यलाई हेर्दा स्वतन्त्रताका नाममा मनपरि गर्नु सभ्य र व्यवस्थित परिवारलाई बिथोलेर घरपरिवार, श्रीमती छोराछोरीप्रति गैरजिम्मेवार र रूखो भएर वासनात्मक प्रेमको पछाडि लागेर त्यस्तो छाडा प्रवृत्तिलाई स्वतन्त्रताको नाम दिनु हुँदैन। घरमा पतिव्रता सुन्दर श्रीमती हुँदाहुँदै बाहिर गलत नियत कि केटीसँग मस्ती गर्नु र घरकी श्रीमतीलाई हेला गर्नु, शारीरिक तथा मानसिक यातना दिनु महिला हिंसा हो। यसको अन्त्य हुनुपर्छ। महिला हिंसाको विरुद्धमा आवाज उठाउनुपर्छ। महिलालाई मनोरञ्जनको साधन खाने होइन सम्मान गर्नुपर्छ। महिलाले पनि श्रीमानले नराम्रो व्यवहार गरिसकेपछि अर्को विवाह गर्न पाउनुपर्छ। समाजले

ससम्मान मान्यता दिनुपर्छ। समाजले महिलाले अर्को विवाह गर्नु नराम्रो मान्ने आफ्नो रूढिवादी विचार बदल्नुपर्छ भन्ने संज्ञान प्रस्तुत पाठमा संकेत गरिएको छ। साथै जसरी समाजमा पुरुषले स्वतन्त्रताको नाममा मनपरि गर्दा समाजलाई कुनै आपत्ति हुँदैन, पुरुषलाई सङ्कोच लाग्दैन त्यसरी महिला स्वतन्त्रतालाई पनि समाजले सम्मानजनक स्वीकार गर्नुपर्छ। लैंगिक विभेदको अन्त्यको लागि आवाज उठाउनुपर्छ। आफूमाथिको भएको अन्यायको विरोध गर्न नारी स्वयं अगाडि बढ्नुपर्छ। आफूले गरेको गलत कार्यबाट निस्किएको गलत परिणामलाई आफ्नो दोष नमान्ने, नारीको दोष देखाउने पुरुष प्रवृतिलाई यस साक्ष्य प्रस्तुत गरेको छ। त्यसैगरि गलत कर्म गर्ने व्यक्तिले यहाँ आफ्नो कुकर्मको सजाय पाउदैँनन्, गलत व्यक्तिलाई घरपरिवारले साथ दिने गरेको यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ। यसको पुष्टि तलको उद्गारले गर्दछ :

> एकदिन उसको भेट एकजना भर्खर पदासिन मन्त्रीसँग भएको थियो। त्यस मानिससँग संवेदनशिलता अझै भरिसकेको थिएन। अतः उसले सबै कुरो ध्यान दिएर सुन्यो र भनेको थियो-“तपाईंको दुःख र निर्दोष अनुहार हेर्दा जे पनि गरिहालौं लाग्छ तर हामी सबै कानुनले बाँधिएका छौं। मलाई लाग्छ तपाईंका पतिले दुई वर्ष जेल सजाय भुक्तान गरिसकेपछि अब धेरै बस्नु नपर्ला। पैसो तिरे छोड्न पाइन्छ होला। मेरो कानुनको अभ्यास छुटेको धेरै भो। तपाईं एउटा वकिलसँग सल्लाह लिनुहोस्, केही परे फेरि भेट्नुहोला। मन्त्रीले टेलिफोन गरिदिएबमोजिम ऊ एकजना वरिष्ठ वकिल कहाँ गएकी थिई र निःशुल्क सल्लाह पाएकी थिई कि सरकारी तहबिलमा दुई लाख रूपैंया दाखिल गर्नसके उसको श्रीमान दुई महिनामा छुट्न सक्थ्यो। रमाले वकिल कहाँबाट फर्किदा देखेकी थिई कि एउटा ठूलो पसलबाट रसना र एकजना अर्कै फौजी अपिरसर बाहिर निस्केका थिए र दुईजना नै हाँसखेल गर्दै गाडीमा चढेका थिए। घर पुगी उमालाई यो कुरा बताएपछि उसले सोधेकी थिई-“रसनाले त्यो अफिसरसँग बिहे गरेकी पो हो कि ?” (पृ.१०४)

माथिको साक्ष्यलाई दृष्टिगत गर्दा प्रशासनिक तथा न्यायिक निकायमा घुसखोरी, गलत व्यक्तिलाई सहीरूपमा कानूनी कठघरामा नउभ्याएर पैसामा छुट्याउनेलगायतका प्रशासनिक गतिविधिले घुसखोरी, अन्याय, अत्याचारले झन्झन् मौलाउने मौका पाएको यथार्थ पक्षको चित्रण भएको छ। गलत गर्ने व्यक्तिले कानुनी सजाय पूर्णरूपमा पाउनुपर्छ। पैसाको भरमा छुट्याउँदा त्यस्तो गल्ती फेरि दोहोरिरहन्छन्। अपराधीलाई आफ्नो गल्तीको महसुस नहुने हुँदा कानुनी कारवाही तोकेजति भोग्न दिनुपर्छ भन्ने संज्ञान यस साक्ष्य संकेत गरिएको छ। अपराधको

अवस्था, प्रकृतिबमोजिम कानुनी सजाय भोग्नुपर्छ । परिवार पक्षले समेत भावनामा डुबेर अपराधीलाई साथ दिनु हुँदैन र नारी वर्गले स्वतन्त्रताको नाममा छाडा भएर हिँड्दा कैयौं पारिवारिक गृहस्थी रम्भाको जस्तै बर्बाद भएका हुन्छन् । पाठमा देखिएकी रसना जस्ता नारीहरू नारीका शत्रु हुन् । अरूको घरबार बिगार्दै रमाइलो गर्दै जीवन बिताउने नेपाली समाजका नारीहरूबाट जोगिनुपर्छ । हरेक महिलाले कर्म गरेर समाजमा सकारात्मक भूमिका निभाउँदै बाँच्नु पर्छ । गलत गरेमा तिनीहरूलाई कानुनी सजाय दिलाउन समाज एकजुट भएर लाग्नुपर्छ भन्ने संज्ञान यस कथामा व्यक्त गरिएको छ ।

संज्ञानात्मक सन्दर्भका आधारमा 'ऊ पर्खिरही' कथालाई दृष्टिगत गर्दा कथाकी सहभागी पात्र रम्भाको माध्यमबाट मन, वचन र कर्मले आफ्नो श्रीमान, परिवारप्रति समर्पित नेपाली चेलीहरू बिनाकसुर श्रीमानको अन्याय अत्याचार सहेर बस्नुहुँदैन । श्रीमानका गलत कदमहरूको निडर भएर विरोध गर्नुपर्छ । महिला हिंसाको विरुद्धमा आवाज उठाउनुपर्छ । शोषित पीडित भएर बाँच्नु हुँदैन । नारीलाई पनि सही तरिकाले स्वतन्त्र भएर जिन्दगी जिउने अधिकार छ । विश्वासघाती व्यक्तिहरूलाई साथ दिनुहुँदैन । दुख पीडामा परेकी चेलीलाई माइती तथा समाजका बुज्रुकहरूले साथ दिनुपर्छ भन्ने संज्ञान प्रस्तुत भएको देखिन्छ भने उनका श्रीमान सुद्युम्न जस्ता महिला हिंसा गर्ने, महिलालाई मनोरञ्जनको साधन ठान्ने, असत्, अत्याचारी, कामकर्तव्यप्रति गैरजिम्मेवार, स्वार्थी व्यक्तिलाई पूर्णरूपमा कानुनी सजायको भागीदार गराउनुपर्छ र त्यस्ता व्यक्तिहरूको विद्रोह र विरोधमा सबै जाग्नु पर्छ भन्ने संज्ञान प्रष्ट हुन्छ । साथै रसना जस्ता छाडा प्रवृत्तिका नारी जातिले समग्र नारी जातिको इज्जतलाई धरापमा राख्ने, अरूको घरबार बिगार्ने हुँदा त्यस्ता नारीहरूलाई पनि कानूनी कठघरामा ल्याउनुपर्छ भन्ने ज्ञानलाई संकेत गरेको छ । समग्रमा महिला हिंसा, पुरुषको वासनात्मक प्रेम, छाडा महिलाहरूका मनोरञ्जनात्मक स्वतन्त्र जीवन शैलीको विरोध गर्दै सत्यको साथ र असत्यको विरुद्धमा मानव समाज, कानुन प्रशासन एकजुट भएर लाग्नुपर्छ भन्ने संज्ञानलाई यस कथाका सहभागी पात्र, प्रस्तुत विषयवस्तुमार्फत संकेत गरिएको छ ।

### ३.२.७ 'पाहुना घर' कथामा संज्ञानात्मक सन्दर्भ

'पाहुना घर' कथामा द्वन्दकालीन समयको विषयलाई प्रस्तुत गरिएको छ । यस कथाका अधिकांश कार्यहरू सुदूरपश्चिमाञ्चल क्षेत्रको ग्रामीण पहाडी समाजमा सम्पन्न भएका छन् । यस कथाको प्रमुख पात्र ध्रुव दुख गरेर सहरमा पढेको र रोजगार नपाई आफ्नै गाउँमा व्यवसायतिर लागेको असल, इमान्दार, मेहनती व्यक्ति हो । यस कथामा ग्रामीण भेग, खेतबारी,

सुन्दर डाँडाकाँडा, ग्रामीण मान्छेमा हुने आत्मीयता, सेवासत्कार धर्म गर्नुपर्छ, पैसामुखी बन्नु हुँदैन भन्ने भावना प्रस्तुत गरेको छ । द्वन्द्वकालको समयमा कुटोकोदालो, सानोतिनो व्यापार, पसल जेनतेन गरी जीवन बिताइरहेका ग्रामीण पहाडी भेगमा मानिसहरूको सामान्य जीवनलाई द्वन्दकालीन विप्लवीहरूको आक्रान्त व्यवहार, लुटपिट, अत्याचारका कारण पुर्ख्यौली थलो छोड्नुपरेको बाध्यता र मुग्लानमा भएको विचल्ली, सहरिया रुखा व्यक्तिहरूको व्यवहार, मानवीयता, सेवासत्कार यस कथाका सामाजिक सन्दर्भ हुन् । यस कथामा व्यापारको मुख्य आधार सडकबाटोको विस्तार र गाडीमोटर भएको यथार्थ पक्षको चित्रण गरिएको छ । यस कुराको पुष्टि तल दिइएको साक्ष्यले गर्दछ :

> मोटर नपुग्दासम्म फल फल्ने मौसममा २/४ गेडा फल माग्दा धनी खुशीसाथ दिन्थे । अब भने वनका ऐँसेलु, किर्मोडासमेत बिक्री हुन थालेका छन् । यसर्थ बारीमा सित्तै दिने भन्ने कुरै हुँदैन र कसैले माग्दैन पनि । मही र अलिक गुड आगनमा पुगेका जो सुकैलाई पनि दिने चलन पनि हराइसकेको थियो । महीको पानीसमेत बिक्री हुन्थ्यो (पृ. १३) ।

माथिको साक्ष्यलाई हेर्दा विकाससँगै व्यापारको आधार भनेको बाटोघाटो तथा यातायात हो । देश विकास गर्न, रोजगारीका अवसर सिर्जना गर्न, देशको अर्थतन्त्रलाई बलियो बनाउनको लागि बाटोघाटो तथा यातायात जस्ता पुर्वाधारको विकास गर्नुपर्छ । यातायात तथा सडक विस्तार भएपछि ग्रामीण भेगमा सडेर कुहिएर जाने अर्गानिक उत्पादन दूध दही फलफूलले राम्रो मूल्य पाउँछ भन्ने संज्ञान प्रस्तुत साक्ष्यमा व्यक्त गरिएको छ ।

प्रस्तुत 'पाहुना घर' कथामा खानलाउन पुगेको मध्यमवर्गीय ध्रुवको कथा समेटिएको छ । ध्रुवको बुवाले छोराको सुन्दर भविष्यको कामनाको लागि सहर पढाउनु, पढेर पनि कुनै जागिर नपाई गाउँमा गएर बाले थापेको किराना पसललाई व्यवस्थित बनाउनु, गाउँसम्म बाटो पुगेको कारण गाडीको ओहोर-दोहोर भएकोले भात खुवाउने होटल र बास बस्नको लागि पाहुनाघरको व्यवस्था गर्नु, आएका व्यक्तिहरूलाई चियापान सेवासत्कार गरी सस्तोमा लोभी नभएर व्यापार गर्नु, सेवालाई धर्म ठान्नुलगायतका काम ध्रुवले गरेको देखिन्छ भने गाउँसम्म गाडी पुगेपछि गाउँलेहरूले पनि गाउँमा उत्पादित पदार्थ बेच्ने, पैसा कमाउने गरेको देखिन्छ । विप्लवहरूले गाउँलेलाई दुःख दिएको, ध्रुवको धनमाल, कागजात लुटी कपडा पोलेको ध्रुवको परिवार त्यहाँबाट विस्थापित भई कन्चनपुर मामाघर गएको र ध्रुव सरकारसँग आफ्नो सम्पत्तिको क्षतिपूर्ति माग्न काठमाडौँ आएको तर क्षतिपूर्ति नपाई खल्तीमा पैसा नभएको अवस्थामा काठमाडौंमा डुलेको,

साथीभाइ, गाउँले कसैले पनि नहेरेको, काठमाडौंमा घर जग्गाजमिन भएका, छोरा अवसरको खोजीमा विदेश गएका श्यामराज बाजेले आफ्नो जग्गा भाँडामा कमाएर खाउ भनेर सहयोग गर्दा ध्रुवको अवस्था सुध्रिएको सन्दर्भ कथामा उल्लेख गरिएको छ। यस कथामा बाँच्नको लागि ध्रुवले इलम गरेको, गाउँले पनि चलाख भएको तर गाउँबाट विस्थापित हुँदा खाने गाँस लाउने कपासको बस्ने बासको व्यवस्था नभएको, द्वन्दकालिन समयमा विप्लवीहरूले निम्त्याएको नेपालीको अवस्थालाई चित्रण गरिएको छ । द्वन्द्वकालमा गाउँलेको भएको श्रीसम्पत्ति विप्लवीहरूले खोसेको, बाँच्नका लागि निम्नवर्गीय नेपालीहरूले दुख गर्नुपरेको र गाँउबाट विस्थापित हुनु परेको सन्दर्भ यस कथामा प्रस्तुत गरिएको छ । यसको पुष्टि कथाभित्रको निम्नलिखित उद्गारले गर्दछ :

> केही मानिसहरू आफ्नो थलो छोडेर भागे पनि । एकदिन साँझपख केही हतियारधारी जवानहरू उसको आँगानमा पनि आइपुगे । नगदी सुनचाँदी र बोक्न सक्ने जति जिनिस लुटे, कागजपत्र, पुराना लुगाहरू पोलिदिए अनि "मुख्यालयबाट बोलाइएको छ" भनी उसलाई पनि पक्रिसँगै लगे । उसले कयौँ पल्ट कसुर के हो र, धनमाल लुटीसकेपछि पनि पक्राउ गर्ने कारण के हो ? भनी बुझ्ने प्रयास गर्यो तर मुख्यालय पुगेपछि थाहा हुन्छ भन्ने उराठ लाग्दो जवाफ मात्र आइरह्यो । अँध्यारो बाक्लिदै गइरहेको थियो । बाहिर र उसको मन भित्र पनि देब्रेतिर बगिरहेको नदीको सुसेली, हावाको स्पर्श र सगरमा उदाएका तारा साह्रै चिसोपना बोकेर उसको मनलाई बिझिरहेका थिए । हतियारधारी सहयात्रीहरू साक्षात् यमदूत जस्तै लागिरहेका थिए । हतियारधारी मध्ये एकजनाले लौ सुरक्षा फौज आयो भनी करायो र खानामा हात चोप्नै लागेका विप्लवीहरूले विजुली चम्किए झैं गरी हाम फाले । उसको जीउमा पनि एक्कासी जाँगर आएको थियो र बाटो नजिकको ओडारभित्र पसेर उ पनि चुपचाप लुकेको थियो । सुरक्षा टोली नजिक आइपुगेपछि त्यससँग हिँड्नु पर्ला "श्रीमती बच्चाहरू र आमालाई लिन घर गै अब पक्कै पनि गाउँ छोडी कतैतिर लाग्नु पर्ला, उसले यो काम केही समयअघि नै गरिसक्नुपर्ने अहिलेसम्म नगरी ठुलो भुल गरेको रहेछ" भनी सोच्दै थियो (पृ. १६) ।

उपर्युक्त उद्गारलाई दृष्टिगत विप्लवीहरूले शासन परिवर्तनको नाममा गरेको क्रान्तिले सर्वसाधारण जनताहरूले सास्ती खेप्नुपरेको, विप्लवीहरूद्वारा बिनाकसुर सजायको भागीदार, सम्पत्ति लुटपाट, कागजात जलाउने काम भएको र बाँच्नका लागि ग्रामीण बासिन्दा आफ्नो

परिवार लिएर सहर तथा अन्य ठाउँमा पलायन हुने गरेको सन्दर्भलाई संकेत गरेको छ । साथै नेपाली जनता सुरक्षाकर्मी र विप्लवीहरूको दोहोरो चपेटामा परी त्रासमय जीवन बिताउन बाध्य भएको संकेत यहाँ गरिएको छ । परिवर्तन तथा क्रन्ति सिद्धान्तमा टेकेर, त्रास नफैलाई बुद्धिमतापूर्वक गर्नुपर्छ । सर्वसाधारणको ज्यान लिने, सम्पत्ति हडप्ने, गाउँबस्तीमा अशान्ति फैलाउने गर्नु सिद्धान्तको विपरित हो भन्ने संज्ञानलाई प्रस्तुत पाठमा संकेत गरिएको छ ।

'पाहुना घर' कथा द्वन्द्वकालीन परिवेशमा आधारित कथा हो । समाजको असमान वर्गीय स्थिति र राज्य व्यवस्था परिवर्तनको नाममा गरिएको नेपालको १० वर्षीय जनयुद्धको समयलाई समेटेर यो कथा अगाडि बढेको छ । क्रान्तिकारी परिवर्तनको नाममा देखापरेको विप्लवी समुह र राज्यको सुरक्षाकर्मी बीचको द्वन्द्व र त्यस द्वन्दको चपेटामा परेका नेपाली र त्यसमाथि बिशेषत: ग्रामीण पहाडी भेगका समुदायका मानिसको जीवनमा परेको नकारात्मक प्रभाव, सेना र विप्लवी बिचको ज्यान बाजी थापेर हिन्नु परेको बाध्यता, विप्लवीहरूले गाउँ पसेर सोझासाझा जनतालाई दिएको सास्ती, गाउँलेको सम्पत्ति हडपेको स्थिति र बाध्य भएर गाउँलेले बाँच्ने आसामा गाउँ छोडेर सहर पस्दा भोगेको पीडालाई यस कथामा कलात्मक ढङ्गले देखाइएको छ । राज्य ढाँचा परिवर्तनको गलत बाटो रोज्दा निमुखा जनताका ईच्क्षा, सपना, र परिवार तितरवितर भएको यथार्थ सामाजिक र राजनैतिक परिवेश यस कथामा प्रस्तुत गरिएको छ । यसको पुष्टि कथाभित्रको निम्नलिखित उद्‌गारले गर्दछ :

> मुलुकभित्र भने अन्धकार छ । मुलुककै क्षतिको पूर्ति हुने आशा नभएको बेला अब उसले आफ्नो जावो क्षतिपूर्तिका लागि धाउन पनि छोडिसकेको छ । कञ्चनपुरमा परिवारजन बाँचेकै छन् रे । मनमा उसले  केही अवश्य गर्छ भन्ने आशा बोकेका होलान्, जो व्यर्थ सावित हुने कुरामा ऊ विश्वस्त भएको छ । पहाडको घरबाट भने एउटामात्र समाचार आइपुगेको थियो । रत्ने पनि सपरिवार भागेर राजधानी आइपुगेको छ । ऊ आमालाई भेटेर आएको थियो रे । आमा बिरामी हुनुहुन्थ्यो र 'मर्ने बेला आइसक्यो एकचोटि मात्र ध्रुव र नातिनातिनाको मुख हेर्न पाए हुन्थ्यो' भन्नुहुन्थ्यो रे (पृ. २१) ।

उपर्युक्त साक्ष्यलाई दृष्टिगत गर्दा मुलुकभित्र राज्यपक्ष र विप्लवी समूहबीच चलेको द्वन्दले जनतामा जीवनप्रति विसङ्गत धारणा पलाएको, राज्यले आफैँ क्रान्तिको भुमरीमा रुमलिएको अवस्थामा सर्वसाधारण जनताको सम्पत्तिको क्षतिपूर्ति पाउन कठिन भएको र वृद्धवृद्धा पुर्ख्यौली थलो छोडेर विस्थापित सन्तानको बाटो कुरेर आँसु बगाउँदै बसेको द्वन्दकालिन यथार्थ

सन्दर्भको संकेत गरिएको छ भने राज्यले निश्चित निकासा नपाएको अवस्थामा जनतामा भविष्यप्रतिको चिन्ताले विसंगति पलाउँछ । पुर्ख्यौली थलो सबैका लागि प्यारो हुन्छ र द्वन्द्वकालीन परिवेशमा ग्रामीण भेगमा युवायुवती सहर र मुग्लान भाँसिनु परेको र गाउँघरमा बुढाबुढी घरदैलो रुगेर सन्तान फर्किने आशाको बाटो हेरेर बस्ने गरेको संज्ञानलाई प्रस्तुत कथामा सङ्केत गरिएको छ । साथै क्रान्ति परिवर्तनको लागि अपरिहार्य भएको तर क्रान्तिको नाममा त्रास फैलाउनु, सर्वसाधारण जनताको गास, बास, कपासको आधार खोस्नु गलत भएको र संयमित तथा एकजुट भएर सर्वसाधारण नागरिकहरूलाई दुख नदिएर विरोध वा परिवर्तनको बाटो खोज्नुपर्छ भन्ने संज्ञान यहाँ प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथामा सामान्य रूपमा धार्मिक तथा सांस्कृतिक सन्दर्भको सङ्केत पाइन्छ । ध्रुवले सहरबाट पढेर गाउँमा फर्केर पाहुनाघर बनाएर सहरबाट आउने हाकिम, कर्मचारी र पाहुनाहरूको लागि खाने बस्ने सुविधा विस्तार गरेको छ । उसको घरमा आएका पाहुनाहरू साँझबिहान सितैमा चियापानी दिएर मीठो नम्र, व्यवहार गरेको छ । ऊ लाउनखान पुगेकै छ, धर्म गर्नुपर्छ, सेवा गर्नुपर्छ भन्ने विचार राख्ने पात्रको रूपमा देखिएको छ । काठमाडौँमा खोलिएका धर्मशाला, आधापेट खाएर दिन बिताएको र उसका साथीहरूले 'ईश्वरले केही बाटो देखाउलान् धैर्य गर्नुस्' भन्ने भगवान भर पर्न र आशावादी हुन सल्लाह दिएको छ । सहरिया परिवेशमा पढेलेखेका युवायुवती सुन्दर भविष्यको सपना सजाएर अमेरिका अष्ट्रेलिया पलायन हुने संस्कृतिको चित्रण यस कथाका श्यामराजबाजेको घरको कहानीबाट प्रष्टिएको छ । श्यामराजबाजे पूजाआजा गर्न जाने प्रसङ्गबाट नेपालीहरूको धार्मिक सन्दर्भलाई संकेत गरेको देखिन्छ ।

प्रस्तुत कथामा समाज परिवर्तनको नाममा बन्द अथवा क्रान्तिको बाटो अपनाएर मानिसहरूमा आतङ्क फैलाउनु हुँदैन । देशको परिवर्तन बुद्धि विवेकपूर्वक गर्नुपर्छ । क्रान्ति मात्र समाज देश परिवर्तनको उद्देश्य प्राप्तिको माध्यम होइन । हरेक मानिसलाई समाजमा आफ्नो सम्पत्ति भोगचलन गरी बाँच्न पाउने हक अधिकार छ । बिना गल्ती मानिसलाई दुख दिनु अपराध हो । राज्य तथा सरकारले जनतालाई उनीहरूका आधारभूत आवश्यकताको प्रत्यानुभूति गराई शान्तिसुरक्षाको आभास गराउन सक्नुपर्छ । क्रान्ति र परिवर्तनको नाममा उठाउने हतियारले समाजका, राज्यका विकृतिहरूलाई विस्थापित गर्नुपर्छ । सोझासाझा जन्मभूमि प्रेमी नागरिकको जीविकोपार्जनलाई भत्काउनु हुँदैन । दुखपीडामा परेका मानिसलाई सहयोग गरी मानवताको धर्म निभाउन मानवजाति चुक्नु हुँदैन । दक्ष जनशक्तिले आफ्नो सीप क्षमता प्रयोग गरेर आफ्नै देशमा

इलम गर्नुपर्छ । देशलाई विवेकपूर्ण ढङ्गले विकास र परिवर्तनको गतिमा अगाडि बढाउनुपर्ने संज्ञानलाई यस कथामा निर्देश गरिएको छ ।

### ३.२.८ 'आँसु' कथामा संज्ञानात्मक सन्दर्भ

'आँसु' कथा *पाहुना घर* कथासङ्ग्रह (२०६७) मा सङ्गृहीत द्वन्दकालीन परिवेशको विषयवस्तुसँग सम्बन्धित बालमनोवैज्ञानिक कथा हो । २०६२-६३ सालको जनआन्दोलनको समयगत सन्दर्भभन्दा अगाडिको द्वन्द्वकालीन समय सन्दर्भलाई प्रस्तुत गरिएको यस कथामा मुख्यतया काठमाडौँ उपत्यकालाई प्रमुख कार्यपीठका बनाइएको छ भने पहाडी परिवेशमा विप्लवीहरूले द्वन्दकालमा फैलाएको त्रास र आफ्नो इलम गरिखान असहज हुँदा गाउँ छोडेर सहरमा विस्थापित हुने परिवारको दुःखदायी र कारुणीक कथा यसमा प्रस्तुत गरिएको छ । असंलग्न समख्याताको प्रयोग भएको यस कथामा प्रमुख पात्रको रूपमा  बालपात्र दीप रहेको छ। गाउँको स्कुल, खोलानाला, खुल्ला चौर, डाँडापाखा तथा प्राकृतिक सुन्दर प्रकृति, गाईबाच्छा, घरपालुवा जनावरसँग रमाउँदै पढिरहेको बालपात्र दीपको परिवारको विप्लवहरूको सास्ती खेप्न नसकेर हजुरबुवा रङ्गनाथ भएको ठाउँ काठमाडौंमा आएर ग्रामीण द्वन्दकालिन परिवेशबाट थोरै भएपनि शान्तिको सास फेर्ने उद्देश्यले रातिको समयमा घर छोडी हिनेको र भिरालो बाटो, सशस्त्र माओवादी बीचको द्वन्दको दोहोरो भिडन्तका कारण दीपकी आमाको रातिको समयमा आत्तिएर हिन्दा अध्याँरोमा गोली लागेर हो या लडेर मृत्यु हुँदा निराश र टुहुरो भएको दीपको मनोविज्ञान, बाबाले आमालाई नबचाएको गुनासोलाई मनमा लिएर बसेको, खिन्न भएको दीपको कथा यहाँ प्रस्तुत गरिएको छ ।

प्रस्तुत 'आँसु' कथालाई संज्ञानात्मक सन्दर्भका आधारमा दृष्टिगत गर्दा परिवर्तनका नाममा विप्लवीहरूले गरेको क्रान्तिकारी कदम र त्यसको प्रतिरोधमा राज्य पक्षले गर्ने क्रियाकलापका कारण देशमा अशान्ति त्रास फैलिएको र जनताले जेनतेन गरेर चलाइरहेको जीविकामा समेत प्रत्यक्ष असर परेको देखिन्छ। गाउँको शान्त परिवेश विप्लवहरूले धमिल्याएको, चन्दा असुल्ने, ज्यान मार्ने धम्की दिने, जायजेथा हड्प्ने गरेको कारण ज्यान बचाउन र त्रासमय वातावरणमा टिक्न नसक्दा कैयौँ ग्रामीण बासीहरू सहरतिर विस्थापित भएको नागरिकहरूको यथार्थ परिस्थितिलाई यस कथामा प्रस्तुत गरिएको छ। गाउँको भिरालो बाटो, रातको समयमा ज्यान जोगाउने हेतुले बाटो लागेका कैयौं व्यक्तिहरूले भिरबाट लडेर ज्यान गुमाउनु परेको र कैयौं बालकहरू दीप जस्तै टुहुरो हुनुपरेको कारुणीक विषयवस्तुलाई यस कथामा प्रस्तुत गरिएको छ । नाबालक केटाकेटीहरूको बालमस्तिष्कमा द्वन्दकालीन घटनाको, गहिरो असर

परेको र उनीहरूको स्वभाव, चञ्चलता र खुसीमा नै ताल्चा लागेको यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ। साथै वर्तमान समाजमा मानव बीचको मानवता र हार्दिकता विलिन हुँदै गएको परिवेशमा दीप र उसका हजुरबुवा रङ्गनाथजीले घरपालुवा पशु तथा जनावरप्रति देखाएको माया, समवेदना र उदारताले समाजमा अझैं मानवता भएका व्यक्ति भएको र तिनको सिको सबैले गर्नुपर्ने संज्ञानात्मक सन्दर्भ यस कथामा प्रस्तुत गरिएको छ। सहरी वातावरणको हुलभिड, प्रदुषण, व्यस्तता, जाम, साँघुरोपनाले बालबालिका घर नामको झ्यालखाना भित्र गुम्सिनु परेको बाध्यात्मक यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ। सहरी समाजको व्यस्त परिवेशमा बालबालिकाहरूको लागि खेल्ने साथी र स्थान नहुँदा घरपालुव कुकुरबिरालोसँग खेल्ने, निजी विद्यालयको पढाईको चापलाई यस कथामा व्यक्त गरिएको छ। यसको पुष्टि कथाभित्रको निम्ननलिखित उद्गारले गर्दछ :

> साँझतिर रंगनाथजीको सात वर्षको नाति दीप आफ्नै दिदी र बहिनीका साथमा स्कुलबाट फर्कियो। उसले आजभोलि कुकुरका बच्चाहरूलाई असाध्यै माया गर्ने गरेको छ। ढोका भित्र छिर्नासाथ उसका आँखा कुकुरका बच्चाहरूलाई खोज्छन्। उनीहरू छेउ गई मुसार्छ। एकछिन खेल्छ अनि लुगा फेरेर खाना खान्छ फेरि छाउँराहरूसँग खेल्छ। "होमवर्क गर नत्र भोलि स्कुलमा बिजोग होला" भन्ने बारम्बारको हप्काई पनि काम लाग्दैन। त्यसैले कुकुरका छाउरा भएको ठाउँबाट उसलाई तानेर भित्र ल्याउनु पर्ने हुन्छ। आज पनि सदाझैं छाउरालाई खोज्यो अनि रंगनाथ तिर फर्की "हजुरबा ! लक्की कहाँ गयो" भनेर सोध्यो (पृ.२८)।

उल्लिखित साक्ष्यलाई हेर्दा सहरी परिवेशमा ग्रामिण भेगको जस्तो खुला वातावरण, खेलमैदान रमाइलो नहुने, केटाकेटी स्कुल र घरमा सीमित हुनुपर्ने यथार्थ पक्ष प्रस्तुत गरेको छ भने सहरमा हरेक घरमा कुकुर पाल्ने, केटाकेटीहरू कुकुरसँग नै खेल्ने, आफ्नो खाली समय बिताउने गरेको यथार्थलाई प्रस्तुत गरेको छ। साथै निजी क्षेत्रमा विद्यार्थीलाई उसको क्षमता भन्दा बढी गृहकार्य दिने, बच्चाले गृहकार्यलाई समस्या र बाध्यताका रूपमा लिने गरेको यथार्थ सन्दर्भलाई यहाँ प्रस्तुत गरेको छ। यस साक्ष्यमा सबैले घरपालुवा जनावरलाई माया, समवेदना देखाउनुपर्छ। सहरी क्षेत्रमा बालबालिकाका लागि निश्चित क्षेत्रमा खेल्ने ठाउँको व्यवस्था गर्नुपर्छ, जसले गर्दा बालबालिकाले खुला ठाउँमा खेलेर आनन्दले खुसी हुन सक्छन् र केटाकेटीको क्षमताले समयले भ्याउने गरी, मानसिक तनाव नहुने गरी गृहकार्य दिनुपर्छ। निजी विद्यालयको घोकाउने, गृहकार्यमा व्यस्त राख्ने शिक्षण विधिमा परिवर्तन आउनुपर्छ भन्ने संज्ञान प्रस्तुत

पाठमा व्यक्त गरिएको छ । यस कथामा विप्लवी र राज्य पक्षको क्रान्तिको दोहोरो मारमा सर्वसाधारण जनता परेको सन्दर्भलाई सङ्केत गरिएको छ । साथै विप्लवीहरूको अव्यवहारिक क्रियाकलापका कारण गाँउमा बस्ने स्थिति नहुँदा सोझासाझा ग्रामीण भेगका बासिन्दाले आफ्नो जीवनको मेलो छोडी गाँउ छोड्ने बाध्यात्मक निधो गरेको यथार्थको प्रस्तुति यस कथामा गरिएको छ । यसको पुष्टि कथाभित्रको निम्नलिखित उद्‌गारले गर्दछ :

> दीप काठमाडौँ आएको वर्ष दिन हुन आट्यो । उसको पिता विमल जिल्लामा नै खेतबारी, फुर्सदको बेला ठेकेदारी र त्यसमा थप फुर्सदमा राजनीति पनि गर्थ्यो । सब थोक राम्रो भइरहेको थियो कि विप्लवीहरूले बस्न, खान दिएनन् घरी घरी पक्राउ गरी बयान र चन्दा दिनुपर्ने, जुनसुकै बेलामा जे त्रासदी पनि हुन सक्ने र रातदिन त्रासको कालो छाँयामा बस्नुभन्दा ठाउँ छोड्नु नै वेश भनी उसले ठम्याएको थियो । "राजधानीतिर नै लाग्ने हो कि, पिताजी त्यही हुनुहुन्छ र घर पनि त्यहीँ बनाउनु भएको छ ।" विमलले काकाको छोरो त्रिलोकसित पनि सल्लाह गरिसकेपछि त्यही निधो गरे (पृ.३१) ।

गाउँघरमा आफूले जानेको सीप क्षमता भएअनुसारका काम गरी खुसीसाथ जीविका चलाइरहेका सोझासाझा जनतालाई विप्लवीहरूले खान बस्न नदिने, बिना गल्ती पक्रने, चन्दा असुल्ने, ज्यान मार्ने धम्की दिने, डरधम्कीमा बाँच्नु पर्नेलगायतका मनपरि कार्यहरूले गर्दा नागरिकहरूले ज्यान जोगाउन रातारात गाउँ छोडी सहर बस्नुपर्ने बाध्यात्मक सन्दर्भलाई प्रयुक्त उद्‌गारमा प्रस्तुत गरिएको छ । यस पाठमा परिवर्तनको नाममा जनताको खुसी, सुखशान्ति र अधिकारको लागि गरिने परिवर्तन तथा नकारात्मक प्रणालीको अन्त्यका लागि र सकारात्मक प्रणालीको बहालीका लागि गरिने परिवर्तन जनतालाई दुख दिएर, त्रासदी फैलाएर, अशान्ति मच्चाएर नभई संयमित ढंगले आचारसंहिताको पूर्ण पालना गरी गर्नुपर्छ । प्रशासनिक निकायले नागरिकको चुलो बाल्न सहयोग गर्नुपर्छ, चुलो भत्काउने होइन भन्ने संज्ञानको यस उद्‌गारमा व्यक्त गरिएको छ । साथै विप्लवीहरूको अव्यवहारिक क्रियाकलापका कारण गाँउमा बस्ने स्थिति नहुँदा सोझासाझा ग्रामीण भेगका बासिन्दाले आफ्नो जीवनको मेलो छोडी गाँउ छोडेर रातारात भागेको र भाग्ने क्रममा पहाडी साँघुरो, चिप्लो बाटो र अँध्यारोका कारण अकाल ज्यान गुमाउनु परेको हृदयविदारक घटनाको चित्रण यस कथामा गरिएको छ । यसको पुष्टि कथाभित्रको निम्नलिखित उद्‌गारले गर्दछ :

> मिर्मिरे उज्यालो हुँदा विमल आइपुगेको थियो तर रित्तै हात, रातभरि त अलि तलतिरको रुखमा रुङि बस्नु मात्रै पऱ्यो । पूर्व उज्यालिना साथ तल ओर्ले । त्यत्रो भिरबाट त्यो पनि रातमा खसेपछि के बाँच्थी । रगताम्मे जीउ थियो वा गोली लागेको पो थियो कि ठम्याउन व्यर्थ ठानी मुखमा सुकेको घाँसपातलाई राखी सलाई कोरी दागबत्ती दिएँ र नदीमा बगाइदिएँ । तिमीहरूको पनि सुर्ता लागिरहेको थियो । उसका आँखा रुँदारुँदा फुलिसकेका थिए (पृ. ३३) ।

उल्लिखित साक्ष्य हेर्दा द्वन्द्वकालीन समयमा ग्रामीण परिवेशमा विप्लवी र राज्य पक्षबीच चर्किएको युद्धको मारमा परी जन्मघर, जायजेथा छोडी त्रासमय वातावरणबाट छुटकरा पाउने आशामा सहर, मुग्लान पस्ने नेपालीहरूको वास्तविक सन्दर्भलाई प्रस्तुत गरिएको छ । ज्यान जोगाउन ग्रामीण भेगबाट रातारात भाग्दा भिरालो, चिप्लो, पहाडी अध्याँरो बाटो, दोहोरो भिडान्तका कारण विमलकी श्रीमती जस्तै कैयौं निर्दोष व्यक्तिहरूले ज्यान गुमाउनु परेको र परिवारको खुसी छिनिएको सन्दर्भलाई यहाँ प्रस्तुत गरिएको छ । शासन परिवर्तनको नयाँबाटो मनपरि ढंगले पछ्याउँदा त्यसको प्रत्यक्ष असर देशवासीमा पर्छ र अप्रिय घटनाहरू बढ्छन् भने मानवको मानवअधिकार हनन गर्ने परिवर्तनको कुनै अस्तित्व नहुने संज्ञानलाई यस पाठमा प्रस्तुत गरिएको छ। साथै द्वन्द्वकालीन परिवेशमा कयौं बालबालिकाले अभिभावक गुमाउनु परेको र बालबालिकाको कोमल बालमस्तिष्कमा द्वन्द्वकालीन घटनाले नराम्रो असर पारेको यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ । यसको पुष्टि कथाभित्रको निम्नलिखित उद्गारले गर्दछ :

> बाबुले आमालाई लिएर आउँछु भनेको तर उसलाई कता हो कता कुन लोकतिर बेपत्ता छोडी रित्तो हात आएको कुरोले बालकको मनमा एउटा ग्रन्थी बसेको छ क्यारे, यसैले उसले अहिले आफ्नो बुवा सितको व्यवहार असहज नभए पनि सहज पनि छैन (पृ. ३४) ।
>
> लक्की अपेक्षाकृत बिस्तारै र बढी अन्तरालमा भए पनि रोइहिरहेकै थियो र दीप रोएको दिशापट्टि हेरिरहेको थियो । रंगनाथजीको आँखाभरि आँसु आए । उठेर उनले दीपको पीठ मुसारे । उनीतिर नफर्केर नै दीपले भन्यो-“लक्की हिजोअस्ति भन्दा कम रुन थाल्या छ । एकदुई दिनमा त आफ्नो आमालाई अलिअलि  बिर्सी रुन छोड्छ होला होइन हजुरबा” उनको स्वर निरीह र मन्तो थियो । लामो सुस्केरा फेरि “हो बा ! समय बित्दै जाँदा दुख दिने घटना पनि बिर्सिदै गइन्छ र सहने बानी परी सक्छ” रंगनाथजीले भने । लामो सुस्केरा फेरि दीप पनि बिस्तारै ओछ्यानतिर आई “हजुर बा ! मलाई आज

ल्याएको कुकुरको बच्चा ल्याई दिनुहोला तर अहिले होइन उसले आमालाई छोड्न सक्ने भएपछि मात्र ।" (पृ.४०)

उल्लिखित साक्ष्यलाई क्रमशः दृष्टिगत गर्दा द्वन्द्वकालीन परिवेशका कैयौं घटनाले बालमस्तिष्कमा नराम्रो असर परेको, बालबालिकाको जीवनको खुसी, चञ्चलता हराएको, द्वन्द्वकालीन परिस्थितिले आफन्त गुमाएका बालबालिकाले यथार्थ बुझ्न नसकी अभिभावकसँग रुष्ट भएको यथार्थ सन्दर्भको संकेत गरिएको छ। कैयौं बालबालिकाहरूले यसको असर पछिसम्म भोग्न परेको यथार्थको संकेत यस कथामा गरिएको छ । साथै मानवको होस् वा जनावरको बच्चालाई आमा उत्तिकै चाहिने तथा आमाको अभाव खड्किने यथार्थ पक्षको संकेत गरिएको छ । त्यसैगरी उपरोक्त साक्ष्यले क्रमश आफ्नै आँखा अगाडि आफ्नो मान्छेलाई गुमाउँदा बालमस्तिष्कमा गहिरो चोट पर्ने र बालकले यथार्थ हालात बुझ्न नसके घटनामा अरूलाई आरोप लगाउने, पशु होस् वा मान्छेको बच्चालाई आमाको आवश्यकता पर्ने र समयको क्रमसँगै गहिरो छाप बनेर बसेका अप्रिय घटनाहरू पुरिँदै जाने संज्ञानलाई प्रस्तुत गरिएको छ । बालबालिकालाई उनीहरूको मस्तिष्कमा रहेको विकारलाई हटाउन अभिभावकले सम्झाइबुझाई गर्नुपर्छ । उनीहरूको बालमस्तिष्कमा नकारात्मक असर पर्ने कुरा र काम गर्नु हुँदैन् । बालबालिकाहरूको इच्छा चाहना पुरा गर्न प्रयास गर्नुपर्छ । द्वन्द्व अथवा क्रान्ति गर्दा त्यसको असर बालकमाथि र उनीहरूको कोमल मस्तिष्क र सुनौलो भविष्य माथि पर्न दिनु हुँदैन भन्ने संज्ञान यहाँ प्रस्तुत गरिएको छ। यस कथामा कर्मचारीको घुसखोरी प्रवृति र अवैध सम्पतिको चित्रण गरिएको छ। यसको पुष्टि यस कथाभित्रको निम्नलिखित उद्गारले गर्दछ :

> उनीलाई पहिले ताराबाबु माथि रिस उठ्यो कस्तो सोमत नभएको मानिस मैले नै दिएको कुकुरको बच्चा मलाई नै साटो दिँदा पनि फिर्ता नदिने कस्तो जिराहा मानिस होला ! फेरि उनले सोचे जिराहा र कुरा घुमाउँदै फट्याई गर्न नसक्ने भए यत्रो सम्पत्ति कसरी जोड्थ्यो ? भन्नेहरू त घुस नलिई आँखै उघार्दैन भन्छन्। घुसै दिएर बारम्बार प्रमोसन पाएको पनि छ भन्छन्। यस्तै कुराहरू सम्झी आक्रोशित हुँदाहुँदै पनि एकछिन आँखो लागेछ (पृ.४०) ।

माथिको उद्गारलाई दृष्टिगत गर्दा प्रशासनिक कमजोरी, कर्मचारीको घुसखोरी प्रवृत्ति तथा अथाह सम्पत्ति सङ्कलन, सरुवा बढुवालगायतका प्रशासनिक कार्यहरूमा योग्यता, मेहेनत, लगनशिलताभन्दा पनि पैसा पेल्ने प्रवृतिलगायतका कमीकमजोरीको सङ्केत गरिएको छ । प्रशासनिक घुसखोरी, गैरजिम्मेवारी कार्यहरूको विरोध गर्नुपर्छ। योग्यता, क्षमता र योगदानको

आधारमा पदको बढुवा हुनु न्याय संगत हो । प्रशासनिक कमीकमजोरीको अन्त्य हुनुपर्छ भन्ने संज्ञान प्रस्तुत गरिएको छ ।

समग्रमा 'आँसु' कथालाई संज्ञानात्मक सन्दर्भका आधारमा दृष्टिगत गर्दा देश तथा शासन परिवर्तनका लागि क्रान्ति अपरिहार्य छ तर त्यो क्रान्ति नियमसङ्गत सिद्धान्तमा टेकेर गरिनुपर्छ । जनतालाई दुख दिएर गरिने क्रान्ति व्यर्थ छ । बालबालिकाको मस्तिष्कमा पर्ने नकारात्मक असरले समस्या निम्त्याउने हुँदा अभिभावक वर्ग सचेत हुनुपर्छ । मानवता र समवेदना हराएको समाज असमाज हुने भएकोले मानवता, सामाजिकता संवेदनालाई हीन हुन दिनुहुँदैन । पशु तथा जनावरप्रति मायाप्रेम दर्शाउनुपर्छ । कुकुरलगायतका घरपालुवा जनावरको समेत व्यापार गर्ने व्यापारमुखी सोचको अन्त्य हुनु र मायावी, संवेदनशीलता, समवेदना, हार्दिकताको विकास हुन जरुरी छ । समाजमा हुने चोरी, डकैती भ्रष्टाचारको अन्त्य हुनुपर्छ र यसको विरुद्धमा सचेत व्यक्तिहरूले आवाज उठाउनुपर्छ । निजी विद्यालयको बोझिलो शिक्षण विधि परिवर्तन हुनु आवश्यक छ। सहरिया व्यस्त परिवेशमा बालबालिकाको खुसी तथा उमेरलाई मध्यनजर गर्दै खेलमैदान, खुला ठाउँको व्यवस्था गरिनुपर्छ । विवेकशील मानव जातिले जनावर र मानव कसैको पनि पीडक बन्नु हुँदैन भन्ने संज्ञान प्रस्तुत गरिएको छ ।

### ३.३ निष्कर्ष

प्रस्तुत परिच्छेद तीनमा लोकेन्द्रबहादुर चन्दका कथामा संज्ञानात्मक सन्दर्भको अध्ययन गरिएको छ । संज्ञानात्मक सन्दर्भका दृष्टिबाट चन्दका कथालाई हेर्दा निरङ्कुश शासक वर्गको सत्ताशक्तिप्रतिको मायामोहले सर्वसाधारण नागरिकहरूमा आएको प्रगतिवादी विचार र चेतनाका कारण निरङ्कुशहरू शक्तिहीन भएको घटनाले सत्य र न्यायको जीत र अन्याय र असत्यको पराजित हुन्छ भन्ने संज्ञान प्रस्ट हुन्छ । राणा तथा पञ्चायती शासकहरूको अमानवीय र सामन्ती शासन प्रणालीले जनता रुष्ट भएर नै नेपालमा क्रान्तिको जन्म भएको, क्रान्ति परिवर्तनको आधार मानिने र क्रान्ति संयम् ढङगले गर्नुपर्छ, क्रान्ति गर्दा सिद्धान्तलाई पूर्णरूपमा अनुशरण गर्नु अतिआवश्यक हुन्छ भन्ने संज्ञानलाई उनको कथामा प्रस्तुत गरिएको छ । चन्दका कथामा सत्तालिप्साको मायामोह त्याग्नु पर्छ, अन्यायी अत्याचारीलाई साथ दिनु हुँदैन, देशविकासमा जुट्नुपर्छ, सेवा तथा दान नै धर्म हो । कर्म गर्नुपर्छ, कर्मले नै मानिस र देशलाई महान र सर्वसम्पन्न बनाउँछ भन्ने संज्ञान प्रस्तुत गरिएको छ ।

चन्दका कथामा प्रस्तुत विषयले सत्ताको आड पाएका उच्च पदस्थ कर्मचारीहरूको मोजमस्ती, ढिलासुस्ती, घुसपेस, फजुल खर्च, गैरजिम्मेवार कार्यशैलीले प्रशासनिक निकाय अस्तव्यस्त बन्न पुगेकाले यस्तो परिस्थितिबाट छुटकरा पाउन प्रशासनिक निकायलाई राजनीतिभन्दा पर राख्नु पर्छ । सामन्तकालीन समयमा समाजमा सधैँ उच्च वर्गले निम्न वर्गमाथि शोषण, दमन, अन्याय, अत्याचार गरिरहेका हुन्छन् । यस्ता कार्यबाट छुटकरा पाउन क्रान्ति र विद्रोह गर्नुपर्छ । क्रान्ति र विद्रोह गर्न शिक्षाको माध्यमबाट चेतनाको विकास गरेर सबै जनतालाई एकजुट बनाउन सक्यो भने मात्र क्रान्ति सफल हुन्छ । उच्च वर्गको विलासी जीवनशैलीका कारण यौनहिंसाको शिकार बनेका महिलाहरूको भूमिकाले महिला हिंसाको बिरुद्धमा खुलेर विरोध गर्नुपर्छ, दबेर सहनु हुँदैन, हरेक मान्छेले स्वतन्त्र भएर बाँच्न पाउनुपर्छ भन्ने संज्ञानलाई प्रस्तुत गरेको देखिन्छ ।

लोकेन्द्रबहादुर चन्दका कथामा प्रस्तुत गरिएको विषयले देशको विकास र समृद्धिका लागि गाउँ, सहर, तराई पहाडको समानुपातिक विकास हुनु आवश्यक भएको संज्ञानलाई प्रस्तुत गरिएको छ । देशविकासको कडी शिक्षा, स्वास्थ्य, यातायात, बाटोघाटो भएकोले र देशको चौतर्फी विकासको लागि यी आधारहरूको व्यवस्था अपरिहार्य भएको संज्ञान चन्दका कथामा प्रस्तुत गरिएको छ । सामाजिक, सांस्कृतिक अन्धविश्वास, रूढिवादीपरम्परा मानव र देश विकासका बाधक भएकोले विकट ग्रामीण भेगमा चेतना र शिक्षाको विस्तार गर्नु आवश्यक भएको संज्ञान चन्दका हरेक कथामा प्रस्तुत गरिएको छ । जातीय, वर्गीय, शक्तिगतविभेद, राजनीतिज्ञका झुटा आश्वासन, अवसरवादी स्वार्थी व्यवहार, सामाजिक थिचोमिचो, न्यायिक निकाय र कर्मचारीका गैरजिम्मेवार कमीकमजोरीको विरुद्धमा आवाज उठाउनु पर्छ । हाम्रोलाई नभएर राम्रोलाई सत्ताशक्तिको जिम्मेवारी सुम्पिनु पर्छ, जसले गर्दा देशविकास भई नागरिकका गाँस, बास, कपास जस्ता मौलिक हकको प्रत्यानुभूति गराउन सकिन्छ भन्ने संज्ञान चन्दका कथामा प्रस्तुत गरिएको छ ।

राणाकालीन र पञ्चायती शासन व्यवस्थाको परिवेशगत आभास पाइने लोकेन्द्रबहादुर चन्दका कथामा परिवर्तनको नाममा गरिएको राज्य पक्ष र विप्लवीहरूको क्रान्तिका कारण सर्वसाधारण नागरिकले सास्ती खेप्नु परेको, मानसिक त्रासमा बाँच्नु परेको देखिन्छ । तसर्थ क्रान्ति तथा परिवर्तनको नाममा जनतालाई दुख दिएर त्रास फैलाउने होइन, बुद्धिमतापूर्वक निशस्त्र, मानसिक रूपमा शासन पद्धति परिवर्तन गर्नुपर्छ भन्ने संज्ञान यिनका कथामा प्रयुक्त विषय र सहभागीहरूको भूमिकाबाट प्रस्तुत गरिएको छ ।

चौथो परिच्छेद

# सारांश तथा निष्कर्ष

## ४.१ सारांश

प्रस्तुत शोधप्रबन्धको पहिलो परिच्छेदमा शोधपरिचय शीर्षकअन्तर्गत विषयपरिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य तथा महत्त्व, शोधविधि, शोधको सीमाङ्कन र शोधको रूपरेखा जस्ता उपशीर्षकमा शोधको परिचय दिइएको छ ।

प्रस्तुत शोधको दोस्रो परिच्छेदमा विषयप्रवेश, सङ्कथन विश्लेषण र सन्दर्भको परिचय, परिस्थितिगत सन्दर्भको परिचयका साथमा लोकेन्द्रबहादुर चन्दद्वारा रचित 'धनपुतली', 'हिउँको तन्ना', 'कर्सापको गल्ती', 'विसर्जन', 'संस्कार', 'मानिसको महत्त्व', 'पाहुना घर' र 'बेताल - कथा' गरी जम्मा आठवटा कथाहरूलाई परिस्थितिगत सन्दर्भका आधारमा विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको तेस्रो परिच्छेदमा संज्ञानात्मक सन्दर्भको सामान्य परिचय दिई लोकेन्द्रबहादुर चन्दद्वारा लिखित 'मध्याह्न साँझ', 'कर्सापको गल्ती', 'विसर्जन', 'संस्कार', 'मानिसको महत्त्व', 'ऊ पर्खिरही', 'पाहुना घर' र 'आँसु' गरी जम्मा आठवटा कथाहरूलाई संज्ञानात्मक सन्दर्भका आधारमा विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको चौथो परिच्छेदमा अध्ययनको सारांशका साथै शोधनिष्कर्ष दिइएको छ ।

## ४.२ निष्कर्ष

लोकेन्द्रबहादुर चन्दका कथाहरूको परिस्थितिगत र संज्ञानात्मक सन्दर्भसँग सम्बद्ध भई गरिएको यस अध्ययनबाट निम्नलिखित निष्कर्ष प्राप्त भएका छन् :

(१) प्रस्तुत शोधप्रबन्धको पहिलो शोधसमस्या लोकेन्द्रबहादुर चन्दका कथामा पाइने परिस्थितिगत सन्दर्भसँग सम्बद्ध भई गरिएको अध्ययनबाट निम्नानुसारका निष्कर्ष प्राप्त भएका छन् :

(क) लोकेन्द्रबहादुर चन्दका कथालाई परिस्थितिगत सन्दर्भका दृष्टिले विश्लेषण गर्दा उनका अधिकांश कथाहरूमा राजनीतिक शासन व्यवस्था, शासन व्यवस्थामा देखिएका कमीकमजोरी, राजनैतिक षड्यन्त्र, सरकारी दमनको चित्रण गरिएको छ । त्यसैगरी चन्दका कथामा शासन

परिवर्तनको लागि राज्य पक्ष र माओवादी पक्षबीच चलेको द्वन्द्वको विषयको प्रस्तुति पाइन्छ। चन्दका कथामा वर्गीय विभेद, सामाजिक अन्धविश्वास, रूढिवादी परम्परा, गरिबी, बेरोजगारी, प्रशासनिक तथा न्यायिक गैरजिम्मेवार कार्य, देशमा भएको बन्द, भ्रष्टाचार, कालोबजारी, हत्या, हिंसा, आतङ्क, सत्ता प्राप्तिको खेल आदि जस्ता परिस्थितिगत सन्दर्भको चित्रण गरिएको हुनाले उनका कथा कारुणिक र दुःखद वातावरणमा सिर्जना भएका देखिन्छन्।

(ख) लोकेन्द्रबहादुर चन्दका कथालाई समयगत सन्दर्भका आधारमा हेर्दा समाजका उच्च वा शोषक वर्गले प्रशासनिक शक्तिका आडमा निम्न वा शोषित वर्गमाथि अन्याय, अत्याचार, शोषण, दमन गरेको देखिन्छ। उनका कथामा गरिब वर्ग अशिक्षा, बेरोजगारी र चेतनाको कमीका कारण उच्च वर्गको जालझेलपूर्ण षड्यन्त्रमा परी गरिब वर्गले सिमाना पारीका देशमा ज्यालामजदुरी गरी जीवन बिताउन बाध्य हुनु, आफूमाथि परेको अन्यायलाई टुलुटुलु हेरेर बस्नु आदि जस्ता सन्दर्भमार्फत निम्नवर्गका मानिसको दयनीय अवस्थाको चित्रण भएकाले सामन्तकालीन समयको परिस्थितिगत सन्दर्भलाई कथामा प्रस्तुत गरिएको देखिन्छ।

(ग) लोकेन्द्रबहादुर चन्दका कथामा पहाडी गाउँबस्तीमा शिक्षा, स्वास्थ्य, बाटोघाटो, न्यायिक तथा प्रशासनिक निकायको विस्तार नभएको, विर्ता खारेज भएपनि भूमिसुधार ऐन लागु नभएको यथार्थ ग्रामीण परिवेशगत सन्दर्भको चित्रण गरिएको छ।

(घ) लोकेन्द्रबहादुर चन्दका कथामा राज्य पक्ष र माओवादी पक्ष बीचको द्वन्द्वको चेपुवामा परी निर्दोष नेपाली जनताले अकालमा ज्यान गुमाउनु परेको, झुटो कारवाहीको शिकार हुनु परेको देखिन्छ। त्यसैगरी रातदिन हुने गरेका बम वर्षाका कारण गरिब दुखी नागरिकले सन्त्रासको जीवन गुजार्नु परेको, कयौँ सन्तान टुहुरा र कयौँ बेसाहारा हुनु परेको अवस्थालाई देखाइएको छ। उनका कथामा आफ्नो गाउँमा बस्ने वातावरण नबन्दा गाउँलेले गाउँ छाडेर अन्तै जानुपर्ने अवस्था सिर्जना भएको, युवायुवती विदेश पलायन भएको, महिलामाथिको दुर्व्यवहारजस्ता परिस्थितिगत सन्दर्भको चित्रण गरिएको हुनाले चन्दका कथामा परास्त राणाकालीन, पञ्चायतकालीन र द्वन्द्वकालीन समय सन्दर्भलाई कथामा प्रस्तुत गरिएको छ।

(ङ) लोकेन्द्रबहादुर चन्दका कथामा विषयगत बहुलता पाइन्छ। उनका कथामा सर्वसाधारण जनतामा पलाएको विद्रोह, राज्यसत्ता प्राप्त गर्नका लागि गरिएको सङ्घर्ष, राज्यको सम्पत्तिमाथि शासक वर्गले गरेको मोजमस्ती, राजनीतिक विवादका कारण भएको आन्दोलनको सचित्र प्रस्तुति पाइन्छ। चन्दका कथामा राष्ट्रमा मौलाउँदै गएको भ्रष्टाचार, घुसखोरी, कालोबजारी, राज्यका

हरेक निकायमा हुने गरेको राजनीतिक हस्तक्षेप, छोटो समयमा नै राजनीतिज्ञको परिचय बनाएका व्यक्तिबाट समाज र देशलाई परेको असर आदि जस्ता परिस्थितिगत सन्दर्भको चित्रणले स्वतन्त्रता प्राप्ति पछिको सङ्क्रमणकालीन समयगत सन्दर्भलाई प्रस्तुत गरेको पाइन्छ ।

(च) लोकेन्द्रबहादुर चन्दका कथामा सामन्तकालीन समयदेखि नेपालमा गणतन्त्र प्राप्त अघिसम्मको सङ्क्रमणकालीन समयगत सन्दर्भलाई प्रस्तुत गरिएको छ । समग्रमा उनका कथामा सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक तथा भाषिक परिवेशलाई कलात्मक रूपमा समेटेर स्थानगत, सहभागीगत र समयगत सन्दर्भको सान्दर्भिक प्रस्तुति पाइन्छ ।

(२) प्रस्तुत शोधप्रबन्धको दोस्रो शोधसमस्या लोकेन्द्रबहादुर चन्दका कथामा पाइने संज्ञानगत सन्दर्भसँग सम्बद्ध भई गरिएको अध्ययनबाट निम्नानुसारका निष्कर्ष प्राप्त भएका छन् :

(क) लोकेन्द्रबहादुर चन्दका कथामा समाजमा विद्यमान वर्गीय द्वन्द्व, सामाजिक कुसंस्कार, अशिक्षा, अभाव, शासक तथा शोषक वर्गले गरेको अन्याय, अत्याचार, शोषणदमनको चरमोत्कर्षलाई मूल विषय बनाएको पाइन्छ । यस प्रकारको समस्या समाधान गर्नका लागि सङ्घर्ष गर्नुपर्छ भन्दै पाठक वर्गलाई सङ्घर्षप्रति जागरुक बनाउने र सङ्घर्ष गर्नको लागि शिक्षाको आवश्यकता पर्दछ । उचित शिक्षा पायो भने मात्र मानिसले जस्तासुकै समस्यालाई पनि समाधान गर्न सक्छ भन्ने संज्ञान उनका कथामा व्यक्त गरिएको छ ।

(ख) लोकेन्द्रबहादुर चन्दले द्वन्द्वकालीन समयमा राज्यपक्ष र माओवादी दुबै पक्षको चेपुवामा परेर निर्दोष जनताले भोग्नु परेका दुःख, कष्ट, यातना आदि जस्ता विषयलाई कथामा प्रस्तुत गरेका छन् । द्वन्द्वग्रस्त वातावरणमा विकृति र विसङ्गतिले मौलाउने अवसर प्राप्त गर्ने हुनाले समाजलाई परिवर्तन गर्न त्रासमय वातावरण होइन शान्तिपूर्ण वातावरण आवश्यक पर्दछ भन्ने संज्ञान व्यक्त गरिएका छन् ।

(ग) लोकेन्द्रबहादुर चन्दका कथामा दशवर्षे जनयुद्धको समयमा सर्वहारा वर्गको मुक्तिको निम्ति गरिएको सङ्घर्ष भन्ने नारा बोकेर हजारौँ मानिसको बलिदानबाट राज्य सत्तामा पुगेका व्यक्तिहरू पनि कुनै पनि हिसाबले सामन्तकालीन समयका नेतृत्वकर्ताभन्दा फरक नभएका कारण नेतृत्वकर्ता मात्र परिवर्तन भएर देश विकास हुन सक्दैन । उनीहरूभित्र भएको विकृत सोच नै परिवर्तन हुनुपर्छ भन्ने संज्ञान प्रस्तुत गरिएको छ ।

(घ) लोकेन्द्रबहादुर चन्दका कथामा ग्रामीण नेपाली समाजमा गरिबी, अशिक्षा, बेरोजगारी र चेतनाको कमीका कारण उच्च वर्गका मानिसको जालझेल र षड्यन्त्रकारी कार्यबाट

निम्नवर्गका मानिसहरूको घरबार बन्धकमा परेको, सम्पत्तिमा अरूले हस्तक्षेप गरेको, आफूमाथि अन्याय पर्दा न्याय नपाएको, न्यायलयमा समेत घुसखोरी, अन्याय र ढिलासुस्तीको समस्या भएको, हातमुख जोर्न पराइ भूमिमा ज्यानको बाजी लगाएर अरूको सलामीगुलामी गर्नुपरेको विषय व्यक्त गरिएको छन् र यी समस्याका माध्यमबाट अन्यायीलाई सजाय र बेकसुरलाई न्याय दिनुपर्ने संज्ञान व्यक्त गरिएको छ ।

(ङ) लोकेन्द्रबहादुर चन्दका कथामा ग्रामीण समाजका कयौँ जनसमुदाय कर्ममा भन्दा बढी भाग्यमा विश्वास गर्ने हुँदा दिनप्रतिदिन अवस्था झन नाजुक हुँदै आएको, महिलालाई मनोरञ्जनको साधन ठान्ने, असत्य र अन्याय झनझन मौलाउँदै आएको आदि जस्ता सन्दर्भको माध्यमबाट निम्न वर्गका मानिस, महिला वर्ग, र अशिक्षित व्यक्तिले भोग्नु परेका तनावपूर्ण अवस्थाको चित्रण गरिएको छ । उच्च वर्गका यस्ता विकृत कार्यबाट छुट्कारा पाउनको निम्ति निम्न वर्गका मानिसले शारीरिक र मानसिक यातनासँग नडराई दृढ निश्चयी भएर सङ्घर्ष गर्दा तिनीहरू आफ्नो लक्ष्यमा पुगी सबैको साथ र सहयोग प्राप्त गर्दछन् । यसका साथै महिला हिंसाको समस्या सामन्तकालीन समयदेखि तत्कालीन समयसम्म यथावत् रहिरहेको हुनाले यस्तो समस्याबाट छुटकारा पाउन सबै महिला निडर हुनु पर्ने, सबैमा चेतनाको विकास गराउनु पर्ने र हरेक मानिसले समाजमा हुने गरेका अपराधिक क्रियाकलाप हटाउने कार्यलाई आफ्ना जिम्मेवारी ठानी गलत कार्यमा संलग्न भएका व्यक्तिलाई सजायको भागीदार बनाउन सक्नुपर्छ अनि मात्र यस्ता समस्या समाधान हुँदै जान्छन् भन्ने संज्ञान चन्दका कथामा प्रस्तुत गरिएको छ ।

(च) लोकेन्द्रबहादुर चन्दका कथामा प्रस्तुत गरिएका विषयले समग्रमा देशविकास र समृद्धिका लागि गाउँ, सहर, तराई पहाडको समानुपातिक विकास हुनु आवश्यक भएको संज्ञान व्यक्त गरेका छन् । देशविकासको कडी शिक्षा, स्वास्थ्य, यातायात, बाटोघाटो भएकाले देशको चौतर्फी विकासका लागि यी आधारहरूको व्यवस्था अपरिहार्य हुनुका साथै सामाजिक, सांस्कृतिक अन्धविश्वास, रूढिवादी परम्परा मानव र देशविकासका बाधक भएकाले यस्ता पक्षको अन्त्य गर्न आवश्यक भएको संज्ञान चन्दका कथामा प्रस्तुत गरिएको छ ।

(छ) समाजमा गलत कार्य गर्ने व्यक्तिको वर्चश्व हरेक निकायमा बढ्दै गएकाले राज्यव्यवस्था अस्तव्यस्त भएको समयमा निर्दोष व्यक्तिले सजाय पाउने र दोषीले उन्मुक्ति पाउन सक्ने हुनाले कुनै पनि काम गर्दा हल्लाको पछि नलागी सत्य र तथ्यको खोजी गरेर मात्रै अगाडि बढ्नुपर्छ, नत्र दुर्घटना निम्तिन सक्छ भन्ने संज्ञान लोकेन्द्रबहादुर चन्दका कथामा प्रस्तुत गरिएको देखिन्छ । यसका साथै राजनीतिमा लागेर देश र जनतालाई समृद्ध बनाउने आश्वासन बाँडेर सत्तामा

पुगेकाहरूले राम्रालाई भन्दा हाम्रालाई मुख्य बनाउने खेल खेल्दा राज्यका हरेक निकाय कमजोर बन्दै गएको, आफ्नो दुनो सोभ्याउने प्रवृत्तिका मानिसको भिड बढ्दै गएको, राज्यको सम्पत्तिलाई अवैधानिक रूपमा आफ्नो बनाउने कार्यमा तल्लीन भएका हरेक तह र तप्काका पदाधिकारीहरूले गैरजिम्मेवार कार्य गर्नाले देशमा भ्रष्टचार, घुसखोरी र कालोबजारी जस्ता कार्यहरू बढ्दै गएका छन् । यस्ता कार्यबाट छुट्कारा पाउन हरेक निकायलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गराइ नियमकानुन शक्तिशाली बनाई सोहीबमोजिम कार्यान्वयन गर्नुपर्दछ भन्ने संज्ञान चन्दका कथामा प्रस्तुत भएको छ ।

(ज) लोकेन्द्रबहादुर चन्दका कथामा मानिसले आफ्नो मात्र नभएर अरूको पनि हित सोची सबै एकजुट बनी कर्तव्यनिष्ठ नागरिक भएर धैर्य धारणा गरी कार्य गर्यो भने त्यसबाट सबैलाई फाइदा हुन्छ तर फुटको भावना लिएर अगाडि बढ्यो भने त्यसको फाइदा तेस्रो पक्षले लिन्छ भन्ने संज्ञानात्मक सन्दर्भलाई प्रस्तुत गरिएको देखिन्छ । क्षणिक स्वार्थको निम्ति आवेगमा आएर अपराधिक कार्यमा संलग्न हुँदा आफूसँग भएको बहुमूल्य वस्तुसमेत गुमाउनु पर्ने हुनाले गलत कार्यको असर जीवनभर पर्दछ भन्ने संज्ञान उनका कथामा व्यक्त गरिएको छ ।

समग्रमा लोकेन्द्रबहादुर चन्दका कथामा तत्कालीन समाजमा देखिएका अन्याय, अत्याचार, विभेद, अशिक्षा, गरिबी, अन्धविश्वास, द्वन्द्व, भ्रष्टचार, मानवको स्वार्थी स्वभाव, नराम्रो व्यवस्थालगायतका यथार्थ पक्षको चित्रण देशकाल, स्थान, सहभागीगत विविधताका साथै सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक सन्दर्भका आधारमा गरिएको छ । त्यसैगरी हरेक मानवले आफूले पाएको जिम्मेवारी मन, वचन, बुद्धि र कर्मले निर्वाह गनुपर्छ; हरेक नागरिकले स्वार्थी, अन्यायी, अत्याचारी, छलकपटी स्वभावलाई त्यागी समाज, मानव र देश विकासमा लाग्नुपर्छ अनि नकारात्मक पक्षको अन्त्य र सकारात्मक पक्षको थालनीका लागि बुद्धिमतापूर्वक क्रान्ति गर्नुपर्छ भन्ने संज्ञान व्यक्त गरिएकाले चन्दका कथा सन्दर्भका दृष्टिले उपयुक्त छन् ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, दीपक (२०६१), *लोकेन्द्रबहादुर चन्दको कथाकारिताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

के.सी., रामराजा (२०७४), *रात्रिभोज कथासङ्ग्रहका कथाहरूको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

खनाल, अम्बिका (२०६७), *लोकेन्द्रबहादुर चन्दको विसर्जन कथासङ्ग्रहको कृतिपरक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

खतिवडा, तीर्थराज (२०७३), *दोषी चश्मा कथासङ्ग्रहका कथाको सङ्कथन विश्लेषण,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

गी.जे.पी. (सन् २०११), *एन इन्ट्रोडक्सन टु डिस्कोर्स एनलाइसिस, थियरी एन्ड मेथड,* लन्डन : राउटलेज ।

गौतम, अम्बिका (२०७३), *मुनामदन खण्डकाव्यको सङ्कथन विश्लेषण,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

गौतम, देवीप्रसाद (२०६८), 'सङ्कथन विश्लेषण', *रत्न बृहत् नेपाली समालोचना,* काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. ५७१- ५९१ ।

गौतम, देवीप्रसाद (२०७४ भाद्र २७), *पाठमा सन्दर्भन,* त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागअन्तर्गत एम.फिल. कार्यक्रममा प्रस्तुत कार्यपत्र ।

घिमिरे, वासुदेव (२०६९), *सङ्कथन विश्लेषण परिचय र पद्धति,* काठमाडौँ : इन्टेलेक्चुअल बुक प्यालेस ।

चन्द, लोकेन्द्रबहादुर (२०४२), 'तिमीले बाँचे मेरो मर्नु सार्थक हुन्छ', *गरिमा,* वर्ष १०, अङ्क ११, पृ. १३-१६ ।

चन्द, लोकेन्द्रबहादुर (२०४२), *हिउँको तन्ना,* ललितपुर : साझा प्रकाशन ।

चन्द, लोकेन्द्रवहादुर (२०४३), 'एक शिशी फन्टा', *गरिमा,* वर्ष ४, अङ्क ५, पृ. १६-२० ।

चन्द, लोकेन्द्रबहादु, (२०५४), *विसर्जन,* ललितपुर : साझा प्रकाशन ।

चन्द, लोकेन्द्रबहादुर (२०६०), *रात्रिभोज,* ललितपुर : बगर फाउन्डेसन नेपाल ।

चन्द, लोकेन्द्रबहादुर (२०६८), *पाहुना घर,* काठमाडौँ : सानुकाजी हेका ।

जोशी, चक्रदेव (२०६७), *हिउँको तन्ना कथासङ्ग्रहको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

ज्ञवाली, विष्णु (२०६९), *रक्तिमका गीतहरूको सङ्कथन विश्लेषण,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

ढकाल, दीपकप्रसाद (२०७०), *मैनालीका कथाको सङ्कथन विश्लेषण,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

न्यौपाने, भुवन (२०६९), *विश्वेश्वरप्रसाद कोइरालाका कथामा सम्बन्धन व्यवस्था,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

पौडेल, गोपीन्द्र (२०५६), *कथाको सौन्दर्यशास्त्र,* काठमाडौं : उर्मिला पौडेल ।

पौडेल, माधवप्रसाद र पोखेल, गोकुल (२०७१), *सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

ब्राह्मण, पूर्णप्रसाद (२०४२), 'कथा-समीक्षा', *हिउँको तन्ना* , ललितपुर : साझा प्रकाशन, पृ. ११३-१२८ ।

भण्डारी, रामकृष्ण (२०७०), *कुन्जिनी खण्डकाव्यको सङ्कथन विश्लेषण,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

भण्डारी, शकुन्तला (२०७७), *प्रदीप नेपालका कथामा सन्दर्भता,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

भट्टराई, भरतकुमार (२०७१), 'सङ्कथन संरचना र संसक्ति व्यवस्था', *वाङ्मय,* वर्ष *१५,* अङ्क *१५,* पृष्ठ *४७ - ५८*

भुसाल, केशव (२०७५), *माध्यमिक तहका नेपाली आख्यानात्मक विधाको सङ्कथन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, डीनको कार्यालय, कीर्तिपुर ।

मिल्स, एस. (सन् २००४), *डिस्कोर्स,* लन्डन : राउटलेज ।

मिश्र, चन्द्रेश्वर (सन् २००५), *डिस्कोर्स एनलाइसिस,* काठमाडौं : निलम पब्लिकेसन ।

राकेश, रामदयाल (२०४२ चैत २४), 'हिउँको तन्नाको सिंहावलोकन', *गोरखापत्र* ।

लम्साल, अनिल (२०५४), *साहित्यकार लोकेन्द्रबहादुर चन्दको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०५५), *शोधविधि,* दोस्रो सं. ललितपुर : साझा प्रकाशन ।

ह्यालिडे, एम.ए.के. र हसन, आर. (सन् १९७६), *कोहिजन इङ्ग्लिस,* लन्डन : लङ्गम्यान ।

ह्यालिडे, एम.ए.के. र हसन, आर. (सन् १९९१), *ल्याङ्ग्विज कन्टेक्स्ट एन्ड टेक्स्ट आस्पेक्ट अफ ल्याङ्ग्विज इन अ सोसिअल सेमिओटिक पर्सपेक्टिभ,* लन्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।